CC-0. In Public Domain. Digitization by eGangotri

A257

ISSN 2616-0226

# The Journal of Nuwakot Adarsha Multiple Campus

*[Peer-reviewed Journal]*

Volume : 1 Issue : 4 B.S. 2080

*Published By*
**Research and Development Cell**
**Nuwakot Adarsha Multiple Campus**
Bidur-4, Battar, Nuwakot

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# नुवाकोट आदर्श जर्नल

# The Journal of Nuwakot Adarsha Multiple Campus

[Peer Review Journal]

Volume : 1 Issue : 4 2080/2023 AD.

**Chief Advisor**

Mr. Shreeram Shrestha

**Advisors**

Lilanath Neupane
Chhatra Raj Dangol
Prakash Chandra Dhungana
Surendra Mudbari
Rajaram Adhikari
Nilam Babu Dhungel
Jetendra Aryal
Mohan Bahadur Khadka
Kedar Prasad Dotel
Rukmini Sedhain
Badri Tripati
Bhagwati Khanal
Rabin Dahal
Narayan Man Dangol

**Chief Editor**

Sukuman Dangol

**Editors**

Shyam Prasad Pandey
Saroj Bogati
Tulasiram Ghimire
Ram Prasad Dahal
Iwa Kumari Tiwari
Govinda Prasad Limbu
Jitendra Aryal
Rupshikha Munakarmi

**Peer Review Journal**

Published By:
Research and Development Cell
Nuwakot Adarsha Multiple Campus
Bidur-4, BattarNuwakot
Phone: 010-560157, 010-561647
Email. Namc.nuwakot@gmail.com

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# The Journal of
# Nuwakot Adarsha Multiple Campus

---

**Publisher**
Research and Development Cell
Nuwakot Adarsha Multiple Campus

**Layout**
Basanta Raj Agyat

**Printed at**
Arambha Art Pvt. Ltd.
Kuleshwar, Kathmandu

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# EDITORAL

**Dear readers, scholars and colleagues,**

It gives me immense pleasure to welcome all to explore/publish/ comment in/on our journal Nuwakot Adarsha Multiple Campus. We intended to publish case reports, review articles, letters to editor with main focus on original research articles. Over objective is to reach all the planning and policy in different sector, who have knowledge and interest but have no time to record the interesting cases, research activities and new innovative procedures which helps us in updating our knowledge and improving our teaching and learning and other planning and policy sector.

Our main emphasis is to promote research papers of good quality and we extend our boundaries right from academic research in different field. We feel that there is a wide scope to explore various fields of academic research. With clear intentions we welcome you to post comments related to the journal by sparing your valuable time and request you to send articles.

Finally, I thank Chief Adviser, Advisors, my editorial team, technical team, authors and well wishers, who are promoting this journal. With these words, I conclude and promise that the standards policies will be maintained.

**Sukuman Dangol**
Chief Editor
And
Research and Development Cell
Nuwakot Adarsha Multiple Campus
Bidur-4, Nuwakot

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# विषयसूची


'ऊ जितेर गई' गजलको सन्दर्भ विश्लेषण
• अनिल अधिकारी ... १

'सत्ताको खोज' एकाङ्कीमा लैङ्गिकता
• गीता थपलिया त्रिपाठी (विद्यावारिधि) ... ८

साहित्यसम्बन्धी एरिस्टोटलीय मान्यताहरू
• टेकनाथ दहाल ... १५

कालीतत्त्वको दार्शनिक चिन्तन एवं उपासनाक्रम
• डा. माधवप्रसाद लामिछाने ... २३

डोटेली भाषामा वाक्यव्यवस्था
• डा. मोहनप्रसाद भट्ट ... ३५

नेपाली लोककथाको विशेषता
• शीतल गिरी ... ४८

बौद्ध नामसङ्गीति र यसको साधना
• डा. शेखर दाहाल ... ५९

ग्रामीण विकासमा रेडियोको योगदान
• डा. श्रीराम खनाल ... ६८

भ्रष्टाचारविरोधी अन्तर्राष्ट्रिय महासन्धि र नेपालको कानुन
• श्रीराम श्रेष्ठ ... ७५

प्रत्यक्ष प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनको साम्य-वैषम्य निरूपण
• डा. सीताराम खतिवडा ... ८४

Politicization of the Human Body in the Biopolitical Era
• **Uttam Poudel** ... 93

Native VS Non-native Models of Teaching English: An Interpretive Study
• **Iwa Kumari Tiwari** ... 102

Reflection on Intimate Partner Voilence Globally and In Nepal
• **Rupshikha Munakami** ... 109

Students' Perception Towards Examination Malpractices at School Level Education in Nepal
• **Saroj Bogati** ... 114

Food Security and nutrition in the Post- Covid-19 in Nepal
• **Sukuman Dangol** ... 126

Multicultural Education: Components and Necessities
• **Tulasi Ram Ghimire** ... 136

A Reflection on Nepal-India Relationship
• **Bhesh Raj Ghimire** ... 152


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# 'ऊ जितेर गईं' गजलको सन्दर्भ विश्लेषण

- अनिल अधिकारी
उपप्राध्यापक (त्रिविवि)

**लेखसार**

*प्रस्तुत लेख ऊ जितेर गई गजल सङ्कथनमा सन्दर्भ विश्लेषणसँग सम्बद्ध रहेको छ। उपर्युक्त विषय मुख्य समस्या चयन भएको यस लेखमा उपर्युक्त गजलमा वैयक्तिक, भौतिक तथा पारिस्थितिक र संज्ञानात्मक सन्दर्भको विश्लेषण भएको छ। कृतिकेन्द्री गुणात्मक अनुसन्धानविधि तथा विश्लेषणात्मक ढाँचामा लेखिने यस लेखमा सङ्कथन अध्ययनअन्तर्गत सन्दर्भ विश्लेषण सैद्धान्तिक आधार रहेको छ। सङ्कथन भाषिक प्रकार्य वा अभिव्यक्ति रहेको र यसले दिने अर्थ र परिवेशमा सन्दर्भ समायोजित भएको हुन्छ। पाठमा प्रयुक्त भाषाले सन्दर्भलाई प्रस्तुत गर्दछ भने सन्दर्भमा पाठको अर्थ समावेश रहने हुँदा भाषिक प्रकार्यको अध्ययनको सहायताबाट पाठमा रहेको सन्दर्भ तथा उक्त सन्दर्भले निर्धारण गरेको पाठगत अर्थको खोजी सन्दर्भ अध्ययनका आधारमा गरिन्छ। सर्जकले अभिव्यक्तिका माध्ययमबाट पाठनिष्ठ अर्थ निर्धारणका लागि वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको सहयोग लिएको हुन्छ। प्रस्तुत गजलमा वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको प्रभावकारी संयोजन भएको छ। वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा धोका पाएर वियोगिएको समाख्याताको आहत मंन तथा कारकका रूपमा धोका दिने नायिका रहेका छन्। भौतिक सन्दर्भका रूपमा प्रेमसम्बन्ध रहेको समयमा भएको स्थितिवर्णन र संज्ञानात्मक सन्दर्भका रूपमा मिलन हुन नसक्नुको कारणलाई यस गजमाल प्रस्तुत गरिएको छ। प्रेमिकासँगको वियोगले हतप्रभ भएको समाख्यातामा दुर्घटित प्रेमयुद्धमा उसकी प्रेमिकाको जित भयो कि हार भयो भन्ने असमञ्जस्यको स्थिति रहेको भावसँग सम्पृक्त गराइएको छ। भौतिक सन्दर्भका रूपमा प्रेम सम्बन्ध भएका प्रेमी-प्रेमिकाले गर्ने क्रियाकलाप र वियोगपछि एक्लिएको समाख्याताको मानसिकतामा रहेको मानसिक उद्वेलन सन्दर्भका रूपमा प्रस्तुत भएको छ।*

**शब्दकुञ्जी :** संज्ञान, समाख्याता, एकालापी, मनोवादात्मक

## १. विषयपरिचय

समकालीन नेपाली सुगम सङ्गीतमा विशेष स्थान प्राप्त ऊ जितेर गई २०७१ सालमा स्रोतासमक्ष प्रस्तुत 'गुरु' गीति एल्बममा सङ्गृहीत गीत/गजलमध्ये शीर्ष गजलका रूपमा स्वराङ्कन भई श्रोतासामु आएको गजल हो। समाख्याताले सम्वोधकका रूपमा चयन गरेको युवकको एकालापी कथनका रूपमा गाइएको प्रस्तुत गजलमा प्रेमिकाले धोका दिएर एक्लो भएको युवकले तृतीय पुरूष 'ऊ' का रूपमा सम्बोधित प्रेमिकासँगको प्रेमसम्बन्ध दुर्घटित भई प्रेमका घटना र त्यसको परिणामसम्वद्ध द्विपक्षीय सन्दर्भको समन्वयात्मक प्रस्तुतीकरणका माध्यमबाट यस गजलको संरचना तयार भएको छ। मूलभूत रूपमा प्रेमिकाले समाख्याताका लागि सिर्जना गरेको अनुरागको परिवेश र धोका दिने क्रममा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गरेका व्यवहारको विरोधाभासपूर्ण सन्दर्भको संयोजनबाट गजलको संरचना तयार भएको छ । । कुनै पनि पाठको संरचना भाषिक अभिव्यक्तिका रूपमा रहने र सङ्कथन अध्ययन भाषिक प्रकार्यको अध्ययन भएकाले भाषिक प्रकार्य वा अभिव्यक्तिले दिने अर्थ र परिवेशमा सन्दर्भ समोजित भएको हुन्छ । पाठमा आएको भाषाले सन्दर्भलाई प्रस्तुत गर्ने र सन्दर्भमा पाठको अर्थ समावेश रहने हुँदा भाषिक प्रकार्यको अध्ययनका माध्यमबाट पाठमा के-कस्तो सन्दर्भ समायोजित भएर आएको हुन्छ तथा त्यस्तो सन्दर्भले के-कस्तो पाठगत अर्थ संवहन गरेको छ भनी अध्ययन गरिन्छ । सर्जकले भाषिक अभिव्यक्तिका माध्ययमबाट पाठनिष्ठ अर्थ निर्धारणका लागि वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भको सहयोग लिएको हुन्छ । प्रस्तुत *ऊ जितेर गई* शीर्षकको गजल सङ्कथनमा वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा प्रेममा धोका पाएर वियोगिएको समाख्याताको आहत मन प्रेरक तथा धोका दिने नायिका कारकका रूपमा प्रस्तुत भएका छन् । भौतिक सन्दर्भका रूपमा प्रेमसम्बन्ध रहेको समयमा भएको परिवेशको स्थितिवर्णन र संज्ञानात्मक सन्दर्भका रूपमा मिलन हुन नसक्नुको कारणलाई प्रस्तुत गरिएको छ । मूलतः प्रस्तुत लेख गजल संरचनामा सन्दर्भको विश्लेषणसँग सम्बन्धित रहेको छ । मूलभूत रूपमा सङ्कथन अध्ययनमा भाषिक प्रकार्यको अध्ययन हुने र भाषाले के कस्तो सन्दर्भलाई कसरी प्रस्तुत गरेको छ भन्ने भाषिक प्रयोगका आधारमा सङ्कथनमा आएको सन्दर्भको विश्लेषणअन्तर्गत विवेचना गरिने निम्नानुसारका शोध्य प्रश्नमा केन्द्रित रही अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ । गजलमा वैयक्तिक सन्दर्भ, भौतिक सन्दर्भ तथा परिस्थितिगत र संज्ञानात्मक सन्दर्भजस्ता शोध्य प्रश्नका आधारमा मुख्य सन्दर्भको विश्लेषण गरिने यस लेखमा सोही विषयको परिपूर्तिको उद्देश्य राखिएको छ । यस लेखमा सङ्कथन विश्लेषणअन्तर्गत सन्दर्भ विश्लेषणका अतिरिक्त अन्य पक्ष सैद्धान्तिक सीमा हो भने 'ऊ जितेर गई' गजलका अतिरिक्त अन्य गजल पाठगत सीमा हुन् । पाठको अर्थ प्राप्त गर्ने तथा सन्दर्भले पाठगत अर्थ निर्धारण कसरी गर्दछ भन्ने विषयको ज्ञानसम्बद्ध यस लेखको आफ्नै विषयगत औचित्य र महत्त्व हरेको छ ।

**२. अध्ययनविधि**

प्रस्तुत लेखको समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतको सामग्री 'ऊ जितेर गई' गजल हो भने द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू हुन् । गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषणकेन्द्री ढाँचा उपयोग भएको यस लेखमा अर्थापनका लागि विश्लेषणात्मक विधि उपयोग भएको छ । प्रस्तुत लेखमा समस्याको समाधानका लागि सङ्कथन अध्ययनअन्तर्गतको सन्दर्भ विश्लेषणलाई सैद्धान्तिक आधारको रूपमा लिइएको छ ।

**३. सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा**

सन्दर्भ विश्लेषण भाषापरक अध्ययनपद्धति हो । समकालीन समालोचनाका रूपमा स्थापित यो विषय सङ्कथन अध्ययनको क्षेत्र हो । पाठमा भाषिक एकाइले निर्माण गर्ने सन्दर्भ र त्यसका आधारमा पाठको विश्वव्यापी अर्थ निर्धारण गर्ने मान्यताका व्यतिरेकमा स्थानिक अर्थका आधारमा बृहत्तर पक्षको खोजी गर्नु यसको अध्ययन क्षेत्र हो । सन्दर्भ अध्ययन भाषिक प्रकार्यसँग जोडिएर अर्थका आधारमा साहित्यिक पाठभित्र आएका भाषागत संरचना तथा त्यसका अवशिष्ट अर्थका आधारमा पाठको समग्रार्थ निर्धारण हुने मान्यता हो । सन्दर्भ भाषामा संरचित अनुच्छेदभन्दा माथिका रचनामा शब्द र वाक्यमा निहित अर्थलाई प्रतिस्थापित गरी पाठको अर्थलाई विस्तृत तुल्याउने प्रक्रियासँग सम्बन्धित विषय हो । (चाइल्ड र फाउलर, २००६, पृ. ३४) । सन्दर्भ विश्लेषण मूलतः पाठककेन्द्री अध्ययन हो भने यसले पाठ निर्माणका क्रममा भाषिक एकाइले पाठकीय ज्ञान कुन तहसम्म पुगनसक्छ भन्ने विषयका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आधारमा अर्थ खोज्ने कार्य गर्दछ। सन्दर्भ विश्लेषणले पाठमा प्रस्तुत विषयका बारेमा पाठकको व्यक्तिगत, सामाजिक, सांस्कृतिक तथा संज्ञानको तह कहाँसम्म विस्तारित रहेको छ' पाठको अर्थ त्यहाँसम्म विस्तार हुने विषयलाई केन्द्रमा राखेको छ। सन्दर्भ विश्लेषणले पाठमा आएका वैयक्तिक, सामाजिक, सांस्कृतिक परिस्थितिले पाठ निर्माणमा खेल्ने भूमिका, पाठमा प्रस्तुत घटना र तिनले निर्माण गरेका वैयक्तिक सन्दर्भ, सामाजिक सन्दर्भ, सांस्कृतिक सन्दर्भ तथा व्यक्तिको संज्ञानका आधारमा पाठको अर्थ निर्धारण गर्दछ (फ्लावरडच्, २०१०, पृ. ४)। सन्दर्भले पाठात्मक संसारमा आएका विषयलाई पाठकको संज्ञानसँग जोडी अर्थनिर्धारण गर्ने भएकाले यसले व्यक्तिको ज्ञानमा समाज, संस्कृति तथा यी विषयप्रतिको संज्ञानात्मक अभिवृत्ति प्रस्तुत हुन सैद्धान्तिक मार्गनिर्देश गर्दछ। व्यवस्थापरक प्रकार्यपरक भाषाविज्ञानका अनुसार पाठले भौतिक संसारको वास्तविकता (वस्तुगत संसार, सामाजिक संसार र मानसिक संसार)का सहभागीहरूका बिच सम्बन्ध स्थापना गरेको हुन्छ। सहभागीका अभिवृत्ति, इच्छा, मूल्य, मान्यता आदिलाई अन्ततः सम्बन्धित तुल्याई पाठलाई परिस्थितिजन्य सन्दर्भसँग जोड्ने कामसमेत गरेको हुन्छ (गौतम, २०६८, पृ. ५८२)। सन्दर्भले पाठमा प्रस्तुत भौतिक संसारसम्बद्ध ज्ञानलाई व्यक्तिगत ज्ञानसँग जोड्ने मान्यताको विकास गरेको छ। सन्दर्भले पाठमा समावेश भएका सामाजिक जीवनका विविधता, सामाजिकीकरणका प्रक्रिया र सांस्कृतिक स्थितिका माध्यमबाट पाठसंसारमा अभिव्यक्त विषयलाई प्रकाशित गर्दछ (ह्यालिडे र म्याथिसेन, (१९७७, पृ. ३१-३२)। सन्दर्भ विश्लेषणले पाठमा अवशिष्ट व्यक्तिगत, भौतिक र संज्ञानात्मक विषयसमेतका आधारमा कृतिको विवेचना गरी वास्तविक अर्थप्राप्तितर्फ लाने भएकाले यो समाज, सामाजिक अभ्यास, संस्कृति, सांस्कृतिक अभ्यास तथा समाजमा ज्ञाननिर्माणको प्रक्रियासँग जोडिएको छ। भाषिक संरचनामा खास उद्देश्यमा प्रयोग हुँदा भाषाको रूप र संरचनाले दिने विशेष अर्थ सन्दर्भ रहेकाले यो निहितार्थतासँग जोडिन्छ (गी, १९९९, पृ. १००)। सङ्कथनमा रहेका भाषिक तथा गैरभाषिक सङ्केतका आधारमा गरिने विश्लेषणमा पाठमा आएका भाषिक सङ्केतमा रहेका पाठबाहिरका सन्दर्भ तथा तिनको सामाजिक अभ्यासलाई हेरिनु सन्दर्भपरक अध्ययनको अभिप्राय हो (घिमिरे, २०६९, पृ. ५)। सन्दर्भ विश्लेषणले भाषिक संरचनाका रूपमा रहने साहित्यिक वा गैरसाहित्यिक पाठको विश्लेषण गर्दा तिनमा आएका विषयका साथै त्यसले सङ्केत गरेका पाठबाहिरका सन्दर्भका आधारमा अर्थ निर्धारण गर्दा कृतिको अर्थ विस्तारित र व्यापक हुने तथ्य सिद्ध छ। सन्दर्भ विश्लेषणको यस सैद्धान्तिक मान्यताका आधारमा 'ऊ जितेर गई' गजलको विश्लेषणका लागि निम्नानुसारको विश्लेषण ढाँचा निर्माण गर्नु उपयुक्त हुन्छ :

| क्र.सं. | शोधसमस्या | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | ऊ जितेर गई गजलको सन्दर्भ | वैयक्तिक सन्दर्भ<br>भौतिक सन्दर्भ<br>संज्ञानात्मक सन्दर्भ |

सन्दर्भ विश्लेषणको उपर्युक्त सिद्धान्त र यस विश्लेषणको ढाँचाका आधारमा प्रस्तुत गजलको विवेचना अलग्गै उपशीर्षकमा सविस्तार गर्नु उपयुक्त ठहर्दछ।

### ४. सामग्री विश्लेषण र नतिजा

प्रस्तुत *ऊ जितेर गई* शीर्षकको गजल नेपाली सुगम सङ्गीतका *गुरु* गीति एल्बमको प्रमुख गीतका रूपमा श्रोतामाझ आएको लोकप्रिय रचना हो। प्रस्तुत गजलका रचनाकार पुरूषोत्तम ढुङ्गेल हुन् भने त्यस गजलमा सङ्गीत भर्ने कुशल सङ्गीतकार चण्डीप्रसाद काफ्ले हुन्। विशेषतः प्रेमपरक भावाभिव्यञ्जना भएको यस सङ्कथनमा प्रेमिकाले प्रेमलाई खेलौनाका रूपमा लिई केही समय प्रेमको खेल खेलेर जीवनको रङ्गमञ्चमा एक्लो तुल्याइएको समाख्याताको एकालापीय अभिव्यक्तिका रूपमा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकट भएको मनोभावना र उसको प्रेम, प्रेमिका र प्रेमप्रतिको दृष्टिकोणको त्रिपक्षीय विषयको अभिव्यञ्जना भएको छ। यस अध्ययनमा सङ्कथन विश्लेषणअन्तर्गतको भाषाले संवहन गरेको सन्दर्भ र त्यसले निर्धारण गरेको पाठगत अर्थ र सन्दर्भका बिचको संशक्तिगत सम्बन्धले सिर्जना गरेको पाठको प्रारूपलाई भाषिक सन्दर्भका माध्यमबाट विवेचना गरिएको छ। सङ्कथन अध्ययन कुनै पनि भाषिक संरचनामा प्रयोग गरिएको भाषामा टेकेर गरिने अध्ययन भएकाले प्रस्तुत गजल रचनाका क्रममा गजलकारले चयन गरेको भाषाले के कस्तो वैयक्तिक, भौतिक र संज्ञानात्मक सन्दर्भलाई संरचनात्मक आयामभित्र समेटेको छ भन्ने विषयको अध्ययन गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

### ४.१ गजलमा वैयक्तिक सन्दर्भ

प्रस्तुत गजल सङ्कथनमा सहभागीका रूपमा सम्बोधक/समाख्याता पुरूष पात्र र सम्बोधितका रूपमा तृतीय पुरूष स्त्रीलिङ्ग ऊ अर्थात् नायिका अझ भनौ समाख्याताको प्रेमिका रहेकी छ। यिनै सहभागीका बिचमा भएका वैयक्तिक सम्बन्ध जसमा समाख्याताले अनुभव गरेको वियोगका कारण सिर्जित कारूणिक मानसिकता सिङ्गै संरचनामा वैयक्तिक सन्दर्भका रूपमा प्रसारित भएको छ। प्रस्तुत गजलको वैयक्तिक सन्दर्भका रूपमा वियोगजन्य परिस्थितिले सिर्जना गरेको समाख्याताको मानसिक उद्वेलनलाई प्रस्तुत गरेको छ भने वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा प्रेम प्राप्तिपछिको वियोगको अवस्था तथा धोका दिने प्रेमिका प्रमुख कारकका रूपमा प्रस्तुत भएका छन्। गजलको भौतिक सन्दर्भ विभिन्न सूक्ष्म सन्दर्भको पारस्परिक अन्वयबाट भएको छ। गजलको पहिलो अनुच्छेदका पहिला दुई पङ्क्तिमा एकालापी मनोवादात्मक अभिव्यक्ति प्रस्तुत गरिरहेको समाख्याताकी प्रेमिकाले धोका दिएर उसलाई छोडेको अर्थात् समाख्याता वियोगी बनेको अवस्थामा उसकी प्रेमिका हारेर गई या जितेर गई भन्ने असामञ्जस्यको स्थितिमा परेको प्रेमी किंकर्तव्यविमूढ अवस्थामा रहेको सन्दर्भलाई प्रस्तुत गरेको छ। प्रेममा अनुरक्त रहेका जोडीमध्ये प्रेमिकाले छाडेर गएपछि वियोगिएको प्रेमीको मानसिकतामा उत्पन्न द्विविधा अर्थात् मानसिक उद्वेलन पहिलो वैयक्तिक सन्दर्भका रूपमा चित्रण भएको छ। समाख्याताले प्रेमिकालाई निःस्वार्थ प्रेम गरेको, उसको प्रेममा सम्मिलनको तीव्र तृष्णा रहेको, प्रेमिकाप्रतिको समर्पणका लागि मानसिक रूपमा पूर्ण तयार रहेको, प्रेमिकाको प्रेममा पूर्ण विश्वास रहेको तर प्रेमयात्रा बिचमै टुङ्गिएर प्रेमिकाले धोका दिएको, उसको प्रेमलाई त्यागेको, उसले धोका दिँदा उसले जिती वा हारी भन्ने संशय पैदा भएको, जित्दा उसले के जिती ? हार्दा उसले के हारी ? यस हारजितको सङ्घर्षमा समाख्याताले के प्राप्त गऱ्यो ? उसकी प्रेमिकाले के प्राप्त गरी जस्ता प्रश्नको भूमरीमा फसेको समाख्याताले प्रेमिकाको वास्तविकतालाई बोध गर्न नसक्दा उसको मानसिकतामा द्विविधा मात्र रहेको द्वन्द्वात्मक परिवेशको निर्माण भएको छ। समाख्याताले आफ्नी प्रेमिकाले अर्को इच्छित प्रेमी भेटिसकेको, समाख्याताको दृष्टिकोणमा उसकी प्रेमिका ऊसँगको प्रेमसम्बन्धमा सुखी थिई कि दुःखी थिई संशयमा रहेको, उनीहरूको मिलन वा भेटको समयमा प्रेमिकाको अभिवृत्तिले उसमा सन्तुष्टि नै रहेको समाख्याताले बुझेको तर किन उसले समाख्याताको प्रेमलाई अस्वीकार गरी र अर्को प्रेमीसँग लहसिएकी तथा अर्को प्रेमीको प्राप्तिमा उसको जित रहे पनि आफूसँगको वियोगमा उसको हार नै रहेको समाख्याताको द्विविधापूर्ण अभिव्यक्तिको अभिव्यञ्जना भएको छ। प्रस्तुत गजलको पहिलो अनुच्छेदका पछिल्ला दुई पङ्क्तिमा प्रेमिकाको प्रेमयाचनालाई स्वीकार गरी प्रेमलीन भएको समाख्याताले प्रेमिकाको तर्फबाट प्रेमप्रतिको अनुराग समाप्त भइसकेपछि अर्थात् प्रेमिकाले एकपक्षयि रूपमा प्रेमसम्बन्धलाई अन्त्य गरेपछि प्रेम र प्रेमको दीर्घकालीन सम्बन्धले स्थापित गर्ने सुखानुभूति समाप्त भई निर्माण भएको वियोगजन्य परिस्थिति जन्मिई त्यस परिस्थितिले निर्माण गरेको पीडा र वियोगको क्षणलाई प्रस्तुत गरेको छ। प्रस्तुत गजलको पहिलो अनुच्छेद समाख्याताको मानसिक पीडा र वियोगको परिस्थितिसम्बद्ध प्रेमिकाले जितेको या हारेको नतिजा आफैँतिर पारेको, दिलमा बस्न निम्ता दिएको र दिलमा काँडेतारले



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बारेको जस्ता मानसिक सन्दर्भका रूपमा प्रस्तुत भएका छन्। गजलको दोस्रो अनुच्छेद वा पहिलो अन्तरामा पनि पहिलो अनुच्छेदकै सापेक्षतामा समाख्याताको मानसिकताको उत्प्रेरकका रूपमा वियोग र प्रेमिकाले प्रेमप्रति देखाएको असहिष्णुता र धोका दिएपछि सिर्जना भएको घायल वियोगी परिस्थिति मुख्य प्रेरक र कारकका रूपमा सान्दर्भित भएर आएका छन्। दोस्रो अनुच्छेदको पहिलो पङ्क्तिमा मनको बगैँचामा प्रेमको एउटा फूल फुलेको अर्थात् प्रेमीप्रेमिकाको दुईआत्माको मिलन र अनुरागपूर्ण प्रेमबाट सिर्जित प्रेमरूपी फूल फुलेको, उक्त फूलको सुन्दरता, कोमलता र सुगन्धकै तुलनामा प्रेमसम्बन्ध सौहार्दपूर्ण रूपमा अगाडि बढेको सन्दर्भलाई प्रस्तुत गरेको छ। दोस्रो पङ्क्तिमा प्रेमानुरागले पुष्पित र पल्लवित प्रेमको सुन्दर फूललाई नष्ट गर्न प्रेमिका उद्दत रहेकी र आकाशबाट असिना अर्थात् धोकारूपी शून्यताको परिस्थिति सिर्जना गरी प्रेमिकाले प्रेमको सुन्दर फूललाई क्षतविक्षत तुल्याई निस्तब्धता सिर्जना गरेको मानसिक सन्दर्भलाई प्रस्तुत गरेको छ। तेस्रो पङ्क्तिमा प्रेमिकाले प्रेमलाई विसर्जन गरी अर्को बाटो लिएर गए पनि प्रेमिकाप्रतिको अनुराग समाप्त नभएको, वियोगको वेदनालाई सहेर बाँच्न अभ्यस्त बनेको सन्दर्भलाई प्रस्तुत गरेको छ भने चौथो पङ्क्तिमा वियोगिएर बाँच्न बानी परेको प्रेमीका सामु उपस्थित भई मुस्कान दिने प्रेमिकाको व्यवहारले समाख्यातालाई थप मानसिक पीडा र प्रेम सम्बन्धका पुराना क्षणलाई ताजा गराई विक्षिप्तितर्फ उन्मुख गराएको मानसिक सन्दर्भलाई प्रस्तुत गरेको छ। यस गजलको तेस्रो अनुच्छेदले पनि वैयक्तिक सन्दर्भका रूपमा समाख्याताको मानसिक सन्दर्भलाई प्रस्तुत गरेको छ। यस अनुच्छेदको पहिलो पङ्क्तिमा प्रेमिकासँगको प्रेमको सम्बन्ध र प्रेमको दीर्घजीवनको कामना गर्ने प्रेमीले आफ्नो मनमा प्रेम र प्रेमिकालाई सर्वश्व ठानेर प्रेमरूपी फूललाई रोपेको, दोस्रो पङ्क्तिमा प्रेमिकाले समाख्याताको प्रेमको फूल अर्केको नाममा सारेको, तेस्रो पङ्क्तिमा प्रेमिकाको प्रतीक्षामा समाख्याता दीर्घ प्रतीक्षामा रहेको तर प्रेमिकामा खोट रहेकै कारण प्रेमिकाले समाख्याताको मिलनको आकाङ्क्षालाई टारेर अर्कै प्रेमीसँग सुखमय जीवन व्यतीत गरिरहँदा पनि समाख्याताको मानसिकतामा उसकी प्रेमिकाले जितेको वा हारेको असामञ्जस्यको स्थिति कायम रहेको मानसिक सन्दर्भलाई प्रस्तुत गरेको छ।

### ४.२ गजलमा भौतिक सन्दर्भ

सङ्कथन संरचनामा भौतिक सन्दर्भले समाख्याता वा उसले देखेको, भोगेको, अनुभव वा व्यवहार गरेको भौतिक परिवेश अर्थात् देश, काल परिस्थिति, संरचनामा व्यतीत गरेको समय, अनुभव, अनुभूति, शारीरिक अवस्था, मानसिक स्थिति, अभिव्यक्तिका क्रममा समाख्याताले व्यतीत गरेको समय, पाठरचना भएको समय, समाख्याताले बिताएको समय, त्यस समयमा घटित घटनाक्रमले सिर्जना गरेको भौतिक, मानसिक, तथा सामाजिक/सांस्कृतिक अभिवृत्तिको समग्र रूपको प्रतिनिधित्व गरेको हुन्छ। पाठमा प्रस्तुत आफ्नो वरिपरिको वस्तुबारे प्रयोक्तालाई के थाहा छ ? भन्ने विषयमा पाठमा समेटिएको परिवेश, स्थान, समय, अवस्था, दृश्य वा स्थिति भौतिक सन्दर्भ हो। पाठमा प्रयोग भएको भाषिक संरचना यही सन्दर्भमा अर्थिन्छ। भौतिक सन्दर्भले समाख्याता/सम्बोधकले प्रस्तुत गर्न खोजेको स्थानिक, कालिक र परिस्थितिगत अवस्थालाई बोध गराउँछ भने यसको विश्लेषणले समाख्याताले सूचना दिन खोजेको परिवेश र त्यस परिवेशममा अन्तर्निहित समय र स्थितिको सूक्ष्म विवेचनाका लागि थप सहयोगी सिद्ध रहने गर्दछ। प्रस्तुत गजल सङ्कथनमा समाख्याता र उसकी प्रेमीकाले अनुभव गरेको प्रेमको सुन्दर संसार रहेको तर प्रेमीकाले धोका दिएपछि प्रेमको संसार क्षतविक्षत भएको सन्दर्भलाई प्रस्तुत गरेको छ। प्रेमिकाले नै प्रेम के हो ? भन्ने विषयको संज्ञान दिई उसले प्रेम र प्रेमीलाई नै प्रेम विमुख गराएको, प्रेमको बाटोमा काँडे तार लगाएको, प्रेमको बगैँचा सुन्दर फूल फुलेको वियोग रूपी असिना पारेर प्रेमिकाले क्षत विक्षत तुल्याएको, प्रेमिकाले वियोगमा घाइते भएको प्रेमीलाई मुस्कानको छुरा हानेको, मनको फूलबारीमा प्रेमको फूल रोपेर त्यसको नामो निशाना मेटाएको, जस्तो


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परिस्थितिलाई सन्दर्भीकृत गरेको छ । यस गजलको सांसारिकता पूर्णतः अदृष्य अर्थात् मानसिक रूपमा बितिसकेको समयमा आधारित छ । गजलले समाख्याता र उसकी प्रेमिकाको आकर्षणयुक्त प्रेमसम्बन्धको अवधिलाई पूर्वपीठिकामा राखेको छ। विगतमा भएका क्रियाकलापको संस्मरणात्मक अवस्थालाई वर्तमानमा एकलापी कथनका माध्ययमबाट प्रस्तुत गरेको समाख्याताले प्रेम सम्बन्ध कहिले, कहाँ, कसरी, किन, स्थापित भयो ? भन्ने कारण खुलाएको छैन भने प्रेमिकाले परित्याग गरेपछि आफ्ना पीडा प्रेमिकालाई सम्बोधन गरी प्रस्तुत गरिरहेको छ। विगतमा घटिसकेको घटनालाई वर्तमानीकरण गरी प्रस्तुत गरिएको यस सङ्कथनमा समाख्याता युवकले मनोवादात्मक कथनका माध्यमबाट आफ्नो विगतलाई एकालापी रूपमा अभिव्यक्त गरिरहेको छ भने प्रेमिकाले गरेका गतिविधि काँडेतारले बार्नु, आकाशबाट असिना झार्नु, मुस्कानको छुरा रोपेर मार्नु, प्रेमको बिरुवा अन्तै सार्नु, भोलि भन्दै टार्नु जस्ता सन्दर्भले प्रेमिका अर्कैकी भइसक्नु र उनीहरूको सम्बन्धमा मिलनको सम्भावना नरहेको अवस्थालाई पुष्टि गरेको छ।

### ४.३ गजलमा पारिस्थितिक र संज्ञानात्मक सन्दर्भ

ज्ञान सन्दर्भपरक हुन्छ । दैनिक व्यवहारमा प्रयोग हुने एउटै सन्दर्भसम्बद्ध कार्यले पनि फरकफरक अर्थ दिन्छन् । ज्ञान समुदायद्वारा नियमित प्रक्रिया, पूर्वकल्पना वा अनुमानको रूपमा स्वीकार गरिएको हुन्छ यही नियमित प्रक्रिया पूर्वकल्पना वा अनुमान नै सङ्कथन र ज्ञानका बिचको आधारभूत सम्बन्ध हो। ज्ञानबारे प्राकृतिक वा औपचारिक भाषामा अभिव्यक्त गरिने विचारवाक्यका रूपमा प्रतिनिधित्व गराइएका वा व्याख्या गरिएका हुन्छन् । प्रस्तुत गजलमा मुख्य सहभागीका रूपमा वियोगिएको प्रेमी युवक र धोका दिने प्रेमिका युवतीको उपस्थिति रहेको छ । सहभागीको सम्बन्ध जैविक निर्मितिअनुसार विपरीतलिङ्गी, लैङ्गिक व्यवस्थाअनुसार पुरूष र महिला तथा सामाजिक सम्बन्धअनुसार प्रेमी र प्रेमिकाका रूपमा प्रस्तुत गरिएको छ । गजलमा प्रेमिकाले परित्याग गरेकी परित्यक्त युवकको मानसिक अवस्थालाई एकालापी रूपमा समाख्याताले प्रस्तुत गरेको छ भने युवतीको उपस्थिति मञ्चीय रूपमा भएको छैन । प्रेम र आकर्षण के हो ? भन्ने संज्ञान दिएर अनुरागलाई हुर्काई अर्कैसँग लहसिएकी प्रेमिकालाई सम्बोधन गरी उसले प्रेमसम्बन्ध तोड्नु पछाडिको कारण भने खुलाइएको छैन । नेपाली परिवेशमा प्रेमसम्बन्धमा आबद्ध भएका अत्यन्त न्युन प्रेमजोडीको मात्र प्रेमसम्बन्धले साकार परिवेशमा बाँच्न पाउने सामाजिक/सांस्कृतिक निर्मितिका कारण समाख्यातालाई उसकी प्रेमिकाले छाडेको हो वा समाख्यातामा नै कुनै कमजोरी अवस्थित थिए भन्ने सन्दर्भको खोलुवा गरिएको छैन । समाख्याताले नेपाली समाजमा अवशिष्ट रहेको सामाजिक सांस्कृतिक निर्मितिलाई बुझ्न नसक्नु तथा उक्त निर्मितिले निर्माण गरेको मान्यतालाई आत्मसात् गर्न नसकेको कारणले पनि उसको प्रेम जीवन धूलिधूसर भएको हुनसक्ने सम्भावनालाई नकार्न सकिन्न । तथापि प्रेमसम्बन्ध स्थापित गरी त्यसलाई निरन्तरता दिनुको सट्टा अर्कैसँग लहसिन पुगेकी प्रेमिकाको स्मरणमा रहेको समाख्याताले उनीहरूको प्रेमयुद्धमा कसको जित भयो ? आफ्नो या उसको ? जित्दा उसले के जिती ? अनि हार्दा उसले के हारी ? तर उसले समाख्याताको मानसिकतामा छाडेर गएको असामञ्जस्यको स्थितिबाट मुक्त हुन नसकेको संज्ञान पाठ/श्रोता समक्ष प्रस्तुत भएको छ। प्रेमको फूल अर्कैको मनमा सारिसकेकी प्रेमिकालाई पुनः प्रेमसम्बन्धमा फर्कन आग्रह गर्न नसकेको समाख्याताको मानसिकतामा रहेको जित र हारको संशयात्मक मानसिक अवस्थालाई नै यस गजलको संज्ञानात्मक सन्दर्भका रूपमा प्रस्तुत गरिएको छ ।

### ५. निष्कर्ष

प्रस्तुत गजल २०७१ सालमा *गुरु* गीति एल्बमको शीर्ष कृतिका रूपमा स्वराङ्कन भएको रचना हो । यस गजलमा समाख्याताको मनोवादात्मक एकालापी गायनका रूपमा संरचनात्मक स्वरूप प्राप्त


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

छ। सम्बोधकले समाख्यातालाई धोका दिएर अर्के प्रेमको दुनियाँ सिर्जना गरेकी प्रेमिकासँगको प्रेम सम्बन्धको अवधि र उक्त अवधिमा भएका क्रियाकलाप तथा प्रेमसम्बन्धलाई दुर्घटित तुल्याउनका लागि प्रेमिकाले गरेका गतिविधिलाई प्रमुख सन्दर्भका रूपमा उठान गरेका छन्। सङ्कथन अध्ययन भाषाले संवहन गरेको सन्दर्भका आधारमा पाठमा अवशिष्ट अर्थ निर्धारण गर्ने समालोचना पद्धति भएकाले भाषिक प्रकार्यले तानेर ल्याउने अर्थात् भाषाले बोक्न सक्ने अर्थको समग्र रूपलाई सन्दर्भ भनिन्छ। सन्दर्भ विश्लेषण सङ्थन अध्ययनको एउटा प्रमुख पद्धति हो भने यसले पाठमा प्रयुक्त भाषिक संरचनाका आधारमा लेखकीय पाठकीय र सामाजिक र सांस्कृतिक अभिवृत्तिलाई अर्थापन गरेको हुन्छ। स्रष्टा वा सम्बोधकले सिर्जनामार्फत चयन्त गरेको सहभागीका वैयक्तिक, मनोभाव, मनोदशा, विचार वा दृष्टिकोण प्रस्तुत गरेको हुन्छ। प्रस्तुत गजल सङ्कथनमा वैयक्तिक सन्दर्भको प्रेरकका रूपमा प्रेमिकाले धोका दिएको प्रेमीको घायल मानसिकता र प्रेरकका रूपमा नायिका युवती जसले आफ्नो प्रेमीलाई छाडेर अन्तै घरजम गरेकी छ। प्रेमिकासँगको वियोगले हतप्रभ भएको समाख्यातामा दुर्घटित प्रेमयुद्धमा उसको प्रेमिकाको जित भयो कि हार भयो भन्ने असामञ्जस्यको स्थिति रहेको भावलाई सन्दर्भसँग सम्पृक्त गराइएको छ। भौतिक सन्दर्भका रूपमा प्रेमसम्बन्ध भएका प्रेमी-प्रेमिकाले गर्ने क्रियाकलाप र वियोगपछिको अवस्थालाई प्रस्तुत गरिएको छ। संज्ञानात्मक सन्दर्भका रूपमा कुनै पनि सामाजिक/सांस्कृतिक कारणविना नै एक्लिएको समाख्याताको मानसिकतामा रहेको मानसिक उद्वेलनको प्रभावकारी चित्रण भएको छ।

## सन्दर्भ सामग्रीसूची


गौतम, देवीप्रसाद. (२०६८). **'सङ्कथन विश्लेषण'** *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* (सम्पा.) राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौं : रत्न पुस्तक भण्डार।

घिमिरे, वासुदेव २०६९. ***सङ्कथन विश्लेषण,*** काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस।

सिग्देल, राज (२०७१). ***गुरु गीति एल्बम.*** विन्ध्वासिनी म्यूजिक प्रा. लि.।

Child, Pitter and Rose Flower.(2015). ***The Routledge Dictionary of Literary terms.*** (3th ed). Oxford University Press.

Flowerdew, Jhon. (2013). ***Discourse in English Language Education.*** (3th ed). Routledge publications.

Gee, James Paul. (2011). ***An Introduction To Discourse Analysis*** *: Theory and Method.* (3th ed). Routledge publications.

Halliday, M.A.K. and M.I.M. Matthiessen. (2004). ***An Introduction To Functional Grammar.*** (3th ed). Hodder Arnold.



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# 'सत्ताको खोज' एकाङ्कीमा लैङ्गिकता

- गीता थपलिया त्रिपाठी (विद्यावारिधि)
उपप्राध्यापक (त्रि.वि.वि.)

**लेखसार**

*सत्ताको खोज एकाङ्कीमा प्रस्तुत लैङ्गिक पक्षको खोजी र विश्लेषणमा यस समालोचनात्मक आलेख केन्द्रित रहेको छ। विजय मल्लका एकाङ्की तथा नाटकहरूमा पाइने लैङ्गिक समानताको आवश्यकता बोध उनको यस एकाङ्कीमा पनि पाइएकाले सांस्कृतिक समालोचनाको एउटा महत्त्वपूर्ण अवधारणाका रूपमा आएको लैङ्गिक अध्ययनअन्तर्गतका सैद्धान्तिक पर्याधार निर्माण गरी तिनैका आधारमा यस एकाङ्कीमा प्रकट भएका लैङ्गिकतासम्बन्धी विचारको मूल्याङ्कन गरिएको छ। यस एकाङ्कीमा पितृसत्तात्मक सोच हावी भएको सामाजिक स्वरूपका कारण नारीमाथिको लैङ्गिक विभेद प्रकट भएको निष्कर्ष प्रस्तुत गरिएको छ।*

**शब्दकुञ्जी :** पितृसत्ता, लैङ्गिक अवधारणा, मनोविज्ञान, स्वअस्तित्व, संवाद, विभेद

**विषय परिचय**

विजय मल्ल (वि.सं. १९८२-२०५६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन्। मल्लको साहित्य यात्रा १९९७ सालमा कविता लेखनबाट सुरु भएको पाइन्छ। नाट्यक्षेत्रमा चाहिँ यिनले *बहुलाकाजीको सपना* (२००४) शीर्षकको नाटक लेखेर यस क्षेत्रमा प्रवेश गरेका थिए। एकाङ्कीतर्फ पत्थरको कथा, सात एकाङ्की (२०२८), दोभान (२०३४) प्रकाशित छन् भने नाटकतर्फ कोही किन बरबाद होस् (२०४०), भूलैभूलको यथार्थ (२०४१) र सृष्टि रोकिँदैन (२०४८) जस्ता कृतिहरू प्रकाशित छन्। विजय मल्ल मूलतः मनोवैज्ञानिक नाटककार हुन्। उनी नेपाली समाजको यथार्थको चित्रण गर्ने नाटककार भए पनि सामाजिक यथार्थको जगमा उभिएर पात्रको मनोलोकको विश्लेषण गर्न खप्पिस देखिन्छन्। 'सत्ताको खोज' एकाङ्की सामाजिक यथार्थको जगमा उभिएर पात्रको मनोलोकको विश्लेषण गर्न सफल रहेको छ। यो एकाङ्की सामाजिक यथार्थवादमा आधारित छ। परम्परादेखि चलिआएको पुरुषसत्ताका कारण नारीहरू अनेक बन्धन, दमन र शोषणमा परेर बाँच्नुपरेका पीडालाई प्रस्तुत एकाङ्कीमा देखाइएको छ। यो लैङ्गिक विषयवस्तुमा आधारित एकाङ्की हो तर यस एकाङ्कीसम्बन्धी पूर्वाध्ययनहरूमा लैङ्गिक अध्ययन नभएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको देखिन्छ।

लैङ्गिक समालोचना भन्नाले पुरुष र महिलाको सम्बन्ध र समाजमा तिनीहरूको भूमिका तथा सामाजिक, आर्थिक, सांस्कृतिक संरचनामा पुरुष र महिलाको अवस्थाको अध्ययन भन्ने बुझिन्छ। लैङ्गिक अध्ययनले पुरुषद्वारा शासित महिलाको मात्र होइन, कतिपय समाजमा पुरुष पनि महिलाद्वारा दमित छन् भन्ने मान्यता राखी तिनको पहिचानको खोजी गर्दछ। तसर्थ लैङ्गिक अध्ययनले समाजमा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

महिला र पुरुषको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थालाई देखाउँदै तिनीहरूको दमित आवाजको खोजी गर्दछ । यो अध्ययन पनि सामाजिक संरचनाका कारण महिला र पुरुषविचको विभेद र त्यसले सामाजिक परिवेशमा निम्त्याएका समस्यालाई 'सत्ताको खोजमा' एकाङ्कीमा प्रस्तुत समाजको लैङ्गिक स्वरूप र लैङ्गिक चेतनाको पहिचान गरी तिनको विश्लेषण गर्ने उद्देश्य अनुरूप पूरा गरिएको छ ।

**अध्ययन विधि**

प्रस्तुत अध्ययनका लागि पुस्तकालय स्रोतबाट प्राथमिक सामग्रीका रूपमा विजय मल्लद्वारा लिखित सत्ताको खोजमा एकाङ्की तथा द्वितीयक सामग्रीका रूपमा समस्याक्षेत्रसँग सम्बन्धित रही विश्लेषण गरिएका सामग्रीहरू लिइएका छन् । सत्ताको खोज एकाङ्कीभित्र प्रकट भएका लैङ्गिक सन्दर्भहरूलाई लैङ्गिकतासम्बन्धी सैद्धान्तिक अवधारणाका आधारमा पाठपरक विश्लेषण विधिको प्रयोग गरी यो अध्ययन पूरा गरिएको छ ।

**सैद्धान्तिक अवधारणा**

लैङ्गिक र यौनिकता अङ्ग्रेजी 'सेक्सुआलिटी' को नेपाली रूपान्तरण हो । लैङ्गिक समालोचना ( जेन्डर क्रिटिसिज्म) साहित्यको नवीन विषय हो । लैङ्गिकता भनेको व्यक्तिको शारीरिक बनोट वा समाजले तोकेको भूमिकाका आधारमा निर्माण भएको व्यक्तिको सामाजिक परिचय हो । जैविक रूपमा पुरुष र महिला फरक भएका कारण समाजले निर्धारण गर्ने अनेक नियम र भूमिकाले लैङ्गिकताको निर्माण हुने गर्दछ । सन् १९६० को दशकतिर प्रारम्भ भएको उत्तर आधुनिकतावादअन्तर्गतका विविध सिद्धान्तहरूमध्ये लैङ्गिकता सन् १९८० को दशकमा विकसित अवधारणा हो । पछिल्लो समयमा आएर लैङ्गिक अध्ययन सांस्कृतिक अध्ययनको एउटा मुख्य विषयका रूपमा स्थापित भएको छ । पाश्चात्य समालोचना प्रणालीअन्तर्गत विकसित भएको लैङ्गिक समालोचना भन्नाले पुरुष र महिलाको सम्वन्ध, समाजमा तिनीहरूको भूमिका तथा लिङ्ग र लैङ्गिक समविकास पर्दछन् । यी विषय समकालीन समाजका पुरुष र विषम लैङ्गिक सम्बन्ध आदिसँग सम्बन्धित रहेका छन् ।

लैङ्गिक अध्ययन, लैङ्गिक समविकास, पुरुष प्रभुत्व जस्ता शब्दहरू सुरुमा मार्क्सवादीहरूले प्रयोग गरेको पाइन्छ । महिला पुरुष समविकासको मान्यता तथा समाजको विद्यमान पुरुष हैकमका बारेमा सर्वप्रथम एङ्गेल्सको कृति परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति (१८८४ ई.)मा चर्चा भएको पाइन्छ (भट्टराई, २०६०, पृ. २५), जसमा आदिम युगमा नारी प्रधानता रहेको स्थिति निजी सम्पत्तिको उत्पत्तिसँगै पुरुषले नारीमाथि दमन सुरु गरेको कुरा उल्लेख छ । सन् १९६० को दशकमा पश्चिममा महिला आन्दोलनले तीव्रता लियो । महिलाहरूको शरीरमाथि पुरुषको नियन्त्रण र प्रभुत्व, त्यसको प्रयोग र शोषणबाट मुक्त गरी पितृसत्ताको अन्त्य गर्ने धारणा विकसित भयो । सन् १९६० को अन्त्य र १९८० को दशकमा लैङ्गिक अध्ययनले नयाँ स्वरूप प्राप्त गऱ्यो । नारीवादी समालोचना र नारीवादी आन्दोलन नारीहरूकै अध्ययन र चिन्तनमा मात्र केन्द्रित नभई नारी पुरुष समताका सन्दर्भमा अघि बढेको पाइन्छ । यसरी नारीवादसँग सम्बद्ध हुँदाहुँदै पनि लैङ्गिक समविकास वा सामाजिक लिङ्गको अध्ययन प्रारम्भ भएपछि पुरुष र पितृसत्तालाई मात्र प्रहार गर्ने सोचमा परिवर्तन आएको छ । पश्चिमी मुलुकमा विकसित यौन विकृति, विसङ्गति, पुँजीवादी प्रवृत्ति, श्रमको मूल्यमा देखिएको विभेद तथा अराजकतावादको फलस्वरूप नारीवाद उग्र पुरुषविरोधी हुनगयो, यसले पनि लैङ्गिक समालोचनाको आवश्यकता महसुस भएको पाइन्छ, जसले नारी र पुरुषका विचमा समान विकास र समभावको चाहना राख्दछ ।

समाजमा लामो समयदेखि चलिआएको सामाजिक सांस्कृतिक सन्दर्भले पुरुष र महिलाका विचमा असमानताको ठुलो पर्खाल निर्माण भएको छ । लैङ्गिकताको अवधारणा विभेदकारी अमानवीय संस्कृतिबाट मानव समाजलाई पुरै ब्युँझाई समानताको संस्कृतिप्रति अनुरक्त पार्ने प्रयास हो


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

(पाण्डे, २०६९, पृ. २२१)। पितृसत्ताका कारण धेरैजसो समाजमा महिलाहरू नै उत्पीडन, दमन वा विभेदमा पर्ने हुँदा लैङ्गिक अध्ययनले पनि महिलामाथि हुने विभिन्न प्रकारका शोषण र दमनको विश्लेषणमा जोड दिन्छ।

लैङ्गिक अध्ययनका मूल विषयहरू नारीवाद, पितृसत्ता, लैङ्गिकता सामाजिक लिङ्ग, पुलिङ्गता र सामाजिक लिङ्गभेद तथा शरीर राजनीति रहेका छन्। यस अध्ययनमा सामाजिक लिङ्गका आधारमा सत्ताको खोज एकाङ्कीमा महिला पुरुषको अवस्था तथा महिला पुरुषको सम्बन्धको विश्लेषण गरिएको छ।

**_सत्ताको खोज_ एकाङ्कीको लैङ्गिक विश्लेषण**

*सत्ताको खोजमा* एउटा लक्ष्यार्थप्रधान शीर्षकको एकाङ्की हो। प्रस्तुत अध्ययनमा *सत्ताको खोजमा* एकाङ्कीमा अभिव्यक्त समाजमा लैङ्गिकताको स्वरूपको खोजी र लैङ्गिक चेतनाको स्थितिको अध्ययन र विश्लेषण गरिएको छ।

**आख्यान सन्दर्भ**

विजय मल्लद्वारा लिखित *सत्ताको खोजमा* एकाङ्कीमा लैङ्गिक विभेदले ग्रस्त उच्च वर्गीय सोच र निम्न मध्यम वर्गीय लैङ्गिक चेतनाको झिल्को प्रकट भएको छ। एकाङ्कीमा मीना र शिला नाम गरेका दुई युवतीहरू सहरमा उच्च शिक्षाका लागि प्रवेश गरी डेराको सङ्घर्षपूर्ण जीवनमा आफ्नो भविष्य र समाजप्रति सचेत भएर आपसमा संवाद गरिरहेका छन्। जुन घरमा उनीहरूलाई डेरा खोजिएको छ, त्यस घरमा भूत आउने र बस्न नसकिने कुरा सानी भाउजूले तिनीहरूलाई बताउँछिन्। मीना र शिलाले मन पराएर बस्न चाहेकै कोठाको दलिनमा पासो लगाएर तिलकमान काजी साहेबकी श्रीमती प्रमिलाले आत्महत्या गरेको उनीहरूले थाहा पाउँछन्। महिलाहरूको अवस्था र नारीवादी चेतना प्रवल रहेकी मीनाले तिलकमानकी श्रीमती प्रमिलाले आत्महत्या गर्नुको कारण खोज्छिन्। पितृसत्तात्मक सामाजिक संरचनाले नारीहरूलाई स्वतन्त्रता दिनुहुँदैन भन्ने मान्यता राखेको हाम्रो समाजको प्रतिनिधि पात्रका रूपमा तिलकमान यस एकाङ्कीमा उपस्थित छ। नारीहरू पुरुषका भोग्या वा खेलौना हुन् भन्ने सोचका साथ नारीमाथि आजसम्म उनका पुर्खाले घर-समाजमा जस्तो व्यवहार गर्दै आए, तिलकमानले पनि त्यसैको सिको गरेपछि प्रमिलाभित्रको अस्तित्व चेतना जागृत हुन थालेको देखिन्छ। पटक पटक प्रमिलाले आफूलाई माया, सम्पत्ति र अरू सुख सुविधाका कुराहरूभन्दा फरक कुरो चाहिएको, आफू स्वास्नी मानिस हुन नपाएको र आफ्नो घाँटी कानुन र व्यवस्थाले अँठ्याएको गुनासो गरेकी थिइन्। आत्मसम्मानका साथ बाँच्न नपाउनु नै आत्महत्याको कारण थियो र पितृसत्तात्मक पुरातन सोचका विरुद्धको विद्रोह थियो। स्वतन्त्रताबाट वञ्चित हुनुपरेपछि अन्त्यमा आत्महत्या गर्नु वास्तवमा सामाजिक बन्धनवाट मुक्त हुनु थियो। अतः स्वास्नी मानिसहरूका आफ्नै इच्छा, चाहना र स्वअस्तित्व हुने भएकाले उनीहरू आफू खास स्वास्नीमानिस भएर बाँच्न चाहने, अथवा आफ्नो स्वतन्त्र सत्तालाई सर्वोपरि ठानी स्वतन्त्र जीवन बाँच्न चाहने भएकाले यस्ता कुराहरूमा तगारो हाल्ने तिलकमान काजीसाहेबहरू जस्ता सङ्कीर्ण सोचाइ भएकाका सोचविरुद्ध आत्महत्याद्वारा विरोध जनाइएको कुरा प्रस्ट हुन्छ।

एकाङ्कीमा एकै पुस्ताका दुई किसिमका महिलाहरूको प्रतिनिधित्व भएको छ। प्रमुख पात्र, जसले समाजसँग मौन विद्रोह गरी आत्महत्याद्वारा आफ्नो अस्तित्वको प्रत्याभूति दिएकी छन्, तिनी प्रमिला हुन्। आफ्नो विद्राही आवाज बुलन्द गर्ने परिवेश नभेटेपछि उनले आफ्नो स्वअस्तित्वका निम्ति आत्महत्या रोजेकी छन् भने अर्कातिर प्रमिलाकै समकालीन पुस्ताकी सशक्त प्रतिनिधिका रूपमा बी.ए. पढ्दै गरेकी मीनाको माध्यमबाट नारीहरू समानता र स्वतन्त्र अस्तित्वका निम्ति अधिकारको खोजीमा अघि बढिसकेका छन् भन्ने तथ्य प्रस्तुत भएको छ। उच्च वर्गीय अभिजात्य भनौंदाभित्रका नारीप्रतिको परम्परागत सोचाइले प्रमिलाको ज्यान जानु र अर्कोतिर निम्न मध्यम वर्गीय मीनाको दृढ आत्मबलले उनलाई स्वतन्त्र सत्तातिर निर्णयदायी भूमिका दिएको छ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

***सत्ताको खोजमा* एकाङ्कीमा लैङ्गिकता**

नेपाली समाज दिन प्रतिदिन परिवर्तनशील हुँदै जाँदा एकातिर नारीहरूको चेतनाको स्तर बढेको छ भने अर्कोतिर शिक्षा र चेतनाको माध्यमद्वारा समाजमा व्याप्त लैङ्गिक विभेदको उन्मूलन गर्न नारीहरू नै नेतृत्वदायी शक्ति लिएर अघि बढेका छन् । तर समाजमा संस्कारका रूपमा चलिआएको पितृसत्तात्मक समाजले सिर्जना गरेको परिस्थितिलाई उनीहरूले बाध्यात्मक रूपले मान्नैपर्ने स्थितिप्रति केही संवादात्मक साक्ष्यहरू यहाँ प्रस्तुत गरिएका छन् :

**साक्ष्य : १**

मीना : लौ भन, त्यो शण्डमुस्तण्ड भरियाले मुखले केही भनिदियो भने, तिम्रो इज्जतमा धक्का पुऱ्यायो भने के तिमी त्योसित कुस्ताकुस्ती गरेर बाभ्न, जुध्न सक्छ्यौ...? तिमी सक्तिनौ, तिमीलाई नै लाजले मर्नु हुन्छ ! त्यसैले त्यो भरियाको शारीरिक राक्षसी बलको सामुन्ने आफ्नो लाज जोगाउन हामी त्यसैको कुरा मानिदिन्छौँ र दुई रुपियाँ फालेर त्यसको मुख टालिदिन्छौँ । (पृ. ९३)

माथिको साक्ष्यका आधारमा नेपाली समाज पितृसत्तात्मक शक्तिको आडमा चलेको देखिन्छ । यहाँ नारीलाई शक्तिले जितेर उपभोग्या बनाउने परम्परालाई पृष्ठपोषण गरिएको छ । मीनाजस्ती चेतनशील युवतीले यस कुरालाई स्विकार्नु सामाजिक संस्कारको कारण हुन गएको हो । पुरुष सधैँ बलियो र नारी सधैँ कमजोर र लजालु हुनुपर्छ भन्ने समाजको बिजगणितले सत्यको अङ्क गणितलाई अन्योलमा पारिदिएको छ । सानैदेखि नारी कोमलाङ्गी र परायाको आश्रयमा बाँच्नुपर्ने मानसिकता भरिदिएर उचित शारीरिक व्यायाम नदिएर र मनोबलबाट समेत कमजोर बनाइएका नारीको प्रतिनिधित्व यस साक्ष्यमा मीनाले गरेकी छन् । यहाँ नारीका चरित्रमा चाहिँ पुरुषले दाग लगाइदिन सक्ने र नारी चाहिँ हातमा दही जमाएर बस्नुपर्छ भन्ने भाव मुखर भएको छ । पुरुषले सत्तामा रहेर जस्तोसुकै कार्य गरे पनि उनीहरूको इज्जतमा प्रश्न नउठ्ने तर नारीले गल्ती नै नगरे पनि पुरुषका अघि तिनका अनपेक्षित व्यवहारले लज्जित बनिनुपर्ने नियम पनि पितृसत्ताले नै निर्माण गरेको हो । डार्बिनको विकासवादी सिद्धान्तमा शक्तिको सत्तालाई स्विकारिएजस्तै नेपाली समाजको समाजशास्त्र आजसम्म बलिया ठानिएका पितृसत्तामा नै निहित रहन गएको र यसले लैङ्गिक विभेदलाई बढावा दिएको तथ्य यस साक्ष्यले प्रस्तुत गरेको छ ।

**साक्ष्य : २**

मीना : यसो भन बरु, बी.ए. पढेर पढेलेखेकी भनाउन परेपछि दुनियाँमा जे पनि गर्नुपर्दो रहेछ । तिमीलाई कसले पढ्नुपऱ्यो भन्यो, सतीसावित्री हुन नपढे पनि त हुन्थ्यो । बिहे हुन्थ्यो, लोग्नेको स्याहारसुसार गर्थ्यौ, जिन्दगी चल्थ्यो, बच्चाहरू हुर्काउँथ्यौ, फेरि उनीहरूको बिहे गराउँथ्यौ, जिन्दगी बित्थ्यो । के हाम्रा आमाबाबुहरूको जिन्दगी त्यसरी चलेको थिएन ? (पृ.९४)

माथिको साक्ष्यमा शिक्षाले मानिसलाई चेतनशील बनाउने र अधिकारको बोध गराउने भएकाले वास्तविक स्वास्नीमान्छे भएर बाँच्ने हो भने समस्याहरूसँग जुध्ने क्षमता राख्नुपर्छ भन्ने कुरा मीनाले गरेकी छ । लैङ्गिक विभेदका कारण हाम्रो समाजमा नारीहरू सतीसावित्री हुनुपर्ने, लोग्नेको स्याहारसुसार गर्ने र बच्चा जन्माउने-हुर्काउनेमै उनीहरूले आफ्नो परिचयलाई समाप्त गर्नुपर्ने मान्यता पितृसत्ताले सदियौँदेखि लादेको तितो यथार्थ भएको छ र त्यसकारण आज पनि यदि कोही नारी आफ्नो परिचय खोज्ने साहस गर्छे भने उसले निकै ठुला अतिरिक्त जिम्मेवारी बहन गरी चुनौतीहरूको सामना गरी बाहिर आउनुपर्ने परिस्थितितर्फ माथिको साक्ष्यले प्रस्ट पारेको छ ।

**साक्ष्य : ३**

भाउज्यू : हैन, तपाईंहरू यो कोठामा नबस्नुस् हौ, तपाईंहरू यो कोठामा बस्न सक्नुहुन्न । उताकै कोठामा बस्नुस् । (पृ.२४)


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

माथिको साक्ष्यमा मीना र शीलाले कोठा छान्ने स्वतन्त्रता पाउँछन् तर जुन कोठा उनीहरूलाई मन परेको थियो, उनीहरूले सुरक्षित ठानेका थिए, त्यसमा बस्न नसकिने भयानक स्थिति भाउजूबाट व्यक्त भएको छ । यसबाट के बुझ्न सकिन्छ भने हाम्रो समाज नारीहरूले पाएको स्वतन्त्रतामाथि सदैव हस्तक्षेप गर्न तत्पर हुन्छ, जसको मूल कारण लैङ्गिक विभेद नै हो । यो विभेदको पालक नारी नै किन नहुन्, ती पितृसत्ताका मुखपात्र भएर परिचालित छन् ।

**साक्ष्य : ४**

तिमी बराबर भन्थ्यौ- "म स्वास्नीमानिस हुन पाएकी छैन, मेरो घाँटी अँठ्याइएको छ कानुनले, व्यवस्थाले । के कात्रो ओढेर मुर्दाहरू जिउँदाजस्ता बाँचेका छैनन् ? खै मेरो आत्मसम्मान ! (पृ.१०१)"

माथिको साक्ष्यका आधारमा सत्ताको खोजमा एकाङ्कीमा महिलाहरूको अवस्थाका साथै समाजमा महिला र पुरुषको खास अन्तरनिर्भरतालाई समेत देखाइएको छ । महिलाहरू आत्मसम्मान र स्वअस्तित्वका साथ बाँच्न पाएका छैनन् । उनीहरू वास्तविक स्वास्नीमान्छे बनेर आफ्नो पहिचान बोकेर बाँच्न पाएका छैनन् । पितृसत्तात्मक राज्य व्यवस्थाका कारण नियम र कानुन उनीहरूमाथि लादिएको छ, जसले गर्दा नारीहरू वास्तविक मान्छे नभएर पुरुषका कठपुतली मात्र हुन बाध्य छन् । यही कुरा एकाङ्कीकी नारीपात्र प्रमिलाको पनि भोगाइ हो ।

सत्ताको खोजमा एकाङ्कीमा आएकी पात्र प्रमिला हाम्रो समाजका नारीहरूको प्रतिनिधि पात्र हो । उसले समाजमा रहेका स्वअस्तित्ववादी नारीहरूको प्रतिनिधित्व गरेकी छ । ऊ पुरुषबाट दमित र शोषित नारी हो । बारम्बार आफ्नो स्वतन्त्रताका लागि याचना गर्दा पनि उसको कुरालाई बेवास्ता गरिएपछि उसले आत्महत्या गरेकी छ । पुरुषको शोषणमा पर्दा पनि पुरुषका विरुद्ध आवाज उठाउन नसक्ने समसामयिक नेपाली समाजका नारी चरित्रको यथार्थ प्रमिलामार्फत प्रस्तुत गरिएको छ ।

सत्ताको खोजमा एकाङ्कीमा तीन पुस्ताका नारीको चित्रण गरिएको छ । पहिलो तिलकबाबु साहेबको आमा/हजुरआमाको पुस्ता, जुन निमुखा प्रवृत्तिका छन् र तिलक बाबुसाहेबका भनाइमा तिनका भोगाइ परोक्ष रूपले प्रस्तुत भएको छ । यो पुस्ताका नारी पराश्रित छन् भने ती आफैँ आफ्ना बारेमा बोल्दैनन् । तिनमा नारी चेतनाको बिउ भेटिँदैन । ती लाउन खान दिएर घरमा राखिएका सुसारे वा धाईजस्ता मात्र छन् । अर्को पुस्ता प्रमिलाको छ, जसमा नारी चेतनाको बिउ त छ तर विद्रोह गर्ने जमात छैन । त्यसैले आत्मसम्मानका केही गुनासाहरू बेलाबखत लोग्नेसँग पोख्नुबाहेक उसले पुरुषको शोषण विरुद्ध अरू अग्रगामी निर्णय लिन सकेकी छैन बरु मृत्युवरण गरी समाजसँग विद्रोह गरेकी छ । तेस्रो पुस्तामा मीनाको प्रतिनिधित्व छ । तिलक बाबुसाहेबको आवेगी प्रश्नको उत्तर दिएर उसले आफू प्रमिला भएको भए कायर मृत्यु नमरेर विद्रोह गर्ने सङ्केत देखाएकी छ । शिक्षाका कारण आत्मविश्वास बढेका पुस्ताका नारीले आफ्नो हकहितका पक्षमा आफैँ आवाज उठाउन सक्ने सामर्थ्य जुटाउनु एकाङ्कीमा व्यक्त नारी चेतनाको स्थिति हो । अतः लैङ्गिक विभेदका विरुद्ध नारीचेतनाको प्रस्तुति यो एकाङ्कीको मूल प्राप्ति देखिन्छ ।

### *सत्ताको खोजमा* एकाङ्कीमा नारी चेतना

सत्ताको खोज एकाङ्कीमा स्वतन्त्र नारीसत्ताको गरिमालाई देखाउन खोजिएको छ । हाम्रो जस्तो पुरातनवादी सोचाइ भएको समाजले सदियौँदेखि नारीहरूलाई बन्धनमा राखी शोषण र दमन गर्दै आएको छ । नारीहरूलाई स्वतन्त्रता दिनु हुँदैन भन्ने मान्यता राखेको हाम्रो समाजले लैङ्गिक विभेद गरेर छोरा मान्छेहरूलाई मात्र स्वतन्त्रताको अधिकार दिई छोरीहरूलाई विभेद गर्दै आएको छ । प्रस्तुत एकाङ्कीमा पछिल्लो दुई वर्गको प्रतिनिधित्व रहेको छ । एउटा निम्न मध्यम वर्गीय परिवारका छोरीहरू, जसले कोठा भाडामा लिएर उच्च शिक्षा हासिल गरी आफ्नै खुट्टामा उभिने बाटो बनाइरहेका छन् । तिनका भानिज दाइ पुरुष भए पनि सहयोगी भएर आएका छन् । अर्कोतिर तिलक बाबुसाहेबको उच्च


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गीय पुरुष अभिमानले पटक पटक प्रमिलाको स्वतन्त्रताको चाहलाई तिरस्कार गरेर उसलाई मृत्युको मुखमा धकेलिदिएको छ ।

चेतनाका तहमा दुवै माथिल्ला सोचमा दरिए पनि प्रमिला र मीनाको परिस्थिति एउटै छैन । नियति सम्झेर जीवन गुजार्ने पुस्ताभन्दा एक कदमअघि आइसकेर पनि प्रमिला नेपाली समाजको संस्कारजन्य बन्धनमा जकडिएकी पात्र हो । उसको मानसिकतामाथि उसको अधिकार भए पनि परिवेशगत आधारमा उसको विद्रोहले फैलिन पाएको छैन र त्यो आँट उसमा नआउनुमा उसले वर्षौंदेखि पितृसत्ताको पिँजडाबाहिरको दुनियाँ देख्न नपाएर उसका पखेटाहरू कुँजिसकेका हुनु कारण रहेको छ । स्वतन्त्र सत्ताका निम्ति जीवनको बन्धन नै चुँडाएकी प्रमिलाले मीनाको पुस्तालाई स्वतन्त्रताको दिगो चेतना प्रत्यारोपण गरेर गएकी छ । पुरुषको इशारामा नाच्नुभन्दा मृत्यु रोजेर मौन विद्रोह गर्ने प्रमिलाले मौनताको शक्ति कति डरलाग्दो हुन्छ भन्ने नारीचेतना सञ्चार गरेकी छ । यसबाट मीनाजस्ता नयाँ पुस्ताका नारीहरू विभेदका विरुद्ध लड्ने साहस जुटाउन सक्षम भेटिएका छन् । कतिपय प्रसङ्गमा मीना र शिलाका संवादले शिक्षित मानिएका पुरुषहरूमा पनि महिलालाई हेर्ने पितृसत्तात्मक सोच परिवर्तन नभएको तथ्य सामुन्ने ल्याएको छ ।

**साक्ष्य : १**

शिला : त्यसैले त भनेकी, कृष्णप्रसादजीले एउटी आइमाई फोर्थ इयरकी हो कि थर्ड इयरकी पढाउनुहुँदोरहेछ । तिनी एकदिन घरबाट बाबुआमासित बाझेर निस्केकी रहिछन् । कृष्णप्रसादज्यू कहाँ आएर रोइछन्, कराइछन् र भनिछन्, “म अब घर फर्कन्न, यहीँ बस्छु” भनेर के के फलाकिछन् । उहाँलाई आपत् परेछ, पछि उहाँले केही नलागेर भन्नुभएछ– “मेरो त बिहे भइसकेको छ हेर ! तिमी जाऊ, फर्क ।” त्यो स्वास्नीमानिस छानाबाट खसेकी जस्ती भइछ र रिसाउँदै फर्किछ तर तिमीलाई थाहा छ ? कृष्णप्रसादज्यूको बिहे भएको छैन । लौ भन यो अनौठो कुरा होइन ?”

उपर्युल्लिखित साक्ष्यबाट प्रेम प्रस्ताव राख्ने स्वतन्त्रता पुरुषहरूलाई मात्र छ, नारीले प्रेम प्रस्ताव राखे भने ती नारी नराम्रा हुन्छन् भन्ने उनीहरूको सोचाइ परोक्ष रूपमा प्रकट भएको देखिन्छ । यहाँ पनि मीनाको लैङ्गिक चेतनाको प्रकटीकरण भएको छ ।

**साक्ष्य : २**

मीना : भाउजू, त्यसै किन आत्महत्या गरिन् ? केही कारण त हुनुपर्छ ?

यस साक्ष्यमा मीनाको चेतनाको बीजारोपण भएको देखिन्छ । प्रमिलाको आत्महत्याको खबरले उनमा शङ्काको भाव प्रकट हुनु परिवर्तनका लागि कारणको खोजी गर्नु रहेको छ । यहाँनिर तिलक बाबुसाहेबमाथि शङ्का गर्ने ठाउँ छाडिएको छ र त्यस ज्ञापमा पितृसत्ताको दोष सर्वत्र छ ।

**साक्ष्य : ३**

म अपराधी हुँ, अपराधी । मैले के अपराध गरेँ । तिमी भन ? मेरा पुर्खाहरूले जे गरे, समाजले जे गऱ्यो, कुटुम्बहरूले जसरी जीवन गुजारे, मैले त्यही गरेँ (पृ.१०१) ।

माथिको साक्ष्यलाई नियाल्दा यी दुईको सम्बन्ध परम्पराबाट निर्देशित रहेको देखिन्छ । नारीलाई हेर्ने पुरुषको धारणा रुढिग्रस्त पितृसत्तात्मक रहेको छ । पुरुषले नारीमाथि दयाको रूपमा शोषण, अन्याय र अत्याचार गरेको पाइन्छ । नारी पीडित भएर पनि पुरुष दमनका विरुद्ध आवाज उठाउन सकेका छैनन् । माथिको भनाइमा तिलक बाबुसाहेबले जुन प्रश्नको उत्तर मागेका छन्, त्यो उत्तर नै लैङ्गिक विभेदरहित सत्ताको खोज हो ।

**साक्ष्य : ४**

...तिमी भन्थ्यौ, मलाई गहना र लुगाले नबेर । म कोठाको सुन्दर फूलदान होइन । के त्योभन्दा बढी म स्वास्नी मानिस हैन ? के मेरो आफ्नै स्वरूप छैन ? प्राण छैन ? यदि मलाई वास्तविक स्वास्नीमानिसजस्तो बाँच्ने अधिकार दिँदैनन् भने, मलाई अपमान मात्र लिएर यो पृथ्वीमा टिक्नु छ भने

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal.

CC-0. In Public Domain. Digitization by eGangotri

जीवनको सबैभन्दा ठुलो अधिकार जो मेरो आफ्नो हो, जसलाई कोही खोस्न सक्दैनन्, उपयोग गरेर म मारिदिनसक्छु (पृ.१०२) ।

माथिको साक्ष्यमा तिलकमान काजी साहेबले हाम्रो सङ्कीर्ण समाजको दृष्टिकोणलाई प्रतिनिधित्व गरेको छ भने प्रमिलाले सामाजिक विद्रोहको प्रतिनिधित्व गरेकी छ। ऊ एक वास्तविक नारी भएर बाँच्न चाहेकी पात्र हो तर समाज वा पति त्यसमा बाधा बनेर उपस्थित भइदिन्छ। गहना, लत्ताकपडा र अन्य भौतिक सुखसुविधा नारीहरूका लागि मामुली कुराहरू हुन्। मुख्य कुरा तिनीहरूको अस्तित्व वा सत्ता हो, जसलाई वास्तविक नारीत्व मानिन्छ। त्यसैले स्वतन्त्रताबाट वञ्चित हुनुपरेपछि अन्त्यमा आत्महत्या गर्नु सामाजिक बन्धनबाट मुक्त हुनु थियो। यसरी एकाङ्कीमा प्रमिलामार्फत नारी मौन विद्रोहको फरक स्परूप प्रस्तुत गरिएको छ भने यस मूल सन्दर्भसँग आएका मीनालगायतका पात्र र परिवेशले एकाङ्कीमा नारी चेतनाको गाढा अभिव्यक्ति दिएका छन्।

## निष्कर्ष

लैङ्गिक समालोचनाले नारी र पुरुषको सम्बन्ध, समाजमा तिनको भूमिका तथा सामाजिक आर्थिक संरचनामा पुरुष र महिलाको अवस्थाको अध्ययन गर्दछ। यसले लिङ्गलाई जीववैज्ञानिक दृष्टिकोणबाट नभई समाजले निर्माण गरेका लैङ्गिक पक्षको अध्ययन गर्दछ।

प्रस्तुत एकाङ्कीलाई लैङ्गिक अध्ययनका मुख्य विषयहरू नारी चेतना, पितृसत्ता, लैङ्गिकता, सामाजिक लिङ्गभेद तथा शरीर राजनीतिमध्ये सामाजिक लिङ्गका आधारमा अध्ययन गर्दा तत्कालीन समयमा नेपाली समाजमा निर्मित संस्कृति पुरुषका पक्षमा रहेको पाइन्छ। पितृसत्तात्मक सामाजिक संरचनाले नारीहरूलाई केवल भोग्याको रूपमा मात्र हेरेको छ।

पुरुषहरूले नारीलाई शारीरिक, आर्थिक र मानसिक रूपमा अत्याचार गरेका छन्। प्रस्तुत एकाङ्कीमा जीवनमा कहिल्यै स्वत्वबोध गर्न नपाई पुरुषकै भोग्या वा खेलौनाका रूपमा मुर्दातुल्य भएर बस्नुपरेको पीडाले छटपटाई प्रमिलाले आत्महत्या गरेको दुःखद घटना प्रस्तुत भएको छ भने प्रमिलाकै प्रतिनिधिका रूपमा बी.ए. पढ्दै गरेकी मीनाले पनि विभेदका विरुद्ध आवाज उठाएकी छ। यी दुवैको चाहना समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गर्नु रहेको छ। भौतिक सुखसुविधा र लोग्नेको माया पाउँदा पाउँदै पनि आत्मसम्मान र स्वतन्त्रताको उपभोग गर्न नपाएकी प्रमिलाले झुन्डिएर आत्महत्या गरेकी छ, यो घटना नारी अस्तित्वको खोजीमै केन्द्रित रहेको छ। त्यसैगरी मीनाले पनि शिक्षाका माध्यमबाट प्राप्त चेतनाद्वारा समाजमा व्याप्त लैङ्गिक विभेदको अन्त्य गरी नारी अस्तित्वको स्थापना गर्ने दृढ अठोट लिएकी छ। तसर्थ सामाजिक लिङ्गका आधारमा अध्ययन गर्दा प्रस्तुत एकाङ्की सफल रहेको छ।

## सन्दर्भ सामग्री


ढकाल, रजनी (२०७२). *नेपाली उपन्यासमा लैङ्गिकता.* काठमाडौं : दोभान प्रकाशन।

त्रिपाठी, सुधा. (२०६८). ***नेपाली उपन्यासमा नारीवाद,*** काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

पौडेल, विष्णुप्रसाद. (२०६९). ***नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप.*** पोखरा : सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान।

भट्टराई, रमेशप्रसाद. (२०६९). ***लैङ्गिक समालोचना*** (रत्न बृहत् समालोचना सैद्धान्तिक खण्ड, सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), काठमाडौं : रत्न पुस्तक भण्डार।




Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# साहित्यसम्बन्धी एरिस्टोटलीय मान्यताहरू

- टेकनाथ दहाल
उपप्राध्यापक (ने.सं.वि.)

**लेखसार :**

*एरिस्टोटल प्राचीन ग्रिसेली कला चिन्तक हुन् र उनी पश्चिमी साहित्य जगत्का प्रथम काव्यशास्त्री पनि हुन्। उनका गुरु प्लेटोले साहित्यमाथि लगाएको आरोपको बचाव गर्दै उनले कलासाहित्यले मनको विरेचन गर्ने कुरा उल्लेख गरेका छन्। प्लेटोले कलासाहित्यलाई प्रकृतिको अनुकरण मानेका थिए। पहिलो सत्य विचार हो भने दोस्रो सत्य यो चराचर जगत् हो अनि कविकलाकारले यो चराचर जगत्को पनि अनुकरण गर्ने भएकाले कलासाहित्य सत्यभन्दा दुई गुना पर हुन्छ साथै कलासाहित्यले संवेगको उद्‌बोधन गर्दछ र विवेकलाई नष्ट गर्छ भन्ने उनको मान्यता थियो। एरिस्टोटलले त्यसको बचाव गर्दै कलासाहित्य प्रकृतिको कोरा अनुकरण नभएर कविकलाकारले आफ्नो सिर्जनाशक्तिका कारण प्रकृतिमा रहेका अपूर्णतालाई पनि पूर्णता दिएर प्रकृतिको सिर्जनात्मक अनुकरण गर्दछ भन्ने धारणालाई अघि सारे। साथै कलासाहित्यले विवेक नष्ट गर्ने नभएर मनको विरेचन गर्ने कुरालाई पनि जोड दिए। ट्रेजेडीले भय र करुणाजस्ता भावहरूलाई समन गरी मनको तुष्टि गराउँछ भन्ने एरिस्टोटलको मान्यता थियो जो पूर्वीय रससिद्धान्तको निकै नजिक रहेको छ।*

**शब्दकुञ्जी :** भाव, विरेचन, अनुकरण, रस, ट्रेजेडी/दुःखान्त, मनोविकार

**लेखको समस्या तथा उद्देश्य-** प्रस्तुत लेख साहित्यको सैद्धान्तिक पक्षसँग सम्बन्धित रहेको छ। खासगरी प्राचीन ग्रिसेली काव्यशास्त्री एरिस्टोटलले साहित्यको स्वरूप कसरी निर्धारण गरेका छन् ? र पाठकले किन साहित्य पढ्छ भन्ने जिज्ञासामा उनको चिन्तन के हो ? भन्ने समस्यामा केन्द्रित रही यो लेख तयार पारिएको छ। त्यसैले एरिस्टोटलले निर्धारण गरेको साहित्यको स्वरूपबारे व्याख्या गर्नु तथा पाठकले साहित्य पढ्ने प्रमुख आधारमा एरिस्टोटलीय चिन्तनको समीक्षा गर्नु यस लेखको उद्देश्य रहेको छ।

**अध्ययन विधि :** प्रस्तुत लेख तयार पार्न पुस्तकालय विधिको उपयोग गरिएको छ। एरिस्टोटलले काव्यमाथि राखेका दृष्टिकोणबारे विभिन्न सामग्रीका माध्यमबाट उनका मूलभूत काव्य मान्यताहरूको व्याख्या गर्न व्याख्यात्मक विधिलाई अपनाइएको छ साथै काव्यको भावपक्षलाई जोड दिएकाले पूर्वीय रस सिद्धान्त र विरेचन सिद्धान्तको तुलना गर्न तुलनात्मक विधिलाई पनि अपनाइएको छ।

**विषय प्रवेश**

एरिस्टोटल (३८४-३२२ ई.पू.) ग्रिसेली साहित्य मात्रै नभएर समग्र पश्चिमा साहित्यका प्रथम आधिकारिक काव्यशास्त्री हुन्। उनको काव्यशास्त्र विगत तेइस सय वर्षको अवधिमा पनि त्यतिकै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सशक्त र महत्त्वपूर्ण रहेको छ। पूर्वमा भरतमुनि पश्चिममा एरिस्टोटलको समय एउटै वा नजिक नजिक रहेको तथ्य विभिन्न विद्वान्द्वारा व्यक्त भएको छ। भरतमुनिले नाट्यशास्त्रको रचना गरेका छन् भने एरिस्टोटलले काव्यशास्त्रको रचना गरेका छन्। भरतमुनिको रसचिन्तन आज पनि काव्यसौन्दर्य र त्यसको आश्वादनसम्बन्धी दार्शनिक प्रश्नको गतिलो र अकाट्य उत्तर बनेर बसेको छ। एरिस्टोटलको विरेचन सिद्धान्त पनि काव्यको भावपक्षसम्बन्धी आधारभूत प्रश्नको अकाट्य र तर्कबद्ध उत्तर आज पनि त्यतिकै सशक्त र शक्तिशाली छ। ग्रिसेली महाकवि होमर, कवि पिन्डार र हेसियड, नाटककार एस्किलस, सोफोक्लिज र युरिपाइडिज अनि गीतकार सफ्फो तथा समकालीन अन्य साहित्यकारहरूले रचना गरेको साहित्यको पृष्ठभूमिमा एरिस्टोटलले काव्यसम्बन्धी मान्यता अघि सारेका थिए। उनको काव्यसम्बन्धी मान्यताको जग थिए उनकै गुरु प्लेटो। प्लेटो आफैँ काव्यशास्त्री थिएनन्। उनी मूलतः राजनीतिज्ञ थिए र उनको राजनीतिक चिन्तन ग्रिसेली दर्शनमा आधारित थियो। प्लेटोलाई राजनीतिक दर्शन सिकाउने गुरु थिए सोक्रेटस। त्यसैले उनले आफ्नो कृति पोलितिया (आदर्श गणराज्य) मा तत्कालीन समयका दार्शनिक ग्लौकन, थ्रैसिमेकस, एडिमेन्डस, पोलिमार्कससँग आफ्ना गुरु सोक्रेटसको अर्थपूर्ण सम्वाद गराएर गुरुभक्ति प्रदर्शन गरेका छन्। प्लेटोको उद्देश्य काव्यशास्त्र निर्माण गर्नु थिएन तर आदर्श गणराज्य निर्माणमा जुटेका प्लेटोका लागि राज्यभित्रका कविकलाकारहरूको स्थानबारे पनि स्पष्ट हुनु थियो। यसै सन्दर्भमा उनको आदर्श गणराज्यमा कविकलाकारहरूको उपस्थिति तथा आदर्श नागरिक निर्माणमा कलाले खेल्न सक्ने भूमिकामा केन्द्रित भई प्लेटोले आफ्ना विचार राखेका छन्। प्लेटोले मूलतः आदर्श गणराज्यका आदर्श नागरिकका लागि साहित्य घातक हुन्छ भनेर साहित्यमाथि गम्भीर आरोप लगाएका थिए। प्लेटोको मान्यता थियो-साहित्यले मानिसको आवेगलाई परिपोषित गर्दछ र विवेकलाई नष्ट गरिदिन्छ। कविहरूले केही मनोरञ्जन दिन सकून् तर उनीहरूले आत्मसंयम उत्पन्न गर्न भने सक्दैनन्। त्यसैले उनीहरूले सम्पूर्ण युवाहरूको अहित मात्र गर्न सक्छन् (पाण्डेय, २०६५: ६२)। प्लेटोले साहित्यलाई अनुकरण मानेका छन् त्यसैले त्यो सत्य हुँदैन भन्ने उनको आधारभूत मान्यता हो। पहिलो सत्य विचार वा प्रत्यय हो भने त्यसैको अनुकरण यो विश्वब्रह्माण्ड हो अनि कविकलाकारहरूले यसको पनि अनुकरण गर्ने भएकाले साहित्य सत्यभन्दा दुईगुना पर हुन्छ भन्ने मान्यता प्लेटोको थियो। आफ्ना गुरु प्लेटोले साहित्यमाथि लागाएको यो गम्भीर आरोपलाई खण्डन गर्दै एरिस्टोटलले त्यसको बचाव गरेका छन् र काव्यको सर्वोपरितालाई स्थापित गरेका छन्। उनका काव्यसम्बन्धी मान्यतालाई अनुकरण सिद्धान्त, दुःखान्त सङ्गठन र विरेचन सिद्धान्तको सेरोफेरामा रहेर व्याख्या गर्न सकिन्छ। यस लेखमा एरिस्टोटलका अनुकरण सिद्धान्त र विरेचन सिद्धान्तमाथि सम्यक समीक्षा गरिएको छ।

**एरिस्टोटलको काव्यशास्त्र रचनाको पृष्ठभूमि :**

माथि चर्चा गरिएझैँ एरिस्टोटलका गुरु प्लेटोले काव्यमाथि लगाएको गम्भीर आरोपको खण्डन गर्दै सौन्दर्यको मानक रेखा निर्माण गर्नु तथा सौन्दर्य मानवीय भाव र संवेगको बाह्य प्रकटीकरण भएकाले यो शास्वत तथा नित्य हुन्छ अनि सौन्दर्यको अपरिहार्यतालाई स्थापित गर्नेका लागि एरिस्टोटलले काव्यशास्त्रको रचना गरेका थिए। उनले काव्यलाई कविको विशिष्ट कर्मका रूपमा चित्रण गरेका छन्। कवि केवल प्रकृतिको कोरा अनुकर्ता मात्रै होइन उसले आफ्नो कल्पनाशक्ति र विवेकको प्रयोग गरेर प्रकृतिमा रहेका अपूर्णतालाई पनि पूर्णता प्रदान गर्दछ भन्ने मान्यता एरिस्टोटलले राखेका छन्। त्यसैले पनि कविले गरेको अनुकार्यमा दिव्यता प्रकट हुन्छ। प्लेटोले कवि कलाकारहरूमाथि गम्भीर आरोप लगाउँदा कलाकै अस्तित्वमाथि प्रश्न उठेको थियो। आखिर कला केका लागि ! उनले अन्त्यमा सत्साहित्यमाथि केही खुकुलो धारणा राखेका छन्। सत्साहित्यको प्रयोजन आदर्श गणराज्यमा आदर्श नागरिक उत्पादन गर्न सघाउनु थियो। एरिस्टोटलले त्यही धारणालाई खण्डन गर्दै कलाको


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अस्तित्व वचावका पक्षमा आफ्ना धारणा राखेका छन्। उनले कलाकार र कलाको स्थितिवारे मात्रै उल्लेख गरेनन् बल्कि त्यसको आश्वादनको प्रयोजनमाथि पनि प्रकाश पारे। अग्नि पुराणकारले साहित्य लेखनको स्थितिवारे लेखेका छन्-

अपारे काव्यसंसारे कविरेव प्रजापतिः।
यथा वै रोचते विश्वं तथेदं परिवर्तते॥
-अग्निपुराण ३३९/१०

अर्थात् यो अपार काव्य संसारमा कवि आफैँमा सृष्टिकर्ता ब्रह्मा हो उसलाई यो संसार जस्तो वनाउन मन लाग्छ त्यस्तै बनाउँछ। एरिस्टोटलले कलाको अनुकरणवारे गरेको व्याख्या यसको आशयसँग मेल खान्छ।

**अनुकरण सिद्धान्त**

अरिस्टोटलले प्रयोग गरेका 'मिमेसिस' शब्दको अङ्ग्रेजी रूपान्तरण 'इमिटेसन' हो र यसको समानार्थीका रूपमा नेपाली तथा हिन्दी साहित्यमा 'अनुकरण' शब्द प्रयोग गरिएको छ। 'मिमेसिस' शब्द होमरकै महाकाव्यमा प्रयोग भएको कुरा विद्वान्हरूले उल्लेख गरेका छन्। प्लेटोले आफ्नो ग्रन्थ पोलितियामा मिमेसिस/अनुकरण शब्द बारम्बार प्रयोग गरेका छन्। प्लेटोपूर्व पनि ग्रिसेली दार्शनिकहरूले अनुकरण शब्दको प्रयोग गरेका थिए। उनीहरूको मान्यताअनुसार कविकलाकारले विभिन्न माध्यमद्वारा भौतिक जीवनजगत्को अनुकरण गर्ने गर्दछन्। चित्रकारले विभिन्न रङ्गद्वारा भौतिक जगत्को अनुकरण गर्दछ भने अभिनेताले कायिक, वाचिक र वेशभूषाद्वारा तथा कविले भाषा, सामञ्जस्य अनि लयद्वारा भौतिक जीवनजगत्को अनुकरण गर्दछ। प्लेटोले पनि अनुकरणलाई त्यसै अर्थमा उल्लेख गरेका छन्। तर प्लेटो र एरिस्टोटलले प्रयोग गरेको शब्दको अर्थमा यथेष्ट अन्तर छ। प्लेटोको अनुकरण कोरा नक्कल हो भने एरिस्टोटलका विचारमा अनुकरणको तात्पर्य 'प्रकृतिको कल्पनात्मक पुनर्निर्माण हो'। कवि कलाकारले विधि, विषय र माध्यमद्वारा प्रकृतिको अनुकरण गर्दछ त्यसैले त्यो प्रकृतिभन्दा पनि भव्य हुन्छ भन्ने मान्यता एरिस्टोटलको रहेको छ। यससम्बन्धी उनको मान्यता छ- महाकाव्य अनि ट्रूजेडी, जस्तो साथै कमेडी, आवेशपूर्ण काव्य अनि सार्वाधिक बाँसुरी एवं वीणा वादन समग्र रूपले बुझ्दा सबै अनुकरणका प्रकार हुन्। साथै ती तीन तरिकाले एक अर्कामा छुट्टिन्छन्-तिनीहरूका माध्यममा प्रकारको भिन्नताद्वारा वा विषयहरूमा भिन्नताद्वारा वा तिनीहरूका विधि वा रीतिमा (चामलिङ, २०७७ : १८६)। वास्तविक हिमालभन्दा फोटोमा देखिने हिमाल झनै मनमोहक देखिनु तथा समाजमा भएका घटनाभन्दा साहित्यमा व्यक्त भएका घटना बढी संवेगात्मक हुनु यसैको उदाहरणका रूपमा लिन सकिन्छ। साहित्यमा भाषाको प्रयोग गरिन्छ भने चित्रकलामा विभिन्न रङ्गद्वारा प्रकृतिको अन्तरङ्ग तथा बहिरङ्गको दिव्य अनुकरण गरिन्छ। यसरी अनुकरण हुँदा वस्तुता र चेतनाको सम्मिश्रण हुने गर्दछ त्यसैले त्यो अनुकरण कोरा अनुकरणभन्दा भव्य र आकर्षक हुने गर्दछ। वस्तुताको तात्पर्य जगत् हो भने चेतनाको तात्पर्य जीवन हो। प्रकृतिको अनुकरण हुँदा वस्तुता र चेतनाको मेल हुने भएकाले नै त्यसबाट समुत्पन्न कृति (कला) मा पनि जीवनको र जगत्को अभिव्यक्ति भएको हुन्छ भन्ने मान्यता एरिस्टोटलले राखेका छन्।

एरिस्टोटलले आफ्नो पेरी पोइएतिकेस (काव्यशास्त्र) मा प्लेटोको कतै पनि नाम उल्लेख गरेका छैनन्। उनले काव्यशास्त्रमा प्लेटोले कलामाथि लगाएको आरोपको तर्कवद्ध खण्डन गरेका छन् र साहित्यको बचाव गरेका छन्। साहित्यलाई वाङ्मयका अन्य विधाभन्दा भिन्न देखाउन उनले इतिहास र कलामा भेद देखाउँदै लेखेका छन्- 'इतिहास विशिष्टको अभिव्यक्ति हो भने कला सामान्यको अभिव्यक्ति हो' (त्रिपाठी, २०५८ : ४०)। विशिष्टको तात्पर्य निश्चित स्थान, समय, व्यक्ति र परिवेश हो भने सामान्यको तात्पर्य एकत्वभाव हो। एकत्वभावले एउटै कृतिमा धेरै मानिसको आफ्नोपनलाई जोड्दछ


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जसरी मुनामदनको घटनाले आज विदेश जानुपरेका धेरै तन्नेरीहरूको कथालाई बोकेको छ । इतिहासले बितेका घटनाको चित्रण गर्दछ भने कलाले सम्भावित घटनाको चित्रण गर्दछ भन्ने पनि एरिस्टोटलको मान्यता रहेको छ । अनुकरणको स्वरूपका बारेमा एरिस्टोटलले लेखेका छन्- 'चित्रकार वा अन्य कुनै कलाकारझैं कवि अनुकर्ता हो र त्यसैले उसको अनुकार्य अनिवार्यतः यिनै तीन किसिमका वस्तुहरूमध्ये कुनै एक हुन सक्छ-जस्तो यिनीहरू थिए वा छन् जस्तो यिनीहरू भनिन्छन् वा ठानिन्छन्, वा जस्तो यिनीहरू हुनुपर्छ' (त्रिपाठी, २०५८ : ३९) । अनुकरण मूलतः वस्तुको बाह्य स्वरूप, प्रतीयमान स्वरूप तथा आदर्श स्वरूपको हुने गर्दछ । एरिस्टोटलको अनुकरण प्रतीयमान र आदर्श स्वरूपसँग सम्बन्धित रहेको छ भने वस्तुतासँग पनि त्यतिकै घनिष्ट छ । अनुकरण गर्नका लागि लय सामञ्जस्यताको आवश्यकता पर्दछ । त्यस्तो आवश्यकताको परिपूर्ति स्रष्टाभित्र रहेको सिर्जनात्मक प्रतिभाले गर्दछ ।

एरिस्टोटलले पहिलो पटक कलालाई दुई भागमा विभाजन गरेका छन्-ललित कला र उपयोगी कला । काव्य, चित्र, सङ्गीत आदिलाई उनले ललित कलाअन्तर्गत राखेका छन् । माध्यमको अन्तरले यो एकअर्कामा भिन्न हुने गर्दछ । काव्यमा भाषा प्रयोग हुन्छ भने चित्रमा विभिन्न रङ्गहरू । त्यसैले उनका विचारमा काव्य भनेको भाषाका माध्यमले गरिने प्रकृतिको अनुकरण हो । प्रकृतिको अनुकरणको तात्पर्य हो-'अनुभूति तथा कल्पनाद्वारा जीवनको पुनः सिर्जन' । तव काव्यको तात्पर्य हुन्छ- भाषाको माध्यमबाट हुने अनुभूति तथा कल्पनाद्वारा जीवनको पुनः सिर्जन (चामलिङ, २०७७ : १३०) । मानिसको स्वभाव नै अनुकरण गर्ने रहेको छ । उसले मानवेतर जीवजन्तुको पनि अनुकरण गर्दछ । त्यसैले काव्य पनि एक प्रकारको अनुकरण नै हो । अनुकरण गरिएका काव्यले आनन्द प्रदान गर्दछन् । त्यसो त कुनै पनि क्षेत्रको ज्ञानले आनन्द प्रदान गर्दछ । यसबारे उनको धारणा छ- कुनै पनि विषयको ज्ञानार्जन सर्वाधिक आनन्दको कुरो केवल दार्शनिकलाई नै होइन तर अन्य मानव जातिलाई पनि जसको क्षमता यसका लागि किन नहोस्....अनि अनुकरणका कृतिहरूमा आनन्दित हुनु पनि सबैका लागि स्वभाविक हो ( चामलिङ, २०७७ : १९२) ।

यसरी एरिस्टोटलले आफ्ना गुरु प्लेटोले कलासाहित्यमाथि लगाएको आरोपबाट कलासाहित्यलाई बचाउनका लागि तथा आदर्श गणराज्यमा कलासाहित्यको गुमेको साखलाई पुनः प्रतिस्थापित गर्नका लागि अनुकरणलाई विशिष्ट र सिर्जनात्मक अर्थमा व्याख्या गरेका छन् ।

**विरेचन सिद्धान्त**

साहित्य किन पढिन्छ भन्ने प्रश्न आज पनि त्यतिकै महत्त्वपूर्ण रहेको छ । कतिपयको धारणामा साहित्य नितान्त विलासी उपभोग्य वस्तुमात्रै हो । कतिपयले साहित्यलाई व्यक्तिको अन्तरङ्ग भावहरूको प्रकटीकरण भनेका छन् भने त्यो भाव सर्जकमा मात्रै नभएर भावकमा पनि त्यतिकै सघन र सशक्त हुन्छ भनेर साहित्यको निष्प्रयोजनताबाट बचाएका पनि छन् । साहित्य मूलतः व्यक्तिभित्रको आन्तरिक गुञ्जन हो जो मनको विशाल संसारमा आफैं गुञ्जिरहेको हुन्छ । त्यो अमूर्त गुञ्जनलाई लेखे साहित्य जन्मिन्छ नलेखे हराएर जान्छ । त्यसैलाई लयमा ढालियो भने गीत बन्छ । त्यही गुञ्जनका बेला रङ्गहरू चल्न थाले भने सुन्दर चित्र बन्दछ । वाद्यवादनको सारेगममा हात चल्मलाउन थाल्यो भने लालित्यपूर्ण संगीतको जन्म हुन्छ । त्यसैले प्राचीन लेखक, साहित्यकार तथा कलाका चिन्तकहरूले साहित्य-कलामाथि विभिन्न ढङ्गले चिन्तन गरेका छन् । एरिस्टोटलले मनको विरेचनका लागि साहित्यको अपरिहार्यतालाई औंल्याएका छन् ।

एरिस्टोटलले प्रयोग गरेको 'क्याथोर्सिस' शब्दको अङ्ग्रेजी रूपान्तरण 'पर्गेसन' हो र यसको नेपाली रूपान्तरण विरेचन हो । आधुनिक आर्य भाषामा प्रायः यही शब्द प्रचलित रहेको छ । 'क्याथर्सिस' शब्द एरिस्टोटलभन्दा पहिला पनि प्रयोग गरिन्थ्यो र त्यो प्रायः चिकित्सा क्षेत्रसँग सम्बद्ध थियो । एक प्रकारले भन्ने हो भने त्यो शब्द चिकित्सा पद्धतिसँग सम्बद्ध थियो । पेटमा विकार जम्मा भई स्वास्थ्यमा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समास्या आएपछि पेट खुलाउने औषधिको प्रयोग गरेर पेटको विकार निदान गर्ने पद्धतिसँग विरेचन शब्द प्रचलित थियो। त्यो रेचक औषधिको प्रयोगपछि विरामीको पेट पूरै सफा भई उसलाई आराम मिल्दथ्यो। एरिस्टोटलले त्यही शब्दलाई मानसिक परिशुद्धी तथा मनोविकारहरूको समन गर्ने अचुक अस्त्रका रूपमा विरेचनलाई अर्थ्याए। उनका विचारमा- 'ट्रेजेडी, तब, कार्यको अनुकरण हो, जो गम्भीर साथै आयामयुक्त भएको हुँदा आफैँमा सम्पूर्ण हुन्छ; आनन्दमय उपकरणसहितको भाषामा, प्रत्येक प्रकार रचनाका अङ्गहरूमा छुट्टाछुट्टै गरी प्रयुक्त समाख्यानीय रूपमा होइन, नाटकीयमा, करुणा र त्रास उद्रेक गराउने घटनाहरूसहित, जसमार्फत यस्ता मनोविकारहरूको त्यसको विरेचन निष्पादित हुने हुन्छ' (चामलिङ, २०७७ : १९७)।

एरिस्टोटलले विरेचनको विस्तृत व्याख्या गरेका छैनन्। तर माथिको उद्धृतांश हेर्दा उनले नाटकका सन्दर्भमा विरेचनको कुरा उठाएका थिए भन्ने बोध हुन्छ। भरतमुनिले पनि रसको उठान गर्दा नाटकलाई नै केन्द्रमा राखेका थिए। पूर्वमा वियोगान्तं न नाटकम् भने जस्तै पश्चिममा संयोगान्त नाटकबारे त्यति धेरै रुचि देखिँदैन। त्यसैले एरिस्टोटलले ट्रेजेडीमाथि जोड दिएका छन्। उनका विचारमा दुःखान्त त्यस्तो अनुकरण हो जो आफैँमा गम्भीर, निश्चित आयामयुक्त र पूर्ण हुन्छ। यसमा सौन्दर्यपूर्ण भाषाको प्रयोग गरिएको हुन्छ। भाषामा सौन्दर्य विभिन्न अलङ्कारले सिर्जना गर्छन्। खासमा ट्रजेडी समाख्यानात्मक नभएर प्रदर्शनात्मक हुन्छ। अनि यसले त्रास र करुणाजस्ता भावहरूको उद्रेक गराएर मनोविकारहरूको विरेचन गर्दछ।

आज पनि कविता, आख्यानभन्दा नाटकमा भावहरूको उद्रेक ज्यादा हुने गर्दछ। यो कुरा फिल्म हेर्दा अनुभव गर्न सकिन्छ। हलमा फिल्म हेरिरहेको दर्शक कहिले आफैं हाँसिरहेको हुन्छ कहिले मार मार भनेर चिच्याइरहेको हुन्छ। कहिले रोइरहेको हुन्छ। कहिले डराउँछ। फिल्ममा चल्ने दृश्यले त्यो निर्धारण गर्दछ।

एरिस्टोटलभन्दा पछाडिका विद्वान्हरूले विरेचनलाई विभिन्न ढङ्गले व्याख्या गरेका छन्। यस्ता व्याख्या मूलतः तीन प्रकारका रहेका छन्-

**(क) धार्मिक व्याख्या-** धर्मपरक व्याख्याको आफ्नै प्रकारको पृष्ठभूमि रहेको छ। युनानी नाटकको प्रारम्भ धार्मिक उत्सवबाट भएको थियो। युनानमा डायोनिसस (दियोन्युसस) नामक देवतासँग सम्बद्ध उत्सव आफैँमा एउटा शुद्धीको प्रतीक थियो। विगत वर्षमा भए गरिएका कलुष कर्म, विष, पाप र मृत्युको दुःसंसर्गको परिनिवृत्तिका लागि त्यस प्रकारका धार्मिक कार्यहरूको आयोजना हुने गर्दथ्यो। त्यस्तै प्रकारको धार्मिक उत्सवबाट ग्रिसेली नाटक परम्पराको थालनी भएको थियो। एरिस्टोटलका जीवन कालमा युनानी ट्रेजेडीको रोममा प्रवेश कलात्मक उद्देश्यको परिपूर्तिका लागि नभएर एक धार्मिक अन्धविश्वासको रूपमा कुनै माहामारी निवारणार्थ भएको थियो (त्रिपाठी,२०५८ : ७४)। डायोनिससको नाममा हुने धार्मिक उत्सवले अध्यात्मिक परिशुद्धी गरेझैँ ट्रेजेडीले पनि अध्यात्मिक परिशुद्धी गर्दछ भन्ने मान्यता विरेचनको धार्मिक व्याख्यासँग जोडिएको छ। विरेचनको धार्मिक व्याख्याता प्राचीन ग्रिसेली संस्कृतिका अध्येता गिल्बर्ट मरे थिए।

**(ख) नैतिक व्याख्या -** मानव मन अनेक मनोवेग वा संवेगहरूले भरिएको हुन्छ। जसमध्ये करुणा (शोक) र भय मूलतः दुःखान्तक मनोवेग हो। ट्रेजेडीको पात्र र परिवेशद्वारा दर्शकमा उत्तेजना पैदा गराएपछि करुणा र भयजस्ता दुःखान्तक अन्तर्वृत्तिहरूको समञ्जन हुने र मनको शान्ति अथवा परिष्कृति हुने भएकाले विरेचनको यस अर्थलाई नैतिक पक्षसँग जोडिएको हो। विरेचनको नीतिपरक व्याख्या सबैभन्दा पहिलो जर्मन विद्वान् बारनेजले गरेका थिए। पछि कारनेइ तथा रेसिन जस्ता समालोचक पनि यसै अर्थका पक्षपाती भए। विरेचनको नैतिक व्याख्या मनोविज्ञानसँग सम्बद्ध छ। त्रिपाठीका अनुसार अभुक्त र कुण्ठित भएर मानिसका मनस्तलमा पीडादायी रूपमा रहेका त्रासकरुणाका मनोभावको शमनका निम्ति दुःखान्तकले यिन मनोभावको उत्तेजनाको प्रस्तुतीकरण गरी ती मनोभावलाई तृप्ति


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रदान गरी मन:स्थितिलाई मुक्तता र स्वस्थता प्रदान गर्छ र यही नै विरेचनको नैतिक व्याख्या हो (त्रिपाठी, २०५८ : ७६)। विरेचनको नैतिक व्याख्यालाई वस्तुगत र कलाको सम्प्रेषणीयतासँग जोड्ने धेरै विद्वान् छन्। चाम्लिङ विरेचनको नैतिक व्याख्या गर्दै लेख्छन्- ट्रेजेडीले करुणा अनि त्रासका आवेगहरू उकासिदिन्छ; सजाति आवेगहरू, आनन्दमय मुक्ति दिलाउँछ। नभन्दै ट्रेजेडीद्वारा उत्पन्न हुने भावनाहरू वास्तवमा निमिट्यान्न हुने त होइनन् तर केही समयका लागि भए पनि ती शान्त भइदिन्छन् ( चाम्लिङ,२०७७ : १७५)। विरेचनको नैतिक व्याख्या बढी वस्तुगत लाग्दछ।

**(ग) कलात्मक व्याख्या-** विरेचनको कलात्मक व्याख्या कलाको आश्वादन वा कलाको उपयोगसँग सम्बद्ध छ। विरेचन शब्द रेचक औषधिद्वारा गरिने उपचार वा मनोवैज्ञानिक परितुष्टि मात्रै नभएर कला आश्वादनको सैद्धान्तिक मान्यता पनि हो भन्ने धारणा कलात्मक व्याख्याका सन्दर्भमा आएको छ। यसका व्याख्याता बुचर हुन्। उनले विरेचनको कलात्मक व्याख्या गर्ने क्रममा मानसिक परिष्कार विरेचनको पूर्वार्धमा मात्रै हो र यसको उत्तरार्धचाहिँ कलात्मक परिष्कार नै हो भन्ने आशय व्यक्त गरेका छन् (त्रिपाठी, २०५८ : ७७)। भय र करुणाजस्ता दुःखान्तक मनोभावहरूको उद्रेकपछि नै मन कलात्मक आश्वादन गर्न अग्रसर हुन्छ। कुनै नाटक वा ट्रेजेडी हेरेपछि सबैभन्दा पहिला पात्र र परिवेशका कारण करुणा र भयजस्ता दूषित मनोवेगहरू उत्तेजनाद्वारा परितृप्त हुन्छ। त्यसपछि मात्रै ट्रेजेडीको कलात्मक पक्षको आश्वादन हुन्छ भन्ने मान्यता कलात्मक व्याख्याका सन्दर्भमा स्थापित भएको छ। त्यसैले विरेचनपछि पनि भय र करुणामुक्त मनद्वारा कलात्मक परितुष्टि प्राप्त गर्ने अवस्था बाँकी नै रहन्छ। यहाँ केही प्रश्न उठ्छ मनको विकारको समन भएपछि दर्शक किन प्रेक्षालयमा बसिरहन्छ ? विरेचन हुनु र ट्रेजेडीको कलात्मक आश्वादन हुनु एउटै समयमा हुन्छ कि भिन्न भिन्न समयमा हुन्छ ? विरेचनपछि कलात्मक आश्वादन दर्शकका लागि किन अपरिहार्य बन्दछ त ? दर्शक प्रेक्षालयमा भावहरूको विरेचनका लागि जान्छ कि दुःखान्त वा नाटक/काव्यको आश्वादनका लागि जान्छ ? यस प्रकारका प्रश्नको उत्तर सजिलै फेला पार्न सकिँदैन। चित्तको शान्ति तथा करुणा र भयको उद्रेकका लागि मात्रै दर्शक प्रेक्षालय जाने हो भने प्रेक्षालयलाई अस्पताल घोषणा गर्नुपर्ने हुन्छ तर वास्तविकता त्यस्तो होइन। त्यसैले विरेचनको यो व्याख्या त्यति वस्तुगत हुन सकेको देखिँदैन।

**रस सिद्धान्त र विरेचन सिद्धान्तको तुलना-**

रस सिद्धान्तका प्रणेता पूर्वीय आचार्य भरतमुनि हुन्। उनको नाट्यसिद्धान्तमा नाटक र रसका बारेमा उल्लेख गरिएको छ। भरतमुनिको समयका बारेमा अनेक तर्कहरू छन् यद्यपि ई.पू पाँचौं शताब्दीदेखि पहिलो शताब्दीसम्म उनको समय निर्धारण गरिएको छ। एरिस्टोटलको समय ई.पू चौथो शताब्दी रहेको छ। यस आधारमा हेर्दा यी दुई आचार्यहरूको समय एउटैएउटै प्रतीत हुन्छ। एरिस्टोटलले विरेचनलाई नाटकका सन्दर्भमा उल्लेख गरेका थिए भने भरतमुनिले पनि नाटककै सन्दर्भमा रसको चर्चा गरेका थिए। यस आधारमा रस र विरेचन सिद्धान्त दुवै नाटक केन्द्रित चिन्तन हुन्। दुवैले संवेगहरूको उठान र समञ्जनको सन्दर्भ उल्लेख गरेका छन्। दुवैले आफ्ना मान्यताको विस्तृत व्याख्या गरेका छैनन्। भरतमुनिको रस सूत्रमा भनिएको छ- विभावानुभाव व्यभिचारीभाव संयोगाद्ररनिष्पत्ति। अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगद्वारा रस निष्पत्ति हुन्छ। पछिल्ला व्याख्याताले संयोगात् र निष्पत्तिमा केन्द्रित भई रसको व्याख्या गरेका छन् र रसबारेका भ्रम निवारण गरेका छन्। विरेचनका सन्दर्भमा पनि त्यस्तै व्याख्या भएको छ।

मुख्य पात्र, नाट्यकर्मी तथा दर्शकको अनुभूति एकाकार भई मनको तुष्टि लिने चिन्तन दुवै सिद्धान्तमा उत्तिकै प्रबल छ। उपाध्यायका विचारमा-एरिस्टोटलको काव्यशास्त्रमा विशिष्टको अनुभूति सामान्यको बन्ने जाने विषय साधारणीकरणकै प्रसङ्ग प्रतीत हुन्छ (उपाध्याय, २०५५: ७५)। साधारणीकरणको पूर्ण स्वरूप रस सिद्धान्तका व्याख्याता अभिनव गुप्ताले निरुपण गरेका थिए।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साधारणीकरण पूर्वीय रस सिद्धान्तको निचोड हो जसले रसबारेको सम्पूर्ण विवादको टुङ्गो लगाएको छ। स्वकीय र परकीय भावको अन्तर मेटिनु नै साधारणीकरणको अवस्था हो। आचार्य विश्वनाथले यसबारे निकै राम्रो व्याख्या गरेका छन् (सिंह २०५४ : १०५)। उनले त्यसलाई 'ब्रह्मस्वाद सहोदर' भनेर तुलना गरेका छन्।

एरिस्टोटलले कलालाई आनन्दको विषय मानेका छन्। यस सम्बन्धमा उनको धारणा छ- वस्तुहरूको अति यथार्थ प्रस्तुतीकरणहरू अवलोकन गर्न हामी आनन्द मान्छौं (चाम्लिङ,२०७७ : १९२)। निश्चय पनि भावहरूको सार्वभौमिकीकरणप्रति एरिस्टोटल पूर्ण रूपमा परिचित थिए। उनले इतिहास र काव्यका पात्रबारे भेद रहेको कुरा उल्लेख गर्दै लेखेका छन्-काव्य इतिहासभन्दा केही थोक बढी दार्शनिकीय र (साथै) बढी गम्भीर महत्त्वको हुन्छ किनकि यसका वक्तव्यहरू निश्चय नै सार्वभौम प्रकृतिका हुन्छन्, जबकि इतिहासका ती विशेष हुन्छन् (चाम्लिङ, २०७७ : २०५)। भावहरूको एकत्वभाव नै मूलतः पात्रका अनुभूतिको सार्वभौमिकीकरण हो। यसले पूर्वीय साधारणीकरण र ग्रिसेली सार्वभौमिकीकरणलाई निकै नजिक तुल्याउँछ। इतिहास मूलतः तथ्यपरक हुन्छ। एरिस्टोटलले इतिहास र काव्यलाई एकअर्कामा भिन्न देखाएर काव्यमा भावपक्षको प्रबलतालाई जोड दिएका छन्। भाव भन्नु चाहिँ व्यक्तिविशेषको अनुभूति हो। त्यो अनुभूतिलाई विशिष्ट पात्रका माध्यमले प्रस्तुत गरिए पनि अन्ततः सबैको साझा अनुभूति बन्दछ र यो नै सार्वभौम वक्तव्य वा साधारणीकरण बन्न पुग्दछ। विरेचन सिद्धान्त र रस सिद्धान्तका विचमा रहेका साम्यवैषम्य देखाउने सन्दर्भमा बुचरको धारणा उल्लेख गर्दै त्रिपाठी लेख्दछन्- कलात्मक आनन्दका आस्वादमा पुगेर विरेचन सिद्धान्त पूर्ण हुन्छ। तर पूर्वीय रस सिद्धान्त उद्वेगको शमन, मनःशान्ति वा कलात्मक आस्वादको अतिरिक्त पनि केही हो; आत्मद्वारा त्यस आनन्दको उपभोग पनि हो (त्रिपाठी, २०५८ : ८०)। निश्चय पनि उत्तरवर्ती आचार्यहरूले रसलाई जुन गहिराइमा पुगेर निर्विवाद बनाएका छन् विरेचनको व्याख्या त्यो तहमा हुन नसकेको सत्य हो।

रस सिद्धान्तको व्याख्यापछि के निष्कर्ष निस्किएको हो भने साधारणीकरणको थालनी मूल पात्र हुँदै कवि र भावकसम्म आइपुग्छ। स्थायीभाव जागृत नभई न कविले रचना गर्न सक्छ न अनुकर्ताले अभिनय गर्न सक्छ न त्यो भावकको स्वकीय भाव बन्न सक्छ। त्यसैले रस काव्य निर्माणदेखि उपभोगसम्म सबैतिर व्याप्त हुन्छ। विरेचन मूलतः भावक केन्द्रित मात्रै भएको कुरा यसका व्याख्याताहरूको धारणा छ। एरिस्टोटलले नै कविलाई भन्दा भावकलाई बढी महत्त्व दिएको कुरा विभिन्न सन्दर्भबाट बुझ्न सकिन्छ। यति हुँदाहुँदै पनि यी दुई मान्यताका बिच धेरै समानता रहेको छ जसमा साहित्य किन पढिन्छ भन्ने प्रश्न सम्पूर्ण रूपमा समाधान भएको छ।

**निष्कर्ष**

एरिस्टोटल प्राचीन ग्रिसेली साहित्यका प्रथम काव्यशास्त्री हुन्। उनले नाटक/ट्रेजेडी, गीत र नाटकका सन्दर्भमा आफ्ना काव्यसम्बन्धी मान्यता काव्यशास्त्रमा व्यक्त गरेका छन्। आफ्ना गुरु प्लेटोले लगाएको साहित्यमाथिको आरोपको खण्डन गर्दै उनले अनुकरणलाई विशेष अर्थमा व्यक्त गरेका छन्। कवि कलाकारले अनुकरण त गर्दछ तर कोरा अनुकरण नगरेर प्रकृतिमा भएका अपूर्णतालाई आफ्नो सिर्जनाशक्तिका कारण अझ भव्य रूपमा प्रस्तुत गर्दछ भन्ने उनको धारणा रहेको छ। त्यसैले कला साहित्य प्रकृतिभन्दा पनि भव्य हुन्छ भन्ने उनको मान्यता रहेको छ। कविले भाषाका माध्यमले प्रकृतिको अनुकरण गर्दछ भने कलाकारले रङ्गहरूका माध्यमले प्रकृतिको अनुकरण गर्दछ। कविले प्रयोग गर्ने भाषा विशिष्ट प्रकारको हुन्छ जसका कारण त्रास र करुणाको उद्रेकद्वारा मनको विरेचन हुने गर्दछ। उनले विरेचन सिद्धान्तको प्रतिपादन गरेर साहित्यपठनको औचित्यलाई पुष्टि गरेका छन्। मनमा रहेका भय करुणाजस्ता भावहरूलाई उत्तेजित गराएर मनको तुष्टि गर्ने भएकाले साहित्यकलाको आश्वादन अपरिहार्य रहेको कुरालाई पनि स्थापित गराएका छन्। एरिस्टोटलको विरेचन सिद्धान्त र


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भरतमुनिको रस सिद्धान्तमा पर्याप्त समानता रहेको छ। दुवैले काव्यको भावपक्षलाई जोड दिएका छन्। कला साहित्यले सर्जक र भावकको मनमा रहेका स्थायी भावलाई जागृत गराएर मनको तुष्टि गर्ने मान्यता दुवै सिद्धान्तले राखेका छन्। परकीय भाव र स्वकीय भावको एकत्व अवस्थालाई दुवैले जोड दिएका छन्। त्यसैले पूर्वीय रस सिद्धान्तझैँ एरिस्टोटलीय विरेचन सिद्धान्त पनि शक्तिशाली साहित्य सिद्धान्त बन्न पुगेको छ।

## सन्दर्भ सामग्री


उपाध्याय, केशवप्रसाद (२०५५) *पूर्वी साहित्य सिद्धान्त,* ते.सं. काठमाडौं : साझा प्रकाशन

चाम्लिङ, गुमानसिंह अनु./व्या. (२०७७) *एरिस्टोटल र उनको काव्यशास्त्र,* (दो.सं.) काठमाडौं : नेपाल प्रज्ञा- प्रतिष्ठान

त्रिपाठी, वासुदेव (२०५८) *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* भाग- १ (पा. सं.), ललितपुर : साझा प्रकाशन

डा. नागेन्द्र (२०५८) *रस सिद्धान्त,* नयाँ दिल्ली : नेशनल पब्लिशिंग हाउस

पाण्डेय, मधुसूदन अनु. (२०६५) *प्लेटोको गणराज्य,* काठमाडौ : पैरवी प्रकाशन

विश्वनाथकविराज (२०५४) *साहित्यदर्पण,* व्याख्याकार डा. सत्यव्रत सिंह, वाराणसी : चौखम्बा विद्याभवन।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# कालीतत्त्वको दार्शनिक चिन्तन एवं उपासनाक्रम

- डा. माधवप्रसाद लामिछाने
उपप्राध्यापक (ने.सं.वि.)

**शोधसार**

*यो लेख शाक्त उपासकहरूद्वारा समग्र विश्वब्रह्माण्डको कारणका रूपमा मानिएकी पराशक्ति कालीको दार्शनिक चिन्तन र तिनको उपासनाक्रमका विषयमा तयार पारिएको छ। देश र काललाई आफूभित्र समेटेर देशातीत र कालातीत भावमा विद्यमान कालीतत्त्व नै शाक्त उपासकहरूका लागि परब्रह्मस्थानीय पराशक्ति भगवती काली हुन् र ती सृष्टिदशामा अभिव्यक्त हुँदा अनगिन्ती स्वरूपमा देखा पर्दछिन् भन्ने कुरालाई यहाँ प्रस्तुत गरिएको छ र त्यसै सन्दर्भमा क्रमपरम्परामा स्वीकृत द्वादशकालीको दार्शनिक स्वरूपमाथि प्रकाश पारिएको छ। तिनै पराशक्ति भगवती कालीको उपासनाक्रमको चर्चा गर्ने सन्दर्भमा यस लेखमा पशुभाव, वीरभाव र दिव्यभाव एवं तदनुकूल दक्षिणाचार, वामाचार र कुलाचारका आधारमा कालीतत्त्वको उपासनाक्रमको विवेचना गरिएको छ।*

**शब्दकुञ्जी**–अनुकल्प, अनुग्रह, क्रमपूजा, चितिशक्ति, पञ्चमकार।

## समस्या, उद्देश्य र विधि

कालीतत्त्वको दार्शनिक स्वरूप के हो ? अवस्थाभेदका कारण उक्त तत्त्वमा देखिने भेदहरू के के हुन् ? अभेद तथा भेदमय उक्त कालीतत्त्वको उपासनाको आधार के हो ? जस्ता समस्यामा केन्द्रित रही यो लेख तयार पारिएकाले उपर्युक्त समस्याहरूको समाधान गर्ने प्रयोजनका लागि कालीतत्त्वको दार्शनिक स्वरूपमाथि प्रकाश पार्नु, उक्त कालीतत्त्व एउटै भए तापनि अवस्थाभेदले उक्त तत्त्व विविध स्वरूपमा अभिव्यक्त हुने भएकाले ती विभिन्न स्वरूपहरूका विषयमा चर्चा गर्नु र उक्त तत्त्वको उपासनाको क्रमको विवेचना गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ। प्रस्तुत लेख तयार पार्ने क्रममा सामग्री सङ्कलनका लागि पुस्तकालयविधिको उपयोग गरिएको छ भने विषयवस्तुको गम्भीर विवेचनाका लागि आवश्यकताअनुसार विश्लेषणविधि पनि अपनाइएको छ।

## विषयपरिचय

शाक्त उपासकहरू परब्रह्मस्थानीय उपास्यका रूपमा पराशक्ति कालीको उपासना गर्दछन्। आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई भिन्नजस्तै गरी बाहिर अवभासित गर्ने र प्रलयकालमा पुनः आफूमा नै विलीन गर्ने चितिशक्तिलाई नै काली भनिन्छ। तिनै कालीलाई तन्त्रशास्त्रले संवित्, कुल, सामर्थ्य, ऊर्मि, हृदय, सार, स्पन्द, विभूति, चिति, परावाक्, स्वातन्त्र्य, त्रीशिका,


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कालसङ्कर्षिणी, चण्डी, ओज आदि अनगिन्ती संज्ञा दिएर तिनको स्वरूप र साधनाको विवेचना गरेको छ। तिनै महाकाली दशवटा मुख्य भावमा विभक्त भएर दश महाविद्याका रूपमा देखा पर्दछिन्। सृष्टि, स्थिति र संहाररूप तीनवटा कृत्यका प्रत्येकको आदि, मध्य र अन्त्य गरी नौवटा रूप र ती सबैको समष्टिस्वरूप गरी दशमहाविद्याको क्रम दशमहाविद्यापरम्परामा स्वीकार गरिएको छ। क्रमदर्शनमा एउटै काली सृष्टि, स्थिति, संहार र अनाख्यारूप चारवटा क्रमले प्रमाता, प्रमाण र प्रमेयदशामा उल्लसित हुँदा द्वादशकालीको रूपमा देखा पर्ने कुराको उल्लेख पाइन्छ। यहाँ तिनै पराशक्ति काली र तिनको अवस्थाभेदस्वरूप द्वादशकालीको दार्शनिक स्वरूपको चर्चा गर्दै तिनको उपासनाक्रमको विवेचना गरिएको छ।

**कालीतत्त्व**

काली शब्दको निष्पत्ति 'कल' धातुबाट भएको छ। 'कल' धातुका निम्नलिखित पाँचवटा अर्थ रहेका छन्- १. क्षेप (फ्याँक्नु वा बाहिर निकाल्नु), २. गत (जान्नु), ३. सङ्ख्यान (पृथक् रूपले गणना गर्नु वा नियमन गर्नु), ४. गत (पुग्नु), ५. शब्द (नादरूपमा परामर्श गर्नु)। फ्याँक्नु वा बाहिर निकाल्नु भन्ने अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति स्वात्माभेदेन स्थितं प्रमातृप्रमाणप्रमेयरूपं विश्वं बहिर्भावेनोल्लासयतीति परा संविद्देव काली इत्युच्यते (स्वामी लक्ष्मणजू : २०१० : ९)। अर्थात् आफूदेखि अभिन्न रूपमा रहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई भिन्नजस्तै गरी बाहिर अवभासित गर्ने चितिशक्तिलाई नै काली भनिन्छ। जान्नु अर्थमा प्रयोग हुने कल धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति स्वात्मबहिर्भावेनावभासितमपीदं मातृमानमेयात्मकं जगत् स्वात्माभेदेनैव परामृशतीति परैव संविद्देवी काली इत्युच्यते (पूर्ववत्) अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्न रूपले रहे तापनि भिन्नझैँ बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै स्वरूपमा ज्ञान गर्ने चितिशक्तिलाई नै काली भनिन्छ। पृथक् रूपले गणना गर्नु वा भिन्नभिन्न रूपले नियमन गर्नु भन्ने अर्थमा प्रयोग हुने 'कल' धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार-कलयति भेदितमपि मातृमेयादिकं जगद्रूपमर्थं परस्परापोहनाद् अयं घटः, न पट इति प्रतिनियतरूपतया अवस्थापयति इति परैव चिल्लहरी संवित् काली इत्युच्यते (पूर्ववत् : १०) अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्न रूपले रहे तापनि भिन्नझैँ बाहिर अवभासित भएको प्रमाता, प्रमाण र प्रमेयरूप जागतिक पदार्थलाई अपोहनशक्ति (अपूर्ण ज्ञानरूप अवरोधक शक्ति)का माध्यमबाट यो घैँटो हो, कपडा होइन, यो निलो हो, पहेँलो होइन इत्यादि भिन्नभिन्न रूपले व्यवस्थित गर्ने संवित्शक्तिलाई काली भनिन्छ। पुग्नु अर्थमा प्रयोग हुने 'कल' धातुबाट बनेको काली शब्दको व्युत्पत्तिअनुसार- कलयति यया मातृमानमेयात्मको भेदितोऽर्थः स्वसंवित्तिमकुरे स्वात्मन्यव्यतिरिक्तत्वेऽपि अव्यतिरेकेणैव स्वरूपारोहितत्त्वेनैवावस्थापयतीति परा कालसङ्कर्षिणी देवी काली इत्युच्यते (पूर्ववत्)। अर्थात् आफ्नो चैतन्य स्वरूपदेखि अभिन्न भए तापनि उक्त चैतन्यदर्पणमा भिन्नरूपले प्रतिविम्बित भइरहेको प्रमाता, प्रमाण र प्रमेयरूप जगत्लाई आफ्नै चैतन्य स्वरूपमा पुनः स्थापित गर्ने कालसङ्कर्षिणी संवित् भगवतीलाई काली वा कालसङ्कर्षिणी भनिन्छ। तन्त्रालोकमा भनिएको छ–

इति पञ्चविधमेनां कलनां कुर्वती परा।
देवी काली तथा कालकर्षिणी चेति कथ्यते ॥ (तन्त्रालोक, ४ आह्निक, १७६ श्लोक)

नादरूप परामर्शको अर्थमा प्रयोग हुने काली शब्दको व्युत्पत्तिअनुसार- कलयति समस्तानाम् अविकल्पसविकल्पादीनां ज्ञानानां सृष्टि–स्थिति–संहार–पिधानानुग्रहात्मक–पञ्चकृत्यानुसन्धानेन स्वात्मपरामर्शशेषतयैव सर्वं परामृश्यतीति परैव संवित् काली इत्युच्यते (पूर्ववत् : ११)। अर्थात् निर्विकल्पात्मक एवं सविकल्पात्मक सम्पूर्ण ज्ञानको परामर्श सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रहस्वरूप पञ्चकृत्यका रूपमा गर्दै सम्पूर्ण ज्ञानलाई आफ्नै बोधस्वरूप तुरीय सत्तामा विलीन गर्ने



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परासंवित्‌लाई काली भनिन्छ । कालीको स्वरूपमा शक्तितत्त्वको पूर्ण अभिव्यक्ति पाइन्छ । कालीको स्वरूपमा निहित सृष्टि र संहारको रहस्यलाई शब्दद्वारा पूर्ण रूपले अभिव्यक्त गर्न सकिँदैन त्यसैले कालीलाई शब्दातीत मानिन्छ । काली नै विश्वकी जननी एवं भुक्ति तथा मुक्ति प्रदान गर्ने शक्ति हुन् । कालीतत्त्वलाई बुझ्नका लागि सर्वप्रथम कालतत्त्वलाई बुझ्नुपर्दछ । सम्पूर्ण चराचर जगत्‌लाई कलन वा ग्रास गर्ने तत्त्वलाई काल भनिन्छ । सोही काल, कालकाल वा महाकाल नामक तत्त्वबाट नै सम्पूर्ण जगत्‌को उत्पत्ति हुन्छ र पुनः ती समस्त तत्त्वहरू कालकै गर्भमा विलीन हुन्छन् । त्यसैले भनिएको छ–

कालः पचति भूतानि कालः संहरति प्रजा अर्थात् कालले नै समस्त पञ्चमहाभूतात्मक जगत्‌लाई पचाउँछ र त्यसले नै जीवहरूको संहार गर्दछ । भैरवरूपी कालले नै ब्रह्मादेखि कीटपर्यन्त सम्पूर्ण जगत्‌को रचना गर्दछ । सोही महाकालको अभिन्न स्वातन्त्र्यशक्तिलाई नै महाकाली भनिन्छ । सृष्टिपूर्वको संहारदशामा महाकालीको नै साम्राज्य रहन्छ । त्यसैले महानिर्वाणतन्त्रमा भनिएको छ–

सृष्टेरादौ त्वमेवासि तमोरूपमगोचरम् ।
त्वत्तो जातं जगत् सर्वं परब्रह्मसिसृक्षया ॥

अर्थात् सृष्टिपूर्व इन्द्रियले नदेखिने तमस् वा अन्धकारका रूपमा तिमी नै विद्यमान थियौ । परब्रह्मको सृष्टि गर्ने चाहनाका कारण यो सम्पूर्ण जगत् तिमीबाट नै जन्मिएको हो । अन्यत्र पनि भनिएको छ– तमो वा इदमेकमास..(मैत्रायण्युपनिषद्, ४।५) अर्थात् पहिले (सृष्टिपूर्व) यो तमस् वा अन्धकार नै थियो । सोही तमस् वा प्रलयकालको अनिर्वचनीय स्वरूप नै तन्त्रशास्त्रमा वर्णित आद्याशक्ति काली वा महाकाली हुन् । महाशक्ति काली परब्रह्मस्वरूप महाकालको स्फुरत्ता हो । कालीतत्त्व नै समस्त प्रकाश वा ज्योतिको उद्‌गमस्रोत हो । तमस् वा अन्धकाररूप काली कसरी प्रकाशको स्रोत हुन सक्छ भनेर यहाँ पाठकहरूलाई आश्चर्य लाग्न सक्छ । वास्तवमा प्रलयकालमा अन्धकारले प्रकाशलाई पनि आफूमा लीन गराएको हुन्छ । सम्पूर्ण विश्वब्रह्माण्ड यहाँसम्म कि प्रकाश पनि अन्धकारमा विलीन हुन्छ । आधुनिक विज्ञानले पनि यसैका आधारमा ब्ल्याक होल (कृष्ण विवर)को कल्पना गर्दै प्रलयकालमा सम्पूर्ण ब्रह्माण्ड सोही ब्ल्याक होलमा विसर्जन हुने कुरा बताएको छ । सृष्टिदशामा आद्याशक्ति कालीले आफूभित्र रहेको जगत्‌लाई वामाशक्तिका रूपमा पुनः बाहिर वमन गर्दछिन् अतः स्वाभाविक रूपले प्रकाश पनि सोही तमस्‌बाटै उद्‌भूत हुन्छ । तिनै महाकालीलाई तन्त्रशास्त्रले संवित्, कुल, सामर्थ्य, ऊर्मि, हृदय, सार, स्पन्द, विभूति, चिति, परावाक्, स्वातन्त्र्य, त्रीशिका, कालसङ्कर्षिणी, चण्डी, ओज आदि अनगिन्ती संज्ञा दिएर तिनको स्वरूप र साधनाको विवेचना गरेको छ । तिनै महाकाली दशवटा मुख्य भावमा विभक्त भएर दश महाविद्याका रूपमा देखा पर्दछिन् । सृष्टि, स्थिति र संहाररूप तीनवटा कृत्यका प्रत्येकको आदि, मध्य र अन्त्य गरी नौवटा रूप र ती सबैको समष्टिस्वरूप गरी दशमहाविद्याको क्रम दशमहाविद्यापरम्परामा स्वीकार गरिएको छ । ती दश महाविद्या हुन् – काली, तारा, षोडशी, भुवनेश्वरी, भैरवी, छिन्नमस्ता, धूमावती, वगला, मातङ्गी र कमला । क्रमदर्शनमा एउटै महाकाली सृष्टि, स्थिति, संहार र अनाख्यारूप चारवटा क्रमले प्रमाता, प्रमाण र प्रमेयदशामा उल्लसित हुँदा द्वादशकालीको रूपमा देखा पर्ने कुराको उल्लेख पाइन्छ । सोही दर्शनमा ती द्वादशकालीको समष्टिस्वरूप त्रयोदशकालीको चिन्तन पनि फेला पर्दछ । यहाँ तिनको उल्लेख गर्नु सान्दर्भिक हुनेछ ।

**सृष्टिकाली**

जब पञ्चज्ञानेन्द्रियका माध्यमबाट प्रमेयरूप बाह्य पदार्थलाई ग्रहण गर्नका लागि चेतना उक्त प्रमेयरूप बाह्य पदार्थप्रति उन्मुख हुन्छ तब प्राथमिक क्षणमा उक्त प्रमेय पदार्थलाई निर्विकल्प रूपमा ग्रहण गरिन्छ । उक्त निर्विकल्प प्रथम आभासको अवस्थामा द्रष्टा, दर्शन र दृश्यको कुनै विकल्प वा भेद रहँदैन । सृष्टिका प्रति उन्मुख चितिशक्तिको सोही प्राथमिक निर्विकल्प अवस्थालाई नै सृष्टिकाली भनिन्छ (स्वामी लक्ष्मणजू : २०१० : २१) ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**रक्तकाली**

निर्विकल्पात्मक प्रथम आभासरूप सृष्टिकालीको उदय भएपछि संवित् शक्ति जब पदार्थप्रति उन्मुख हुँदै प्रमेयवर्ती प्रमाणदशामा आएर इन्द्रियका माध्यमबाट रूप, रस आदि विषयका साथ जब रागमा प्राप्त भई विषयहरूलाई भोग्दै विषयभोगरूप रागलाई निर्विकल्प भावले अनुभव गर्दछ तब संवित् शक्तिको त्यस्तो स्वरूपविकासको दोस्रो अवस्थालाई रक्तकाली भनिन्छ (पूर्ववत् : २३) ।

**स्थितिनाशकाली**

विषयलाई भोग्ने कार्य समाप्त भएपछि उक्त विषयभोगबाट तृप्त भएर पुनः अन्तर्मुख भई ग्राह्य र ग्रहणको स्थितिलाई आत्मसात् गरेर परम चैतन्यसत्ताका साथ एकाकार हुने चितिशक्तिको अवस्थालाई स्थितिनाशकाली भनिन्छ । यस अवस्थामा विषयभोगरूप रागको अवसान हुने भएकाले चितिशक्तिको त्यस अवस्थालाई स्थितिनाशकाली भनिएको हो (पूर्ववत् : २५–२६) ।

**सुकाली**

अभिनवगुप्तले सुकालीलाई गणना नगरी तन्त्रालोकमा द्वादशकालीको वर्णन गरेका छन् तर तन्त्रालोकका विवेकव्याख्याकार आचार्य जयरथले पञ्चशतिकलाई उद्धृत गर्दै सुकालीलाई समेत गणना गरी त्रयोदशकालीको धारणालाई समर्थन गरेका छन् (तन्त्रालोक ४ आह्निक, १७३ श्लोक, विवेकव्याख्या, पृ. १३५) । भीषण एवं रौद्रस्वरूपकी कुलशक्ति सुकाली सम्पूर्ण सिद्धिकी प्रदात्री हुन् (पूर्ववत्) ।

**यमकाली**

परा संवित्स्वरूप भगवती काली जगत्लाई नियमन गर्ने उद्देश्यले एकातिर समस्त विकल्परूप विश्ववैचित्र्यलाई आफ्नै चैतन्यस्वरूप अग्निमा अन्तर्लीन गरी परप्रमातृदशामा स्फुरित हुन्छिन् भने अर्कातिर बहिर्मुखी बन्दै आफूभित्र चैतन्यबीजका रूपमा विद्यमान समस्त नामरूपात्मक जगत्लाई बाह्य विकल्पस्वरूपमा प्रकाशन गरी महाविलासरूपी रसंको आनन्द लिँदै सङ्कुचित प्रमातृदशामा स्फुरित हुन्छिन् । चितिशक्तिको यिनै स्वरूप आच्छादन एवं स्वरूपउन्मीलनरूप द्वयात्मक स्वरूपलाई नै यमकाली भनिन्छ (स्वामी लक्ष्मणजू : २०१० : २८) । यस अवस्थामा शक्तिको सतत अनुसन्धानद्वारा विकल्पजाललाई भेदन गर्ने प्रयत्न साधकले गरेन भने स्वात्मस्थितिबाट च्युत भएर अन्य संसारी व्यक्तिहरूझैँ बहिर्मुख हुने खतरा रहन्छ ।

**संहारकाली**

समस्त विकल्पात्मक विश्ववैचित्र्यलाई आफ्नो चितिस्वरूप अग्निमा अन्तर्लीन गर्दा स्वरूप–उन्मीलनात्मक परप्रमातृदशाको स्फुरण हुन्छ र समस्त विकल्पस्वरूप भावमण्डलको उपसंहार भएको अनुभव हुन्छ । सोही अवस्थालाई संहारकाली भनिन्छ (पूर्ववत् : ३१) ।

**मृत्युकाली**

संहारकालीको अवस्थामा इदं (भेद)का रूपमा अवभासित समस्त विश्ववैचित्र्य अहं (अभेद)मा विलीन भएको बोध हुन्छ । त्यस अवस्थामा पनि इदन्ता (भेदरूपता) सम्पूर्ण रूपले विलीन हुँदैन अर्थात् पूर्णाहन्ताको परामर्श भइसकेको हुँदैन त्यसैले उपाधियुक्त अहन्तारूपी संवित् (संहारकाली) उपाधिरहित स्वभावभूत पूर्णाहन्ता (मृत्युकाली)मा विलीन अवस्थालाई मृत्युकाली भनिन्छ (पूर्ववत् : ३२) ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**भद्रकाली**

प्रमाणगत संहारस्वरूप भद्रकालीको अवस्थामा पनि विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् तर ती शङ्काहरू आफैँ नष्ट हुन्छन्। यमकालीको अवस्थामा स्वरूपगोपनात्मक शक्तिका कारण विकल्पसंस्काररूप शङ्काहरू उत्पन्न हुन्छन् र यदि साधकले शक्तिको सतत अनुसन्धानद्वारा ती शङ्काहरूलाई नष्ट गर्ने प्रयत्न गरेन भने ऊ पुनः संसारचक्रमा फस्ने सम्भावना रहन्छ तर भद्रकालीको अवस्थामा आरूढ साधकमा भने ती विकल्पसंस्काररूप शङ्काहरू आफैँ नष्ट हुन्छन्। यसप्रकार विकल्पसंस्कारलाई उत्थापन गर्ने भेदनव्यापार र पुनः ती विकल्पसंस्कारहरूलाई प्रशमन गर्ने द्रावणव्यापारमा संलग्न चितिशक्तिलाई भद्रकाली भनिन्छ (पूर्ववत् : ३४)।

**मार्तण्डकाली**

प्रमाणदशामा स्थित बाह्य इन्द्रिय (पञ्च ज्ञानेन्द्रिय, पञ्च कर्मेन्द्रिय, मन र बुद्धि) लाई तिनको आश्रयस्थल बनेर रहेको अहङ्कारपदमा विलीन गराई आफ्नो विश्वमय स्वरूपको प्रदर्शन गर्ने परप्रमातृरूप चितिशक्तिलाई मार्तण्डकाली भनिन्छ (पूर्ववत् : ३६–३७)। यद्यपि यो अवस्था प्रमाणवर्गअन्तर्गत संविद्देवीको अनाख्या अवस्था भएकाले यहाँ देवीको विश्वमय-विश्वोत्तीर्ण दुवै रूपको अवभासन हुन्छ तर विश्वमय स्वरूप स्फुट रूपमा देखा पर्दछ।

**परमार्ककाली**

प्रमाणदशामा रहेको बाह्य इन्द्रियसमूहको आश्रयस्थल परमादित्यस्वरूप अहङ्कारलाई समेत आफ्नो चैतन्यस्वरूपमा लय गराउने भगवती कालीको स्वरूपविकासलाई परमार्ककाली भनिन्छ (पूर्ववत् : ३९)।

**कालाग्निरुद्रकाली**

परमादित्यस्वरूप अहङ्कारलाई समेत आफूमा लीन गराउने कालाग्निरुद्र नामक कल्पित प्रमाता पनि जुन पूर्णाहन्तास्वरूप चैतन्यमा विलीन हुन्छ त्यही महाचिदग्निलाई कालाग्निरुद्रकाली भनिन्छ ( पूर्ववत् : ४१)। यस अवस्थामा समस्त भाववर्ग पूर्ण अहंविमर्शमा विलीन हुन्छ। सर्वत्र अहंस्वरूपको चमत्कार दृष्टिगोचर हुन थाल्छ। यस अवस्थामा प्रवेश गरेको योगीले समस्त भाववर्गलाई अहंस्वरूपमा एकाकार गर्दै उक्त अहन्तारूपी चमत्काररसमा निमग्न भैरवका रूपमा आफूलाई बोध गर्दछ।

**महाकालकाली**

कालाग्निरुद्रकालीको अवस्थामा समस्त भाववर्ग पूर्ण अहंपरामर्शस्वरूप महाकालमा विलीन हुन्छ। त्यस्तो महाकाल वा कालाग्निरुद्रकाली पनि आफ्नो स्वभावभूत जुन अकुलधाममा प्रविष्ट हुन्छ त्यही कालकलनाशून्य महाशून्यको अवस्था नै भगवती कालसङ्कर्षिणीको महाकालकाली स्वरूप हो (पूर्ववत् : ४३)।

**महाभैरवचण्डोग्रघोरकाली**

माथि वर्णन गरिएका समग्र स्वरूपको उत्पत्ति एवं लयस्थानका रूपमा विद्यमान अनाख्या धाम जो चण्ड अर्थात् प्रमेयचक्र, घोर अर्थात् प्रमाणचक्र र महाभैरव अर्थात् प्रमातृचक्र यी तीनैलाई आफैँबाट उत्पन्न एवं आफैँमा लय गर्दै क्रम, अक्रम तथा क्रमाक्रमरूपले तुरीयसत्ताका रूपमा विद्यमान छ त्यही मातृसद्भावरूपिणी कालसङ्कर्षिणी देवीलाई नै महाभैरवघोरचण्डकाली भनिन्छ (पूर्ववत् : ४५)।

यसअतिरिक्त महाकालीका अनेक रूपहरूको चर्चा तन्त्रशास्त्रमा पाइन्छ। महाकालसंहितामा महाकालीका नौवटा रूपको उल्लेख गरिएको छ। ती हुन्– आद्याकाली, दक्षिणकाली, भद्रकाली,


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्मशानकाली, गुह्यकाली, कामकलाकाली, धनकाली, सिद्धिकाली र चण्डकाली । तोडलतन्त्रमा कालीका आठवटा भेद देखाउँदै भनिएको छ–

दक्षिणाकालिका सिद्धिकालिका गुह्यकालिका ।

श्रीकालिका भद्रकाली चामुण्डाकालिका परा ॥

श्मशानकालिका देवि महाकालीति चाष्टधा । (तोडलतन्त्र, ३ पटल, १९२ श्लोक) । अर्थात् दक्षिणकाली, सिद्धिकाली, गुह्यकाली, श्रीकाली, भद्रकाली, चामुण्डाकाली, श्मशानकाली र महाकाली गरी कालीका आठ भेद छन् । वास्तवमा एउटै महाशक्ति साधकहरूको कार्यसिद्धिका लागि विविध रूपमा अवतीर्ण हुन्छिन् । साधकहरूको भावना र अधिकारभेदका कारण महाशक्ति कालीका विविध रूपको कल्पना शास्त्रमा गरिए तापनि ती सम्पूर्ण रूपहरू वास्तवमा एउटै संवित् शक्तिका अनन्त विस्तार मात्र हुन्, तिनमा भेद देख्नु अज्ञानसिबाय केही होइन ।

**कालीतत्त्वको उपासनाक्रम**

कालीसाधना लगायत समस्त शक्तिसाधना तीन प्रकारका आचारहरूबाट सम्पन्न हुन्छ । ती तीन आचारहरू हुन्– दक्षिणाचार, वामाचार र कुलाचार । यी तीनवटा आचारहरू क्रमशः पशुभाव, वीरभाव र दिव्यभावका आधारमा व्यवस्थित भएका हुन् ।

**दक्षिणाचार**

श्रुतिस्मृतिअनुकूलको आचार नै दक्षिणाचार हो । दक्षिणामूर्तिले सर्वप्रथम यस आचारअनुसार शक्तिसाधना गरेकाले यसको नाम दक्षिणाचार रहन गएको हो भन्ने वचन पाइन्छ । दक्षिणाचारलाई पश्वाचार पनि भनिन्छ । पशुभावमा स्थित साधकहरूको आचार भएकाले यसलाई पश्वाचार भनिएको हो । तन्त्रशास्त्रमा व्यक्तिलाई पशुभावापन्न बनाउने पाश आठ प्रकारको बताइएको छ । कुलार्णवतन्त्रमा भनिएको छ–

घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी ।

कुलं शीलं तथा जातिरष्टौ पाशाः प्रकीर्तिताः ॥ (१३ उल्लास ९० श्लोक) अर्थात् घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा, कुल, शील र जाति यी आठ प्रकारका पाशहरू हुन् । यिनै पाशहरूले बाँधिएको अवस्थामा जीवले आफूलाई शिवभन्दा भिन्न ठान्छ । यिनै पाशहरूलाई साधनाद्वारा काट्तै शिव वा पराशक्तिका साथ आफ्नो अभिन्नता बोध गर्नु नै साधनाको चरम लक्ष्य हो । जबसम्म साधक पशुभावले बाँधिएको हुन्छ तबसम्म उसले पश्वाचारकै अवलम्बन गर्नु श्रेयस्कर हुन्छ । उदाहरणका लागि जेलमा रहेका कैदीहरूले जेलका नियमहरूको पालना गर्नु नै उनीहरूका लागि श्रेयस्कर हुन्छ अन्यथा उनीहरूले थप कष्ट भोग्नुपर्ने हुन जान्छ । जबसम्म साधकमा पशुभाव विद्यमान रहन्छ तबसम्म उसले पशुभावभन्दा भिन्न तरिकाले उपासना गर्ने सक्तैन । पशुभावरूपी पाशलाई नछिनालेसम्म शक्तिसाधनाको यात्रामा दोस्रो सिँढीका रूपमा रहेको वीरभाव र उक्त भावअनुसार व्यवस्थित वामाचारमा उसले पाइला टेक्नै सक्तैन । अतः पशुभावमा रहेर साधना गर्दै जाँदा जब उसमा निहित पशुत्वको जालो नष्ट हुन्छ तब ऊ शक्तिसाधनाको यात्रामा वीर कहिन्छ । त्यतिखेर उसको आचार वीराचार वा वामाचार बन्न पुग्छ । अतः तन्त्रशास्त्रमा साधनाको प्रारम्भिक सोपानका रूपमा पशुभावलाई ग्रहण गरिएको छ । पशुभावमा स्थित साधकहरूको आचारका रूपमा व्यवस्थित दक्षिणाचार वा पश्वाचारमा साधकले सेतो वर्णको देवताको ध्यान, त्रिकाल सन्ध्या एवं देवपूजन, वेदपुराण आदि शास्त्रमा श्रद्धा, नित्य श्राद्ध, ब्रह्मचर्यको पालना, आत्मप्रशंसा र परनिन्दाको त्याग आदि आचारहरूको कट्टरतापूर्वक पालना गर्नुपर्ने उपदेश दिएको देखिन्छ (मेरुतन्त्र, ७५–१०) । दक्षिणाचार वा पश्वाचारका मूलतः दुईवटा भेद रहेका छन्–


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**१. सभावपश्वाचार**

सभावपश्वाचारमा पञ्चमकारको प्रयोग सर्वथा निषिद्ध मानिन्छ। कुलार्णवतन्त्रमा भनिएको छ–

अनाघ्रेयमनालोक्यमस्पृश्यञ्चाप्यपेयकम्।

मद्यं मांसं पशूनान्तु कौलिकानां महाफलम्॥ (२ उल्लास, १२४ श्लोक)। अर्थात् सभाव पाशवकल्पका साधकहरूले मद्य र मांस सुँघ्न, हेर्न, स्पर्श गर्न र पिउन वा खान वर्जित छ, त्यही कुरा दिव्यभावमा स्थित कौल साधकका लागि भने महाफलप्रद मानिन्छ। सभावपाशवकल्पका साधकहरूका लागि मद्य वा सुराको दर्शनादि दोषनिवृत्तिको उपाय कुलार्णवतन्त्रमा यस्तो बताइएको छ–

सुरादर्शनमात्रेण कुर्यात् सूर्यावलोकनम्।
तत्समाघ्राणमात्रेण प्राणायामत्रयं चरेत्॥
आजानुभ्यांभवेन्मग्नोजलेचोपवसेदहः।
ऊर्ध्वंनाभेस्त्रिरात्रन्तुमद्यस्यस्पर्शनेविधिः॥
सुरापाने कामकृते ज्वलन्तीं तांविनिक्षिपेत्।

मुखे तथा विनिर्दग्धे ततः शुद्धिमवाप्नुयात्॥ (२ उल्लास १२७–१२९ श्लोक)। अर्थात् सुरा देखियो भने मात्रै पनि सूर्यको दर्शन गर्नुपर्छ, त्यसको गन्ध नाकमा पऱ्यो भने तीन पटक प्राणायाम गर्नुपर्छ तथा शरीरको घुँडादेखि तलको भाग पानीमा डुबाएर दिनभरि उभिनुपर्छ, सुराको स्पर्श गऱ्यो भने नाभिदेखि तलको भाग पानीमा डुबाएर उपवासपूर्वक तीन रात उभिनुपर्छ, सुराको सेवन गरेमा सुरालाई उमालेर मुखमा कोचिदिनुपर्छ। सो उम्लिएको सुराले मुख डढेपछि मात्रै मद्यसेवनको दोष हट्तछ। यहाँ मद्य उपलक्षणका रूपमा आएको छ। मद्यका साथै मांस, मत्स्य, मुद्रा र मैथुनसमेत सभावपाशवकल्पका साधकहरूका लागि निषिद्ध ठहर्दछ। ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले सभावपाशवकल्पबाट उपासना गरी गृहस्थाश्रममा प्रवेश गरेपछि शाक्तदीक्षालिएर विभावपाशवकल्पबाट उपासना गर्नुपर्ने हुन्छ (ज.ब.रा., वि.सं. २०२०, पृ. ११२)। अतः ब्रह्मचर्याश्रममा रहँदासम्म द्विजहरूले वेदमाता गायत्रीको मात्रै उपासना गरे पुग्छ भन्ने कुरा स्पष्ट हुन्छ।

**२. विभावपश्वाचार**

विभावपश्वाचारमा भने पञ्चमकारको अनुकल्पीय प्रयोगद्वारा उपासना गरिन्छ। वेदोक्त मार्गबाट मद्य, मांस आदिको प्रतिनिधिस्वरूप अनुकल्पीय द्रव्यको प्रयोग गरी इष्टदेवताको पूजा गर्नु नै विभावपश्वाचार हो (ज.ब.रा., वि.सं. २०४६, पृ. ९। विभावपश्वाचारमा खजुरीको रस, गाई र भैँसीको दुधमा चाकु र पानको पातको धुलो मिलाएर पकाएको झोल, घिउमा नुन हालेर पकाएको आमान्नको तरकारी मद्यको अनुकल्प हुन्छ। गहुँ, हलेदो, अदुवा, सेतो तिल, शरद्कालमा पाक्ने अन्नको बिउ, रातो अन्नको बिउ र कुभिन्डो मांसको अनुकल्प हुन्छ। पोलेको नरिवल, बेल, अमला वा हर्रो मत्स्यको अनुकल्प हुन्छ। नुन र पानी नहाली भुटेको अन्नको विउ मुद्राको अनुकल्प हुन्छ। विभावपश्वाचारमा मैथुनको अनुकल्पीय बाह्य द्रव्य नहुने भएकाले आफ्नो सहस्रारचक्रमा शिवशक्तिको समन्वय सम्झेर शिवशक्तिको सामरस्यजन्य अमृतले परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. ११४–११५)। यसप्रकार पश्वाचार वा दक्षिणाचारमा द्वैतभावको प्राधान्य रहने भएकाले यस आचारको अवलम्बनद्वारा गरिने कालीको पूजाउपासना अपरा पूजाको कोटीमा पर्दछ। पशुभावअनुसार पश्वाचार वा दक्षिणाचारको अवलम्बन गरी उपासना गर्दै गएपछि पशुभावका बन्धनहरू शिथिल बन्दै जान्छन्। साधक सदा प्रसन्न, सन्तुष्ट, निर्द्वन्द्व, मात्सर्यरहित, कुलसम्बन्धी ज्ञानमा तत्पर, शान्त, कालीभक्त, कुलज्ञानको चर्चा गर्दा आनन्दातिरेकका कारण रोमाञ्चित हुने, हर्षले गद्गद् स्वर हुने, खुसीको आँसु खस्ने आदि लक्षणले युक्त बन्न पुग्छ। यी लक्षणहरू उत्तम कौलिकका लक्षणहरू हुन्। यसै प्रसङ्गमा कुलार्णवतन्त्रमा भनिएको छ–


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निवृत्तदु:खसन्तुष्टा निर्द्वन्द्वा गतमत्सरा: ।
कुलज्ञानरता: शान्तास्त्वद्भक्तास्ते च कौलिका: ॥
अमदक्रोधदम्भाशाहङ्कारा: सत्यवादिन: ।
कौलिकेन्द्रा ह्यपचला ये नेन्द्रियवशानुगा: ॥
कीर्त्यमाने कुले येषां रोमाञ्चो गद्गदस्वर: ।
आनन्दाश्रु पतेद्देवि कथिता: कौलिकोत्तमा: ॥ (९ उल्लास ८४–८६ श्लोक) ।

उपर्युक्त लक्षणहरूले साधक वीरभावमा आरूढ भएको जनाउँछन् । यसपछि उक्त साधकको साधना वीरभावमा व्यवस्थित वामाचारबाट प्रारम्भ हुन्छ ।

**वामाचार**

वीरभावमा आरूढ साधकहरूले अवलम्बन गर्ने आचारलाई नै वामाचार भनिन्छ । वाम अर्थात् श्रेष्ठ आचार भएकाले यसलाई वामाचार भनिएको हो । निरुक्तमा 'वाम' शब्दको अर्थ 'प्रशस्य' भन्ने दिइएको छ– अस्रेमा, अनेमा, अनेद्य:, अनवद्य:, अनभिशस्ता:, उक्थ्य:, सुनीथ:, पाक:, वाम:, वयुनमिति दश प्रशस्यनामानि (श्रीतारानन्दतीर्थ : वि.सं. २०६२ : १६७) । प्रशस्य भनेको के हो भन्ने प्रश्नको उत्तरमा भनिएको छ– य एव हि प्रज्ञावन्तस्त एव हि प्रशस्या भवन्ति (पूर्ववत्) अर्थात् जो प्रज्ञावान् छन् तिनीहरू नै प्रशस्य हुन्छन् । अत: प्रज्ञावान् प्रशस्य योगीलाई नै वाम भनिन्छ र उक्त योगीको आचारलाई नै वामाचार भनिन्छ । मेरुतन्त्रमा वामाचारको अधिकारीको लक्षण बताउने प्रसङ्गमा भनिएको छ–

परद्रव्येषु योऽन्धश्च परस्त्रीषु नपुंसक: ।
परापवादे यो मूक: सर्वदा विजितेन्द्रिय: ॥
तस्यैव ब्राह्मणस्यात्र वामेस्यादधिकारिता । (१०।४५)

अर्थात् जो परद्रव्य, परस्त्री एवं परापवादबाट विमुख छ त्यस्तो निर्लोभी, रागवर्जित, संयमी, जितेन्द्रिय ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) व्यक्ति नै वाममार्गमा अधिकारी हुन्छ । वेदशास्त्रको अर्थ एवं तत्त्वलाई जान्ने, बुद्धिमान्, जितेन्द्रिय, तन्त्रको गूढ रहस्य एवं भावलाई तर्कशक्तिद्वारा मन्थन गरेर उद्धार गर्न (प्रकाश गर्न) सक्षम ब्राह्मण (ब्रह्मसाक्षात्कार गर्न समर्थ) नै वाममार्गमा अधिकारी हुन्छ । त्यसबाहेक अन्य व्यक्ति यस मार्गमा दु:खभागी हुन्छ भनिएको छ–

ब्राह्मणो वेदशास्त्रार्थतत्त्वज्ञो बुद्धिमान् वशी ।
गूढतन्त्रार्थभावश्च निर्मथ्योद्धरणे क्षम: ॥
वाममार्गेऽधिकारी स्यादितरो दु:खभाग् भवेत् । (भावचूडामणि : कल्याण, शक्तिउपासना अङ्क, पृ.१६७ मा उद्धृत) ।

वामाचारअनुसार साधना गर्नका लागि दृढ भक्ति चाहिन्छ र त्यस्तो दृढ भक्तले नै यस मार्गमा सिद्धि प्राप्त गर्दछ । तन्त्रचिन्तामणिमा भनिएको छ–

निन्दन्तु बान्धवा: सर्वे त्यजन्तु स्त्रीसुतादय: ।
जना हसन्तु मां दृष्ट्वा राजानो दण्डयन्तु वा ॥
रोगदारिद्र्यदु:खाद्यै: पीडितोऽप्यनिशं त्वहम् ।
लक्ष्मीस्तिष्ठतु वा यातु न मुञ्चामि पथं त्विदम् ॥
एवं यस्य दृढा भक्ति: स वामे सिद्धिमाप्नुयात् ॥ (१२ प्रकाश, १७१–१७३ श्लोक) ।

अर्थात् चाहे बन्धुबान्धवहरूले निन्दा गरून्, चाहे पत्नी तथा छोराछोरीहरूले साथ छोडून्, चाहे मलाई देखेर मानिसहरू हाँसून्, चाहे राजाहरूले दण्ड दिऊन्, चाहे म सधैं रोग, दारिद्र्य, दु:ख आदिले पीडित बनूँ, चाहे धन रहोस् वा नरहोस् तर म यस मार्गलाई छोड्दिन भन्ने दृढ भक्ति जसमा हुन्छ


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

त्यही व्यक्तिले वामाचारमा सिद्धि प्राप्त गर्दछ । उपासनामा पञ्चमकार अर्थात् मद्य, मांस, मत्स्य, मुद्रा र मैथुनको उपयोग वीराचार अर्थात् वीरहरूले अवलम्वन गर्ने वामाचार हो र यो साधकका लागि साधनाको बीज हो । वीरभावमा पनि विभाववीर र सभाववीर गरी दुई प्रकारको भेद हुन्छ । विभाववीरहरूले मानसभावले पञ्चतत्त्वले अथवा पञ्चमकारको प्रतिनिधिका रूपमा अनुकल्पीय द्रव्यको प्रयोगद्वारा उपासना गर्दछन् । मानसभावले पञ्चतत्त्वको उपयोग गर्दा मांसका रूपमा पृथ्वीतत्त्व, मत्स्यका रूपमा जलतत्त्व, मद्यका रूपमा तेजतत्त्व, मुद्राका रूपमा वायुतत्त्व र मैथुनका रूपमा आकाशतत्त्वको उपयोग गरिन्छ । विभाववीरका लागि पञ्चमकारको अनुकल्पीय द्रव्य भने यसप्रकार रहेका छन्– गाईको दुध, पान, ताम्रकूट, गाँजा, ताड, अफिम, खजुरको चोप, धतुरो र भाँङ यति आठ थोक मद्यको अनुकल्प; नुन मिलाएको अदुवा, प्याज, तिल, गहुँ, मास र लसुन मासुको अनुकल्प; डढेको खाना मत्स्यको अनुकल्प; भुटेको चना वा भटमास मुद्राको अनुकल्प र हाँसको फुल मैथुनको अनुकल्प हुन्छ । कसैको मतमा गुरुले बताएबमोजिम तन्त्रोक्त मन्त्रोच्चारण गर्दै अपराजितापुष्प र करवीरपुष्पमा रक्तचन्दन र श्रीखण्ड मिसाएर भगलिङ्गामृत बनाई परदेवतालाई तर्पण गर्नु मैथुनको अनुकल्प हो (ज.ब.रा., वि.सं. २०२०, पृ. २८६–२८७) । सभाववीरले चाहिँ पञ्चमकारको प्रत्यक्ष प्रयोग गर्दछन् ।

**पञ्चमकारको प्रयोग किन ?**

वामाचारमा कस्ता व्यक्तिहरूको अधिकार रहन्छ भन्ने विषयमा माथि उल्लेख गरिएको विवरणबाट यो आचार अत्यन्त कठिन र मर्यादित आचार हो भन्ने कुरा स्पष्ट भइसकेको छ । अल्पज्ञताका कारण प्राकृतजन (अदीक्षित व्यक्ति)हरूले सोचेजस्तो स्वच्छन्द रूपले पञ्चमकारको प्रयोग यस आचारमा हुँदैन । पञ्चमकारको प्रयोग वामाचारमा केवल साधनाका अवसरमा गरिन्छ । कुलार्णवतन्त्रमा भनिएको छ–

वृथा पानन्तु देवेशि सुरापानं तदुच्यते ।
तन्महापातकं ज्ञेयं वेदादिषु निरूपितम् ॥ (२ उल्लास, १२३ श्लोक) ।

अर्थात् साधनाकालमा बाहेक अन्य समयमा गरिने मद्यपान निषिद्ध सुरापान कहिन्छ । त्यस्तो मद्यपान महापातक हो भनेर वेदादि शास्त्रमा निरूपण गरिएको छ । श्रीमद्भागवत महापुराणमा भनिएको छ –

लोके व्यवायामिषमद्यसेवा
नित्यास्तु जन्तोर्न हि तत्र चोदना ।
व्यवस्थितिस्तेषु विवाहयज्ञ–
सुराग्रहैरासु निवृत्तिरिष्टा ॥ (११ स्कन्ध, ५ अध्याय, ११ श्लोक)

अर्थात् संसारमा मैथुन, मांस र मद्यका प्रति प्राणीहरूको स्वाभाविक प्रवृत्ति रहेको देखिन्छ । जुन वस्तुप्रति स्वाभाविक प्रवृत्ति हुन्छ त्यसमा प्रवृत्त गराउनका लागि कुनै विधिको आवश्यकता पर्दैन । यस्तो स्थितिमा विवाह, यज्ञ र सौत्रामणि यज्ञमा मैथुन, मांस र मद्यको जुन व्यवस्था बताइएको छ त्यो वास्तवमा उच्छृङ्खल प्रवृत्तिलाई नियन्त्रण गर्नका लागि र त्यसमा मर्यादा स्थापनाका लागि नै गरिएको हो । त्यसमा निवृत्ति नै श्रुतिको अभीष्ट हो । अतः वामाचारमा पञ्चमकारको सेवनको व्यवस्था सोही उद्देश्यमा आधारित रहेको छ त्यसैले कुलार्णवतन्त्रमा भनिएको छ–

सेवेत स्वसुखार्थं यो मद्यादीनि स पातकी ।
प्राशयेद्देवताप्रीत्यै स्वाभिलाषविवर्जितः ॥(५ उल्लास ८८ श्लोक) ।

अर्थात् जसले आफ्नो सुखका लागि मद्य आदि द्रव्यको सेवन गर्दछ त्यो पातकी हो । साधकले आफ्नो तृप्तिका लागि नभई देवताको प्रीतिका लागि मद्य, मांस आदि द्रव्यको सेवन गर्नुपर्दछ । कुलार्णवतन्त्रमै अगाडि भनिएको छ –


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मादिपञ्चकमीशानि देवताप्रीतये सुधीः ।
यथाविधि निषेवेत तृष्णया चेत् स पातकी ॥ (१० उल्लास ६ श्लोक) ।

अर्थात् हे पार्वती ! बुद्धिमान् व्यक्तिले देवताप्रीतिका लागि शास्त्रोक्त विधिपूर्वक पञ्चमकारको सेवन गरोस् । यदि कुनै व्यक्ति तृष्णापूर्वक पञ्चमकारको सेवनमा प्रवृत्त हुन्छ भने त्यो पातकी कहिन्छ । यसप्रकार पशुभावबाट मुक्त वीरभावमा स्थित साधकले शास्त्रोक्त विधिपूर्वक आफ्नो तृष्णापूर्तिका लागि नभई देवताप्रीतिका लागि पञ्चमकारको सेवनद्वारा साधना गर्दै जाँदा उसमा इष्टदेव र आफूबिच ऐक्यबोध हुन जान्छ र ऊ साधनाको अन्तिम सोपानस्वरूप दिव्यभावमा प्रवेश गर्दछ । वामाचारको अवलम्बनद्वारा गरिने कालीको उपासना परापरा कोटीको पूजा वा उपासना हो ।

## कुलाचार

सम्पूर्ण भेदप्रथालाई परिहार गर्न सक्षम निर्विकल्प दशामा आरूढ साधकमा जब आफू भन्ने भावसमेत हटेर दिव्यभावको उदय हुन्छ त्यस्तो निर्विकल्प दिव्यभावमा स्थित साधकको आचारलाई नै कुलाचार भनिन्छ । दिव्यभावमा स्थित साधकमा पूर्ण ज्ञानको उदय र राजाधिराजयोगसमेत सिद्ध भइसकेको हुन्छ त्यसैले त्यस्तो साधकले अपनाउने कुलाचारमा पञ्चमकारको प्रयोग प्राकृत रूपमा नभई अर्कै किसिमले अन्तर्यागद्वारा गरिन्छ । मद्यका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

आमूलाधारमाब्रह्मरन्ध्रं गत्वा पुनः पुनः ।
चिच्चन्द्रकुण्डलीशक्तिसामरस्यसुखोदयः ॥
व्योमपङ्कजनिस्यन्दसुधापानरतो नरः ।
सुधापानमिदं प्रोक्तमितरे मद्यपायिनः ॥ (५ उल्लास, १०७–१०८ श्लोक) ।

अर्थात् मूलाधारचक्रमा रहेकी चैतन्यरूपिणी कुण्डलिनीशक्ति त्यहाँबाट जागृत भएर ब्रह्मरन्ध्रमा अवस्थित सहस्रारचक्रमा पुगी परमशिवका साथ समरसभावमा प्राप्त हुँदा त्यहाँबाट चुहिएको अमृतपान गर्ने व्यक्ति नै वास्तविक सुधापान गर्ने व्यक्ति हो अरू त मद्यपान गर्नेहरू हुन् । मांसका बारेमा आगमसारतन्त्रमा भनिएको छ–

कामक्रोधसुलोभमोहपशुकां श्छित्वा विवेकासिना ।
मांसन्निर्विषयं परात्मसुखदं खादन्ति तेषां बुधाः ॥
ते विज्ञानपरा धरातलसुरास्ते पुण्यवन्तो नराः ।
नाश्नीयात् पशुमांसमात्मविमते हिंसां परं सज्जनः ॥ (आगमसारतन्त्र, ज.ब.रा., वि.सं. २०२०, पृ. १६ मा उद्धृत) ।

अर्थात् विवेकी विद्वान् साधकहरू काम, क्रोध, लोभ र मोहरूपी पशुलाई विवेकरूपी तरवारले काटेर परम सुख प्रदान गर्ने निर्विषयरूप मासु खान्छन् । तिनीहरू नै परम रहस्यवेत्ता, पृथ्वीका वास्तविक देवता र पुण्यवान् हुन् । सज्जन व्यक्तिले आफ्नो तृप्तिका लागि प्रत्यक्ष पशुको मासु नखाओस्, त्यस्तो हिंसा नगरोस् । मांसकै विषयमा कुलार्णवतन्त्रमा भनिएको छ–

पुण्यापुण्यपशुं हत्वा ज्ञानखड्गेन योगवित् ।
परे लयं नयेच्चित्तं पलाशी स निगद्यते ॥ (५ उल्लास, १०९ श्लोक) ।

अर्थात् योगवित् साधकले पुण्य र पापरूपी पशुलाई ज्ञानरूपी खड्गले काटेर चित्तलाई परम तत्त्वमा लीन गरोस् । त्यसो गर्ने व्यक्ति नै मांसभोजी भनेर चिनिन्छ । मत्स्यका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

मनसा चेन्द्रियगणं संयम्यात्मनि योजयेत् ।
मत्स्याशी स भवेद् देवि शेषाः स्युः प्राणिहिंसकाः ॥ (५उल्लास, ११० श्लोक) ।

अर्थात् बाह्य विषयमा रमाइरहेका चञ्चल इन्द्रिय समूहलाई मनले नियन्त्रणमा लिएर बाह्य


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषयवृत्तिबाट विरत सो मनलाई आत्मामा लगाउनू । यसो गर्न सक्ने साधक नै मत्स्यभोजी हो, अरू त प्राणीको हिंसा गर्ने हुन् । त्यसैगरी मुद्राका विषयमा कुलार्णवतन्त्रमा लेखिएको छ–

अप्रबुद्धाः पशोः शक्तिः प्रबुद्धाः कौलिकस्य च ।
शक्तिं तां सेवयेद् यस्तु स भवेत् शक्तिसेवकः ॥ (५ उल्लास, १११ श्लोक) ।

अर्थात् पशुभावमा स्थित साधकको शक्ति अप्रवुद्ध (सुषुप्त) अवस्थामा रहेको हुन्छ भने दिव्यभावमा स्थित कौलसाधकको शक्ति प्रबुद्ध (जाग्रत) हुन्छ । जुन साधक यस्तो प्रवुद्ध शक्तिको सेवन गर्दछ त्यो नै शक्तिसेवक हो । मैथुनका विषयमा कुलार्णवतन्त्रमा भनिएको छ–

पराशक्त्यात्ममिथुनसंयोगानन्दनिर्भरः ।
य आस्ते मैथुनं तत् स्यादपरे स्त्रीनिषेवकाः ॥ (५ उल्लास, ११२ श्लोक) ।

अर्थात् पराशक्ति र आत्माको मिथुनभावस्वरूप संयोगसुखको शाश्वत आनन्दमा निमग्न हुनु नै वास्तविक मैथुन हो । त्यसअतिरिक्त दैहिक सुखोपलब्धियुक्त मैथुन त स्त्रीसेवन मात्रै हो । दिव्यभावमा स्थित साधकले पालना गर्ने कुलाचार परापूजाको कोटीमा पर्दछ जुन पराशक्ति कालसङ्कर्षिणीका साथ अद्वयबोध जगाउने बाह्य एवं अन्तर्विषयमा आफ्नो चिन्मय स्वरूपलाई अभिन्नरूपले देख्ने उपासना पद्धति हो ।

**निष्कर्ष**

परम शिवको स्वातन्त्र्यशक्तिलाई नै चितिशक्ति, संवित्, कालसङ्कर्षिणी काली आदि नामले सम्बोधन गरिन्छ । सोही चितिशक्तिलाई आगमशास्त्रहरूमा महाप्रतिभाशालिनी भासा नामले निर्देश गरिएको छ । विश्वसिद्धिको कारणस्वरूप स्वातन्त्र्यशक्ति नै सृष्टि, स्थिति, संहार, अनाख्या र भासारूप पञ्चकृत्यका रूपमा निरन्तर प्रकट भइरहेको छ । सृष्टिव्यापार वा सृष्टिचक्रमा पञ्चसिद्धको संज्ञाप्राप्त पञ्चमहाभूत र पञ्चसिद्धको शक्तिस्वरूप पञ्चतन्मात्रा गरी दशवटा कलाहरूको स्थिति रहन्छ । स्थितिव्यापार वा स्थितिचक्रमा बाइसवटा कलाहरू हुन्छन् । तीमध्ये सहस्रारमा चार युगनाथ र तिनका चार पत्नीहरू रहन्छन् भने हृदयस्थ षट्कोणमा साधिकार राजपुत्र र निरधिकार राजपुत्र रहन्छन् । वास्तवमा बुद्धि र पाँच कर्मेन्द्रिय साधिकार राजपुत्र हुन् भने मन र पाँच ज्ञानेन्द्रिय निरधिकार राजपुत्र हुन् (कविराज, ई.सं. १९९४, पृ. १०५) । हृदयस्थ षट्कोणको केन्द्रस्थानमा कुलेश्वर र कुलेश्वरी रहन्छन् । यसप्रकार स्थितिचक्रमा बाइस कलाहरूको अवस्थिति रहेको छ । संहारचक्रमा एघारवटा कलाहरूको स्थिति रहन्छ । तिनै एघार कलालाई एघार संहारचक्रनायिका भनिएको छ । ती एघार संहारचक्रनायिकाहरूको शक्तिमान् तत्त्वलाई एघार वीरको संज्ञा दिइएको छ । अनाख्याचक्रमा तेह्र कलाको स्थिति रहन्छ । तिनै तेह्र कलालाई द्वादशकाली र ती सबैको समष्टिस्वरूप त्रयोदशकालीको संज्ञा दिइएको छ । वास्तवमा त्रयोदशकाली भन्नु नै सृष्टि, स्थिति, संहार र अनाख्याक्रमकी जननी, सबैमा अनुस्यूत विश्वमय–विश्वोत्तीर्ण भासा नै हो । सृष्टि, स्थिति, संहार, अनाख्या र भासा नामक पाँच चक्रलाई 'पञ्चवाह महाक्रम' भनिन्छ । सृष्टिदेखि अनाख्यासम्म चार चक्रको पूजालाई क्रमपूजा भनिन्छ भने पाँचौं भासाचक्रको पूजालाई अक्रमक्रमपूजा भनिन्छ । भासा वा परम स्वतन्त्र संवित्शक्तिमा नै सबैको पर्यवसान हुने भएकाले त्यो चितिशक्ति अखण्ड अद्वैत स्वरूप हो त्यसैले त्यो क्रमोत्तीर्ण छ तर सम्पूर्ण क्रमको जननी र सबै क्रममा अनुस्यूत भएर रहने भएकाले त्यो परम स्वातन्त्र्यशक्ति वा भासक्रम पनि हो । सोही अक्रम एवं क्रमस्वरूप चिति, संवित् वा कालसङ्कर्षिणी कालीलाई सर्वत्र सदा सर्वदा अविचलरूपले अनुभव गर्नु नै स्वात्मविमर्श वा जीवन्मुक्ति हो र त्यही नै काली उपासनाको परम आदर्श पनि हो ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## सन्दर्भग्रन्थसूची

कविराज, गोपीनाथ (१९९४), *तान्त्रिक वाङ्मय मे शाक्तदृष्टि,* पटना : विहार राष्ट्रभाषा परिषद् ।
गुप्त, अभिनव (२००२), *तन्त्रालोक* (विवेकव्याख्यासहित), राधेश्यामचतुर्वेदी (सं.), वाराणसी : चौखम्वा विद्याभवन ।
ज.ब.रा., धनशमशेर (वि.सं. २०२०) *प्रबुद्धसनातनरहस्यम्,* काठमाडौं ।
ज.ब.रा., धनशमशेर (वि.सं. २०४६) *कुलार्णवरहस्य,* काठमाडौं : नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान ।
तारानन्दतीर्थ (वि.सं. २०६४), *वाममार्ग का यथार्थ स्वरूप* (कल्याण, शक्ति अङ्क), गोरखपुर : गीताप्रेस ।
नवमीसिंह (वि.सं. २०५४), *तन्त्रचिन्तामणि* (पूर्वभाग), विद्यानाथ उपाध्याय (सं.), दाङ : महेन्द्र संस्कृत विश्वविद्यालय ।
पणशीकर, वासुदेव (सं.) (१९९०), *ईशाद्यष्टोत्तरशतोपनिषदः,* वाराणसी : चौखम्वा विद्याभवन ।
भट्ट, गिरिधारी (व्याख्याकार) (वि.सं. २०६९) *तोडलतन्त्र,* काठमाडौं : सूरज शमशेर ज.ब.रा. ।
महर्षि वेदव्यास, *श्रीमद्भागवतमहापुराण,* गोरखपुर : गीताप्रेस ।
मिश्र, परमहंस (सं.) (२००२), *कुलार्णवतन्त्र,* दिल्ली : चौखम्वा विद्याभवन ।
स्वामीलक्ष्मणजू (२०१०), *श्रीक्रमनयप्रदीपिका,* काश्मीर : ईश्वर आश्रम ट्रस्ट ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# डोटेली भाषामा वाक्यव्यवस्था

– डा. मोहनप्रसाद भट्ट
उपप्राध्यापक (त्रि.वि.वि.)

**लेखसार**

*डोटेली भाषामा वाक्यको बाह्य संरचनाका आधारमा उद्देश्य-विधेय, उद्देश्य-प्रत्यक्ष कर्म-विधेय, उद्देश्य- पूरक-विधेय, उद्देश्य-अप्रत्यक्ष कर्म-प्रत्यक्ष कर्म-विधेय, उद्देश्य-प्रत्यक्ष कर्म-पूरक-विधेय गरी पाँच प्रकारका आधारभूत वाक्य ढाँचा पाइन्छन् । यस्तो वाक्य ढाँचा डोटेली भाषाको व्याकरणिक वाक्य ढाँचा हो । तर यस्तो पदक्रम कतिपय अवस्थामा विचलन भई आलङ्कारिक पदक्रम पनि बन्ने गरेको पाइन्छ ।*

*डोटेली भाषामा चार प्रकारका पदावली रहेका पाइन्छन्- नामपदावली, विशेषणपदावली, क्रियापदावली र परस्थानिकपदावली । नामपदावलीमा निर्धारक र नाम, गुणवाचक विशेषण र नाम, भेदक र नाम, सङ्ख्यावाचक र नाम तथा समानाधिकरण र नामको पदक्रम पाइएको छ भने विशेषणपदावलीमा परिमाणवाचक पद र विशेषणको पदक्रम रहेको छ। पदावलीको रचनामा नामपदावली र क्रियापद, क्रियायौगिक पदावली र नाम पद तथा परस्थानिक पदावली र क्रियापदको योग भएको पाइन्छ । क्रियाविशेषण पदावलीको रचनामा मात्राबोधक र क्रियाविशेषण तथा नामिक पद र नामयोगीको योग भएको पाइन्छ। डोटेली भाषामा कर्ता र क्रिया, नाम र कोटिकर, विशेषण र विशेष्य, भेदक र भेद्य, नाम र सर्वनाम, कर्म र क्रियाका विचमा समेत सङ्गति हुने गर्छ ।*

*डोटेली भाषामा सरल, संयुक्त र मिश्र गरी तीन प्रकारका वाक्य रहेका छन् । सरल वाक्य आधारभूत र विस्तारित गरी दुई प्रकारका छन् भने संयुक्त वाक्य समुच्ययबोधक, विकल्पबोधक, विशेषक, कारणबोधक र अनुक्रमबोधक गरी पाँच प्रकारका रहेका छन् । यसैगरी मिश्र वाक्यमा नाम उपवाक्य, विशेषण उपवाक्य र क्रियाविशेषण उपवाक्यका प्रकार पाइन्छन् ।*

**मुख्य शब्दावली** : वाक्य, डोटेली, भाषिक संरचना, सुदूरपश्चिम

**पृष्ठभूमि**

कुनै पनि भाषा सबै ठाउँ र सबै स्थितिमा एकनास प्रयुक्त हुँदैन। भौगोलिक दूरी, सम्पर्कको अभाव, समयको लामो अन्तराल, विभिन्न भाषिक समुदायसँगको सम्पर्क तथा सामाजिकता आदिका कारण एउटै भाषामा विभिन्न भेदहरू उत्पन्न हुन्छन्। सुदूरपश्चिम प्रदेशमा बोलिने भाषालाई पोखरेल (२०३१: ४४) ले नेपाली भाषाको ओरपच्छिमा र मझपच्छिमा भाषिका वर्गअन्तर्गत राखेका छन् भने बन्धु (२०३२:५७) र आचार्य (२०४८:३९) ले पश्चिमी नेपाली भाषिकाअन्तर्गत राखेका छन्। यसलाई कसैले बोली, कसैले विभाषा र कसैले उपभाषा पनि भनेका छन्। सुरु सुरुमा डोटेली



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भाषासम्बन्धी अध्येताहरूका धारणामा एकमत नपाइए पनि हाल भाषा आयोगले यसलाई छुट्टै भाषाको मान्यता दिइसकेको छ । यसलाई नेपालको राष्ट्रिय जनगणना (२०६८) ले पनि स्वतन्त्र भाषाको मान्यता दिएको छ ।

डोटेली भाषा सुदूरपश्चिम प्रदेशभित्र र देशका विभिन्न ठाउँमा छरिएर रहेका सुदूरपश्चिमबासीले बोल्ने गर्छन् । सुदूरपश्चिम प्रदेशमा ९९ प्रतिशत व्यक्तिहरूले यो भाषा बोल्दछन् । यस भाषामा थुप्रै क्षेत्रीय भेदहरू पनि रहेका छन् । यो अध्ययन डोटी जिल्लामा बोलिने भाषिक भेदमा आधारित छ र यस अध्ययनमा डुम्राकोट र त्यस वरिपरिका क्षेत्रलाई केन्द्रबिन्दु बनाई सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । यो क्षेत्र ऐतिहासिक, भौगोलिक र सांस्कृतिक दृष्टिले डोटी जिल्लाको केन्द्रको रूपमा रहेको छ ।

वाक्य भाषिक संरचनाको सबैभन्दा ठुलो एकाइ हो भने अभिव्यक्तिको सबैभन्दा सानो एकाइ हो । व्याकरणका दृष्टिले भाषाको उच्चतम एकाइलाई वाक्य भनिन्छ । वाक्यको निर्माण विभिन्न उपवाक्यहरू मिलेर हुने गर्छ । यस्ता उपवाक्यहरू वाक्यका अनिवार्य संरचकभित्र पर्दछन् । यिनैलाई आधारभूत वाक्य पनि भनिन्छ । उपवाक्यहरू पदावलीहरू र पद मिलेर बनेका हुन्छन् । प्रकार्यका दृष्टिले पद र पदावली समान हुन्छन् ।

**अध्ययनको आवश्यकता**

डोटेली भाषाका कतिपय पक्षमा फुटकर अध्ययन भएको पाइए पनि यस भाषाको वाक्यको बारेमा विस्तृत रूपमा गरिएको यस अध्ययनले डोटेली भाषाको वाक्य व्यवस्थालाई बुझ्न अझै सजिलो हुने निश्चित छ । यस प्रकारको अध्ययनले डोटेली भाषाको वाक्यका बारेमा थप अध्ययन गर्नेहरूका लागि यसले मार्ग प्रशस्त गर्ने छ । यसका अतिरिक्त भाषा तथा भाषिकाको अध्ययन गर्नेहरूको प्राज्ञिक उन्नयनमा समेत यस अध्ययनले सहयोग गर्ने भएकाले यसको आवश्यकता देखिन्छ । यो भाषा अहिलेसम्म कथ्य भाषाका रूपमा प्रयोग हुँदै आएको छ । यसलाई लेख्य भाषाका रूपमा विकसित गर्नका लागि यसले सहयोग गर्ने देखिन्छ ।

**अध्ययन विधि**

शोध सामग्रीका लागि तथ्यहरूको सङ्कलन विशेषतः प्राथमिक स्रोतबाट गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत तथ्याङ्कको सङ्कलन नमुना छनोट विधिमा आधारित छ । यसअन्तर्गत डुम्राकोट क्षेत्रलाई मुख्य मानिएको छ । यसै क्षेत्रका विभिन्न उमेर समूह, लिङ्ग, जातजाति, पेसा, वर्गका आदर्श सूचकहरू चयन गरी तथ्याङ्क सङ्कलन गरिएको छ । एउटा सूचकबाट प्राप्त सामग्री अर्को सूचकसँग सम्परीक्षण गरिएको छ ।

शब्द, लोककथा, लोकगाथा, मागल, फाग, डेउडा र अन्य यस्तै कथ्य पाठहरूको सङ्कलन गरिएको छ । गौण सामग्रीका रूपमा भाषाविज्ञान र भाषिका शास्त्रसम्बन्धी सैद्धान्तिक पुस्तकहरूको यथेष्ट उपयोग गरिएको छ । डोटेली भाषासँग सम्बन्धित द्वितीयक सामग्रीहरूलाई पनि यस अध्ययनमा प्रयोग गरिएको छ ।

**अध्ययन विश्लेषण**

**आधारभूत वाक्य**

वाक्यमा रहेका सरल एकाइलाई आधारभूत वक्य भनिन्छ । यस्ता आधारभूत वाक्यलाई उपवाक्य पनि भन्न सकिन्छ । आधारभूत वाक्यलाई वाक्यका अनिवार्य संरचकका रूपमा लिन सकिन्छ । वाक्यको वाह्य संरचनाका आधारमा डोटेली भाषामा उद्देश्य-विधेय, उद्देश्य-प्रत्यक्ष कर्म-विधेय, उद्देश्य-पूरक-



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधेय, उद्देश्य-अप्रत्यक्ष कर्म-प्रत्यक्ष कर्म-विधेय, उद्देश्य-प्रत्यक्ष कर्म-पूरक-विधेय गरी पाँच प्रकारका आधारभूत वाक्य ढाँचा रहेका पाइन्छन्, जस्तै :

| | |
|---|---|
| काइ रोयो । | भाइ रोयो |
| काइ भात खान्छ । | भाइ भात खान्छ । |
| काइ मास्टर भयो । | भाइ शिक्षक भयो |
| काइ ले हरि लाइ लत्ता दियो । | भाइले हरिलाई लुगा दियो । |
| हरि को भाइ मास्टर भयो । | हरिको भाइ शिक्षक भयो । |

**पदक्रम**

शर्मा (२०६०; १९२) ले ठुलो भाषिक एकाइमा पूर्वापर शब्दहरूको क्रमबद्ध रखाइलाई पदक्रम मानेका छन्। पदक्रम नमिलेसम्म वक्य निर्माण प्रायः असम्भव हुन्छ। वाक्यमा आउने पदहरूको क्रमिकता नै पदक्रम हो। वाक्यमा प्रयुक्त आधारभूत पदको क्रम विशेष प्रकारको हुन्छ। ग्रिन्वर्ग ( इ.१८६३; ६१) ले संसारका भाषाहरूमा ६ प्रकारको पदक्रम पाइने सम्भावना देखाएका छन्। ती हुनः

(क) कर्ता-क्रिया-कर्म, (ख) कर्ता-कर्म-क्रिया,
(ग) क्रिया-कर्ता-कर्म (घ) क्रिया-कर्म-कर्ता,
(ङ) कर्म-क्रिया-कर्ता (च) कर्म-कर्ता-क्रिया ।

उपर्युक्त सम्भावनाहरूमध्ये तीन सम्भावना (क), (ख), (ग) लाई प्रमुख रूपमा लिइन्छ। ग्रिन्वर्गले पनि पछिल्ला अध्ययनमा (घ) को पदक्रमलाई प्रमुख मान्दै (ङ) र (च) लाई बाह्य संरचनामात्र मानेका छन् (गौतम, २०५८; २१)। मानक नेपाली भाषामा (ख) अनुसार कर्ता, कर्म, क्रियाको पदक्रम पाइन्छ तर सबै प्रकारका वाक्यमा कर्मको उपस्थिति हुँदैन। कतिपय वाक्यमा कर्ता र क्रियामात्र पनि रहेका हुन्छन्। यसैगरी कतिपय वाक्यमा कर्ता, पूरक र क्रिया, कर्ता-कर्म-पूरक र क्रियाको पदक्रम पनि रहेको पाइन्छ। यसै आधारमा आधारभूत वाक्यको ढाँचा निर्धारण गरिन्छ।

वाक्यमा पदक्रम सधैँ एउटै ढाँचामा रहेको हुँदैन। कतिपय अवस्थामा पदहरूको क्रम अगाडि वा पछाडि सर्न सक्छ। यस्तो पदक्रमलाई आलङ्कारिक पदक्रम भनिन्छ। डोटेली भाषामा यस्तो पदक्रमको प्रयोग ड्यौडा गीत, मागल, फाग, डोटेली भाषाका कविता आदिमा भएको पाइन्छ,जस्तै :

लागि ग्यो चैतको मइना वात्थ लाग्या न्यउला,
बसिरेइ जन्मे थलि फिर फर्केर आउँला ।

उक्त गीतको पहिलो पाउमा प्रयोग गरिएका दुई स्वतन्त्र उपवाक्यमा आलङ्कारिक पदक्रम प्रयोग गरिएको छ, जस्तै :

आलङ्कारिक पदक्रम
लागि ग्यो चैतको महिना ।
बात्थ लाग्या न्यउला ।
व्याकरणिक पदक्रम
चैतको महिना लागि यो ।
न्यउला बात्थ लाग्या ।

**पदावली निर्माण**

पदहरूको समूह पदावली हो। शब्दभन्दा ठुलो र वाक्यांशभन्दा सानो भाषिक एकाइलाई पदावली भनिन्छ। पदावलीलाई रचनाका दृष्टिले नामपदावली, विशेषणपदावली, क्रियापदावली र क्रियाविशेषण पदावली गरी चार वर्गमा विभाजन गरिएको पाइन्छ तर वाक्यात्मक कार्यका दृष्टिले भने



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विशेषणपदावली नामपदावलीअन्तर्गत र क्रियाविशेषण पदावली क्रियापदावलीअन्तर्गत समाहित हुने गर्छन् । यसमा पदावली निर्माणका बारेमा चर्चा गरिएको छ ।

**नामपदावली**

वाक्यमा नाम वा उद्देश्यको काम गर्न आउने पदावलीलाई नामपदावली भनिन्छ । नाम पद शीर्ष रहेको पदावलीलाई नामपदावली भनिन्छ। नामपदावलीको रचनामा शीर्ष पदका साथ गुणवाचक विशेषण, निर्धारक, भेदक आदि विभिन्न प्रकारका विशेषक पदहरू आउन सक्छन्। यसै गरी नामपदावलीभित्र विशेषणका रूपमा उपवाक्य पनि आउने सम्भावना रहेको हुन्छ ।

**गुणवाचक विशेषण र नाम**

डोटेली भाषामा गुण वा विशेषता जनाउन आउने नामपदावली यस प्रकार छन् :

| | |
|---|---|
| निको मान्स | राम्रो मान्छे |
| ठुलो पट्कान | ठुलो आँगन |

**निर्धारक र नाम**

डोटेली भाषामा निर्धारक र नाम मिलेर नामपदावलीको रचना हुने गर्छ । यस्तो रचना प्रक्रियामा दर्शक सर्वनामले विशेष भूमिका खेलेको पाइन्छ, जस्तै :

| | |
|---|---|
| यो रोटो | यो रोटी |
| त्यो खलो | त्यो आँगन |

**भेदक र नाम**

डोटेली भाषामा नामपदावलीको रचना गर्दा नाम पदसँग आएका भेदक पदहरूले विशेषणवत् कार्य गरेको पाइन्छ, जस्तै :

| | |
|---|---|
| मेरो चेलो | मेरो छोरो |
| रामइ इजा | रामको आमा |

**सङ्ख्यावाचक विशेषण र नाम**

डोटेली भाषामा नाम पदसँग सङ्ख्यावाचक विशेषणहरू जोडिएर नामपदावली बन्ने गरेको पाइन्छ, जस्तै :

| | |
|---|---|
| दुइ कापि | दुई कपी |
| सात मुल्ये | त्यस्ता केटा |

**कोटिकर र नाम**

डोटेली भाषामा कोटिकरहरू पनि नामपदावलीकै अङ्ग बनेर आउँछन् तर तिनीहरू सङ्ख्यावाचक विशेषणका साथमा मात्र आउँछन्,जस्तै :

| | |
|---|---|
| यक जनो मान्स | एक जना मान्छे |
| चार जाना मान्स | चार जना मान्छे |

माधव पोखरेलको भनाइअनुसार कोटिकर आधारभूत रूपमा पूर्वी एसियाको भाषिक व्यहोरा भएकाले जति पश्चिमतिर गयो त्यति कोटिकरको मात्रा कम हुँदै गएको पाइन्छ । यस्तो आवस्था डोटेली भाषामा पनि रहेको पाइन्छ, जस्तै :

| | |
|---|---|
| यक मान्स | एक मान्छे |
| चार स्वइनि | चार स्वास्नी |



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**समानाधिकरण र नाम**

नाम पदको विशेषक विशेषण नभएर नाम पद नै रहेको छ भने त्यसलाई समानाधिकरण भनिन्छ। डोटेली भाषामा यस प्रकारका नामपदावलीको सङ्ख्या अधिक देखिन्छ, जस्तै :

काइ धना — वहिनी धना
चेलो हरि — छोरो हरि

नाम थर बुझाउने पदहरू समस्त प्रकृतिका रहेका हुन्छन्। यिनीहरूमा पनि समानाधिकरण सम्वन्ध देखिन्छ, जस्तै :

राम गिरि पुजारा — राम गिरी पुजारा
राम भक्त ओझा — राम भक्त ओझा

**विशेषणपदावली**

विशेषण पद शीर्ष रहेको पदावलीलाई विशेषणपदावली भनिन्छ। प्रकार्यका दृष्टिले विशेषणपदावली नामपदावलीको अङ्ग भए पनि रचनाका दृष्टिले स्वतन्त्र हुन्छन्। यिनीहरूको रचनामा परिमाणवाचक विशेषणको योग भएको पाइन्छ, जस्तै :

झिक्कै रातो — धेरै रातो
थोक्काइ नानो — थोरै स्यानो

रचनाका दृष्टिले विशेषणपदावली स्वतन्त्र भए पनि वाक्यात्मक कार्यका दृष्टिले भने यिनीहरू नामपदावलीकै अभिन्न अङ्ग भई आउँछन्, जस्तै :

झिक्कै रातो कपडा — धेरै रातो कपडा
थोक्काइ कालो वल्ल — थोरै कालो गोरु

**क्रियापदावली**

क्रियापद शीर्ष रहेको पदावलीलाई क्रियापदावली भनिन्छ। यस्तो पद समापिका क्रियामा मात्र हुन्छ। यसले वाक्यमा कालको सङ्केत गर्दछ र ध्रुवीयतालाई पनि देखाउने गर्दछ। क्रियापदको रचना एउटै क्रियाबाट पनि हुन्छ र एकभन्दा धेरै क्रियाहरू मिलेर पनि हुन्छ। एकभन्दा वढी क्रियाहरू मिलेर बनेको क्रियापदावलीमा पहिलो क्रिया मुख्य हुन्छ र अरू क्रिया त्यसका सहायक हुन्छन्। यिनीहरूको रचनामा मुख्य क्रिया अगाडि र सहायक क्रिया पछाडि रहन्छ, जस्तै :

अरि छाण्यो। — गरी छोड्यो
जाणि हाल्यो — जानिहाल्यो

क्रियापदको निर्माणमा कालबोधक सहायक क्रिया प्रयुक्त भएमा त्यस्तो क्रिया मुख्य क्रिया र सहायक क्रियाको पछाडि आउने गर्छ, जस्तै :

भन्ना थ्यो। — भन्दै थियो
खाइ सक्या थ्यो। — खाइसकेको थियो

नाम पद क्रियाको अङ्ग बनेर आउने क्रियालाई मिश्र क्रिया भनिन्छ। यस्ता क्रियाले उद्देश्यका ठाउँमा सम्प्रदान पद लिने गर्छ। यस्ता क्रियालाई क्रियापदावली भनिँदैन। डोटेली भाषामा पाइने मिश्र क्रियामा स्त्रीलिङ्गका क्रियापद प्रयुक्त हुन्छन्, जस्तै :

भोक लागि। — भोक लाग्यो
दिक्क लागि। — दिक्क लाग्यो

क्रियापदावलीको निर्माणमा क्रियापद शीर्ष हुन्छ भने त्यसका साथमा नामपदावली, क्रियाविशेषण पदावली र परस्थानिक पदावली गरी तीन प्रकारका पद विशेषक बनेर आउन सक्छन्, जस्तै :



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

### नामपदावली र क्रियापद

क्रियापदावलीको विशेषक बनेर आउने नामपदावली कर्म र पूरक पदावली हुन्। यिनीहरू क्रियापदावलीका अनिवार्य संरचक हुन्छन्। वाक्यका अनिवार्य कारक भनेका पनि यिनीहरू नै हुन्। यिनीहरूको चर्चा आधारभूत वाक्य शीर्षकमा गरिएको छ। डोटेली भाषामा नामपदावली र क्रियापद मिलेर बन्ने क्रियापदावली यस प्रकार छन् :

| | |
|---|---|
| उन्ने बल्ललाइ हाण्यो। | उसले गोरूलाई हान्यो। |
| इस्कुल्यान् ले हरिलाइ नेता छान्यो। | विद्यार्थीहरूले हरिलाई नेता छाने। |

### क्रियायोगी र क्रियापद

क्रियायोगीहरू क्रियापदका विस्तारक अंश हुन्। क्रियायोगी र क्रियापद मिलेर बनेका केही क्रियापदावली यस प्रकार छन् :

| | |
|---|---|
| स्वाद खायो। | बिस्तारै खायो |
| मुसुक्क हाँस्यो। | मुसुक्क हाँस्यो |

### परस्थानिक पदावली र क्रियापद

परस्थानिक पद भनेका विभक्ति समान नाम पदमा जोडिने पद हुन्। परम्परागत व्याकरणमा यिनीहरूलाई कारकअन्तर्गत चर्चा गरिएको भए पनि यिनीहरू वाक्यका अनिवार्य संरचक मात्र हुन्छन्। पाणिनीय व्याकरणमा करण, सम्प्रदान, अपादान र अधिकरण कारकका रूपमा चर्चा गरिएका पदावली परस्थानिक पदावलीअन्तर्गत पर्दछन्, जस्तै :

| | |
|---|---|
| हरिले लठ्ठोले स्याप मार्यो। | हरिले लठ्ठीले सर्प मार्‍यो। |
| भाइलाइ दे। | भाइलाई देउ। |
| रुखहइ पात झण्यो। | रुखबाट पात झर्‍यो। |
| रुखइनो पासो लायो। | रुखमा पासो लगायो। |

डोटेली भाषामा कतिपय नामयोगी र क्रियाविशेषणले पनि अधिकरण पदावलीको निर्माण गर्दछन्, जस्तै :

| | |
|---|---|
| घर वाइर अनारो छ। | घरबाहिर अँध्यारो छ। |
| घरका मल्तिर कौवा छ। | घरको माथि काग छ। |

### क्रियाविशेषण पदावली र क्रियापद

क्रियाविशेषण पद शीर्ष रहेर बनेको पदावलीलाई क्रियाविशेषण पदावली भनिन्छ। यसमा विशेषकका रूपमा मात्राबोधक क्रियाविशेषण पद रहन सक्छ। डोटेली भाषामा क्रियाविशेषण पदावली निम्नानुसार छन् :

| | |
|---|---|
| झिक्कै निकेरि खायो। | धेरै राम्ररी खायो |
| थोक्काइ सद्दिले हिट्यो। | थोरै बिस्तारै हिँड्यो |

### पदसङ्गति

पदसङ्गति एक किसिमको व्याकरणात्मक सम्बन्ध हो। यस्तो सम्बन्ध वाक्यका दुई वा दुईभन्दा बढी रूप वा पदहरूमा हुन्छ र त्यस्ता रूपहरूले समान अभिलक्षण देखाउँछन्। नेपालीमा कर्ताको जुन लिङ्ग, वचन र पुरुष हुन्छ सोहीअनुसार क्रियाको पनि हुनु पदसङ्गतिको अभिलक्षण हो (शर्मा, २०६० : १९७)। पोखरेल (२०५६ : ७३) ले पदसङ्गतिलाई कुनै वाक्य वा वाक्यात्मक संरचनामा एउटा पदका



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा परिवर्तन गर्नेवित्तिकै अर्को रूपमा पनि समानुपतिक परिवर्तन गर्नुपर्ने अवस्थाका रूपमा चर्चा गरेका छन् ।

डोटेली भाषाका कर्ता र क्रिया, विशेषण र विशेष्य, भेदक र भेद्य, नाम र कोटिकर तथा नाम र सर्वनामका बिचमा पदसङ्गतिको प्रभाव रहेको पाइन्छ ।

कर्ता र क्रियाका विच पदसङ्गति

डोटेली भाषामा कर्ता एवं क्रियाविच लिङ्ग, वचन र पुरुषको पदसङ्गति पाइन्छ । यसैले कर्ता जुन लिङ्ग वचन र पुरुषमा हुन्छ क्रिया पनि त्यही लिङ्ग, वचन र पुरुषमा हुन्छ ।

**लिङ्गको सङ्गति**

डोटेली भाषामा लिङ्गको सङ्गति द्वितीय पुरुष र तृतीय पुरुषमा पाइन्छ प्रथम पुरुषमा पाइँदैन, जस्तै :

| | |
|---|---|
| काइ भात खान्छ । | भाइ भात खान्छ । |
| वइनि भात खान्छे । | बहिनी भात खान्छे । |

डोटेली भाषामा द्वितीय पुरुष अभूत काल अनादरवाचीमा लिङ्गको सङ्गति हुँदैन, जस्तै :

| | |
|---|---|
| तु घर जा । | तँ घर जा । |

डोटेली भाषामा भाववाचक नाम पद उद्देश्य (कर्ता) को रूपमा आएका तिनले लिने विधेय (क्रिया) दुवैमा लिङ्ग सङ्गति हुन्छ, जस्तैः

| | |
|---|---|
| मलाइ निन लागि । | मलाई निन्द्रा लाग्यो । |
| भोक लागि । | भोक लाग्यो । |

**वचनको सङ्गति**

डोटेली भाषामा वचनका आधारले कर्ताअनुसार क्रियाको सङ्गति पाइन्छ। डोटेली भाषाका कतिपय नाम पदमा बहुवचन जनाउन 'आ' प्रत्यय लाग्ने र ओकारान्त पदमा तिर्यक् रूपायन पाइने भए पनि अधिकांश नाम पदमा क्रियापदबाट नै एकवचन र बहुवचन स्पष्ट हुन्छ, जस्तै :

| | |
|---|---|
| काइ आयो । | भाइ आयो । |
| काइ आया । | भाइहरू आए |
| मेरा घर | मेरा घर |
| मेरो घर | मेरो घर |

डोटेली भाषामा कर्ता र क्रियाका विचको पदसङ्गतिमा केही विशिष्ट अवस्थाहरू पनि छन्। एकभन्दा बढी कर्ताहरूमा एउटै पुरुष भएमा क्रिया सोही पुरुषको पुलिङ्गको बहुवचनमा रहन्छ, जस्तैः

| | |
|---|---|
| राजु, हरि रे राम आया । | राजु, हरि र राम आए । |

प्रथम पुरुषसँग अरू पुरुषका कर्ता आएमा प्रथम पुरुषको क्रिया बहुवचन रहन्छ, जस्तै :

| | |
|---|---|
| म, तु रे उ घर गया । | म, तँ र उ घर गयौं । |

**पुरुषको सङ्गति**

डोटेली भाषामा पुरुषगत आधारले पनि कर्ता र क्रियाका बिचमा सङ्गति पाइन्छ, जस्तै :

| | |
|---|---|
| म भात खान्छु । | म भात खान्छु । |
| तु भात खान्छइ । | तँ भात खान्छस् । |
| उ भात खान्छ । | ऊ भात खान्छ । |



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**नाम र कोटिकरका बिचको सङ्गति**

डोटेली भाषामा सङ्ख्यावाचक विशेषण र नामका बिचमा विशेष प्रकारका कोटिकर आउँछन्। यस्ता कोटिकर लिङ्ग र वचनअनुसार रूपायित हुने हुँदा तिनीहरूले नाम पदसँग सङ्गति राख्दछन्। यस्तो सङ्गति सङ्ख्यावाचक विशेषणले पनि निर्धारण गर्दछ। डोटेली भाषामा मानवीय नाम र मानवेतर नामसँग आउने कोटिकर फरक हुन्छन्। मानवेतर नाममा लिङ्गभेद नपाउने हुँदा यस्ता कोटिकरले वचनको सङ्गति मात्र देखाउँछन्, जस्तै :

| | |
|---|---|
| यक मुठो घास | एक मुठो घाँस |
| दुइ मुठा घास | दुई मुठा घाँस |

डोटेली भाषामा मानवीय नामले वचनका साथै लिङ्गको कोटि पनि निर्धारण गरेको पाइन्छ। यसैले कोटिकर र नामका बिचमा वचन र लिङ्ग दुवैको सङ्गति पाइन्छ,जस्तै :

| | |
|---|---|
| यक जनो मान्स | एक जना मान्छे |
| यक जनि मान्स | एक जना मान्छे |
| चार जना मान्स | चार जना मान्छे |

**विशेषण र विशेष्यबिच सङ्गति**

डोटेली भाषामा विशेष्य बनेर प्रायः जसो नाममात्र आउने गरेको पाइन्छ। सर्वनाम शब्दहरू नगण्य मात्रामा आउँछन्। विशेष्यको जुन लिङ्ग, वचन र पुरुष हुन्छ विशेषणको पनि सोही अनुरूप नै हुन्छ।

**वचनको सङ्गति**

डोटेली भाषामा गणनीय नाम विशेष्य बनी आउँदा विशेष्य जुन वचनमा हुन्छ विशेषण पनि सोही वचनमा आउँछ, जस्तै :

| | |
|---|---|
| सेति रुमाल | सेतो रुमाल |
| सेता रुमाल | सेता रुमालहरू |

विशेषण र विशेष्यका बिच वचनमा पाइने सङ्गति ओकारान्त विशेषणमा मात्र देखिन्छ। अरू विशेषणमा देखिँदैन, जस्तै :

| | |
|---|---|
| सेति रुमाल | सेतो रुमाल |

**लिङ्गको सङ्गति**

डोटेली भाषामा मानवीय नाम विशेषण भई आउँदा विशेष्य जुन लिङ्गमा हुन्छ विशेषण पनि सोही लिङ्गमा आउँछ, जस्तै :

| | |
|---|---|
| ठुलो भाइ | ठुलो भाइ |
| ठुलि बइनि | ठुली बहिनी |

डोटेली भाषामा विशेषण र विशेष्यमा पाइने लिङ्गको सङ्गति मानवीय नामसँग आउने ओकारान्त विशेषणमा मात्र देखिन्छ। अरूमा देखिँदैन, जस्तै :

| | |
|---|---|
| ठुलो बल्ल | ठुलो गोरु |
| ठुलो गाइ | ठुलो गाइ |

**भेदक र भेद्यबिचको सङ्गति**

भेदक भनेका सम्बन्धवाचक पद हुन्। डोटेली भाषामा भेद्य पद नाम वा सर्वनाम हुन्छ र भेद्यको लिङ्ग र वचन जे हुन्छ भेदकको पनि त्यही हुन्छ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**वचनको सङ्गति**

डोटेली भाषामा भेद्य जुन वचनमा हुन्छ भेदकको वचन पनि त्यही हुन्छ, जस्तै :

| | |
|---|---|
| उइको बाखरो | उसको बाखो |
| उइका बाखरा | उसका बाखाहरू |

**लिङ्गको सङ्गति**

डोटेली भाषामा भेद्यको जुन लिङ्ग हुन्छ भेदकको पनि त्यसैअनुसार लिङ्गमा सङ्गति हुन्छ, जस्तै :

| | |
|---|---|
| मेरो चेलो | मेरो छोरो |
| मेरि चेलि | मेरी छोरी |

**नाम र सर्वनामका बिच सङ्गति**

नामका सट्टामा आउने सर्वनामको जुन वचन र आदर हुन्छ, नामको पनि सोहीवमोजिम हुनुलाई नाम र सर्वनामबिचको सङ्गति भनिन्छ, जस्तै :

| | |
|---|---|
| हरि इस्कुल गयो । उ मेहनति छ । | हरि स्कुल गयों । ऊ मिहिनेती छ । |

**कर्म र क्रियाका बिच सङ्गति**

कर्मणि प्रयोगमा वाक्यमा कर्ताको क्रियासँग कुनै भूमिका रहँदैन । कर्मअनुसार नै क्रियाको सङ्गति हुन्छ । डोटेली भाषामा यस्ता वाक्यहरू अवशिष्ट प्रयोगका रूपमा देखा पर्दछन्, जस्तै :

| | |
|---|---|
| चेलिले सिकार खायो । | छोरीले मासु खाई । |
| मुलाइले मुल्या धेक्यो । | केटीले केटा देखी । |

यहाँ पहिलो वाक्यको सिकार पुलिङ्ग हो र सोहीअनुसार क्रिया पनि पुलिङ्ग भई कर्मअनुसार मेल भएको छ भने दोस्रो वाक्यको 'मुल्या' अनुसार क्रिया सञ्चालित छ ।

**वाक्य विस्तार**

वाक्य विस्तार भनेको वाक्यलाई फैलाउनु वा बढाउनु हो । हरेक सरल वाक्यका उद्देश्य र विधेयमा निकटतम सम्वन्ध भएका पदहरूलाई जोडेर वाक्य बढाउँदै लैजान सकिन्छ । त्यस्ता वाक्यलाई विस्तारित वाक्य भनिन्छ । वाक्यलाई विस्तार गर्दा दुई किसिमले गर्न सकिन्छ-उद्देश्यको विस्तार गरेर र विधेयको विस्तार गरेर ।

**उद्देश्यको विस्तार**

उद्देश्यसँग निकटतम सम्वन्ध भएका विशेषक आदि पदहरूले उद्देश्यलाई बढाउने कार्य गर्दछन् । तिनलाई उद्देश्य विस्तार भनिन्छ, जस्तै :

| | |
|---|---|
| काइ रुन्छ । | भाइ रुन्छ । |
| नानो काइ रुन्छ । | सानो भाइ रुन्छ । |
| हरिको नानो काइ रुन्छ । | हरिको सानो भाइ रुन्छ । |

**विधेयको विस्तार**

विधेयसँग निकटतम सम्बन्ध भएका विशेषक आदि पदहरूले विधेयलाई विस्तार गर्दछन्, जस्तै :

| | |
|---|---|
| काइ रोयो । | भाइ रोयो । |
| काइ बेलि रोयो । | भाइ हिजो रोयो । |
| काइ बेलि जोरले रोयो । | भाइ हिजो जोरले रोयो । |



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**संयुक्त वाक्यरचना**

दुई वा दुईभन्दा बढी स्वतन्त्र उपवाक्य मिलेर बनेको वाक्य संयुक्त वाक्य हो (पोखरेल, २०५६ : १८३)। संयुक्त वाक्यभित्रका उपवाक्य निरपेक्ष संयोजकहरूले जोडिएका हुन्छन्। संयुक्त वाक्यमा हरेक उपवाक्य स्वाधीन हुन्छन्, जस्तै :

**संयुक्त वाक्य**

| वा | सं | वा |
|---|---|---|
| म जाने थे | रे | उ गइभ्यो |
| म जाने थिएँ | र | ऊ गइहाल्यो |

माथिका वाक्यमा आएको संयोजक निरपेक्ष संयोजक हो। डोटेली भाषामा पाइने केही निरपेक्ष संयोजक यसप्रकार छन् :

उइपछा, तसइले, रे, तब, न...न, कित...कित, लइ...लइ, कि...कि, या...या, बा...बा, चाए...चाए, नत, अब, लै, वाइँबठाइ, उल्टा, या, वा, अथवा, तब, बरु, तबलै, हुनात...तर, भले आदि। यस्ता संयोजक संयोजित भएर बन्ने संयुक्त वाक्यका मुख्य प्रकारहरू निम्नानुसार पाइन्छन् :

**समुच्चयक संयुक्त वाक्य**

जुन स्वतन्त्र उपवाक्यहरू लै - लै, रे आदि समुच्चयक संयोजकद्वारा जोडिएका हुन्छन् तिनलाई समुच्चयक संयुक्त वाक्य भनिन्छ, जस्तै :

| | |
|---|---|
| रामलइ अयो हरिलइ आयो। | राम पनि आयो हरि पनि आयो। |
| हरि आयो रे काइ गयो। | हरि आयो र भाइ गयो। |

**वैकल्पिक संयुक्त वाक्य**

जुन स्वतन्त्र उपवाक्यहरू वा, अथवा, कि, कि - कि, या, या - या, न - न आदि संयोजकद्वारा जोडिएका हुन्छन् त्यस्ता वाक्य वैकल्पिक संयुक्त वाक्य हुन्। तिनले उपवाक्यहरूबिचको वैकल्पिक छनौट जनाउँछन्,जस्तै :

| | |
|---|---|
| कि राम आउँछ कि हरि आउँछ। | कि राम आउँछ कि हरि आउँछ। |
| न राम आयो न हरि आयो। | न राम आयो न हरि आयो। |

**विशेषक संयुक्त वाक्य**

जुन स्वतन्त्र उपवाक्यहरू तर, तबलै, क्याइभण्या, हुनात आदि संयोजकद्वारा जोडिएका हुन्छन् त्यस्ता वाक्य विशेषक संयुक्त वाक्य हुन्, जस्तै :

| | |
|---|---|
| हरिले बोलायो तबलइ म गएइन। | हरिले बोलायो तर पनि म गएन। |
| तन्ने भन्यो तबलइ म जानइन। | त्यसले भन्यो तैपनि म जाँदिनँ (जान्नँ)। |

**कारणबोधक संयुक्त वाक्य**

जुन स्वतन्त्र उपवाक्यहरू तसइले, तबइलाइ, रे आदि संयोजकद्वारा जोडिएका हुन्छन् ती कारणबोधक संयुक्त वाक्य हुन्,जस्तै :

| | |
|---|---|
| उन्ने बोलायो तब म आएँ। | उसले बोलायो त्यसैले म आएँ। |
| हरि आयो रे काइ गयो। | हरि आयो र भाइ गयो। |


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**अनुक्रमबोधक**

जुन स्वतन्त्र उपवाक्यहरू उइपछा, तइपछा, रे, कि संयोजकद्वारा जोडिएका हुन्छन् त्यस्ता वाक्य अनुक्रमवोधक वाक्य हुन् । यिनले खास क्रम बुझाउने गर्छन्, जस्तै :

तु आ तइपछि म जाउँलो । तिमी आऊ त्यसपछि म जाउँला ।
तु आएइ कि म हिट्या । तँ आइस् कि म हिँडैं ।

**मिश्रवाक्य रचना**

एउटा मुख्य वाक्य र एक वा एकभन्दा वढी अधीन वा आश्रित उपवाक्य मिलेर बनेको वाक्यलाई मिश्रवाक्य भनिन्छ । अधीन उपवाक्यलाई सापेक्ष संयोजकले मुख्य उपवाक्यसँग जोडेको हुन्छ । यस्ता किसिमका वाक्यलाई वृक्षारेखमा यसरी देखाउन सकिन्छ :




जस्तै :

हरिले भन्यो पदम उच्चो छ । हरिले भन्यो पदम अग्लो छ ।

डोटेली भाषामा प्रकार्यका दृष्टिले अधीन वा आश्रित उपवाक्य तीन प्रकारका पाइन्छन् : नाम उपवाक्य, विशेषण उपवाक्य र क्रियाविशेषण उपवाक्य ।

**नाम उपवाक्य**

मुख्य वाक्यको कर्ता, कर्म, पूरक वा समानाधिकरण भई नाम सरह कार्य गर्ने अधीन वा आश्रित वाक्यलाई नाम उपवाक्य भनिन्छ । यो वितरणको आधारले मुख्य वाक्यको अगाडि, बिचमा र अन्त्यमा आउन सक्छ, जस्तै :

मेरो लादो भरुँ गट्टो विचार हो । मेरो भुँडी भरुँ खराब विचार हो ।
हरिले साँचो लुक्दैन भण्यो । हरिले सत्य लुक्दैन भन्यो ।
मेरो इच्छा कि छ भन्या तम निकरि खाया । मेरो चाहना के छ भने तिमी राम्ररी खानू ।

**विशेषण उपवाक्य**

मुख्य उपवाक्यको कर्ता, कर्म, पूरकको विशेषणसरह भई काम गर्ने उपवाक्य अधीन वा आश्रित उपवाक्य हो । यो वितरणको आधारले मुख्य वाक्यको अगाडि वा पछाडि आउन सक्छ, जस्तै :

त्यो मान्स सफल हुन्छ जो मिहिनती छ । त्यो मान्छे सफल हुन्छ जो मिहिनेती छ ।
जइलाइ सबै ले निको मान्यो उइ ठुलो हुन्छ । जसलाई सबैले राम्रो मान्छन उही ठुलो हुन्छ ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मइले रामलाइ इसो नेता छान्या जो कत्ति लै स्वार्थि नइआथि । मैले रामलाई यस्तो नेता छानें जो कत्ति पनि स्वार्थी छैन ।

**क्रियायोगी उपवाक्य**

यस्तो उपवाक्यले मिश्र वाक्यमा मुख्य उपवाक्यको क्रियायोगी वा क्रियाविशेषणसरह भई कार्य गर्दछ। यस्तो वाक्यमा जाँ, जसेरि, जति, जव आदि योजकहरू जोडिएका हुन्छन् । यो वितरणको आधारले मुख्य वाक्यको अगाडि, विचमा र पछाडि आउन सक्छ, जस्तै :

| | |
|---|---|
| जाँ तम गया ताँ मन्दिर छ । | जहाँ तिमी गयौ त्यहाँ मन्दिर छ । |
| जसेरि आयो तसेरि गयो। | जसरी आयो त्यसरी गयो । |

**निष्कर्ष र प्राप्ति**

डोटेली भाषा सुदूरपश्चिम प्रदेशअन्तर्गत मध्य पहाडी क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूले आफ्नो दैनिक व्यवहार चलाउन बोलिने भाषा हो । यस क्षेत्रको आफ्नै विशिष्ट भौगोलिक तथा सामाजिक परिवेश रहेको छ ।

डोटेली भाषामा वाक्यको बाह्य संरचनाका आधारमा उद्देश्य-विधेय, उद्देश्य-प्रत्यक्ष कर्म-विधेय, उद्देश्य-पूरक-विधेय, उद्देश्य-अप्रत्यक्ष कर्म-प्रत्यक्ष कर्म-विधेय, उद्देश्य-प्रत्यक्ष कर्म-पूरक-विधेय गरी पाँच प्रकारका आधारभूत वाक्य ढाँचा पाइन्छन् । यस्तो वाक्य ढाँचा डोटेली भाषाको व्याकरणिक वाक्य ढाँचा हो । तर यस्तो पदक्रम कतिपय अवस्थामा विचलन भई आलङ्कारिक पदक्रम पनि बन्ने गरेको पाइएको छ ।

डोटेली भाषामा चार प्रकारका पदावली पाइएका छन्- नामपदावली, विशेषणपदावली, क्रियापदावली र परस्थानिक पदावली । नामपदावलीमा निर्धारक र नाम, गुणवाचक विशेषण र नाम, भेदक र नाम, सङ्ख्यावाचक र नाम तथा समानाधिकरण र नामको पदक्रम पाइएको छ भने विशेषणपदावलीमा परिमाणवाचक पद र विशेषणको पदक्रम रहेको छ। पदावलीको रचनामा नामपदावली र क्रियापद, क्रियायोगिक पदावली र नाम पद तथा परस्थानिक पदावली र क्रियापदको योग भएको पाइन्छ । क्रियाविशेषण पदावलीको रचनामा मात्राबोधक र क्रियाविशेषण तथा नामिक पद र नामयोगीको योग पाइन्छ । डोटेली भाषामा कर्ता र क्रिया, नाम र कोटिकर, विशेषण र विशेष्य, भेदक र भेद्य, नाम र सर्वनाम, कर्म र क्रियाका बिचमा समेत सङ्गति रहेको पाइन्छ ।

डोटेली भाषामा सरल, संयुक्त र मिश्र गरी तीन प्रकारका वाक्य पाइन्छन् । सरल वाक्य आधारभूत र विस्तारित गरी दुई प्रकारका छन् भने संयुक्त वाक्य समुच्ययबोधक, विकल्पबोधक, विशेषक, कारणबोधक र अनुक्रमबोधक गरी पाँच प्रकारका रहेका छन् । यसै गरी मिश्र वाक्यमा नाम उपवाक्य, विशेषण उपवाक्य र क्रियाविशेषण उपवाक्यका प्रकार पाइन्छन् ।

**सन्दर्भ सामग्री**

अधिकारी, हेमाङ्गराज. (२०४६) *नेपाली कारकीय व्यवस्थाको अध्ययन* काठमाडौं : विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर ।

.......... (२०५७) *समसामयिक नेपाली व्याकरण* (दोस्रो संस्करण). काठमाडौं : विद्यार्थी प्रकाशन ।

.......... (२०६८) *प्रयोगात्मक नेपाली व्याकरण* (चौथो संस्करण). काठमाडौं : साझा प्रकाशन ।

गिरी, जीवेन्द्रदेव. (२०५३) *भाषाविज्ञान, भाषा र भाषिका* काठमाडौं : एकता प्रकाशन ।

........ (२०६५) *सिम्तालीको भाषावैज्ञानिक अध्ययन* काठमाडौं : विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गौतम, देवीप्रसाद. (२०४९) *नेपाली भाषा परिचय* काठमाडौं : साझा प्रकाशन ।

चौलागाईं, प्रेमप्रसाद. (२०६८) *नेपाली क्रियापदावली* काठमाडौं : विद्यावारिधि शोधप्रवन्ध त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद. (२०६३) *सामान्य भाषाविज्ञान* काठमाडौं : शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ. (२००१) *भाषाविज्ञान* इलाहावाद : किताव महल ।

द्विवेदी, कपिलदेव. (१९९१) *भाषाविज्ञान एवम् भाषाशास्त्र* (तेस्रो संस्करण). वाराणसी : विश्वविद्यालय प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद. (२०५१) *भाषाविज्ञानको रूपरेखा* धरान : नेपाल बुक डिपो ।

पण्डित, लक्ष्मीराज. (२०६९) *बझाङ्गी नेपालीको अध्ययन* काटमाडौं : विद्यावारिधि शोधप्रवन्ध, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र ।

पन्त, जयराज. (२०६९) *"डोटी राज्यका लिखतमा पाइने भाषिक शिष्टता"* अनुशीलन वर्ष १ अङ्क १. (पृ ४-७) ।

पोखरेल, वालकृष्ण. (२०१९) *नेपाली भाषाको कथा* ललितपुर : जगदम्वा प्रकाशन ।

........ (२०४०) *राष्ट्रभाषा* (पाँचौं संस्करण) ललितपुर : साझा प्रकाशन ।

........ (२०४७) *नेपाली भाषाको उत्पत्ति* काठमाडौं : भरद्वाज प्रकाशन ।

........ र अन्य. (२०४०) *नेपाली बृहत् शब्दकोश* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पोखरेल, माधवप्रसाद. (२०५६) *नेपाली वाक्य व्याकरण* (दोस्रो संस्करण). काठमाडौं : एकता बुक्स ।

........ (२०५७) *ध्वनि विज्ञान र नेपाली भाषाको ध्वनि परिचय* काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वन्धु, चूडामणि. (२०३२) *नेपाली भाषाको उत्पत्ति* (दोस्रो संस्करण) ललितपुर : साझा प्रकाशन ।

........ (२०५३) *भाषाविज्ञान* (सातौं संस्करण) ललितपुर : साझा प्रकाशन ।

........ (२०६४) *भाषाविज्ञानका सम्प्रदाय* (तेस्रो संस्करण) काठमाडौं : एकता बुक्स ।

ब्लुमफिल्ड, (१९९०) *भाषा* विश्वनाथप्रसाद (अनु.) दिल्ली : मोतीलाल वनारसीदास ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी. (२०५९) *भाषाविज्ञान* (दोस्रो संस्करण) काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

शर्मा, मोहनराज. (२०६०) *शब्दरचना र वर्णविन्यास* काठमाडौं : नवीन प्रकाशन ।

शाही, हर्कवहादुर. (२०७०) *अछामी भाषाको अध्ययन* काठमाडौं : विद्यावारिधि शोधप्रवन्ध, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र.

सिंह, भगत. (१९७१) *कुमाउँनी बोलीका वर्णनात्मक अध्ययन* भारत : विद्यावारिधि शोधप्रवन्ध, जवलपुर विश्वविद्यालय ।

Acharya, jaya Raj (1991) ***A Descriptive Grammar and an Analysed Corpus,*** Washington DC M George Town University.

Dahal, Ballavmani (1974) ***A Description of Nepali M Literary and Colloquial Ph. D thesis,*** University of Poona.

Gautam, Dhruba Chandra (1979) ***A Descriptive Study of Terai Nepali Ph.D Thesis,*** University of Poona.

GivÓn, T (1993) ***English Grammar M A function Based Introduction AmsterdamM*** John Benjamins.

Regmi, Dan Raj (2007) ***The Bhujel Language Ph.D thesis*** Tribhuvan University.



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# नेपाली लोककथाको विशेषता

- शीतल गिरी

### १. विषय प्रवेश

नेपाल लोकजीवनसँग सम्बन्धित विभिन्न लोकसंस्कृतिका विधाहरूको एक महान् सङ्ग्रहालय हो। लोककथाले जनसमुदायका मनमा दरो घरजम गर्ने हुँदा यो तिनको मुखैमा झुन्डिरहेको हुन्छ भन्दा पनि कुनै अत्युक्ति हुँदैन। यसमा संवेदनशीलताको प्रबल तरङ्ग पाइने हुँदा यसले धेरैको मनलाई प्रभावित पारेको हुन्छ। लोककथाले साना-ठुला, उच्च-निम्न, बाल-वृद्ध सबैलाई उत्तिकै आकर्षित गर्ने हुँदा र तिनमा असरसमेत पार्ने हुँदा यो अत्यन्त प्रभावकारी हुन्छ। सरल, सहज भाषाशैली र संरचनाका कारण यो अत्यन्त बोधगम्य हुन्छ।

यसको व्यवहार सम्पूर्ण समुदायले गर्ने हुँदा यसमा व्यापकताको आयाम रहेको पाइन्छ। अन्यत्र नपाइने जानकारी पनि लोककथाका माध्यमबाट प्राप्त गर्न सकिन्छ किनभने यसले प्रमुख सामाजिक सन्दर्भका साथै गौण सन्दर्भलाई पनि आत्मसात् गरी अभिव्यक्त गरेको हुन्छ। मानवको आदिमतासँग सम्बद्ध जानकारीहरूको स्रोत बनेर पनि लोककथा देखा पर्नु यसको महत्तालाई बढाउने आयाम हो। मानवशास्त्रका प्रसिद्ध विद्वान् डा. वेरियर एलविनले मानवशास्त्रसम्बन्धी तथ्यहरूसँग सम्बद्ध प्रामाणिक सामग्री उपलब्ध गराउने स्रोतका रूपमा लोकसाहित्यको महत्त्व उल्लेख गरेका छन्। एन्डुलेचरका अनुसार लोकसाहित्यअन्तर्गतको लोकगीत तथा लोककथाहरू ऐनकानुनभन्दा पनि बढी प्रभावकारी हुन्छन्।

सामान्यतः सामाजिक दृष्टिबाट लोककथाको अत्यधिक महत्त्व छ। यसमा समाज वा स्थानविशेषको चालचलन, रीतिथिति, रहनसहन, लवाइखवाइ, विश्वास आदिको वास्तविक चित्र उतारिएको पाइन्छ। यसले समाजको वर्तमान स्थितिका साथै बदलिँदो अवस्थाको पनि राम्रो जानकारी दिन्छ। यसमा सामाजिक जीवनअन्तर्गत सांस्कृतिक महत्त्वका दसैं, तिहार आदिको प्रस्तुति पनि पाइन्छ। धार्मिक दृष्टिबाट समेत लोककथाको अत्यन्त महत्त्व छ। मानिसको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण कुराहरू धर्मद्वारा नै परिचालित रहन्छन्।

धर्म अझै पनि समाजको एउटा व्यापक तत्त्व रहेकाले लोककथाले पनि यसलाई सर्वोपरि महत्त्व दिएर अभिव्यक्त गरेको हुन्छ। ऐतिहासिक तथ्य र साक्ष्यबाट पनि नपाइने कतिपय सामग्रीहरू यसले उपलब्ध गराउँदछ। इतिहासको अध्ययनमा दरो गरी सघाउने हुँदा यसको ठुलो महत्त्व छ। खास गरेर कुनै ठाउँ किन प्रसिद्ध छ, त्यहाँ केको उत्पादन बढी हुन्छ भन्नेजस्ता कुराका साथै त्यसको भौगोलिक विकटता वा निकटताको सही विवरणसमेत लोकसाहित्यले उपलब्ध गराउँछ। यसले भूगोलको जस्तो व्यवस्थित र शास्त्रीय ज्ञान नदिए पनि महत्त्वपूर्ण विषयहरूको राम्रो जानकारी दिन्छ। प्रेमिकाले प्रेमीसँग बनारसी साडी, चुरा आदिको फर्माइस गर्नु कहाँ के व्यवसाय चलेको छ सोको द्योतक हो। लोककथामा अभिव्यक्त पाल्पाली करुवा, भोजपुरे खुकुरी, तेह्रथुमे ढाका टोपी, भादगाउँले टोपी, सिन्धुलीको जुनार,


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुस्ताङे स्याउ आदिले फस्टाएको व्यापार र राम्रो आर्थिक स्थिति झल्काउँछ ।

कुनै शब्दको प्राचीन रूप र प्रयोग के थियो र वर्तमान रूप र प्रयोग के छ भन्ने तुलनात्मक अध्ययनका लागि यो एउटा ठुलो स्रोत हो। यसका माध्यमबाट शब्दको इतिहास र त्यसको विकासपरम्परालाई केलाउन सकिन्छ। लोककथाको सिर्जना पनि विनाउद्देश्य अथवा प्रयोजनरहित ढङ्गमा गरिँदैन। प्रयोजनले कृतिको सार्थकतासिद्ध गर्ने हुँदा लोककथामा पनि यसैको महत्त्वपूर्ण स्थान छ। अधिकांश लोककथाको प्रयोजन लोकको मनोरञ्जन प्रदान गर्नु रहेको छ।

अपठित समाजको मनोरञ्जन गर्ने महत्त्वपूर्ण साधनका रूपमा लोककथा रहँदै आएको छ। लोककथाका माध्यमबाट नैतिक, व्यावहारिक वा जीवनोपयोगी कुराहरू सिकाउनुलाई शिक्षा वा उपदेश भनिन्छ। कतिपय लोककथामा इतिहास, भूगोल, रीतिथिति आदिको जानकारी अत्यन्त सहज ढङ्गमा प्रस्तुत गरिएको हुन्छ। यसमा सबैको भलो हुने तथ्य, प्रसङ्ग, सन्दर्भ आदिले विशेष ग्राह्यता पाएको हुन्छ। लोककथाले लोकको बिगार गर्ने कुराहरूलाई त्यागेको र लोकको हित गर्ने कुराहरूलाई अँगालेको पाइन्छ।

मानव जीवनका भोगाइ वा अनुभवको अत्यन्त निकट रहेर लोककथा देखा पर्छ। यसमा जनसमुदायका वास्तविक भोगाइको स्वतःस्फूर्त र नैसर्गिक अभिव्यक्ति भएको हुन्छ। समाजका विश्वास, अन्धविश्वास, रीतिथिति, क्रियाकलाप, चालचलन, रहनसहन, संस्कृति, जीवन, लवाइखवाइ, सोचाइ आदिको सच्चा प्रतिविम्ब लोककथामा झल्किन्छ। यसमा लोकमानस जीवन्त भएर देखा परेको हुन्छ। सिर्जित कथाको एउटा प्रयोजन आनन्द पनि हो तर आनन्द आन्तरिक तत्त्व भएकाले लोककथामा यसले विशेष महत्त्व पाएको देखिँदैन। आनन्द अन्तर्मुखी र मनोरञ्जन बहिर्मुखी हुने हुँदा सामूहिक रूपमा आस्वादन गरिने लोककथामा मनोरञ्जनको पक्ष बढी प्रवल हुन पुगेको हुन्छ।

**२. लोकवार्ता**

एस. सोफिया बर्नका शब्दमा, पिछडिएका जातिमा प्रचलित अथवा अपेक्षाकृत समुन्नत जातिको असंस्कृत समुदायमा अवशिष्ट विश्वास, रीतिथिति, कथा, गीत तथा उखान आदि समावेश रहने जातिबोधक शब्दका रूपमा लोकवार्ता प्रतिष्ठित भएको छ। दर्शन, धर्म, विज्ञान, औषधी, सामाजिक सङ्गठन, अनुष्ठान, इतिहास, काव्य वा साहित्य जुन क्षेत्रमा प्रयुक्त भए पनि लोकवार्ता आदिम मानवको मनोवैज्ञानिक अभिव्यक्ति हो। गोर्डन स्टवेलका शब्दमा, लोकसामग्री तथा त्यसको वैज्ञानिक अध्ययन दुवैलाई लोकवार्ता भनिन्छ। गाम्बेका शब्दमा, जनसँग सम्वद्ध समस्त संस्कृतिलाई लोकवार्ता भनिन्छ। म्याक एडबर्ड लिचका शब्दमा, कुनै एक जातीय अकृतिम जनसमूहको समग्र सञ्चित ज्ञानभण्डार अर्थात् त्यसका रीतिथिति, लोकविश्वास, लोकपरम्परा, लोककथा, टुनामुना, लोकोक्ति लोकगीत आदिको परिचायक संज्ञानात्मक शब्दलाई लोकवार्ता भनिन्छ। यसलाई असाक्षर समाजको ज्ञान पनि भनिन्छ।

जनसमुदायका परम्परित गीत, कथा, लोकोक्ति, किंवदन्ती आदिलाई लोकवार्ता भनिन्छ। फिलिप्स इन्साइक्लोपेडियाअनुसार, जनसमुदायका परम्परा, रीतिथिति र विश्वासलाई लोकवार्ता भनिन्छ। बोलेर र सुनेर अभिव्यक्त वा ग्रहण गरिने लोकवार्तालाई मौखिक-श्रव्य लोकवार्ता भनिन्छ। यो भाषिक र साङ्गीतिक लोकसिर्जना हो। कुनै पनि देशको संस्कृति त्यस देशको रीतिरिवाज र त्यसअनुरूप नै लोककथाको प्रचलन भएको छ, यिनै लोककथाको आधारमा हामी त्यहाँको लोकसंस्कृतिको स्वरूप आकलन गर्न सक्दछौं।

लोकव्यवहार रीतिमा परिणत भएर परिपक्व बन्दछ, तब एउटा प्रथा र परम्पराले जन्म लिने गर्दछ। सामान्य रूपमा मानवविज्ञानलाई हामी मानव र उसको कामको अध्ययन भन्न सक्दछौं। मानवसमूहको शरीर-रचना तथा उनीहरूका संस्कृतिहरूका समानताहरू र विभिन्नताहरूको अध्ययन नै मानव-विज्ञानको उद्देश्य हो। समाजको परिधिमा मानवका ती व्यवहारहरू, जुन आवश्यकताको पूर्तिको


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लागि कार्य, आर्जन र उपभोगसँग सम्वन्धित हुन्छ, अर्थशास्त्रको विषयक्षेत्रमा पर्दछ । सत्ताको प्राप्ति तथा त्यसको विभाजन र उपभोगका विभिन्न पक्षहरूको अध्ययन राजनीतिविज्ञानअन्तर्गत राख्ने गरिन्छ। सांस्कृतिक-सामाजिक अध्ययनको रूपमा समाजविज्ञानले विभिन्न संस्कृतिहरू र समाजको संरचना तथा प्रक्रियाहरूको अध्ययन गराउँदछ ।

उन्नाइसौं शताब्दीभन्दा पहिले यो विषय सामान्यत : भूगोल अथवा इतिहासको एउटा भाग ठान्ने गरिएको थियो । प्राणी जगत्का विषयको वैज्ञानिक अध्ययनले प्रजातीय गुणहरू भाषा एवम् संस्कृतिसँग सम्बन्ध नभएको मान्यतालाई स्विकार्नेबित्तिकै मनुष्यको अध्ययन थुप्रै शाखाहरू र उपशाखाहरूमा विभाजित हुन गयो । विशाल प्राणीवर्गको थुप्रै प्राणीहरूमा मनुष्यको मात्र अध्ययनका दृष्टकोण तथा उसको प्रणाली दुवै पूर्ण रूपले प्राकृतिक विज्ञानको अन्य अङ्गहरूको प्रवृत्तिहरूवाट प्रभावित थियो। वर्तमान समयमा समाजशास्त्रीय प्रणाली हिजोआज प्रायशः अपनाउने गरिएको छ। शारीरिक मानवविज्ञान तथा सांस्कृतिक मानवविज्ञानमा प्रत्येकको थुप्रै उपभाग छन् ।

शारीरिक मानवविज्ञानको एक भाग मानवको आदिम कालदेखि लिएर वर्तमान कालसम्मका शारीरिक विकासको अध्ययन गराउँदछ, र अर्को भाग मानवलाई मर्तमान प्रजातिहरू, उनीहरूको शारीरिक विशेषताहरूको वर्गीकरण गर्ने प्रयत्न गर्दछ । प्रागैतिहासको परिस्थितिहरूमा भूगर्भशास्त्रको वैज्ञानिक अध्ययनप्रणालीबाट हामी प्रागैतिहासिक कालको स्मृतिचिह्नको आयुको अनुमान गर्न सक्दछौं, र यसको आधारमा मानवीय संस्कृतिको क्रमिक विकास एवम् प्रगतिको सम्वन्धमा धारणाहरू पनि निश्चित गर्न सक्दछौं । मानवको यन्त्र र उपकरण तथा भौतिक संस्कृति र कलाको अवशेष उसको जीवनकथाको कतिपय पक्ष मात्र हाम्रो सम्मुख उपस्थित गराउँदछ, र यसैको आधारमा हामी उसको सम्पूर्ण जीवन बुझ्ने प्रयत्न थाल्दछौं । नेपालमा बसोवास गर्ने विभिन्न जातिहरू आआफ्नो धर्म, संस्कृति, रीतिथिति, भाषा, वेशभूषामा आस्थावान हुँदाहुँदै पनि समष्टिमा यिनीहरू राष्ट्रिय र नेपाली संस्कृतिमा एकताबद्ध रूपले निष्ठा राख्दछन् । यहाँका जनताले बोल्ने भाषा नेपालको धरोहर हो ।

मानवसभ्यताको सुरुदेखि नै मानिसहरूले अभिव्यक्तिको माध्यम भाषा बनाइआएको र वर्तमान समयमा यसको महत्त्व झनै बढेको छ। नेपालका लोककथाहरूमा समाज, लोकजीवन, सृष्टि, पृथ्वी, जमिन, पानीलगायत विभन्न विषयको समावेश भएको पाइन्छ। लय तालका माध्यमबाट अभिव्यक्त लोकसिर्जनालाई लोकसङ्गीत भनिन्छ। हेरेर ग्रहण गरिने लोकवार्तालाई दृश्य लोकवार्ता भनिन्छ। यसअन्तर्गत मुख्यतः क्रियाकलाप, कार्यव्यापार, अनुकरण, अनुष्ठान आदि आँखाले देख्न सकिने कृत्यहरू पर्छन् । विचारका रूपमा रहेको लोकदृष्टिलाई चिन्तनमूलक लोकवार्ता भनिन्छ ।

लोकवार्ताको एउटा प्रकारले सामान्यतः सोही प्रकारका माध्यमबाट अभिव्यक्ति गरे पनि बेलाबखत अन्य प्रकारको पनि उपयोग गरेको पाइन्छ । लोकवार्ताले यिनैको अध्ययन गर्ने हुँदा यसलाई लोकवार्ताको क्षेत्र वा अध्ययनक्षेत्र पनि भनिन्छ र यिनैका माध्यमबाट सम्प्रेषित भएर लोकवार्ता अभिव्यक्त हुन्छ। लोकवार्तासम्वन्धी सामग्रीहरूको सङ्कलन र अध्ययनलाई लोकवार्ताविज्ञान भनिन्छ। लोकसाहित्यका सन्दर्भमा यसैलाई लोकसाहित्यशास्त्र पनि भनिएको पाइन्छ। लोकवार्ता वा लोकसाहित्यशास्त्रको विकास एउटा अन्तर्विषयक शाखाका रूपमा भएको हुँदा यसको अन्य शाखा वा शास्त्रसँग तथा अन्य शाखा वा शास्त्रको यससँग सम्बन्ध हुनु स्वाभाविकै हो ।

परम्परामा कतिपय शाखालाई सहयोग दिने हुँदा यिनका बिचमा निकट सम्बन्ध स्थापित भएको र घनिष्ठता बढ्दै गएको देखिन्छ । लोककथासँग लोकजीवनका विविध पक्षहरू समेटिएर आएका छन्। गाउँघरको परालको पाखा भएको घर, छाना र छाप्राहरू देउरालीका ओरालाउकाला, लेकऔल, घाटजङ्घार, माइतीघर, देशप्रदेश, घाँसपात र गोठखर्कका ढुकढुकी र हृदयले ठम्याएका चोखा सङ्गला अभिव्यक्ति यहीभित्र हुन्छन् । हामीले खाने कुरा, चलाउने भाँडाकुँडा, लगाउने लत्ताकपडाहरू हामी जति खान्छौं, लाउँछौं ती सबै प्रयोग गर्दा त्यति नै टुट्ने, फुटने, हराउने, च्यातिने हुन्छन् तर हाम्रो लोककथा,


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोकसाहित्य र संस्कृति भनेको जति प्रयोग गर्दै गयो त्यतित्यति वलियो, दरिलो, उज्यालो, ताजा, संरक्षण र संवर्धन हुँदै जान्छ। लोकले आफ्नो लोकव्यवहारमा पैलेदेखि मान्दै रमाउँदै आएका चाडपर्व, रीतिरिवाज, संस्कृति र बोल्ने भाषा, लगाउने लत्ताकपडा, गरगहना, गाउने गीत, फाग, मागल, लोकोक्ति, गाउँखाने कथा, चाँचरी, झोडा, देउडा गीत, सवाई आदि जति भनेपनि नसकिने, नरित्तिने अझ त्यतिकै राम्रो र दरिलो हुँदै जान्छ र झन्झन् बलियो र जिउँदो हुँदै जाने हुन्छ।

अझ पुस्ता दरपुस्ता सर्दै जाने, तिखारिँदै जाने, संरक्षण र संवर्धन हुँदै जाने र जगेर्ना पनि हुँदै जान्छ। जुनसुकै समाज चिनाउने दर्पण भनेको लोकसाहित्य र संस्कृति नै हो। त्यस्तै लोककथाले समाजको साइनो, चिनारी र चिनाजानी गराउँछ। जबसम्म आफ्नो लोकसंस्कृति रहँदैन तवसम्म समाजको चिनारी पनि हुँदैन।

### ३. भावात्मक अभिव्यक्ति हो लोककथा

तथ्यहरूको अभावमा ऐतिहासिक अनुमानद्वारा प्राचीन लोककथाको पुनर्रचनाको प्रयत्न नभएको होइन। यसका विपरीत वर्तमानमा समाजशास्त्रीय प्रणाली हिजोआज प्रायशः अपनाउने गरिएको छ। देश एवम् कालका सीमाहरूमा नबाँधिएर मानवजातिको प्रत्येक अंशको संस्कृतिको अध्ययन गर्नु गराउनु यस विज्ञानको उद्देश्य हो। प्रागैतिहासको अध्ययनद्वारा हामी मानवइतिहासको त्यो अन्धकारमय युगसम्म जान सक्दछौं जसको सम्बन्धमा हामीलाई कुनै लिपिबद्ध प्रमाण उपलब्ध छैन। मानवको यन्त्र र उपकरण तथा भौतिक संस्कृति र कलाको अवशेष उसको जीवनकथाका कतिपय पक्षमात्र हाम्रो सम्मुख उपस्थित गराउँदछ र यसैको आधारमा हामी उसको सम्पूर्ण जीवन बुझ्ने प्रयत्न गर्दछौं।

यसबाट हामी सम्भवतः यो पनि थाहा पाउँदछौं कि तिनीहरू कस्तो घरमा वस्दथे, कुन अस्त्रशस्त्रको उपयोग गर्दथे, तिनीहरूमा कस्तो आभूषण प्रचलित थियो अथवा तिनीहरूका खाद्य कुन किसिमका हुने गर्थे, तर यस्ता अध्ययनहरूका आधारमा हामी प्राचीन मानवका मनोविचारहरूका सम्बन्धमा केही पनि भन्न सक्दैनौं र न त्यस वितेको युगको समाजव्यवस्था, नियम, जीवनदृष्टि तथा विश्वास आदिमा नै प्रकाश पार्न सक्दछौं। लोककथाको लागि तर्क र लोकोक्ति दुवै अनिवार्य छन् र अनमोल पनि। तर्क र लोकोक्तिको पछाडि सत्य हुँदैन, बरु असत्यले पर्याप्त मात्रामा चलखेल गर्न पाउँछ। नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा अद्भुत प्राकृतिक सौन्दर्यले भरिएको आकर्षक देश हो भन्ने कुरामा कसैको दुईमत छैन। यस कुरालाई प्रकृतिका पारखी र संस्कृतिका वेत्ताहरूले स्वीकार गरेका छन्।

नेपालमा केही समय अगाडिदेखि जातीय तथा क्षेत्रीय पहिचानका कुरा जोडदार रूपमा उठेका छन्। जातीय तथा क्षेत्रीय पहिचानका क्रममा पारस्परिक सम्मान, शान्ति, प्रेम, सद्भाव, समझदारी र विश्वास जस्ता कुरामा आघात पर्न सक्ने कतिपय कार्यहरू पनि भएका देखिन्छन्। लोकजीवनमा प्रचलनमा रहेका ओखतिमुलो, कृषि प्रविधि, वन संरक्षणका उपाय, जलाधारका स्रोतहरूको दीर्घकालीन उपयोग, सांस्कृतिक सम्पदाको ज्ञान, सामाजिक मूल्यको चिनारी र प्राचीन इन्जिनियरिङका विविध पक्षमा गम्भीर वैचारिक मन्थन गर्ने बेला आएको छ भने जीवनमा अवलम्बन गर्नुपर्ने आचारविचारका कुरामा समेत वैज्ञानिक र प्रामाणिक रूपमा सिद्ध गरेर समयसापेक्ष वनाउनु जरूरी छ। नेपालमा विभिन्न जातजातिको बसोबास रहेको छ। यहाँ बसोवास गर्ने जातिहरूका आ-आफ्नै सांस्कृतिक परम्पराहरू रहेका छन्। भावात्मक विस्तारमा व्यापक क्षेत्र समेट्ने नेपाली लोक-अभिव्यक्ति लोककथा हो।

### ४. लोककथाको मूलभाव

'लोककथा' लोकमा मौखिक परम्परामा एक पुस्तावाट अर्को पुस्तामा सर्दै आएको हो। वर्तमान समयमा यसलाई सङ्कलन गरेर लिखित रूप दिन थालिएको किन नहोस्। मानिस जब जङ्गली



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अवस्थामा समूह बनाएर रहन थालेका थिए, आफ्नो चारैतिर विभिन्न दृश्य एवं अद्‌भुत घटनाहरू घटेको देखेर मनमा उब्जिएका भावलाई अभिव्यक्ति दिन्थे। सोही समयदेखि श्रुति परम्परामा दोस्रो, तेस्रो हुँदै व्यक्तिले त्यसमा आफ्नो अनुभव जोड्दै गए। प्रत्यक्ष-अप्रत्यक्ष रूपमा लोकजीवनको जीवन्त प्रतिविम्व ती कथाहरूमा देखा परे। आज सङ्कलित रूपमा जुन लोककथा पाइएका छन् तिनको रचयिताका वारेमा केही पनि भन्नु असम्भव छ किनभने मौखिक परम्परामा कति पटक त्यसको रूप बदलिएको होला, पात्रको नाम बदलिएको होला तर संभव छ कथाको मूलभाव यानी आख्यान त्यही रहेको होस्, जो मूल उत्पत्तिको समयमा थियो।

लोककथा संसारको सम्पूर्ण कथा साहित्यको जनक हो। लोककथाको जन्म त्यस समयमा भएको हो जब मनुष्यलाई कल्पना, कथा र इतिहासको अन्तर थाहा थिएन। स्मृतिपटलमा जीवित राख्न योग्य घटनाहरू जनजीवनमा व्याप्त भएर लोककथा अथवा गीतको रूपमा अमर हुने गर्थ्यो त्यसलाई कल्पना भने पनि, कथा भनेर सम्बोधन गरे पनि अथवा इतिहासको पानामा राखेपनि भयो। जहिले मानव समूहले अनुभवको अभिव्यक्ति दियो, हो त्यही समय लोककथाको जन्म भयो। त्यसपछि त्यो मौखिक रूपमा संसारभरि फिंजारियो।

**५. लोकसाहित्य**

नेपाली लोकसाहित्यको पृष्ठभूमि सम्वन्धमा विश्लेषण गरिँदा हाम्रो ध्यान त्यस स्थानमा केन्द्रित हुन पुग्दछ– यस विशाल लोकवैभवको सिर्जना कहाँबाट हुन गयो ? यतिका सिर्जनाका लहरहरू कहाँबाट लहराए ? एकाएक कसरी मौलाए ? बस, यस्तैयस्ता प्रश्न देखा पर्दछन्। प्रश्नहरू ओइरिन थालेपछि बल्ल हामीलाई जान्न जिज्ञासा प्रकट हुन्छ र ध्यान दिन थाल्दछौँ। नेपाली लोकसाहित्यको पृष्ठभूमि सम्वन्धमा निष्कर्ष पहिल्याउनुभन्दा पहिले हामीले यस देशको सामाजिक संरचनामाथि विहङ्गम दृष्टि दिनु आवश्यक भएको छ। कुनै समाज विशेषताकै धाकमा फुर्किएर आफ्नै निम्ति पनि केही गर्न नसकी लत्रिरहेका हुन्छन् भने कुनै कुनै समाजले सार्वजनिक हितका निम्ति चाहिँदो योगदान पुर्‍याउँदै आएका हुन्छन्। नेपाल वहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र भौगोलिक विविधताले युक्त सुरम्य देश हो।

आकारले सानो देखिए पनि लोकसाहित्य वैविध्यको दृष्टिले निकै ठुलो यस देशमा एक सयभन्दा अधिक जाति र त्यत्ति नै सङ्ख्याका भाषाभाषीहरू बसोबास गर्दछन्। आफ्नो आफ्नो सुरक्षा गर्दै यहाँका जनताले सँगै बस्ने अर्को जातिको लोकसाहित्य साथै सांस्कृतिक र भाषिक मूल्य तथा मान्यताको संवर्धनमा सहयोग गर्दै आएका पनि छन्। लोकसाहित्यमा जातीय सौहार्द, भाषिक सौहार्द र सांस्कृतिक सौहार्दको मिठो महक पाइनु यहाँको विशेषता हो। यस देशमा बस्ने प्रत्येक जाति नेपाली हो र उसको लोकसाहित्य उसको मात्र नभएर नेपालको सम्पत्ति हो। भौतिक विकासका नाममा आज विश्वमा अनेकौं उथलपुथल भइरहेका छन्। यस क्रममा परम्परागत जातीय तथा सांस्कृतिक पहिचान भएको लोकसाहित्य हराउन सक्ने सम्भावना व्यापक रूपमा देखिएको छ।

समयको गतिमा हिँड्न नसक्ने र जीवनको उच्चतामा बाधक बन्ने लोकसाहित्यको नाममा चल्दै आएका आडम्बर, रूढि, अन्धविश्वास र पछौटेपनका आधारहरू त समाप्त हुनै पर्दछ तर व्यावहारिक स्वच्छता, चारित्रिक उच्चता, सामाजिक सद्‌भाव र जातीय गौरवका विशिष्ट पहिचानका लोकसाहित्य भने हराउनु हुँदैन। यस देशमा रहेका नेवार, तामाङ, क्षेत्री, बाहुन्, थामी, चेपाङ, थारू, राई, लिम्बू, मगर, यादव, कानू, तेली, मुसलमानलगायतको पनि आआफ्नै धर्म, भाषा, आफ्नै लोकसाहित्य छन्। लोकसाहित्यलाई जनसमुदायको रचना, लोककण्ठमा विद्यमान रहेको एवं भावहरूको स्वच्छन्द अभिव्यक्ति जहाँ परिस्कारको चेष्टा पनि नगरिएको साहित्य भनिन्छ। लोक भन्नु नै समाजको त्यो वर्गप्रति इङ्गित गरिएको हो जुन अभिजात्य संस्कार, शास्त्रीयता एवं पाण्डित्यको चेतना अथवा अहङ्कारबाट पृथक्



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेको र परम्पराकै प्रवाहमा जीवित रहेको होस्। लोकसाहित्य सामाजिक मूल्य र मान्यताहरूमा आधारित र परम्पराकै प्रवाहमा जीवित रहेको हुन्छ।

समसामयिक विषयको प्रतिविम्व रूप प्राप्त हुनाले शाश्वत मूल्य, श्रुतिमाधुर्य र रसले प्लावित हुने एवं जीवनको मार्गदर्शकको दायित्व निर्वाह गर्ने साहित्य मूलतः लोकसाहित्य हो। लोकसाहित्यका विधाहरूमध्ये लोकगीत, लोककथा ज्यादै लोकप्रिय र उर्वर विधा हो। यहाँ लोकसाहित्यको बृहत् सङ्ग्रहालय छ। अथाह संस्कृतिको सँगालो भएको यस देशमा विविध संस्कृतिको गहन खोज अनुसन्धान र अन्वेषण गर्न सकेमा स्वदेश र विदेशसम्म पहिचान भई यसको महत्त्व र गरिमा अझ बढ्नुका साथै चिरकालसम्म प्राचीन लोकसाहित्य र सम्पदाको मूल्य ज्युँकात्यूँ रहिरहने अवस्था छ। लोकसाहित्यले समाजको पहिचान गराउँछ, जबसम्म समाज हुँदैन तबसम्म लोकसाहित्यको जगेर्ना हुँदैन।

कसैको पनि भाषा बिर्सियो, संस्कृति हरायो, सभ्यता खुम्चियो, लोकसाहित्य रुमिल्लिए– त्यसको खोजी अनुसन्धान गर्न गाउँगाउँ र वस्तीबस्तीमा ओइरो लाग्नुपर्ने हुन सक्छ। लोकसाहित्यले गर्दा समाजको शोभा, गरिमाको मूल्य पृथक् अवस्थाको हुन्छ। हरेक समाज, जाति, धर्मावलम्वीहरूलाई आफ्नो लोकसाहित्यका हरेक विधा र पक्षलाई सक्दो प्रयासले चिरकालसम्म जीवन्त राख्न समर्पित हुन्छन्। कुनै पनि सरसामान, भाँडाकुँडा, लुगाकपडा जति प्रयोग गऱ्यो त्यति फोहोर र टुट्दै फुट्दै बिग्रँदै जाने प्रक्रिया हुन्छ। यो स्वाभाविक प्रक्रिया हो। तर लोकसाहित्य जतिजति प्रयोग गर्दै गयो, त्यतित्यति दरिलो, उज्यालो र ताजा तथा संरक्षण, संवर्धन एवं जगेर्ना भएका हुन्छन्।

मानवको जिब्रोबाट जिब्रोमा सर्ने भएकोले पनि घटबढ हुनु स्वाभाविक नै हो। लिखित रूपमा लोकसाहित्यलाई जिउँदो राख्ने प्रयास पर्याप्त मात्रामा यस प्रदेशमा भएको छ। लोकसाहित्य भनेको सागर हो जति सङ्कलन गरे पनि त्यो पूर्ण हुँदैन, लोकले समयअनुसार नयाँ नयाँ सिर्जना गर्दै जान्छ।

## ६. लोककथाको सैद्धान्तिक स्वरूप

समय गतिशील छ। यसैगरी समाज पनि समयको गतिशीलतासँगै परिवर्तन भइरहन्छ। मानिसका न्यूनतम आवश्यकता समयअनुसार फरक-फरक हुने गर्दछन्। देश र परिस्थितिअनुसार आवश्यकताहरू बदलिन सक्छन्। नेपाली परिवेशको कुरा गर्ने हो भने तराई, पहाड र हिमाल तथा गाउँ-सहरमा बसोबास गर्ने मानिसहरूको जनजीवन र जीवनयापनका शैली तथा प्रविधि फरक-फरक पाउन सकिन्छ। लोकसंस्कृतिको एक भेदका रूपमा रहेको लोकसाहित्य नेपाली जन समुदायमा अभिन्न अङ्गका रूपमा स्थापित छ। नेपाली समाजमा लोककथाको परम्परा ज्यादै पुरानो समयदेखि प्रवाहित हुँदै आएको छ। अलिखित अवस्थादेखि नै प्रवाहित र हस्तान्तरित लोककथा यहाँ प्रचलनमा रहेका र परम्परागत रूपमा प्रवाहित हुँदै आएका लोककथाले स्वतः पुष्टि गर्दछन्। लोकसंस्कृतिको एक भेदका रूपमा विकसित भएको लोकसाहित्य प्राचीन समयदेखि विभिन्न विधाहरूमा आआफ्नै स्वरूप र संरचनामा विकसित हुँदै आएका छन्।

लोककथा प्राचीन वा अतिप्राकृत घटना र भावनासँग सम्वन्धित पुराकथा हो। मानव सभ्यताका विभिन्न चरणमाझ मानव विकासका विभिन्न युग, परिवेश तथा सृष्टिसँग सम्वन्धित आरोह-अवरोहको इतिहास हो। त्यसैले मानव सृष्टिसँग जोडिएको समष्टि इतिहास, कला, संस्कृति, धर्मको मूल लोककथामा पाइन्छ। मानव सभ्यता, संस्कार, संस्कृतिलाई आत्मसात् गर्दै प्राचीन समयमा घटेका घटनाहरूलाई अनुभव र व्यवहारका माध्यमबाट प्रस्टचाउने, चिनाउने कार्यमा लोककथाले सघाउने गरेको छ। लोककथा प्राचीन इतिहासको प्रामाणिक वर्णन हो, जसले घटना र स्थितिको दर्पणको आभास दिलाउँछ।

विद्यार्थी प्रकाशन प्रालिको बृहत् संस्कृत-नेपाली शब्दकोशमा लोककथालाई प्राचीन लोककथा/दन्त्यकथा भनी उल्लेख गरिएको छ। प्रयोगात्मक नेपाली शब्दकोशमा धेरै पहिलेदेखि मौखिक


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

परम्पराबाट चलिआएको कथा, जनजीवनमा प्रचलित रहेको कथा, दन्त्यकथा भनिएको छ। सामूहिक अचेतनमा सङ्कलित जन्म, मृत्यु, मैथुन, प्राकृतिक रहस्यबारेका आदिकालीन जातीय अनुभव, स्मृति, आकाङ्क्षा, कल्याणकारी भावना आदि हुने भएकोले विश्वव्यापीपन र शाश्वतताका कारण लोककथाले महत्त्व पाएको छ। पाठक र श्रोतामा निहित उद्बोधक शक्तिलाई प्रबलता प्रदान गर्ने क्षमता रहेको हुन्छ। लोककथा भनेको मानिसको प्रारम्भिक चेतनामा थिग्रिएका कपोल-कल्पित कथाहरू हुन्, जो प्रकृतिका व्यथाहरूको प्रतिविम्व हो र श्रुतिस्मृति परम्पराको सहारामा बाँचेको हुन्छ। लोककथा काल्पनिक छविका देवी-देवता, भूत-पिशाच, दैत्य-दानव, ड्रयागन-लाखेका कथाहरू पनि हुन् र ती हाम्रो जगत् सृष्टिका काल्पनिक कथा पनि हुन्। लोककथामा अलौकिक रहस्य, अमानवीय पराक्रम र असम्भव सफलताहरू चित्रित गरिएको हुन्छ।

मानव चेतनाको काल्पनिक अनुभूति स्वरूप थिग्रिएको लोकभावनाका रूपमा लोककथाले हाम्रो संस्कृतिमा रहेको आदिम धारणालाई प्रतिविम्बन गर्दछ। वास्तवमा लोककथा भनेको पुराना कथा नै हुन्। यसलाई पुराणकथा, पुराकथा र पौराणिक कथा पनि भन्ने गरिएको छ। लोककथा पुराणकथाका रूपमा रहेका आख्यान हुन् र तिनीहरू लोकजीवनसँग जोडिएका किंवदन्तीका रूपमा पनि रहेका छन्। विश्व ब्रह्माण्डको रचना, मानव समाजको रीतिस्थिति र उपदेशपरक ज्ञानदिने लोककथाले हाम्रो संस्कृति समुन्नत छ। अलौकिक भावधारासँग समन्वय गर्दै लोककथा रचिएको हुँदा यिनमा तार्किकतालाई ठाउँ दिइँदैन। मानस विम्बको रूपमा लोककथाले भूगोलसँगै समाज र संस्कृतिलाई आबद्ध गर्दछ। सांस्कृतिक आदान-प्रदानले गर्दा यस्ता लोककथाहरू पनि एक अर्को जाति, क्षेत्र, विश्वास र संस्कारमा घुलमिल भएर आएका पाइन्छन्। लोककथाको प्रकृति एकै किसिमको हुँदैन। यसको स्वरूपमा विविधता पाइन्छ। सामान्यतया लोककथामा सृष्टि र त्यसको व्यापारका गतिशील जीवनमा जन्म, मृत्यु र पुनर्जन्म, प्रकृतिका विविध तत्त्व, दैवीशक्ति र चमत्कार आदि सम्बन्धी, प्रारम्भिक विश्वास, आस्था र धारणा पाइन्छ। लोककथा आदिम मानवका सामूहिक अनुभूतिहरूको शाब्दिक मूर्त रूप हो, जसमा मानव र प्रकृतिका सत्ताको अभेद्य चेतना अर्न्तनिहित रहन्छ।

कुनै पनि संरचनामा तत्त्वको विशिष्ट भूमिका रहन्छ। लोककथामा पनि साहित्यिक स्थानमा तत्त्वहरूको भूमिका महत्त्वपूर्ण मानिन्छ। लोककथामा कथात्मकता हुनुपर्दछ। सबै व्याख्याता तथा विद्वान्हरूले यस कुरालाई स्वीकार गरेका छन्। लोककथालाई शक्तिप्रदान गर्ने महत्त्वपूर्ण तत्त्वका रूपमा प्रतीकलाई लिने गरिन्छ। लोककथाका घटना र पात्रहरू प्रतीकात्मक अर्थले भरिएका हुन्छन्। प्रतीकका माध्यमबाट नै लोककथाको भित्री रहस्यसम्म पुग्न सकिन्छ। प्रतीकात्मकताले लोककथालाई सर्वदा नवीन रूप प्रदान गर्दछ। प्रत्येक जातिका प्राचीन लोककथामा देखा पर्ने देवीदेवता, वीर वा महान् नायक आदिका कथाहरू प्रतीकात्मकताले भरिएका हुन्छन्। प्रतीकहरूको पहिचान व्याख्या र विश्लेषणबाट नै लोककथाको उद्देश्य पहिल्याउन सकिन्छ।

लोककथामा कुनैपनि वस्तु कसरी अस्तित्वमा आयो भन्ने रहस्योद्घाटन भएको हुन्छ। विज्ञानले तथ्यलाई प्रमाण लिन्छ, लोककथाले तत्त्वलाई प्रधानता दिन्छ। लोककथाले परम्परागत मान्यता, संस्कार र धार्मिक अनुष्ठानको व्याख्या गर्दछ। यसको वातावरण अलौकिक हुन्छ। लोककथामा धार्मिक विश्वास विद्यमान रहेको पाइन्छ तर यसले धर्मसँग मात्र सम्बन्ध नराखी सांस्कृतिक, सामाजिक मूल्य र आस्थालाई समेत प्रकट गरिरहेको हुन्छ। यसमा दैवीपात्रहरू रहने हुनाले धार्मिक वातावरण विद्यमान रहन्छ। वैज्ञानिक र ऐतिहासिक रूपमा भन्दा जातीय जीवनका लागि लोककथा पूर्ण सत्य हो। यसमा सांस्कृतिक सत्य रहने हुनाले यसलाई मिथ्या या भ्रम भनेर पन्छाउन मिल्दैन। लोककथालाई मनुष्यको अनुभव ज्ञान र व्यवहारको कोश भन्न सकिन्छ। लोककथाप्रति समाजको विश्वास गहिरो रूपमा रहेको हुन्छ। लोककथा कुनै एक व्यक्तिले रचेको सामान्य कथा होइन। यो त संस्कृतिको सामूहिक अवचेतनाद्वारा निर्माण भएको आख्यान हो। यसमा इतिहासको जस्तो तथ्यगत र प्रामाणिक सत्य रहेको


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदैन। क्रमिक विकासको प्रक्रियामा अघि बढिरहनु लोककथाको महत्त्वपूर्ण पक्ष हो। लोककथा युगअनुसार नयाँ स्वरूप र मूल्यमा परिवर्तित हुँदै जान्छ।

लोककथाको क्षेत्र र आयाम असीमित र व्यापक छ। ज्ञानविज्ञानका सवैजसो अनुशासनसँग सम्वन्धित विषय लोककथाका असीमित क्षेत्रभित्र अट्दछ। लोककथा आदिम समाजको उपज हो तर समाजको विकाससँगै लोककथाहरू विकसित एवम् परिवर्तित हुँदै गएका देखिन्छन्। प्रकृतिको सान्निध्य र समाजविकासको क्रममा मानवद्वारा व्यक्त हुने हुँदा यसको क्षेत्र निकै फराकिलो, व्यापक र गहिरो भएको देखिछ। लोककथा संसारभरिका सवै संस्कृतिमा पाइने हुँदा यिनको वर्गीकरण गर्ने कार्य स्वयंमा जटिल बनेको पाइन्छ तापनि आदिम मानवको सत्यतथ्यको खोजी गर्ने प्रवृत्ति र त्यसलाई व्यक्त गर्ने माध्यम लोककथा पनि भएकाले लोककथाको खोजी एकै प्रकारको देखिन्छ। भिन्नभिन्न जाति, समूह, संस्कार, धर्म, संस्कृति, भाषा र भूगोलमा मानिसलाई हुने त्रास, आशा र आवश्यकताको मूलस्रोत एउटै-एउटै भएकाले पनि लोककथाको कथ्यमा केही समान गुणहरू विद्यमान रहेका देखिन्छन्। लोककथाको प्रयोग मानव र प्रकृतिको सृष्टिसँगै जोडिएर आएको छ। लोककथा सार्वभौम कल्पना हो। लोककथा आदिम सभ्यताका सामूहिक अनुभूतिको समग्रपक्ष हो, जसमा मानव र प्रकृतिका घटना रहेका हुन्छन्। मानव सभ्यताको विकाससँगै धर्मको प्रादुर्भाव भएको मानिन्छ। लोककथा संसारका सवै धर्मग्रन्थमा पाइन्छ।

लोककथामा धार्मिक आचरण तथा अनुष्ठानको चर्चा हुन्छ। परम्परा र प्रथाका वारेमा विवरण दिनु नै धार्मिक लोककथाको उद्देश्य हो। प्राचीन समयदेखि नै लोककथामा धार्मिक भावना मिश्रित भएर आएको हो। लोककथामा अलौकिक र अतिप्राकृतिक घटना एवम् ईश्वर र धर्मको मान्यता र विश्वासलाई अभिव्यक्त गरिएको हुन्छ। लोककथामा अभिप्राय अन्तर्घुलित भएर रहेको हुन्छ।

**७. नेपालका लोककथाका विशेषता**

लोकसाहित्य लोकले, लोकको लागि, लोकद्वारा रचित मौखिक परम्परामा पुस्ता दरपुस्ता प्रवाहमान साहित्य हो। लोकको प्रत्यक्ष जीवनको सम्पूर्ण पक्ष, उसको हृदयको सुख-दुःख, राग-विराग, आशा-निराशा, ईर्ष्या-द्वेष र प्रेमको लोकप्रचलित परम्परा, आस्था, विश्वास एवं उसको अनुष्ठानको यथार्थ निश्छल एवं स्वाभाविक चित्र लोकसाहित्य हो। लोककथामा व्यक्ति, स्थान या समयको कुनै महत्त्व हुँदैन, बरु यी अपौरुषेय र शाश्वत हुन्छन्। यस देशको लोककथाको मूल लोकजीवन हो। यी कथाहरूमा लोकजीवनका नजाने कतिपय यस्ता सुपरिचित पक्ष उद्घाटित भएका छन् जसको यथार्थ स्वरूप हामीलाई न त समसामयिक साहित्यवाट ज्ञात हुन्छ न त इतिहासका पानाबाट नै। लोककथामा जहाँ धनधान्यले सम्पन्न "सुनको थालमा चौरासी व्यञ्जन पस्किएर खाने उच्चवर्गीय जीवनको वर्णन छ त्यहीँ दरिद्र दीनहीन निराहार दिन विताउनेहरूको करुणापूर्ण स्थितिको वर्णन पनि प्रत्यक्ष अप्रत्यक्ष भएकै छ। मूर्ख, चोर, बदमास, धूर्त, वेश्यागामी, ठट्यौली, कपटी, बदमास, ठग, लुच्चा, रसिक, भिक्षु तथा समाजका राम्रा-नराम्रा, धनी-गरिब, धर्मात्मा, गुन्डा आदिवाट सम्वन्धित कथा हो। जहाँ एकातिर नारीको चञ्चल स्वभावसँग सम्बन्धित कथाहरू यस प्रदेशमा पाइन्छन्। त्यहीँ अर्कोतिर उच्चवर्गीय राजा सामन्त एवं धनाढ्य व्यापारीको जीवन विलासिता ऐश्वर्य सुरा सुन्दरीसँग सम्वन्धित कथाहरू यस प्रदेशमा पर्याप्त छन्।

नेपालमा पाइएका लोककथाका विशेषता भनेको मुख्य पात्र राजा, सामन्त या धनी वर्ग छन्। प्रसङ्गवश कहिलेकाहीँ प्रत्यक्षतः 'लोक' सँग जोडिएको कथा पनि पाइन्छ। यद्यपि कथाको विषयवस्तु उच्चवर्गीय जीवनसँग जोडिएको हुन्छ तथापि त्यसमा लोकजीवनको तस्विर पनि स्पष्ट रूपमा उजागर भएर रहेको हुन्छ। लोककथा सोझो रूपमा लोकसँग यसकारण पनि जोडिन सकेन, 'लोक' सधैँ पीडित प्रताडित रहेको हुँदा जीविकाको जटिल समस्या समाधान गर्न व्यस्त रहेको हुनसक्छ। उसले सोझो


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपमा आफ्नो जीवनसँग जोडिएको कथा भन्थ्यो चर्चा गर्थ्यो भने त्यसले उसैको मन दुखाएर उसैलाई पीडित दु:खित बनाउँथ्यो होला ? उसले आफ्नो कष्ट, पीडा र उत्पीडन बिर्सनका लागि काल्पनिक लोक र परिहरूको कथा एवं उच्चवर्गीय जीवनको विलासिता एवं सुखभोग प्राप्त गर्न चाहन्थ्यो । यसबाहेक यहाँका कथाहरूमा प्रचलित विश्वास परम्परा एवं अनुष्ठानको रूपमा "लोकजीवन" को जीवन्त रूप उपस्थित भएको छ ।

पहिलेको समयमा एउटा राजाको अर्को राजासँगको युद्ध जनताको, हितसँग जोडिएको नभएर त्यो प्रत्यक्षमा सम्बन्धित राजाका वासनात्मक क्षुधा एवं साम्राज्य विस्तारसँग जोडिएको थियो, किनभने धेरै नारीहरूलाई उपभोग गरेर सुख प्राप्त गर्ने र साम्राज्य विस्तार गरेर धेरै 'कर' प्राप्त गर्नको लागि त्यस करको रकमबाट विलासिताको साधन धेरैभन्दा धेरै सजिलै प्राप्त हुन सकोस्, यसले गर्दा समाजमा प्रतिष्ठा बढ्थ्यो । जहाँ लोकमा एउटा व्यक्तिले एकभन्दा बढी पत्नी यसकारण राख्न सक्दैनथ्यो किनभने स्वयं उसको पेट भर्ने समस्या रहन्छ तब धेरै पत्नी ल्याएर के खुवाउने ? तर राजाहरूमा भने बिसौं रानीहरू हुन सक्दथे । प्रजा, सेना राजाको इज्जत र इच्छाको लागि स्वयं आफूलाई स्वाहा पार्न बलिवेदीमा होमिन्थे । भनाइमा यस्तो पनि भन्ने चलन छ– राजा प्रजाको लागि हुने गर्छ, तर जब यथार्थ धरातलमा ओर्लन्छौं तब थाहा पाउँछौं प्रजा राजाको लागि हुन्छ, जसले उसको रक्षा गर्छ, उसको सुखभोग, विलासिताको साधन जुटाउँछ । राजाको विशेषता भनेको नै ऊ कति चलाख या चातुर्यले सम्पूर्ण प्रजालाई मूर्ख बनाउन सक्छ । लोककथामा प्रेम वर्णन नितान्त स्वाभाविक हुन्छ । कसरी आमाले आफ्नो प्यारो छोरालाई प्राणभन्दा धेरै माया गर्छे, गरिबीमा आफ्नो दिन बिताउँदै आफ्नो सन्तानलाई कष्ट हुन दिन्नन् । पति-पत्नी, प्रेमी-प्रेमिकाको पवित्र प्रेम पनि नेपालको लोककथामा पाइन्छ साथै प्रेमको कुत्सित रूपको वर्णन पनि पाइन्छ । यसकारण अश्लीलता आउनु स्वाभाविक हो । सौन्दर्य सधैं आकर्षकको केन्द्र रहने गरेको छ ।

सुन्दरी नारीलाई देखेर काम-ज्वरोले पीडित बन्नु र त्यस नारीको उपभोग गरेर शान्त हुने गरेका थिए राजा, सामन्त । नारीको सौन्दर्य-वासनाको कारण इतिहासको पानामा लोकको रगत लत्पतिएको छ । नारी-पुरुषमा वासनात्मक प्रेमको प्रवृत्ति समान रूपमा पाइन्छ । यहाँको समाजमा पनि दुइटा वर्ग रहेको छ । सधैं एउटा वर्गले अर्को वर्गको शक्ति, इज्जत, सम्पत्ति अथवा धर्मको नाममा शोषण गरेको छ । 'लोक' को शोषण भएको छ । तब पनि विरोधको आवाज किन निस्किएन यसको कारण भनेको 'लोक' को तथाकथित संरक्षक उच्चवर्गले भाग्यको रोदन रोएर पूर्वजन्मको कर्मको फल बताएर अथवा धर्माडम्बरको नाममा लोकको विद्रोही चेत प्रस्फुटित हुनुभन्दा अघिनै दबाइदिए । लोककथामा भने लोकको विद्रोही चेत अवश्य प्रस्फुटित भएको छ । सामन्तीय वातावरणमा जुन संस्कृति लोककथा साहित्यमा अङ्कुरण भएर विकसित भयो । यसलाई जन्म दिने आवश्यकता सम्भवतः सामन्तवादको स्वार्थपूर्ण नीति रहेको होस्, जसको जन्जालमा अल्झिएर 'लोक' मा आफ्नो विषयमा सोच्न नसकेर राजा, सामन्त र धनाढ्य वर्गको जीवनचर्चा विलासिता एवं त्यसको तथाकथित शौर्यको गुणगान गाउनुमा नै रमाइरह्यो । तत्कालीन राजनैतिक एवं आर्थिक व्यवस्थाको जालसाजीको यथार्थ बुझ्न नसकेको हुँदा आफ्नो जीवन स्वामीको सुखको लागि होमिदियो । लोकोत्तर दैवी घटना एवं भाग्यमा आस्था एवं विश्वास गरेर कर्ममा लीन रह्यो । वर्ग सङ्घर्षको भावना कहिलेकाहीँ दुई भाइ अथवा दुई राजाहरूको सैद्धान्तिक मतभेदको रूपमा प्रकट भयो, जसमा एउटा भाइ या राजा लोक अथवा शोषित वर्गको साथमा हुन्छ भने अर्को भने पुँजीपति अथवा शोषक वर्गको साथमा । सामाजिक, आर्थिक, राजनैतिक व्याख्यात्मक कथाहरूको यथार्थवादी प्रवृत्ति तत्कालीन जीवन पद्धतिको दैनिक यथार्थताको प्रतिविम्ब हो । जादु र चमत्कारपूर्ण कथाहरूमा लोकको आस्था विश्वास एवं अनुष्ठान लक्षित हुने गर्छ ।

नेपाली लोककथामा लोकको दूषित भागमा प्रकाश पारेर कुरूपतामा व्यङ्ग्य पनि गरेको पाइन्छ । 'लोककथा' लोकजीवनको जीवन्त पवित्र छवि हो । लोककथामा लोकको सामाजिक परिवेशअन्तर्गत


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कौटुम्बिक सम्बन्ध प्रेम, नारी-पवित्रता, आचार-विचार, शिक्षा रीतिरिवाज एवं सामाजिक कुरीतिहरू उल्लेख भएको पाइन्छ ।

यहाँका लोककथा साहित्य तत्कालीन संस्कृतिको अपूर्व अद्भुत भण्डार हो, जहाँ समाजको सबै वर्गको जीवनको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक आदि समग्र पक्षहरूको वर्णन पाइन्छ । यस देशको लोककथा साहित्यमा लोकजीवनको धर्म, विश्वास, देवी देवताको पूजा, उपासना, व्रत, अनुष्ठान, आस्था, पारिवारिक जीवन, रीतिरिवाज, खानपान, आचार व्यवहार, शिक्षा, नीति, प्रेम, नारी जीविकाको साधन व्यवसाय, आर्थिक स्थिति, मुद्रा, शोषण, प्राकृतिक विपद र त्यसमा उसको स्थिति राजनैतिक परिवेशमा उसको स्थिति राजा एवं लोकमा अन्तरसम्वन्ध दिनचर्या आदि जीवनको समग्र पक्षको जीवन छवि अभिव्यक्त भएको छ । समाजका सबै वर्गको जीवनको वर्णन हुनाले लोक एवं अन्य वर्गको अन्तरसम्वन्ध एवं जीवनचर्याको विषयमा जानकारी पाइन्छ ।

## ८. निष्कर्ष

लोकसाहित्य लोकजीवनको दर्पण हो, जसमा हाम्रो विशाल लोकसंस्कृतिको आत्माको पवित्र इतिहास अभिव्यक्त भएको छ । 'लोककथा' लोकसाहित्यको नै एउटा सशक्त एवं प्रमुख अङ्ग हो । वास्तवमा लोककथा लोकसाहित्यको मात्र होइन बरु साहित्यको नै आदि स्रोत हो । हाम्रा पूर्वजका अनुभव मौखिक अभिव्यक्तिमा समय समयमा त्यसमा घटना, अनुभव र विचार थपिँदै गएर त्यो पूर्ण 'लोककथा' बन्यो र लिपिको अभावमा मौखिक परम्परामा शताब्दीआँदेखि पुस्ता दरपुस्ता प्रवाहमान रह्यो भलै कालान्तरमा त्यसलाई लिपिबद्ध गरिएको होस् । मौखिक परम्परामा प्रवाहमान लोककथामा नै लोकसंस्कृति प्रवाहमान रहेर बसेको छ ।

लोकजीवनको सुस्पष्ट एवं सरल चित्र लोककथामा अभिव्यक्त भएको छ । नेपाली, नेवारी, तामाङ, कुमाल, मगर, गुरुङ आदि भाषामा लेखिएका धेरैजसो साहित्यको आधार भनेको लोककथा नै हो । यहाँसम्म यस देशमा पाइएका/मानिएका सम्पूर्ण धर्मग्रन्थको स्रोत पनि लोककथा नै रहेको छ ।

यस देशमा उपलब्ध लोककथाको आफ्नै विशेषता छ– त्यो भनेको प्राचीन हुन् साथै लोकजीवनसँग सम्बन्धित छन् यसकारण यहाँका लोककथाले चिरयौवनको बरदान पाएका छन् । यहाँका लोककथामा सामान्य जनताको पनि स्वीकृति छ । भाषा सरल छ, एक एक शब्द सार्थक छ, प्रत्येक शब्दको आत्मामा जीवनको यथार्थ चेतना पाउँछौं चाहे त्यो उच्चवर्गीय जीवनको आडम्वर अस्वाभाविक चमत्कृत र प्रपञ्चमय जीवनको प्रवचना होस् या लोकको उत्पीडन एवं शोषणको यथार्थ चित्र । यहाँका कतिपय लोककथामा उच्च एवं सभ्य भनाउँदा राजा, सामन्त एवं ऐश्वर्यसम्पन्न वर्गको अन्त कलुष उजागर हुन नसकेका पनि छन् । यो सत्य हो लोकको विद्रोह स्वर लोककथामा सोझै प्रस्तुत नभएर अप्रत्यक्ष रूपबाट भने अवश्य प्रकट भएको छ । जहाँ एकातिर लोककथामा राजा सामन्तलाई श्रेष्ठ उच्च भनिएको छ त्यही "वर्णसंकरदास" शब्दको प्रयोगले उच्च वर्गको नैतिक पतनको पराकाष्ठालाई पनि अभिव्यक्त गरेको छ । राजाहरूका अन्तपुरमा रहने रानीहरू राजकुमारीहरू सच्चरित्र नभएको पाइएका छन् । सुरा, सुन्दरी, जुआ र आखेटमा लीन रहने राजाहरूको राज्यसञ्चालन मन्त्रीले गर्ने गरेका थिए । यस देशको लोककथामा अभिजात वर्गको साथसाथै तत्कालीन लोकजीवनको स्पष्ट चित्र अभिव्यक्त भएको छ ।

साहित्य रसानुभूति एवं सौन्दर्य बोधको लागिमात्र होइन यो एउटा यस्तो दर्पण हो जसमा तत्कालीन समाजको यथार्थ नाङ्गो तस्बिर प्रस्तुत हुने गर्छ । प्रायः हामी साहित्य दर्पण रसानुभूति एवं सौन्दर्य बोधको लागि मात्र नियाल्छौं । हामीले त्यस दर्पणको माध्यमबाट समाजभित्र पनि हुनुपर्ने हुन्छ किनभने कसैले कसकहाँ कुन उद्देश्यले चोरी गर्दै छ– क्षुधावश या सुख ऐश्वर्य अधिवृद्धिको लागि । कुनै पनि समाजमा अति दीन (गरिबी) र अति अमिरी खराव हो । दुवै एक अर्काको कारण हो । यस देशको


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लोककथा तत्कालीन समाजमा राजा, सामन्त, व्यापारी आदि श्रीसम्पन्न हुने एवं विलासितापूर्ण जीवन जिउने आधार गरिब मानिसको शोषण नै रहेको छ ।

यस देशको लोककथामा चित्रित लोकजीवन सत्य, त्याग, स्नेश सहयोग, प्रेम, विश्वास, आस्था, अनुष्ठान, अपरिग्रह, सरलता पर्छ भन्ने प्रेरणा दिएको पाइन्छ । यही लोकसंस्कृतिको आज अत्यधिक आवश्यकता छ जसले मान्छे मान्छेलाई स्नेहसूत्रमा बाँध्न सक्छ उसलाई कर्तव्य-अकर्तव्यको विवेक प्रदान गर्न सक्दछ जो विभिन्न धार्मिक सम्प्रदायहरूभन्दा माथि उठेर धर्मको अर्थ मानव कल्याणको मार्ग प्रशस्त गर्न सक्दछ, आदर्श कथनलाई जीवनमा व्यावहारिक रूप प्रदान गर्न सक्दछ, आफ्नो लागि नभएर "वसुधैव कुटुम्वकम्" को भावना जागृत गर्न सक्दछ । यो नै लोकजीवनको विशेषता हो जसको आवश्यकता आजको समाजमा पनि छ ।

## सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६३) *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१) *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौं : पाठचक्रम विकास केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

नेपाल प्रज्ञा प्रतिष्ठान : *"सयपत्री"* लोककथा विशेष अङ्क, ।

*नेपाली लोकवार्ता,* २०७० तेस्रो राष्ट्रिय सङ्गोष्ठी : धनगढी, कैलाली, "गोष्ठीपत्रहरूको सङ्कलन"

पाण्डेय, फणीन्द्रप्रसाद (२०७३) *बृहत् संस्कृत-नेपाली शब्दकोश,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# बौद्ध नामसङ्गीति र यसको साधना

- डा. शेखर दाहाल
उपप्राध्यापक (ने.सं.वि.)

**लेखसार**

*बौद्धदर्शनको महायान शाखाबाट विकसित वज्रयान बुद्धतन्त्रसँग सम्बन्धित शाखा हो। बुद्धतन्त्रका क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र र अनुतरयोगतन्त्र वज्रयानअन्तर्गत पर्दछन्। वज्रयानका तन्त्र साधना परम्पराहरूमध्ये नामसङ्गीति पनि एउटा हो। नामसङ्गीति बुद्धका नामहरूको सङ्गायन गरिएको ग्रन्थ हो। यसमा बुद्धका ८३१ वटा नामहरूको सङ्गायन गरिएको छ। वज्रयान परम्परामा नामसङ्गीति ग्रन्थलाई आगम ग्रन्थका रूपमा लिइए पनि यसमा प्रतिपादित विषयका आधारमा नामसङ्गीतिको विकास इसाको चौथो शताब्दीपछि मात्र भएको देखिन्छ। भूमिका, मूल र उपसंहार गरी तीन खण्डमा विभाजित नामसङ्गीति ग्रन्थ ग्रन्थ मात्र नभएर बुद्धतन्त्र साधनाको परम्परा पनि हो। यसको साधनाका लागि साधकले सर्वप्रथम बुद्धकुलको छनोट र परम्पराप्राप्त कुलगुरुबाट संवर (दीक्षा) ग्रहण गर्दछ। यसबाट साधकको चित्तमा समस्त प्राणीहरूप्रति महाकरुणा उत्पन्न हुन्छ भन्ने विश्वास रहेको हुन्छ। नामसङ्गीति साधनाको चरमबिन्दु बोधिमण्डलमा प्रवेश र आफ्नो इष्टदेवताको प्रज्ञाचक्रको साधना हो। अनेक बोधिमण्डलहरूमध्ये नामसङ्गीतिको साधनाका लागि समाधिमण्डल उपयुक्त हुन्छ। यसका साधकहरूमा आफ्ना इष्टदेवताको स्वरूप, बीजमन्त्र, अ, आ आदि स्वरवर्णात्मक द्वादशभूमि, आदिबुद्धको मूलमन्त्र र क, ख आदि व्यञ्जनवर्णात्मक सूक्ष्ममन्त्रले युक्त प्रज्ञाचक्रको साधनाबाट सिद्धि प्राप्त हुने विश्वास हुन्छ। यसको सिद्धिबाट साधकले संसारका प्राणीहरूलाई सहजानन्द सुखमा पुऱ्याउने र आफू सहजानन्द सुखमा पुग्ने लक्ष्य राखेको हुन्छ।*

**शब्दकुञ्जी :** वज्रयान, बोधिमण्डल, प्रज्ञाचक्र, समाधिमण्डल, अनुत्तरसम्यक्सम्बोधि, सहजानन्द।

**विषय परिचय**

नेपालको कपिलवस्तु जिल्लाको लुम्बिनी वनमा वि.पू. ५०५ को वैशाखका दिन जन्मिएका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरी प्रतिपादन गरेको सिद्धान्तका आधारमा विकसित दर्शन नै बौद्धदर्शन हो। यसका अनेक शाखा र उपशाखाहरू विकसित भएका छन्। यसका शाखाहरूमध्ये एउटा शाखा हो वज्रयान। वज्रयान महायान बौद्धको मन्त्रयानबाट विकसित भएको शाखा हो। वज्रयान बौद्धतन्त्रसँग सम्बन्धित छ। बौद्धतन्त्रको सुरुवातका सन्दर्भमा विद्वान्हरूका बिचमा मतैक्य नभए पनि बौद्धहरू बुद्धका उपदेशहरू सङ्कलन गरिएको त्रिपिटकबाट नै बुद्धतन्त्रको विकास भएको विश्वास गर्छन्। दीर्घनिकायको आटानाटीय सूत्रमा केही अलौकिक विषयको वर्णन पाइन्छ। यहींबाट तन्त्रयानको प्रारम्भ भएको हो भन्ने महायानीहरूको मान्यता रहेको छ तर तन्त्रयानले स्वीकार गरेका मान्यताहरूलाई हेर्दा यसको स्फुट


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विकास भने तेस्रो शताब्दीपछि मात्र भएको देखिन्छ । वज्रयानका मान्यतालाई हेर्दा वज्रयानमा वज्रसत्व, आदर्श आदि पञ्चज्ञान, पञ्चध्यानिबुद्ध, पञ्चरती, ईडा, पिङ्गला आदि नाडीका साथै हठयोगसम्मको साधना गरिन्छ । यी सबै मान्यताहरूको चर्चा इसाको तेस्रो शब्ताब्दीपछि लेखिएका ग्रन्थमा मात्र भेटिन्छ । आदर्श आदि ज्ञानको पहिलो उल्लेख असङ्गको महायानसूत्रालङ्कार र वज्रसत्त्व, पञ्चध्यानी बुद्ध, पञ्चरती, नाडी आदिको उल्लेख चौथो शताब्दीको मानिने गुह्यसमाजतन्त्रमा मात्र भेटिने भएकाले वज्रयानको विकास इसाको चौथो शताब्दीपछि मात्र भएको हो भन्न सकिन्छ ।

वज्रयानका अनेक साधनाहरूमा नामसङ्गीतिको साधना पनि पर्दछ । नामसङ्गीति बुद्धका नामहरूको सङ्गायन भएको ग्रन्थ हो । यो ग्रन्थ वज्रयानी बौद्धहरूले नित्य पाठ गर्ने पवित्र स्तोत्र ग्रन्थहरूमध्ये एक हो । यसमा बुद्धका आठ सय एकतिस नामहरूको सङ्गायन गरिएको छ । छैटौं शताब्दीभन्दा पछिका आचार्यहरूले संस्कृतभाषामा यस ग्रन्थका टीका (व्याख्या) ग्रन्थहरू लेखेका थिए । जसमा अहिले प्राचीन टीकाहरूमध्ये तीनवटा टीकाग्रन्थ संस्कृत भाषामा र अन्य २३ वटा तिब्बती अनुवादमा उपलब्ध छन् । त्यसका अतिरिक्त तिब्बती भाषामा पाँचवटा, नेपाली भाषामा एउटा स्वतन्त्र टीका पनि भेटिन्छन् । मूल ग्रन्थको अनुवाद भने अङ्ग्रेजी, हिन्दी, नेवारी, चिनियालगायत भाषामा भएको देखिन्छ ।

यसको टीकाग्रन्थहरू बौद्धतन्त्रका क्रिया, चर्या, योग र अनुत्तरयोग गरी चार प्रकारमध्ये योगतन्त्रसँग सम्बन्धित धेरै टीकाहरू रहेका छन् । चर्यातन्त्रसँग सम्बन्धित विलासवज्रको नाममन्त्रार्थावलोकिनी नामक एउटा टीका मात्र उपलब्ध छ । नामसङ्गीतिको साधना यसै ग्रन्थमा आधारित भएर गर्ने परम्परा रहेको छ । विलासवज्रको नाममन्त्रार्थाबलोकिनी टीकाको केन्द्रीयतामा नामसङ्गीतिको साधना परम्परा र विधिको विश्लेषण यस अनुसन्धानमूलक लघु लेखमा गरिएको छ ।

**समस्या**

यस शोधलेखको क्षेत्र बौद्धतन्त्र हो भने बौद्धतन्त्रभित्रको नामसङ्गीतिको साधना परम्परा र विधि यसका विषय हुन् । लेखको शीर्षकले अपेक्षा गरेको प्रमुख समस्या बौद्ध नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी मान्यता के-कस्ता रहेका छन् भन्ने सन्दर्भमा नामसङ्गीतिका संस्कृतभाषामा भेटिएका रविश्रीको अमृतकणिकाटिप्पणी र विलासवज्रको नाममन्त्रार्थावलोकिनी टीका ग्रन्थमा उल्लेख गरेअनुसारका मान्यतालाई आधार मानी निम्न समस्या निर्धारण गरिएको छ–

क) बौद्ध नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी मान्यता के-कस्ता रहेका छन् ?

**उद्देश्य**

समस्या खण्डमा उल्लेख गरिएको समस्याको निम्नानुसार समाधान खोज्नु प्रस्तुत लेखको मूल उद्देश्य रहेको छ –

क) बौद्ध नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी मान्यताको विश्लेषण गर्नु ।

**सैद्धान्तिक आधार**

प्रस्तुत लेखमा विशेषत: बौद्ध वज्रयानअन्तर्गतको नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी मान्यता एवं नामसङ्गीतिको साधना परम्परा र विधिका सम्बन्धमा उत्तरवर्ती आचार्यहरूले प्रस्तुत गरेका व्याख्या एवं टिप्पणीलाई आधार बनाई विषयको प्रतिपादन र विश्लेषण गरिएको छ । यसमा नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी अवधारणा प्रस्तुत गर्नका लागि पूर्वविश्लेषित विभिन्न सिद्धान्तहरूको सहयोग लिइएकोले यस लेखको उक्त पक्ष निगमन विधिमा आधारित छ। नामसङ्गीतिको साधना विधिको निर्धारण चाहिँ आगमन विधिमा आधारित रहेर गरिएको छ । प्रस्तुत


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लेखमा एपिए म्यानुअल अर्थात् एपिएलाई मुख्य आधार बनाइएको छ। यसमा पूर्वकार्य समीक्षालाई अलग्गै उपशीर्षकमा प्रस्तुत नगरेर सम्वद्ध विषयको विवेचनाका क्रममा स्वतः अनुस्यूत रहने गरी प्रस्तुत गरिएको छ।

**सीमाङ्कन**

यो लेख मूलतः बौद्ध वज्रयानअन्तर्गतको नामसङ्गीतिमा केन्द्रित छ। यस लेखमा नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी विषयलाई बोधगम्य बनाउन आवश्यकताअनुसार कतिपय स्थलमा नामसङ्गीति सम्वद्ध ग्रन्थबाट पनि सामग्रीहरू लिइएका छन्। छिटफुट रूपमा प्रयोग गरिएका अन्य ग्रन्थबाहेक यस लेखमा आधारग्रन्थको रूपमा नामसङ्गीतिको विलासवज्रले लेखेको नाममन्त्रार्थावलोकिनी टीकालाई लिइएको छ। प्रतिपादित विषयको सीमाचाहिँ उक्त ग्रन्थहरूमा प्रतिपादित बौद्ध नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी मान्यता हुन्। अर्थात् उक्त ग्रन्थका सीमामा रहेर बौद्ध नामसङ्गीतिको साधना परम्परा र विधिसम्बन्धी मान्यताको विश्लेषण गर्नु यस लेखको सीमा रहेको छ।

**वज्रयान परम्परामा नामसङ्गीति**

वज्रयानमा नामसङ्गीतिग्रन्थलाई आगम ग्रन्थका रूपमा लिइन्छ। यसका व्याख्याकार विलासवज्रले नामसङ्गीतिलाई आदिबुद्धद्वारा उपदेशित षोडशसाहस्रिक महातन्त्रको समाधिजाल पटलको अंशका रूपमा लिएका छन् (दाहाल, पृ. ५७) भने अर्का व्याख्याकार रविश्रीले चैत्र पूर्णिमाका दिन आदि बुद्धद्वारा उपदेशित महातन्त्रको अंशका रूपमा पस्वकारेका छन् (बनारसीलाल, पृ.१)। दुवै व्याख्याकारहरूको भनाइलाई आधार मान्दा नामसङ्गीति वज्रयान परम्पराको आगम ग्रन्थका रूपमा देखिए पनि यसमा प्रतिपादित विषयलाई हेर्दा प्रस्तुत ग्रन्थलाई आगम ग्रन्थका रूपमा पुष्टि गर्न सकिँदैन।

नामसङ्गीतिको मूलखण्डमा आदर्शादि पञ्चज्ञान र पञ्चज्ञानका मालिकका रूपमा अक्षोभ्यादि पञ्चबुद्धको चर्चा गरिएको छ। पञ्चज्ञान एवं पञ्चबुद्ध दुवैको मालिकका रूपमा वज्रसत्त्वलाई राखिएको छ तर वज्रसत्त्वलाई अदाही, अविनाशी परमतत्त्वका रूपमा स्वीकार गर्ने पहिलो ग्रन्थ गुह्यसमाजतन्त्र हो। जुन ग्रन्थ बौद्ध वाङ्मयमा चौथो शताब्दीतिर लेखिएको ग्रन्थका रूपमा लिइन्छ। यसभन्दा पछिका ग्रन्थहरूले वज्रलाई 'बोधिचित्त' का रूपमा व्याख्या गरेका छन् (ज्ञानसिद्धि १५:२४)। त्यस्तै नामसङ्गीतिको लेखनशैलीमा पनि पारमितानयको स्पष्ट प्रभाव रहेको पाइन्छ। जसरी पारमितामा अध्येषणा, पापदेशना पुण्यानुमोदनपछि पारमिताको साधन गरिन्छ त्यसरी नै नामसङ्गीतिमा पनि अध्येषणा, पापदेशना, षट्कुलको उपासना र आफ्नो कुलअनुसारको संवरग्रहण (दीक्षाग्रहण) पश्चात् नाममन्त्रहरूको साधना गरिन्छ। यस तथ्यबाट पनि नामसङ्गीति ग्रन्थ दोस्रो शताब्दीबाट सुरु भएको पारमितानयभन्दा पछिको ग्रन्थ हो भन्ने ज्ञात हुन्छ।

बौद्धतन्त्रका अध्येताहरूका अनुसार बौद्धतन्त्रमा सूक्ष्म धारणीमन्त्रको साधना गर्ने क्रम चौथो शताब्दीपछि मात्र सुरु भएको हो (सांकृत्यायन, पृ.११०)। नामसङ्गीति ग्रन्थमा अ, आ आदि स्वरवर्ण र क, ख आदि व्यञ्जन वर्णका प्रत्येक वर्णलाई साध्य मन्त्रका रूपमा प्रस्तुत गरिएको छ (नामसङ्गीति ४:२)। अतः नामसङ्गीति ग्रन्थ वज्रयान परम्परामा चौथो शताब्दीपछि देखा परेको ग्रन्थ हो र यसैबाट वज्रयानमा पञ्चज्ञान, पञ्चबुद्ध, वज्रसत्त्वको साधनामा अक्षरात्मक सूक्ष्म धारणीमन्त्रको साधनाको सुरुवात भएको देख्न सकिन्छ।

नेपालमा तिब्बती भाषा प्रभावित हिमाली बौद्ध परम्परा र संस्कृतभाषा प्रभावित परम्परा गरी वज्रयानका दुईवटा परम्परा प्रचलनमा रहेका छन्। दुवै परम्परामा नामसङ्गीतिको महत्त्वपूर्ण स्थान रहेको छ। नेपालमा नामसङ्गीतिको परम्परा कहिलेदेखि सुरु भएको हो भन्ने किटान गरेर भन्न नसकिए


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनि विक्रमको नवौं शताब्दीको पूर्वार्द्धका नामसङ्गीतिका टीकाकार विलासवज्र नेपाली हुनु र विक्रमको दसौँ शताब्दीको मध्यतिर लेखिएका नामसङ्गीतिका पाण्डुलिपिहरू नेपालका पुस्तकालयमा भेटिनुले विक्रमको दसौँ शताब्दीअगाडि नै नेपालको वज्रयान परम्परामा नामसङ्गीति ग्रन्थ प्रचलनमा रहेको थियो भन्ने देखिन्छ ।

**नामसङ्गीतिका टीका र परिवार ग्रन्थ**

नामसङ्गीति ग्रन्थको प्रयोग र महात्म्यसम्बन्धी वर्णन गरी लेखिएका ग्रन्थहरू नामसङ्गीतिका परिवार ग्रन्थहरू हुन् । नामसङ्गीतिको साधना, भावना एवं उपदेश (महात्म्य), मण्डल निर्माण विधि, होम र अभिषेक एवं तर्पण गरी पाँच विषयसँग सम्बन्धित विभिन्न आचार्यहरूले विभिन्न समयमा लेखेका पचास वटाभन्दा धेरै लघुग्रन्थहरू तिब्बती अनुवादमा उपलब्ध छन् ।

नामसङ्गीतिका संस्कृत भाषामा छैटौं शताब्दीपछिका आचार्यहरूले लेखेका छब्बिसवटा टीकाहरूमध्ये तीनवटा संस्कृत र तिब्बती दुवै भाषामा तथा बाँकी तेइसवटा तिब्बती अनुवादमा उपलब्ध छन् । यसका अतिरिक्त तिब्बती विद्वान्हरूले लेखेका छवटा, नेपाली व्याख्या एउटा स्वतन्त्र टीकाहरू भेटिएका छन् । नामसङ्गीति मूल ग्रन्थका भने अङ्ग्रेजी, हिन्दी, मङ्गोलियन, नेवारी आदि भाषामा अनुवाद गरिएका ग्रन्थहरू उपलब्ध छन् । यी सबै विवरण दिन असम्भव भएकाले प्रस्तुत गरिएको छैन ।

**नामसङ्गीतिको संरचना**

नामसङ्गीति ग्रन्थ चौध प्रकरणमा संरचित छ । यसका प्रकरणलाई अधिकार सम्बोधन गरिएको छ । यसका चौध अधिकारलाई यसमा वर्णित विषयका आधारमा भूमिका खण्ड, मूल खण्ड र उपसंहार खण्ड गरी तीन भागमा विभाजन गरी अध्ययन गर्नु उपयुक्त हुन्छ (दाहाल, पृ. २६३) । जसको भूमिका खण्डमा नामसङ्गीतिको साधना र बोधका लागि प्रार्थना, आदिबुद्धप्रति गरिएको अध्येषणाधिकार, आदिबुद्धको प्रतिवचनका रूपमा रहेको प्रतिवचनाधिकार, साधकले आफ्नो इष्टदेवअनुसारको कुलको पहिचान गर्ने षट्कुलावलोकनाधिकार र संवरग्रहण (दीक्षा ग्रहण), मण्डल निर्माण विधि, आदर्शादि पञ्चज्ञानको साधना विधिको उल्लेख गरिएको मायाजालाभिसम्बोधि अधिकार गरी चारवटा अधिकार रहेका छन् ।

यसको मूल खण्डमा पाँचदेखि दशसम्मका छवटा अधिकार पर्दछन् । पाचौं वज्रधातुमहामण्डलमा वज्रसत्त्वसम्बन्धी, छैटौं सुविशुद्धधर्मधातुज्ञानमा वैरोचन बुद्धसम्बन्धी, सातौं आदर्शज्ञानमा अक्षोभ्य बुद्धसम्बन्धी, आठौं प्रत्यवेक्षणज्ञानमा अमिताभ बुद्धसम्बन्धी, नवौं समताज्ञानमा रत्नसम्भव बुद्धसम्बन्धी र दसौं कृत्यानुष्ठानज्ञानमा अमोघसिद्धि बुद्धसम्बन्धी नामहरूको सङ्गायन गरिएको छ । यसको तेस्रो खण्ड उपसंहार खण्ड हो । जसमा एघारदेखि चौधसम्मका चारवटा अधिकार पर्दछन् । जसको एघारौं अधिकारमा पञ्चतथागतको स्तुति, बाह्रौंमा ग्रन्थको अनुशंसा वा प्रशंसा, तेह्रौंमा नामसङ्गीतिको धारणी मन्त्र तथा चौधौंमा सम्बुद्धको नमनका साथै नामसङ्गीति मार्गको प्रशंसासहित ग्रन्थ समापन भएको छ ।

**नामसङ्गीतिको साधना**

नामसङ्गीतिको साधनामा आफ्नो कुल परम्पराअनुसार पृथक् पृथक इष्टदेवताको साधन र इष्टदेवताअनुसारको मण्डल निर्माण विधिमा विविधता पाइए पनि अध्येषणा र प्रतिवचनपश्चात् स्वकुल परम्पराअनुसारको आचरण, कुलधर्मअनुसारको संवरग्रहण, आफ्ना इष्टदेवताअनुसारको बोधिमण्डल निर्माण र आफ्ना इष्ट देवताको प्रज्ञाचक्रको साधन गर्ने परम्परामा समानता पाइन्छ । जसलाई निम्नानुसार वर्णन गर्न सकिन्छ ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## षट्कुलको अवधारणा

नामसङ्गीति ग्रन्थमा वज्रसत्त्वका छवटा कुलको चर्चा गरिएको छ। यहाँ कुल भन्नाले आफ्ना इष्टदेवताअनुसारको परम्परा हो। नामसङ्गीति ग्रन्थमा ती छ कुललाई मन्त्रविद्याधरकुल, त्रयकुल, लोकलोकोत्तरकुल लोकालोककुल, महामुद्राकुल र महोष्णीषकुलको संज्ञा दिइएको छ (नामसङ्गीति ४:१,२)। नामसङ्गीतिका सबै व्याख्याताहरूले माथिका छवटा कुललाई समान रूपमा स्वीकार गरे पनि कुलका इष्टदेवताहरूका सन्दर्भमा भने समान धारणा पाइँदैन।

वज्रसत्त्वका कुलहरूको अवधारणा नामसङ्गीतिमा मात्र नभएर गुह्यसमाजतन्त्र र वज्रयानका क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र, अनुत्तरयोगतन्त्र सम्वद्ध ग्रन्थहरूमा समेत पाइन्छ। गुह्यसमाजतन्त्रका अनुसार वज्रसत्वका द्वेषकुल, रागकुल, मोहकुल, चिन्तामणिकुल र समयकुल गरी पाँच कुल छन् (वज्राचार्य, २०५८, पृ. ५०)। यी प्रत्येक कुल साधकका कार्य पूर्ण गराउने र मोक्ष प्रदायक हुन्छन् भन्ने उल्लेख पाइन्छ। क्रियातन्त्रले भने मञ्जुश्रीमूलकल्पतन्त्र, अवलोकितेश्वरतन्त्र, अचलतन्त्र, वज्रपाणितन्त्र, विद्यादेवीतन्त्र, उष्णीषतन्त्र नामक षट्तन्त्रका लोकोत्तरकुल र लोककुल गरी मुख्य दुई कुल हुने र ती दुई कुलका प्रत्येकका तीन-तीन उपकुल गरी षट्कुलको उल्लेख पाइन्छ (नेगी, पृ. १३६)। योगतन्त्रले वज्रसत्त्वका तथागत, वज्र, रत्न, धर्म, कर्म गरी पाँच कुल र अनुत्तरयोगतन्त्रले वैरोचन, हेरुक, वज्रसूर्य, पद्मनृत्येश्वर, परमाश्व र वज्रधर गरी छवटा कुलको उल्लेख गरेका छन्।

यसरी तन्त्रअनुसार कुलहरूको सङ्ख्या, अर्थ र साधना विधि भिन्न भए पनि सबैको लक्ष्य भने सहजानन्द (पारलौकिक सुख) को प्राप्ति रहेको हुन्छ। नामसङ्गीतिका साधकहरूले तलको तालिकामा देखाएअनुसार स्वकुल परम्पराअनुसार त्यसको अर्थ, इष्टदेवता र ज्ञानको अनुसरण गर्दै साधना गर्ने परम्परा रहेको छ -

**तालिका १**

| कुल | अर्थ | देवता | ज्ञान |
|---|---|---|---|
| मन्त्रविद्याधरकुल | कर्मकुल | अमिताभ | प्रत्यवेक्षणाज्ञान |
| कुलत्रय | कायवाक्चित्तकुल | वैरोचन | सुविशुद्धधर्मधातुज्ञान |
| लोकलोकोत्तरकुल | पद्मकुल | अमोघसिद्धि | कृत्यानुष्ठानज्ञान |
| लोकालोककुल | वज्रकुल | अक्षोभ्य | आदर्शज्ञान |
| महामुद्राकुल | बोधिचित्तवज्रकुल | वज्रसत्त्व | वज्रधातुमहामण्डलज्ञान |
| महोष्णीषकुल | महारत्नकुल | रत्नसम्भव | समताज्ञान |

## संवरग्रहण

संवरग्रहण भनेको साधक दीक्षित हुने भन्ने अर्थ हो। साधकले जगत्का प्राणीहरूको तारण र मोचन गर्ने इच्छा राखेर संवरग्रहण गरेको हुन्छ। यस क्रममा साधकले आफूमा मञ्जुश्रीज्ञानसत्त्वका अद्वयपरमार्थले युक्त नामहरूलाई साक्षात्कार गर्न दृढ छु भन्ने भावना जागृत गर्नुपर्छ। यस प्रकारको दीक्षा परम्परा प्राप्त स्वकुल परम्पराका गुरुहरूबाट मात्र लिन सकिन्छ (विलासवज्र, ४: ३ व्याख्या)। आफ्नो कुल परम्पराअनुसार बनाइएको बोधिमण्डलको अगाडि गुरुको सान्निध्यमा बसेर "म अमुक नाम गरेको यस शुभ बेलामा अनुत्तर सम्यक् सम्वोधि प्राप्त गर्नका लागि बोधिमण्डलमा प्रवेश गर्दछु' भन्ने सङ्कल्प गर्दछ (त्यही)। त्यसपछि गुरुले साधकलाई त्रिरत्न, बोधिचित्त र षट्कुलको प्रार्थना गराउने गर्दछन्। यो सबै क्रिया मानस रूपमै सम्पन्न गरिन्छ। यो प्रार्थना र पूजापश्चात् साधक बोधिमण्डल प्रवेशका लागि योग्य हुन्छ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**पाँच अभिसम्बोधिको भावना**

पाँच अभिसम्बोधिको भावना भन्नाले आदर्शादि पाँच ज्ञानसँग सम्बद्ध वैरोचनादि पाँच बुद्धको भावना गर्ने भन्ने अर्थ हो। यसमा सर्वप्रथम साधकले सुविशुद्धधर्मधातुज्ञानबाट उत्पन्न महाबोधिचित्तमा भिन्न गति, देश र योनीले युक्त भएका प्राणीहरूलाई सुनिर्मल आदर्शज्ञानमा देखेर ती प्राणीहरूप्रति साधकले आफ्नो चित्तमा आलम्वन करुणाको उत्पादन गर्दछ (विलासवज्र, ४:३ व्याख्या)। त्यसपछि साधकले 'जुन प्राणीहरू अनाथ भएर, शरणरहित भएर र अनेक दुःखले प्रताडित भएर संसाररूपी दलदलमा फसेका छन् ती सबै प्राणीहरूको हितका लागि म सदैव कार्य गर्नेछु' भन्ने प्रतिज्ञा गर्दछ। त्यसैगरी समताज्ञानबाट नैरात्म्यको, प्रत्यवेक्षणज्ञानबाट अधिमुक्तिको, सुविशुद्धधर्मधातुज्ञानबाट शून्यताको र कृत्यानुष्ठानज्ञानबाट महाकरुणाको भावना स्वचित्तमा जगाउने काम गर्दछ। यस कार्यलाई नामसङ्गीति साधनामा पञ्चाकाराभिसम्बोधिभावना नामले चिनिन्छ।

**बोधिमण्डलको स्वरूप**

बोधिमण्डलमा प्रवेश नगरी र स्वकुल परम्पराप्राप्त गुरुबाट अभिषेक ग्रहणबिना नामसङ्गीत साधनाको सिद्धि प्राप्त गर्न सकिँदैन भन्ने मान्यता नामसङ्गीतिका साधकहरूमा रहेको पाइन्छ। यहाँ बोधिमण्डल भन्नाले साधनाका लागि तयार पारिएको देवमण्डप हो। बौद्धतन्त्रमा मण्डललाई कुनै पनि एउटै परिवृत्तमा आफ्ना इष्टदेवतालाई प्रमुख देवताका रूपमा मध्यभागमा स्थापना गरी त्यसको चारैतिर अन्य आफ्ना आराध्य देवदेवीहरूको स्थापनापूर्वक बनाइएको देवमण्डपका रूपमा चिनाइएको छ। यस्ता मण्डलहरू तन्त्रका प्रकार, आफ्ना इष्टदेवता र कुल परम्पराअनुसार भिन्नभिन्न हुने भएकाले मण्डलहरूको सङ्ख्या निर्धारण गर्न सकिँदैन (नेगी, पृ. १४३)। यसरी मण्डलहरूको सङ्ख्या अनन्त हुने भए पनि यी मण्डलहरूलाई अध्येताहरूले स्वभावगतमण्डल, समाधिगतमण्डल र रूपीमण्डल गरी तीन प्रकारका मण्डलमा समावेश गर्न सकिने बताएका छन्।

स्वभावगतमण्डल धर्माधिकायको स्वभावबाट निर्मित मण्डल हो। आचार्य गुरुद्वारा आफ्नो समाधिका बलले निर्माण गरेको मण्डल समाधिगतमण्डल हो भने भौतिक पदार्थको प्रयोग गरी निर्माण गरिएको मण्डल रूपीमण्डल हो (दाहाल, पृ.९४)। नामसङ्गीतको चर्यापरक व्याख्या गर्ने नामसङ्गीतिका टीकाकार विलासवज्रले नामसङ्गीतिको साधनाका लागि समाधिमण्डल उपयुक्त हुने विचार व्यक्त गरेका छन्। उनले बोधिमण्डलको स्वरूपका बारेमा भनेका छन्-

बोधिमण्डल चारैतिर बराबरी लम्बाइ भएको चतुष्कोणात्मक हुन्छ। यसका चार दिशामा चार द्वार हुन्छन्। यस्ता द्वारहरू घण्ट, ध्वजा, चामर आदिले सजाइएका हुन्छन्। पूर्व द्वारमा विघ्नान्तक, दक्षिण द्वारमा यमान्तक, पश्चिम द्वारमा प्रज्ञान्तक र उत्तर द्वारमा पद्मान्तकलाई द्वारपालका रूपमा स्थापना गर्नुपर्दछ। मण्डलको बाहिरी भाग तोरणले घेर्नुपर्दछ। मण्डलको मध्यभागमा सिंहासनमाथि आफ्ना इष्टदेवताको स्थापना गरेर त्यसको परिधिमा इष्टदेवको ज्ञाधिकारमा पढिएका नाममन्त्राक्षरहरू स्थापना गर्नुपर्दछ। अन्य चार दिशामा आफ्ना इष्टदेवभन्दा इतर पञ्चबुद्धमध्येका अन्य चार बुद्धको स्थापना गर्नुपर्छ। बोधिमण्डलको बाह्य परिधिको पूर्व दिशामा दश पारमिता, दक्षिणमा दश वसिता पश्चिममा दश तारा र उत्तरमा दश भूमिको स्थापना गर्नुपर्दछ (विलासवज्र ४:३ व्याख्या)।

नामसङ्गीतिको साधनामा वज्रसत्त्वलाई प्रधान देवता मानेर साधना गर्ने परम्परा पनि रहेको छ। वज्रसत्त्वलाई प्रधान देवता मान्ने साधकहरूले भने अक्षोभ्य आदि पञ्चबुद्धलाई वज्रसत्त्वको परिधिमा स्थापना गरेर साधना गर्ने गरेको उल्लेख नामसङ्गीतिका व्याख्या ग्रन्थमा पाइन्छ। यस मण्डलको प्रयोग गरी वज्रसत्त्वको उपासना गर्ने प्रचलन काठमाडौं उपत्यकाका वज्रयानी नेवारी समुदायमा रहेको कुरा सद्धर्मराज वज्राचार्यले नामसङ्गीतिको नाममन्त्रार्थावलोकिनी टीकाको नेवारी भाषामा भावानुवाद गरी लेखिएको ग्रन्थ आर्यमञ्जुश्री नामसङ्गीतिमा उल्लेख गरेका छन्।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामसङ्गीतिका साधकहरूको कुलअनुसारका इष्टदेवता हुन्छन् । हरेक इष्टदेवताका स्वरूप, वर्ण, ज्ञान र बीजमन्त्र पनि भिन्न-भिन्न रहेका हुन्छन् । वज्रसत्त्वसहित पञ्चबुद्धका कुल, स्वरूप, वर्ण, ज्ञान र बीजमन्त्रलाई तालिकामा यसरी देखाउन सकिन्छ-

**तालिका २**

| बुद्ध | कुल | स्वरूप | वर्ण | ज्ञान | बीजमन्त्र |
|---|---|---|---|---|---|
| अक्षोभ्य | वज्रकुल | हूँकारस्वरूप | नील | आदर्शज्ञान | ॐ दुःखच्छेदाय नमः |
| वैरोचन | कायवाक्चित्तकुल | आकारस्वरूप | श्वेत | सुविशुद्धधर्मधातुज्ञान | ॐ प्रज्ञामूर्तये नमः |
| अमिताभ | कर्मकुल | ह्रींकारस्वरूप | रक्त | प्रत्यवेक्षणाज्ञान | ॐ वज्रतीक्ष्णाय नमः |
| अमोघसिद्धि | पद्मकुल | अकारस्वरूप | हरित | कृत्यानुष्ठानज्ञान | ॐ ज्ञानकायाय नमः |
| रत्नसम्भव | महोष्णिषकुल | ॐकारस्वरूप | पीत | समताज्ञान | ॐ वागीश्वराय नमः |
| वज्रसत्त्व | महामुद्राकुल | अकारस्वरूप | शुक्ल | वज्रधातुमहामण्डलज्ञान | ॐ अरपचनाय नमः |

माथिको तालिकामा देखाइएका बीजमन्त्रहरू साधकले आफ्ना इष्टदेवताको हृदयमा रहेको प्रज्ञाचक्रका रूपमा स्वीकार गरी त्यसै प्रज्ञाचक्रको चिन्तन गर्दछ । यस उपासनाबाट साधकले अनुत्तर सम्बोधि प्राप्त गर्ने र सबै प्राणीको तारण र मोचनका लागि ऊ समर्थवान हुने विश्वास गरिन्छ ।

**प्रज्ञाचक्रको उपासना**

वज्रयानमा साधकका इष्टदेवता तथा आराध्य देवदेवीका हृदयमा आदिबुद्धको निवास हुन्छ भन्ने विश्वास गरिन्छ । साधकले यिनै आदिबुद्धको हृदयमा रहेको प्रज्ञाचक्रको साधनाबाट सिद्धि प्राप्त गर्ने लक्ष्य राखेको हुन्छ । आफ्ना इष्टदेवताअनुसारका प्रज्ञाचक्र र बीजमन्त्रहरू भिन्न-भिन्न हुनसक्ने भए पनि नामसङ्गीतिका टीका ग्रन्थहरूमा सात प्रकारका प्रज्ञाचक्रहरूको वर्णन रहेको पाइन्छ । यस्ता प्रज्ञाचक्रहरू चार मेखला (वृत्त) ले युक्त हुन्छन् । यसको मध्यभागको मध्यबिन्दुमा इष्टदेवताको स्वरूपलाई सङ्केत गर्ने ॐ, ह्रीं आदि अक्षर र त्यसको परिधिमा बीजमन्त्र रहेको हुन्छ । त्यसभन्दा बाहिरको पहिलो वृतमा तथागत (बुद्ध) को मूलमन्त्र, दोस्रो वृत्तमा द्वादशभूमि (साधना क्रमका १२ श्रेणी)का प्रतीकका रूपमा रहेका बाह्रवटा स्वर वर्ण, तेस्रो वृतमा तथागत बुद्धको धारणी मन्त्र तथा चौथो वृत्तमा व्यञ्जन वर्णका ककारदेखि हकारसम्मका तेत्तिस व्यञ्जन वर्णहरू रहेका हुन्छन् । विशेषगरी नामसङ्गीतिमा अकारदेखि हकारसम्मका स्वर व्यञ्जन वर्ण समूहलाई सूक्ष्म मन्त्रका रूपमा स्वीकार गरिने भएकाले आदिबुद्धको हृदयमा रहेको प्रज्ञाचक्रमा स्वर व्यञ्जन वर्णसमूह रहेका हुन्छन् । आदिबुद्धको प्रज्ञाचक्रलाई चक्रमा यसरी देखाउन सकिन्छ-


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

### आदिबुद्धको प्रज्ञाचक्र



अभिताम, वैरोचन, अक्षोभ्य, अमोधसिद्धि, रत्नसम्भव र वज्रसत्त्वका प्रज्ञाचक्रमा भने वृत्तको मध्यबिन्दुमा इष्टदेवताको स्वरूप र त्यसभन्दा बाहिर अष्टाक्षरात्मक बीजमन्त्र राखिएको हुन्छ। बाहिरी चारवटा वृत्तमा भने आदिबुद्धको प्रज्ञाचक्रमा जस्तै मन्त्रहरू राखिएका हुन्छन्। उदाहरणका लागि अमिताभवुद्धको प्रज्ञाचक्र यहाँ प्रस्तुत गरिएको छ -

### अमिताभबुद्धको प्रज्ञाचक्र




Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता प्रज्ञाचक्रको साधना भावनासँग सम्वन्धित विषय हुन्। प्रज्ञाचक्रको साधनाबाट साधकले चित्तलाई एकाग्रतामा केन्द्रित गर्नसक्ने र सयबाट साधकको पुण्यसंभार वृद्धि भई अनुत्तरसम्यक्सम्बोधि (बुद्धसम्वद्ध ज्ञान) प्राप्त हुने विश्वास साधकहरूमा रहेको हुन्छ।

## उपसंहार

बुद्धद्वारा प्रतिपादित बौद्धदर्शनको महायान शाखाबाट वज्रयानको विकास भएको हो। वज्रयान बुद्धतन्त्रसँग सम्बन्धित शाखा हो। बुद्धतन्त्रका क्रियातन्त्र, चर्यातन्त्र, योगतन्त्र र अनुतरयोगतन्त्रका अनुयायीहरू वज्रयानअन्तर्गत पर्दछन्। वज्रयानमा तन्त्र साधनाका अनेक परम्पराहरू रहेका छन्। जसमध्ये नामसङ्गीति पनि एउटा हो। नामसङ्गीति बुद्धका नामहरूको सङ्गायन गरिएको बुद्धतन्त्रसँग सम्बन्धित ग्रन्थ हो। यसमा बुद्धका ८३१ वटा नामहरूको सङ्गायन गरिएको छ। वज्रयान परम्परामा नामसङ्गीतिलाई बुद्धद्वारा उपदेशित आगम ग्रन्थका रूपमा लिइन्छ तर यसमा प्रतिपादित विषयका आधारमा नामसङ्गीतिको विकास इसाको चौथो शताब्दीपछि मात्र भएको देखिन्छ।

नामसङ्गीतिका चौध अधिकारमध्ये सुरुका चार अधिकार नामसङ्गीतिको साधनासँग सम्वाधित, मध्यभागका छ अधिकार अक्षोभ्यादि पञ्चबुद्धसहित वज्रसत्त्वका नामहरूको सङ्गायनसँग सम्वन्धित र अन्त्यका चार अधिकार नामसङ्गीतिको महात्म्य वा वैशिष्ट्यसँग सम्बन्धित छन्। नामसङ्गीतिग्रन्थ ग्रन्थ मात्र नभएर बुद्धतन्त्र साधनाको परम्परा पनि हो। यसको साधनाका लागि साधकले सर्वप्रथम बुद्धकुलको छनोट र परम्पराप्राप्त कुलगुरुबाट संवर (दीक्षा) ग्रहण गर्दछ। यसबाट साधकको चित्तमा समस्त प्राणीहरूप्रति महाकरुणा उत्पन्न हुन्छ भन्ने विश्वास रहेको हुन्छ।

नामसङ्गीति साधनाको चरमविन्दु वोधिमण्डल प्रवेश र आफ्नो इष्टदेवताको प्रज्ञाचक्रको साधना हो। अनेक बोधिमण्डलहरूमध्ये नामसङ्गीतिको साधनाका लागि समाधिमण्डल उपयुक्त हुन्छ। यसका साधकहरूमा आफ्ना इष्टदेवताको स्वरूप, बीजमन्त्र, स्वरवर्णात्मक द्वादशभूमि, आदिबुद्धको मूलमन्त्र र व्यजनवर्णात्मक सूक्ष्ममन्त्रले युक्त प्रज्ञाचक्रको साधनावाट सिद्धि प्राप्त हुने विश्वास रहेको हुन्छ। यसको सिद्धिबाट साधकले संसारका प्राणीहरूलाई सहजानन्द सुखमा पुऱ्याउने र आफू सहजानन्द सुखमा पुग्ने लक्ष्य राखेको हुन्छ।

## सन्दर्भग्रन्थ

*गुह्यादि अष्टसिद्धिसंग्रहः* (सन् १९८७), वाराणसीः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान।

ट्राइव, एन्थोनी (सन् २०१९), *विलासवज्राज् कमेन्ट्री अन द मञ्जुश्री नामसङ्गीति,* नेपाल एडिसन।

दाहाल, शेखर (२०७८), *विलासवज्रकृताया नाममन्त्रार्थवलोकिनीटीकायाः ससमीक्षं सम्पादनम्,* (अप्रकाशित शोध प्रबन्ध), दाङ : नेपाल संस्कृत विश्वविद्यालय, अनुसन्धान केन्द्र।

धर्मवज्रः (२०६१), *आर्यमञ्जुश्रीनामसङ्गीति र वज्रयान,* ईश्वरचन्द्रः श्रेष्ठ (अनु.), काठमाडौं : व्योमकुसुमा बुद्धधर्म सङ्घ।

नेगी, ठाकुरसेनः (सन् १९९९), *वज्रयानी अनुत्तरयोग,* वाराणसीः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान।

न्यौपाने, काशीनाथ (२०६९), *नामसङ्गीति नेपाली व्याख्या,* काठमाडौँः राजु सापकोटा।

वज्राचार्यः, हेराकाजी (सं), (२०५८), *गुह्यसमाजतन्त्रम्,* ललितपुरः लोटस रिसर्च सेन्टर।

वज्राचार्यः, सद्धधर्मराजः (अनु.), (२०६८), *आर्यमञ्जुश्रीनामसङ्गीति,* ललितपुरः रमेश महर्जन सरिता महर्जन सपरिवार।

बनारसीलाल, (सं) (सन् १९९४), *आर्यमञ्जुश्रीमसंगीति,* **अमृतकणिर्काटीका संहिता**, वाराणसीः केन्द्रीय उच्च तिब्वती शिक्षा संस्थान,।

सांकृत्यायन, राहुल (सन् १९५८), *पुरातत्त्व निबन्धावली,* इलाहवादः किताबमहल।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# ग्रामीण विकासमा रेडियोको योगदान

- डा. श्रीराम खनाल

**प्रबन्धसार**

*रेडियो ग्रामीण बस्तीमा सजिलै उपलब्ध हुने सस्तो र कृषकहरूको पहुँचभित्र पर्ने आमसञ्चारको प्रभावकारी माध्यम हो। रेडियो पढ्नै नसक्ने वा नजान्नको लागि मात्र नभई आँखा नदेख्ने मानिसका लागि समेत उपयोगी माध्यम पनि हो। कृषक समुदायले खेतबारी वा फर्ममा काम गर्दागर्दै पनि रेडियो सुन्न सक्छन् भने गृहिणीहरूले घरमा रेडियो सुनेर सूचना समाचार, जानकारीका अतिरिक्त गीतसङ्गीतको आनन्द लिन सक्छन्। साथै कृषि उपज उत्पादन, भण्डार र बजारीकरण गर्नसमेत रेडियो कार्यक्रम उनीहरूका लागि फलदायी हुन जान्छ। प्रस्तुत लेख ग्रामीण विकासका रेडियोको भूमिकाका बारेमा केन्द्रित छ। रेडियो साहित्यहरूको पुनरावलोकनमा आधारित यो लेखले नेपालको रेडियो प्रसारणको जननी र अभिभावकको रूपमा रहेको रेडियो नेपालले नेपाली समाजमा खेलेको भूमिका र गर्नुपर्ने सुधारका बारेमा छोटकरीमा चर्चा गरिएको छ। रेडियोजस्तो सर्वसुलभ र प्रभावकारी माध्यमलाई आमनागरिकहरूको पहुँचभित्र पुऱ्याई सुसूचित, शिक्षित, मनोरञ्जन र अभिप्रेरणा प्रदान गर्ने कार्यमा रेडियो माध्यमलाई उपयोग गर्न सकेमा ग्रामीण विकासलाई निकै सहयोग पुग्ने आशयसहित यही सेरोफेरोमा यो आलेख तयार पारिएको हो।*

**मुख्य शव्दावलीहरू :** एफ.एम, समुदाय, कृषिकार्यक्रम, प्रसारक, प्रबलीकरण आदि।

**पृष्ठभूमि**

नेपालमा वि.सं. २००७ सालमा प्रजातान्त्रिक योद्धाहरूको सत्प्रयासबाटै प्रजातन्त्र रेडियो नामबाट रेडियोको स्थापना भएको मानिन्छ। रेडियो सुरुमा भोजपुर र त्यसपछि विराटनगर हुँदै वि.सं २००७ साल चैत २० गते राजधानी सहर काठमाडौँको सिंहदरबारभित्र ल्याइएको उक्त रेडियोलाई रेडियो नेपाल भनिएको इतिहास छ (देवकोटा, वि.सं, २०२४)।

नेपालमा विसं २०५४ बाट निजी र गैरसरकारी संस्थाहरूले रेडियो खोल्ने अवसर पाएका हुन्। खासगरी लोकतन्त्रपश्चात् नेपालमा एफ.एम. रेडियो खोल्ने लहर नै छाएको छ। सामान्यतया एउटा जिल्लामा कम्तीमा २ वटादेखि बढीमा ३ दर्जनसम्म रेडियो प्रसारणमा छन्। पोखरा र काठमाडौँमा ३६ वटा रेडियो प्रसारणमा छन्। सूचना प्रविधि तथा प्रसारण मन्त्रालयका अनुसार ११४३ संस्थाहरूले रेडियो सञ्चालन गर्ने अनुमति पाएका छन् भने ८०० को हाराहारीमा प्रसारण संस्थाहरूले रेडियो प्रसारण गरिरहेका छन्। यसले नेपालमा रेडियो उद्योग फस्टाउँदै गएको सहजै अनुमान गर्न सकिन्छ।

विकासोन्मुख देशहरूमा रेडियो निकै लोकप्रिय, सबैभन्दा किफायती र सर्वसाधारणको पहुँचभित्र पर्ने सञ्चारको प्रभावकारी साधन हो। (एफ.ए.ओ. सन् २००१) रेडियो अभिव्यक्ति, सहभागितालाई जोड


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दिने र स्थानीय संस्कृतिलाई महत्त्व दिने माध्यम हो (त्वाइस्ट,सन् २००४ : ३३)। डार्गन (सन् २००१ : ३३) ले उल्लेख गरेअनुसार प्रजातन्त्रलाई प्रवर्धन गर्न र सीमान्तकृत समुदायको उत्थान र सशक्तीकरणका लागि रेडियो सञ्चार सबल माध्यम हो जसले सहभागितामूलक सञ्चारलाई मद्दत गर्न सक्छ। आम मानिसका समस्या र आवश्यकता पहिचान गर्न सामुदायिक रेडियोहरू प्रयोग गरी समुदायको विकासको लागि प्रभावकारी काम गर्न सकिन्छ।

**रेडियोको भूमिका**

रेडियो तरङ्ग सार्वजनिक सम्पत्ति हो जुन रेडियो सेटको सहायताले सुन्न सकिन्छ। साथै अहिले मोवाइल र अनलाइनमा समेत डिजिटल रेडियो प्रयोग गर्न सकिन्छ। यसले कृषकहरूलाई कृषि अभ्यासका अतिरिक्त सरसफाइ, सिँचाइ, वालीनाली, रोग नियन्त्रण आदिका बारेमा जानकारी दिन्छ। यसले सूचना र आफ्ना कार्यक्रममार्फत जनसाधारणको जीवनलाई सुधार्नसमेत सहयोग पुऱ्याउँछ।

रेडियोले विकास प्रक्रियामा जनसहभागिता अभिवृद्धि मात्र गर्दैन, महिला सशक्तीकरणमा समेत उच्च योगदान गरेको मूल्याङ्कन गरिन्छ। लैङ्गिक समता कार्यक्रममार्फत छोराछोरीविचको विभेद, पुरुषबाट महिलामाथि हुने हिंसा वा घरेलु हिंसामा कमी, मानव अधिकार हननका क्षेत्रमा सुधार, भ्रष्टाचारमा कमी, कृषि एवं स्वास्थ्यसम्बन्धी जनचेतनालगायतका विषयहरूमा निकै सुधार भएको तथ्यलाई बिर्सन मिल्दैन। वास्तवमा भन्ने हो भने सञ्चारमाध्यमले विकास र सशक्तीकरणलाई सघाउँछ। कृषि, स्वास्थ्य, शिक्षा, प्रविधिलगायतका विषयहरूमा सचेतना जगाउनु रेडियोको दायित्व हो। पछिल्ला वर्षहरूमा यसले पुऱ्याएको योगदानको चर्चा सर्वत्र गरिन्छ र नेपालमा रेडियोको बढ्दो सङ्ख्यासँगै जिम्मेवारीवारे विद्वत्समुदायमा छलफल हुन थालेको छ। हो एफ.एम रेडियोहरू छाडा भए भन्ने आरोप पनि छ। विदेशी गीतसङ्गीत र संस्कृतिलाई यसले बढावा दिएको र नेपाली संस्कृति एवं परम्परालाई कम स्थान दिएकोमा पनि आलोचित छ। त्यसो त जनसाधारणले नागरिक शिक्षा पाएको र उनीहरू सुसूचित हुने अवसर पाएको प्रसङ्गलाई कदापि भुल्न सकिँदैन।

पाकिस्तानमा गरिएको एक अध्ययनमा कृषकहरूमा कृषिसम्बन्धी प्राविधिक ज्ञान पाउन र विस्तार गर्न रेडियो एकदमै सफल भएको निष्कर्ष निकालिएको छ। ग्रामीण विकासमा रेडियोको योगदान रहेको श्रीलङ्काको अभ्यास र अनुभवले पनि देखाउँछ। रेडियो महाबेलीले ग्रामीण वस्ती र समुदायमा योगदान पुऱ्याएको र ग्रामीण जीवनलाई उपयोगी कार्यक्रमहरू सम्प्रेषण गरेको, सांस्कृतिक सम्पदा संरक्षण, ग्रामीण जीवनको वास्तविक चित्रण गरेको एवं सामाजिक आर्थिक परिवर्तनका खातिर काम गरेको एक अध्ययनले देखाएको छ।

रेडियो प्रसारकहरूले राजनीतिक सङ्गठनको पृष्ठपोषणभन्दा माथि उठेर आम स्रोता र देशको हित खातिर काम गर्नु नैतिक दायित्व पनि हो। राष्ट्रिय प्रसारण ऐन २०४९ ले प्रसारकहरूलाई जिम्मेवार बनाउन खोजेको देखिन्छ। प्राकृतिक विपत र सङ्कटका समयमा आवश्यक सूचना दिनुमा मात्र नभई लोककल्याणका खातिर काम गर्नु आमसञ्चार माध्यमको नैतिक दायित्व हुन्छ (राष्टिय प्रसारण ऐन ०४९)। मिसनभन्दा पनि व्यावसायिकता र सामाजिक भावनाबाट प्रेरित भई काम गर्ने लोककल्याणकारी पत्रकारिताको धर्म हो। त्यो धर्मलाई रेडियोले निभाउनु पर्दछ भन्ने सामुदायिक रेडियोको आम मान्यता हो।

सङ्घीयताको अभ्यास गरिरहेको नेपालले स्थानीय सञ्चारमाध्यमका सम्बन्धमा स्पष्ट अवधारणालाई व्यवहारमा उतार्न आवश्यक देखिन्छ। स्थानीय विकास निर्माणमा जनसहभागिता अभिवृद्धि गर्दै स्थानीय स्रोत साधनको परिचालन एवं उपयोगमा स्थानीय सञ्चार माध्यमका रूपमा रेडियोको विकास र विस्तारमा दीर्घकालीन नीति अख्तियार गर्नुपर्ने देखिन्छ। दाताहरू र सरकारको मुख ताक्ने प्रवृत्तिले हाम्रा रेडियोहरू आत्मनिर्भर हुन नसकेका हुन्। समुदायमुखी र समुदायको हितमा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पित हुन एफ.एम. रेडियोहरूले राजनीतिक झुकाव र गुटबन्दीलाई त्यागनु पर्दछ। राज्यले पनि आधारभूत स्वास्थ्य, उन्नत खेती, शिक्षा, सामुदायिक विकासमा सहयोग पुग्ने उपयोगी र राम्रा वा स्तरीय कार्यक्रम उत्पादन र सम्प्रेषण गर्ने रेडियोलाई पुरस्कृत गर्ने परिपाटीको विकास गर्नुपर्ने देखिन्छ। आर्थिक दूरावस्था, दक्ष सञ्चारकर्मीको अभाव, गुणस्तरीय प्रविधि उपयोग गर्न नसक्नुलगायतका समस्या रेडियोहरूले भोग्नुपरेको छ। तर समस्या र चुनौतीका बाबजुद पनि सुसूचित समाजको निर्माणमा एफ. एम. रेडियोहरूले खेलेको भूमिकालाई सकारात्मक नै मान्नुपर्दछ।

**रेडियो प्रभाव**

युगान्डामा रेडियो युगान्डाले २० भन्दा बढी भाषाहरूमा कृषि कार्यक्रम उत्पादन गरी कृषकहरूलाई शिक्षा दिने गरेको पाइन्छ। भुटानमा पनि रेडियोका माध्यमबाट किसानहरूमा खेती, स्वास्थ्य र वातावारणलगायतका क्षेत्रमा जनचेतना जगाउन योगदान गरेको पाइन्छ। त्यहाँ हरेक किसानलाई उत्पादन बढाउन विशेष कार्यक्रमहरू अघि बढाएको छ। तर नेपालमा केही सीमित रेडियोहरूले मात्र कृषि कार्यक्रम प्रसारण गर्ने गरेका छन्। किसानहरूको तहमा नपुगी कार्यक्रम तयार पारिने परिपाटी, विशेषज्ञ सञ्चारकर्मीको कमी, कृषि प्रसार शिक्षा वा ज्ञानको कमी, बजेटको अभाव, प्रायोजनका लागि दाताहरूमा भरपर्ने लगायतका कारणहरूले नेपालमा कृषि कार्यक्रमको उत्पादनमा कमी आएका हुन्। कृषि कार्यक्रम उत्पादन कार्यलाई प्राथमिकता नदिने र कृषि कर्मलाई हेयको दृष्टिकोणले लिने हामीकहाँको गलत परिपाटीले कृषिले अर्थतन्त्रमा महत्त्वपूर्ण टेवा दिन सक्ने हुँदैहुँदै पनि यो क्षेत्रले प्राथमिकता पाउन नसकेको हो।

ग्रामीण रेडियोहरूले समुदायका मानिसहरूलाई उपयोगी ज्ञानसिप, प्रविधि र सान्दर्भिक कुराहरू सिकाएर ग्रामीण विकासमा टेवा दिन सक्छ। खनालको अध्ययन (२०१५) अनुसार नेपालका ग्रामीण क्षेत्रका किसानहरूमा कृषि रेडियोहरूले धेरै सकारात्मक परिवर्तन ल्याएको छ। कृषि कार्यक्रम नाटक र रेडियो पत्रिकाको ढाँचा र शैलीमा उत्पादन गर्न सकिए ग्रामीण भेगका किसानहरू लाभान्वित हुनसक्ने अध्ययनको निष्कर्ष छ। रेडियोमा कृषि कार्यक्रम सुन्ने किसानमा कृषिसम्बन्धी जानकारी बढी भएको र त्यसलाई प्रयोगमा समेत ल्याएको देखिन्छ भने रेडियो नसुन्ने किसान त्यस्तो जानकारी नभएको अध्ययनले देखाएको छ। साथै यो अध्ययनले रेडियो नेपालबाट प्रसारित कृषि कार्यक्रमले कृषकहरूलाई आधुनिक कृषि प्रणाली, उन्नत खेतीका बारेमा जानकारी दिएको र कृषकहरूको जीविकोपार्जनमा निकै सहयोग पुगेको तथ्य प्रस्तुत गरेको छ।

छिमेकी मुलुक भारतमा समेत ग्रामीण क्षेत्रका विशेषगरी महिलाहरूमा रेडियोले कृषि चेतना जागृत गर्न निकै सहयोगी साबित भएको, स्वास्थ्यसम्बन्धी आधारभूत सूचना र ज्ञानप्राप्त गर्न सफल भएको एवं सामाजिक मुद्दाहरू र सवालहरूमा चासो वा रुचि देखाउन थालेको र विकास परियोजनाहरूमा उनीहरूको सहभागिता बढ्न थालेको देखिन्छ।

**रेडियोको योगदान**

रेडियो नेपाल प्रसारण क्षेत्रको जननीमात्र नभई खम्बा पनि हो यसमा दुई मत हुन सक्दैन। रेडियोले नागरिकहरूमा जागरण र सचेतना मात्र फैलाएको छैन, पर्यावरण र नेपाली कला संस्कृतिको संरक्षणमा समेत विशेष योगदान पुऱ्याएको देखिन्छ। नेपाल गाउँ नै गाउँले भरिएको मुलुक भएकाले ग्रामीण विकास भनेकै गाउँमा रहेका स्थानीय जनताको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृति स्तरमा सकारात्मक परिवर्तन देखिनु हो अर्थात् विपन्नवर्गका जनताको जीवनस्तर उकासिनु हो। ग्रामीण क्षेत्रमा बढ्दो जनसङ्ख्या, रुढिवादी, कुसंस्कार, गरिबी, विकास निर्माणमा जनसहभागिताको कमीजस्ता समस्या रहिआएका छन्। ती समस्या निराकरणका लागि रेडियो जस्तो सर्वसुलभ र ग्रामीण जनताको पहुँचमा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुगेको प्रभावकारी अरू कुनै साधन हुन सक्दैन। निरक्षर समुदाय, अल्पसङ्ख्यक, गरिव, मानवअधिकारको संरक्षण, संस्कृति संरक्षण र विकास निर्माणका अभियानहरूवारे सुसूचित गराएर रेडियो नेपालले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको मूल्याङ्ककन गर्न सकिन्छ। देशभक्ति र राष्ट्रियताको सवालमा अझ रेडियोलाई सशक्त ढङ्गमा सञ्चालन गरिनुपर्दछ। भण्डारी (वि.सं. २०६४, पृ.६३) ले उल्लेख गरेअनुसार रेडियो नेपालले जातीय उत्थान, अल्पसङ्ख्यक, आदिवासी, मधेसी, मुस्लिम, महिला, पिछडावर्गलगायतका निम्न वर्ग लक्षित समुदायप्रति केन्द्रित भई कार्यक्रमहरू प्रसारण गर्दै आएको छ भने नागरिकको सम्मान बढाउने, वालवालिकाहरूलाई शिक्षित तुल्याउने, युवाहरूलाई दिशाबोध गर्ने, महिला हिंसा निरुत्साहित गर्ने, सामाजिक भेदभाव हटाउने, अन्धविश्वास, रुढिवादी र कुरीति निरुत्साहित गर्ने खालका कार्यक्रमहरू प्रसारण गरिरहेको छ। के.सी. (२०७२) ले उल्लेख गरेवमोजिम रेडियो नेपालले आफ्नो प्रसारण समयको ७० देखि ७५ प्रतिशत समय राष्ट्रको दायित्व र नागरिकको जिम्मेवारीबोध झल्किने सेवामूलक कार्यक्रमहरू उत्पादनमा खर्च गर्दछ भने वाँकी अर्थात् २५ देखि ३० प्रतिशत कार्यक्रमहरू बाह्य संस्थाहरूको प्रायोजन र अन्य कार्यक्रमका लागि गर्दछ (झङ्कार, २०७८)। देशका ५ वर्ष वा सोभन्दा बढी उमेरका कूल जनसङ्ख्या साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। नेपालमा पुरुषको साक्षरता ८३.६ रहेको छ भने महिला साक्षरतादर ६९.४ प्रतिशत रहेको छ (राष्ट्रिय जनगणना,२०७८)। ताकि २०६८ को जनगणनामा कुल साक्षरतादर ६५.९ प्रतिशत, पुरुषको साक्षरता ७५.१ प्रतिशत र महिला साक्षरता दर ५७. ४ प्रतिशत रहेको थियो। साक्षरहरूको सङ्ख्या बढिरहे पनि आम मानिसको पहुँचभित्र पर्ने माध्यम रेडियो नै हो। चाहे राष्ट्रिय प्रसारण रेडियो नेपाल सामुदायिक रेडियो र निजी रेडियोहरू नै किन नहोस् रेडियो माध्यमले नेपाली जनमानसमा जागरण छाएको दावी गर्न सकिन्छ।

**रेडियोसम्बन्धी केही अध्ययनहरू**

रेडियो नेपालबाट प्रसारित कार्यक्रमहरूका वारेमा बेला बेलामा शैक्षिक संस्था तथा गैरसरकारी संस्थाबाट केही अध्ययन अनुसन्धान भएको पाउँछौं। रेडियो नेपालले आफ्ना कार्यक्रमहरूको औचित्य र उपादेयता मूल्याङ्कन गर्न आवश्यक ठानेर सन् १९८९ मा एउटा अध्ययन गरेको थियो। हिमाल, पहाड र तराईका ११ जिल्लाहरूका ९१९ उत्तरदाताहरूलाई लिएर गरेको उक्त अध्ययनले रेडियो नेपालका कार्यक्रमहरू तीनै क्षेत्रका नेपाली स्रोताहरूले निकै मन पराएको निष्कर्ष निकालेको थियो (रिडा, सन् १९८९)। त्यसपछि रेडियो नेपालकै स्रोता सर्वेक्षण महाशाखाको सक्रियतामा भएको अर्को अध्ययनले ९४ प्रतिशत स्रोताले गीत-सङ्गीत कार्यक्रम ८५ प्रतिशतले मनोरञ्जनात्मक कार्यक्रम सुन्ने गरेको देखाएको छ (रेडियो वनरसिप एन्ड लिसनिङ इन नेपाल, रेडियो नेपाल, सन् १९९७)।

रेडियो श्रवणका हिसाबले पहिलोमा रेडियो नेपाल, दोस्रोमा कान्तिपुर एफ.एम., तेस्रोमा कालिका एफ.एम. र चौथौमा इमेज एफ.एम. रहेको अध्ययनले देखाउँछ (ब्रोडकास्ट अडियन्स सर्वे, सन् २००६)। रेडियो नेपालले बेला बेलामा स्रोता सर्वेक्षण र प्रभावकारितासम्बन्धी अध्ययनलाई तीव्र पारी स्रोता अनुकुलका कार्यक्रमहरू सम्प्रेषण गर्नुपर्ने देखिन्छ। यसैगरी पछिल्लो समयमा बी.बी.सी.ले गरेको अध्ययनले पनि नेपाली रेडियो जनताको सामाजिक जीवनमा अभिन्न अङ्गका रूपमा रहेको तथ्य उद्घाटित गरेको छ। यो अध्ययनले ८६ प्रतिशतले रेडियो नेपाल सुन्ने गरेको निष्कर्ष उल्लेख गरेको छ।

सेयरकास्ट इनिसिएटिभ्सले सन् २०२० मा गरेको एक अध्ययनले परम्परागत रेडियो सेटमा रेडियो समाचार सुन्ने सङ्ख्या ४२ प्रतिशत मात्र छ। सन् २०२२ मा यो सङ्ख्या घटेको देखाउँछ। तर डिजिटल मिडियाका कारण मोबाइल, कम्प्युटरका माध्यमवाट अनलाइन रेडियो सुन्नेको सङ्ख्या भने ह्वात्तै बढेको पाउँछौं। राष्ट्रिय जनगणना २०७८ ले सार्वजनिक गरेको एक प्रतिवेदनका अनुसार कूल जनसङ्ख्यामा रेडियो सुविधा कूल २२८०१२३ परिवारले प्रयोग गर्दछन् जुन ३४.२ प्रतिशत हो भने


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

टेलिभिजन जुन ३२९११८५ परिवार सङ्ख्याले अर्थात् ४९. ४ र इन्टरनेट सेवा लिने परिवारको सङ्ख्या २५१४५१० अर्थात् ३७.८ प्रतिशत छ भने साधारण मोबाइल फोन ४८७६५६१ परिवार र स्मार्ट मोबाइल४८६२८८५ ले प्रयोग गर्दछन् । सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा रेडियो सुन्ने घरपरिवारको सङ्ख्या बढी छ ।

सेयरकास्ट इनिसिएटिभ्सले सन् २०२२ मा गरेको एक अध्ययनले नेपालमा ४५.२ प्रतिशत रेडियोको पहुँच पुगेका, ४८.५ प्रतिशतमा टेलिभिजन, १५ प्रतिशतमा पत्रपत्रिका र ६३ प्रतिशतले इन्टरनेट प्रयोग गर्दछन् । यसबाट इन्टरनेट र डिजिटल मिडियाको पहुँच बढेको देखाउँछ । परम्परागत रेडियो सेटमा रेडियो सुन्ने (३४ प्रतिशत, मोबाइलमा रेडियो सुन्न ७१ प्रतिशत र अन्य साधनमा रेडियो सुन्ने सङ्ख्या १ प्रतिशत रहेको छ । यसबाट मोबाइल र अनलाइन अर्थात् डिजिटल प्लेटफर्ममा रेडियो सुन्ने अर्थात् रेडियोप्रयोगकर्ता बढिरहेको देखिन्छ ।

**सुधारको क्षेत्र**

स्रोतसाधनको समुचित उपयोग गर्दै स्थलगत कार्यक्रम निर्माण र उत्पादनमा ध्यान जान जरुरी छ । राजनीतिक पूर्वाग्रह र प्रभावबाट मुक्त रही रेडियोलाई जनताको हित खातिर प्रयोग गर्नुपर्दछ । उद्यमी, कृषकका सफलताको कथाहरू, जनसाधारणको जीवन उकास्ने, आय बडाउने, नागरिक स्वास्थ्यलाई फाइदा हुने, कृषि कार्यक्रमको समय विस्तार गरी कृषकलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमहरू निर्माण र उत्पादनमा ध्यान दिनुपर्दछ । कृषिमैत्री भूगोल र वातावरण भईकन पनि नेपालले निर्यातमार्फत ठुलो धनराशि आर्जन गर्न कृषक दाजुभाइ दिदीबहिनीहरूलाई यस क्षेत्रमा आकर्षण गर्ने कार्यक्रम उत्पादनलाई प्रबलीकरण गरिनुपर्दछ । यसैगरी नागरिक शिक्षा, संस्कृति संरक्षण र वातावरण संरक्षण, दिगो विकास, सुशासन, मानवअधिकारलगायतका कार्यक्रमहरूलाई अझ विस्तारित र परिमार्जन गर्न आवश्यक देखिन्छ ।

रेडियोले दक्ष सञ्चारकर्मीहरू र पत्रकारहरूलाई समेट्नु पर्दछ । स्थानीय स्रोतसाधन र मानव संसाधनको महत्त्वलाई दृष्टिगत गरी नागरिक र स्थानीय सरकार एवं तिनका प्रतिनिधिहरूका बिचमा छलफल एवं संवाद गर्न तथा स्थानीय सरकारको गतिविधिलाई ध्यान दिँदै वाचडगको भूमिका निर्वाह गर्न रेडियोको उपयोग गर्न सकिन्छ । गीतसङ्गीत मात्र नभई आफ्ना कन्टेटहरू बढी हुनुपर्दछ । बहुभाषामा कार्यक्रम निर्माण र उत्पादन गरिरहेको सन्दर्भमा अझ धेरै भाषाभाषीलाई समेटी व्यावहारिक वा प्रविधि एवं सिप सिकाउने कार्यक्रम उत्पादन गर्ने व्यवस्था मिलाउन सकिन्छ । व्यावसायिक विज्ञापनभन्दा पनि सार्वजनिक सेवा विज्ञापन अंश बढी हुनुपर्दछ जुन सर्वसाधारण नेपालीको जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने होस् । विज्ञापन र कन्टेन्टबिच तालमेल वा सन्तुलनको अभाव देखिन्छ त्यसतर्फ पनि व्यवस्थापनको ध्यान जानुपर्दछ । सबल र चुस्त व्यवस्थापन, बेलाबेलामा स्रोता सर्वेक्षण र प्रभावकारिता अध्ययन गर्ने व्यवस्था मिलाउन सके नेपाली रेडियो नेपालीको आवाज भन्ने नारा अझ सार्थक हुने थियो । त्यसो त सञ्चार माध्यममा सस्तो, एवं सर्वसुलभ र शुल्क नलाग्ने माध्यमको रूपमा रहेको रेडियाको संस्थागत विकाससँगै आम नेपालीको भविष्य गाँसिएको यथार्थलाई मनन गर्नुपर्दछ। नेपालमा पछिल्लो समयमा निजी तथा गैरसरकारी क्षेत्रमा समेत रेडियो प्रसारण विस्तारित भई प्रतिस्पर्धाको वातावरण सिर्जना भएको र त्यसको उपयोग गर्दै स्तरीय र विशिष्ट कार्यक्रम निर्माण गरी स्रोताहरूको जनविश्वास आर्जन गर्नुपरेको छ। सञ्चार नीति र योजनाहरूमा रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रूपमा रूपान्तरण गर्ने नीतिलाई छिटै व्यवहारमा लागु गर्नुपर्ने देखिन्छ। विभिन्न जातजाति विशेषगरी लोपोन्मुख जातिजातिका सांस्कृतिक, सामाजिक कार्यक्रमहरू प्रसारण भए पनि नियमित रूपमा विशेष कार्यक्रमहरू नभएको जनगुनासो पनि छ ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमा पनि पछिल्लो दशकमा सञ्चारमाध्यमहरूको प्रयोग व्यापक बढेको र पाठक/दर्शक/स्रोतागणको चेतनास्तरमा निकै नै परिवर्तन आएको महसुस गरिन्छ। चाहे लैङ्गिक विभेद नै किन नहोस्, छुवाछुत वा जातीय विभेद, स्वास्थ्य एवं वातावरणसम्वन्धी जनचेतना नै किन नहोस् ग्रामीण क्षेत्रमा यसले ल्याएको सकारात्मक परिवर्तनलाई पनि आधार मान्न सकिन्छ। निष्कर्षमा भन्ने हो भने राज्यले रेडियोलाई प्रोत्साहन गर्ने नीति बनाएरमात्रै हुँदैन यसको व्यवस्थापन, नियमन एवं आत्मनिर्भर बनाउने ठोस योजना ल्याउन र कार्यान्वयन गर्न पनि त्यतिकै ध्यान दिनु आवश्यक छ। सबैले चाहेको समृद्धि ल्याउन, सुशासन र भ्रष्टाचाररहित समाज निर्माण एवं सामाजिक विकृति र विसङ्गतिविरुद्धको अभियानमा रेडियोजस्तो प्रभावकारी साधन अरू हुन सक्दैन। समुदायलाई चेतनशील बनाउन र सुसूचित समाज निर्माणमा सामुदायिक र स्थानीय रेडियोहरूलाई वेवास्ता गर्न मिल्दैन।

**निष्कर्ष**

रेडियो बुहसङ्ख्यक नेपालीको पहुँचभित्रको माध्यमको रूपमा रही स्वास्थ्य, कृषिसम्वन्धी आधारभूत चेतनादेखि निर्वाचन अर्थात् नागरिक शिक्षाका क्षेत्रमा जनचेतना जागृत गर्न र सुसूचित गर्न निर्वाह गरेको भूमिका प्रशंसनीय छन् यसलाई मुक्तकण्ठले प्रशंसा गर्नै पर्दछ। कृषि, वातावरण, दिगो विकासलगायतका क्षेत्रमा सूचना पस्केर आम मानिसलाई सुसूचित गर्ने कार्यमा पनि रेडियोहरूले सहयोग पुऱ्याएका छन्। रेडियो नेपालले विशेष कार्यक्रमहरू जस्तै कृषि कार्यक्रम, अपाङ्गता र अधिकार, असल शासन, दलितआवाज, साथीसँग मनका कुरा, मानव अधिकार शिक्षा, सीमान्तकृत आवाज, बालकार्यक्रमलगातयका कार्यक्रमहरू नेपाली स्रोतासामु निकै लोकप्रिय छन्। रेडियोबाट प्रसारण हुने शिक्षा, स्वास्थ्य, कृषि, विज्ञान-प्रविधि, कृषि कार्यक्रमहरूले ग्रामीण विकासलाई सघाएका छन्। रेडियो एउटा सामाजिक समस्या समाधान गर्ने चौतारी पनि हो।

विकासोन्मुख देशहरूमा त्यहाँको सरकारले ग्रामीण विकासका लागि अरबौं रकम खर्च गरेका छन्। तर त्यसबाट लक्षित प्रतिफल हासिल हुन सकेको देखिँदैन। त्यसको मुख्य कारण सरकार, नीतिनिर्माता र जनसाधारणबिच सञ्चार रिक्तता हुनु नै हो। त्यस्तो रिक्ततालाई रेडियोहरूले मेट्न सक्छ। युनेस्कोले रेडियोलाई ग्रामीण समुदायको विकासमा सबैभन्दा प्रभावकारी र सस्तो साधनको रूपमा लिएको छ। नेपालमा रेडियोले सरसफाइ, परिवार नियोजन, वातावरण संरक्षण, जनचेतना अभिवृद्धि एवं सांस्कृतिक कार्यक्रममार्फत मनोरञ्जन दिलाएका छन्। चेतनाका माध्यमबाट ल्याएको परिवर्तनले आर्थिक सामाजिक रूपान्तरण गर्दै एक समृद्ध नेपाल बनाउने महाअभियानमा उत्प्रेरकको भूमिका निर्वाह गर्नुपर्दछ। रेडियोले सरकारको काम कारवाही भएका, कमीकमजोरी औंल्याउन, स्वस्थ आलोचना गर्ने एवं राष्ट्रनिर्माणको महाअभियानमा सहयोग पुऱ्याउनुपर्दछ।

## सन्दर्भ ग्रन्थसूची


के.सी., बुद्धिबहादुर (वि.सं ***२०७२) रेडियो नेपाल :आजको यथार्थ***, झङ्कार, मुखपत्र रेडियो नेपाल : काठमाडौं।

खनाल, श्रीराम (वि.सं.२०७६) ***ग्रामीण विकासमा रेडियोको भूमिका***, *राजधानी दैनिक,* वर्ष १९,अंक १२, असार १ गते पृ.६।

खनाल, श्रीराम (वि.सं.२०७०), ***रेडियो प्रभाव*** (सम्पा.) दीपक अर्याल आदि, ललितपुर : जगदम्वा प्रकाशन।

खनाल, श्रीराम (वि.सं.२०७३), ***आमसञ्चार र पत्रकारिता,*** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

देवकोटा, ग्रीष्मबहादुर (वि.सं.२०५९),***नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास,*** काठमाडौ : साझा प्रकाशन।

भण्डारी, टीका (वि.सं २०६४), ***रेडियो पत्रकारिता,*** काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्टिब्युटर्स।



Prof. Madhav Prasad Nanda Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

केन्द्रीय तथ्याङ्क विभाग, *राष्ट्रिय जनगणना*-२०७८, नेपाल सरकार ।

Khanal, S.R. (2015). ***Effects of Radio Programmes in Rural Areas of Nepal***. Unpublished Doctoral Dissertations, Nepal: Tribhuvan University.

Share cast initiative Nepal ( 2019). ***Nepal Media Survey, 2019***. Lalitpur: Nepal

Share cast initiative Nepal ( 2022). ***Nepal Media Survey, 2022***. Lalitpur: Nepal

Paudyal, B. (2013). Radio Broadcasting: Access and functioning. In Kharel, P. (ed.) ***Select Media Topics***. Kathmandu: Central Department of Journalism & Mass communication.(T.U.)

Parajuli, S. (2004). ***Radio Nepal and Listener's Survey, in Onta et al.(eds). Radio Nepalko samajik Itihas*** . Kathmandu: Martian Chautari.

Whaites, N.(2005). ***Tuning in : An inventory of rural F.M. Radio in Ghana***. Unpublished Master's Thesis, Ghana: Graduate studies of University, Guelph.


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# भ्रष्टाचारविरोधी अन्तर्राष्ट्रिय महासन्धि र नेपालको कानुन

- श्रीराम श्रेष्ठ

**लेखसार**

*भ्रष्टाचार विश्वव्यापी रूपमा देखिएको समस्या हो। भ्रष्टाचारले राज्यमात्र होइन, मानव जीवन, व्यवस्था र विकास नै प्रभावित हुन पुग्दछ। यसका मूलतः तीन आयाम र विभिन्न सिद्धान्त रहेको पाइन्छ। भ्रष्टाचार समावेश हुने तीन आयाममा सरकारी अधिकारी, निजी-सार्वजनिक क्षेत्र र राजनीतिक दलहरू प्रमुख रूपमा रहेको हुन्छ भने भ्रष्टाचार विरुद्धका सिद्धान्तहरूमा नीतिगत प्रतिबद्धता र कार्यान्वयन, राज्य संयन्त्र र नागरिक समूहको प्रभावकारी उपस्थिति, विधिको शासन, प्रभावकारी कानुन र स्वतन्त्र न्यायपालिका साथै नागरिक पहरेदारी महत्त्वपूर्ण रहेको हुन्छ। यो एक विश्वव्यापी समस्या भएकोले कुनै एक मुलुकको मात्र प्रयासमा यसको समाधान सम्भव देखिँदैन। तसर्थ यसका लागि अन्तर्राष्ट्रियस्तरमा नै विभिन्न प्रयासहरू भएको र यो निरन्तर रूपमा जारी रहेको अवस्था छ। परिणामतः विश्व समुदायको पहलमा भ्रष्टाचार विरोधी महासन्धि तर्जुमा भई लागु भएका छन् भने नेपालसमेत यो महासन्धिको पक्षराष्ट्र बनेको छ, जसले भ्रष्टाचार नियन्त्रणका लागि राज्यले गर्नुपर्ने जिम्मेवारीसहित राज्यको दायित्व सिर्जना गरेको छ। यद्यपि ती दायित्व पूरा गर्नका लागि नेपालले गर्नुपर्ने कार्य तथा चुनौतीहरू धेरै रहेका छन्।*

**शब्द कुन्जी :** भ्रष्टाचार, महासन्धि, सुशासन, जवाफदेहिता, दण्डविधान।

**अध्ययनको समस्या तथा उद्देश्य-** भ्रष्टाचार नेपालको सुशासनमा गम्भीर समस्या बन्दै आएको छ। भ्रष्टाचार केवल आर्थिक पक्षसँग मात्रै जोडिएको हुँदैन। पदमा बसेर गरिने हरेक प्रकारका पदीय दुरुपयोगलाई भ्रष्टाचार भनिन्छ। भ्रष्टाचारको एउटै परिभाषा पनि छैन र यो एउटै देशमा मात्रै पनि सीमित छैन। त्यसैले यस लेखमा भ्रष्टाचारका विश्वव्यापी अवधारणा र अन्तर्राष्ट्रिय सङ्गठनहरूले निर्धारण गरेका भ्रष्टाचारसम्बन्धी मान्यता तथा कानुनहरूको खोजी गर्नु अनि नेपालमा रहेका कानुनी व्यवस्थाको व्याख्या गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ।

**अध्ययन विधि-** प्रस्तुत लेख तयार पार्दा पुस्तकालय विधिलाई अनुशरण गरिएको छ। सामग्रीको प्रस्तुति तथा ती सामग्रीको व्याख्या तथा विश्लेषण गरेर निष्कर्षमा पुगिएकाले विश्लेषणात्मक विधिलाई पनि उपयोग गरिएको छ। सामग्रीको सत्यापनका लागि अन्तर्राष्ट्रिय कानुनहरूको पनि उल्लेख गरिएको छ। सामग्रीको व्यवस्थापनमा एपिए पद्धतिलाई आत्मसात् गरिएको छ।

## १. विषय परिचय :

भ्रष्टाचार विश्वव्यापी रूपमा देखिएको एउटा गम्भीर आयामिक समस्या हो। यसबाट मानव



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समाजको आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक क्षेत्रमा नकारात्मक असर पुऱ्याएको छ (Venugopal, 2000: 111). राज्य वा राज्यले बनाएको कानुनअन्तर्गत अधिकार पाएको व्यक्तिले आफ्नो अधिकार वा स्वविवेकको दुरुपयोग वा प्रभावमा पारी आफ्नो वा आफू आबद्ध समूहको हितको लागि कुनै काम गर्नु भ्रष्टाचार हो (Stapenhurst and Sedigh, 1999: 1). यो कुनै स्थीर समस्या नभई समयको परिवर्तनसँगै अगाडि बढेको समस्या हो, जसले समाजका हरेक कालखण्डमा सामाजिक संरचनालाई प्रभावित मात्र नपारी ध्वस्तसमेत बनाएको पाइन्छ। विस्तृत अर्थमा निजी फाइदाका लागि सार्वजनिक ओहदाको दुरुपयोग गर्नु भ्रष्टाचार हो। सार्वजनिक सम्पत्तिको हिनामिना वा दुरुपयोग गर्नु, कसैको प्रभावमा परी आफ्नो ओहदाको दुरुपयोग गर्नु, नातावाद, कृपावादलाई प्रश्रय दिनु पनि भ्रष्टाचार नै हो। यो राजनीतिक क्षेत्रदेखि कर्मचारीतन्त्र हुँदै निजी क्षेत्रसम्म पुगेको हुन्छ। यो सङ्गठित तथा असङ्गठित, स्थानीय, क्षेत्रीय तथा बहुराष्ट्रियस्तरसम्म पनि सहजै पुग्नसक्छ। S. S. Gill का शब्दमा- Corruption is not a static phenomenon. It feeds on itself and, like cancer; it keeps spreading and eating into the vitals of the system (Gill, 1998: 269; cited at Naseem 2000: 119).

भ्रष्टाचारको विभिन्न स्वरूपहरू हुनसक्छ। विशेषतः सार्वजनिक पद धारण गरेका व्यक्तिले कुनै काम गरिदिए वा नगरेबापत कुनै रकम वा पुरस्कार ग्रहण गर्नु, आफ्नो व्यक्तिगत स्वार्थको लागि कानुन वा स्वविवेकीय अधिकार वा अख्तियारीको दुरुपयोग गर्नु, सार्वजनिक सम्पत्ति निजी काममा प्रयोग गर्नु, नभएको काम कुरा भए गरेको भनी लाभ हासिल गर्नु, घुस माग्नु वा कबोल गर्नु, नातावाद अपनाउनु आदि भ्रष्टाचारका स्वरूपहरू हुन्। राजनीतिक यथार्थताको कसीमा हेर्ने हो भने यसले जनअभिमत, लोकतन्त्र तथा असल शासनलाई नै पतन गर्दछ। किनकि भ्रष्टाचारले गर्दा यी संस्थाहरूप्रति जनताको विश्वास गुम्न पुगेको हुन्छ। यसले जवाफदेहिता, पारदर्शिता र सहभागितालाई सकेसम्म न्यून प्राथमिकता प्रदान गर्दछ। भ्रष्टाचार सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्रमा देखिएको एउटा जटिल समस्या हो, जसबाट संसारका अधिकांश मुलुकहरू प्रभावित भएका छन्। यसले लोकतान्त्रिक संस्थालाई कमजोर बनाउने, आर्थिक विकासलाई मन्दी बनाउने तथा समग्रमा सरकारलाई नै अस्थिर बनाउने कार्य गर्दछ। यसले लोकतान्त्रिक मूल्य मान्यताको आधारशीलामा आक्रमण मात्र गर्दैन, यसबाट निर्वाचन प्रक्रिया नै प्रभावित हुने, विधिको शासन कमजोर हुने तथा कर्मचारीतन्त्रमा घुसखोरी प्रचलनको विकास गराउँछ।

यस प्रकार विश्वव्यापी रूपमा देखिएका भ्रष्टाचार न्यून गर्नका लागि संयुक्त राष्ट्रसङ्घले नै पहल थाल्नुपर्ने आवश्यकताको महसुस भयो। परिणामतः सयुंक्त राष्ट्रसङ्घले ३१ अक्टोबर २००३ मा एक प्रस्ताव पारित गरी भ्रष्टाचारविरुद्धको महासन्धिलाई अनुमोदन गऱ्यो। उक्त महासन्धिको धारा ६८ (१) अनुसार उक्त महासन्धि १४ डिसेम्बर २००५ बाट लागु भयो। हालसम्म यस महासन्धिमा हस्ताक्षर गर्ने १४० र पक्षको रूपमा १५४ सदस्य पुगेको छ भने यो महासन्धि सयुंक्त राष्ट्रसङ्घमा Treaty Series, vol. 2349, p. 41; Doc. A/58/422 अभिलेखीकृत भएको छ।

भ्रष्टाचार विरुद्धको यो महासन्धि विश्वव्यापी रूपमा भ्रष्टाचारलाई रोकथाम गर्ने प्रयोजनका लागि स्वीकृत पहिलो कानुनी दस्तावेज हो। भ्रष्टाचारलाई विश्वव्यापी रूपमा निर्मूल गर्नका लागि यसमा रहेका बाध्यात्मक तथा अनुशीलन व्यवस्थाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने कुरामा दुईमत छैन। यस महासन्धिको मुख्य उद्देश्यहरूमा भ्रष्टाचार विरुद्धको लडाइँलाई अरू बढी प्रभावकारी र सक्रिय बनाउन निवारणात्मक उपायहरूको संवर्धन गर्दै त्यसको सबलीकरण गर्ने, भ्रष्टाचार विरुद्धको लडाइँलाई अरू बढी प्रभावकारी बनाउन सम्पत्ति फिर्तालगायत अन्तर्राष्ट्रिय सहयोग तथा प्राविधिक सहयोगहरू आदान प्रदान गर्ने कार्यमा सहजीकरण गर्ने तथा एकता, जवाफदेहिता र सार्वजनिक कार्य एवं सम्पत्तिहरूको सुरक्षा एवं उपयुक्त व्यवस्थाहरूको संवर्धन गर्ने रहेका छन्।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

## २. महासन्धिका मूलभूत व्यवस्थाहरू :

यस महासन्धिले मूलतः पाँच महत्त्वपूर्ण विषयहरूलाई समेटेको छ, जसअन्तर्गत निवारणात्मक उपायहरू, अपराधीकरण र कानुनको कार्यान्वयन, अन्तर्राष्ट्रिय सहयोग, सम्पत्ति फिर्ता र प्राविधिक सहायता र सूचना आदान प्रदान प्रमुख रहेका छन्। उक्त पाँच क्षेत्रहरूअन्तर्गत पनि विस्तृत रूपमा विभिन्न व्यवस्थाहरू, जस्तो अनुचित लाभका लागि प्रभावको दुरुपयोग, अख्तियारको दुरुपयोग, निजी क्षेत्रमा हुने विभिन्न खाले भ्रष्टाचारहरूसमेत समेटिएका छन्। यसैगरी भ्रष्टाचार भई बाहिरिएका वा भित्रिएका सम्पत्तिको सहज फिर्ता, त्यसका लागि दुई पक्षीय एवं वहुपक्षीय सहयोग एवं पारस्परिक कानुनी सहायताका लागि समेत यस महासन्धिले पक्षराष्ट्रहरूलाई दिशानिर्देश गरेको छ। यस महासन्धिले समेटेका मुख्य विषयहरूलाई सङ्क्षेपमा यस प्रकार उल्लेख गर्न सकिन्छ-

### २.१. निरोधात्मक व्यवस्थाहरू

भ्रष्टाचार गरेमा अदालती कारवाही चलाई सजाय गर्न सकिन्छ तर त्योभन्दा पहिला यो कुरा विचारणीय छ कि यसलाई रोक्नका लागि केही महत्त्वपूर्ण एवं प्रभावकारी निरोधात्मक उपायहरू पनि तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक हुन्छ। तसर्थ निजी क्षेत्र, सरकारी एवं सार्वजनिक क्षेत्र तथा अन्तर्राष्ट्रिय सङ्गठन तथा निकायहरूमा हुने भ्रष्टाचारलाई रोक्ने उपायका सम्वन्धमा यस महासन्धिले विस्तृत व्यवस्था गरेको छ। यसअन्तर्गत भ्रष्टाचार नियन्त्रण गर्ने प्रभावकारी नीतिहरूको तर्जुमा जसअन्तर्गत भ्रष्टाचारसम्बन्धी कार्यहरूको अनुसन्धान एवं कारवाही गर्ने प्रभावकारी संयन्त्रको स्थापना र परिचालन, राजनीतिक दलहरू र निर्वाचन अभियानमा हुने खर्चहरूको पारदर्शितालगायतका विषयहरू यसले समेट्ने हिम्मत गरेको छ। राज्य पक्षले सेवाग्राहीहरूलाई उचित समयमा सुलभ सेवा दिने कुरा सुनिश्चित गर्नुपर्ने विषय पनि यस महासन्धिले समेटेको छ।

### २.२. अपराधको घोषणा र कार्यान्वयन

महासन्धिले भ्रष्टाचारजन्य कार्यको रूपमा समेटेका विषयलाई पक्षराष्ट्रका कानुनले अपराध घोषणा गरिसकेको नभएमा त्यस्ता गतिविधिहरूलाई कानुनतः अपराध घोषणा गरी त्यस्तो कानुन कार्यान्वयन गर्ने दायित्व तोकेको छ। यसले पक्षराष्ट्रले धेरै पहिलादेखि नै अपराध घोषणा गरिसकेका घुसजन्य वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने कार्यलाई मात्र अपराध घोषणा नगरी पदीय प्रभावको दुरुपयोग वा कालो धनलाई शुद्धीकरण गर्ने कार्यलाई पनि भ्रष्टाचारको दायरामा समावेश गरेको छ।

### २.३. अन्तर्राष्ट्रिय सहयोग

भ्रष्टाचारलाई रोक्ने, अनुसन्धान गर्ने र आरोपितहरूको विरुद्धमा कानुनी कारवाही चलाउनेलगायतका भ्रष्टाचार विरुद्धका कार्यहरूमा राज्यहरूविच सहयोग आदान-प्रदान गर्ने विषय यस महासन्धिका प्रमुख पक्ष हुन्। यस महासन्धिका पक्षहरू पारस्परिक कानुनी सहयोग गर्न, अदालतमा प्रमाण लाग्ने तथ्यहरू सङ्कलन गरी एक आपसमा मान्यता प्रदान नगर्न, आरोपित व्यक्तिहरूको सपुर्दगी गर्न, सम्पत्ति फिर्ता गर्ने विषयमा सहयोग गर्नलगायतका आपसी सहयोग आदान-प्रदान गर्ने विषयमा कानुनी रूपमा बाध्य पनि देखिन्छ।

### २.४. सम्पत्ति फिर्ता

यस महासन्धिको प्रमुख विशेषता भनेको नै अपराधवाट आर्जन गरी मुलुकबाहिर पुगेको सम्पत्तिलाई फिर्ता गर्ने व्यवस्था हो। यो व्यवस्था खासगरी अल्पविकसित मुलुकमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक हुन्छ, जहाँ उपलब्ध थोरै स्रोतसाधनहरू पनि उच्च मात्रामा भ्रष्टाचार गरी आर्जित सम्पत्ति मुलुकबाहिर कुनै न कुनै नाममा पुर्‍याउने काम हुन्छ। तसर्थ यस्ता गतिविधिहरूलाई नियन्त्रण गर्ने विषयलाई पनि यस महासन्धिले सशक्त सम्वोधन गरेको छ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

### २.५. प्राविधिक सहायता र सूचना आदान-प्रदान

यसअन्तर्गत पक्षराष्ट्रबिच भ्रष्टाचारलाई निरुत्साहन गर्दै यसको अन्त्य गर्नका लागि आवश्यक सूचनाहरू आदान-प्रदान गर्ने विषयमा कार्य गर्नुपर्ने, सक्षम राष्ट्रले विकासशील मुलुकहरूलाई आवश्यकताअनुसार प्राविधिक सहयोग गर्ने विषयमा व्यवस्था भएका छन् ।

## ३. भ्रष्टाचार विरोधी सिद्धान्तहरू

Masoud (2019) ले आफ्नो अनुसन्धानमा भ्रष्टाचारविरुद्ध दशवटा सिद्धान्तहरू प्रस्तुत गरेका छन्, जसमा सबल कानुनको शासन, आन्तरिक व्यवस्थापनको प्रभावकारिता, प्रभावकारी सुशासन, स्वतन्त्र तथा प्रभावकारी न्यायपालिका, अख्तियारीको जवाफदेहिता, भ्रष्टाचार नियन्त्रणमा राज्यको लगानी, भ्रष्टाचारका घटनाहरूको सङ्ख्यात्मक विवरण सार्वजनिकीकरण, दण्डको सुनिश्चितता, फराकिलो कानुनी दायरा तथा भ्रष्टाचार विरोधी अभियन्ताहरूलाई पुरस्कृत गर्ने प्रचलनको विकास रहेको छ ।

Masoud (2019) ले उल्लेखित सिद्धान्तहरूका बारेमा थप विश्लेषण गरेका छन् । उनका अनुसार सबल कानुनको शासनका लागि कानुनका अगाडि समानता र कानुनको समान संरक्षण, नातावादको अन्त्य तथा सुशासनयुक्त मुलुकको अभ्यासबाट सिक्ने कुराहरू आवश्यक भएको ठान्दछ भने आन्तरिक व्यवस्थापनको प्रभावकारिताका लागि विधिसम्मत व्यवस्था, भ्रटाचार विरोधी गतिविधिलाई प्रोत्साहनलगायतका कुराहरू समावेश गरिएको छ । यसैगरी प्रभावकारी सुशासनका लागि प्रत्यक्ष निगरानी, संस्थागत सुशासनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । भ्रष्टाचार विरोधी सिद्धान्तका अर्को महत्त्वपूर्ण सिद्धान्त भनेको स्वतन्त्र तथा प्रभावकारी न्यायपालिका हो जसअन्तर्गत प्रभावकारी न्याय सम्पादन र सो क्रममा शून्य सहनशीलताको अवलम्वन प्रमुख रहेको हुन्छ ।

भ्रष्टाचार विरुद्धका अन्य सिद्धान्तहरूमध्ये अख्तियारीको जवाफदेहिताअन्तर्गत शक्ति, अख्तियारी, जवाफदेहिता र दण्डविधानबिच सन्तुलन तथा भ्रष्टाचार नियन्त्रणमा राज्यको लगानीअन्तर्गत रणनीति र नीति तर्जुमा तथा कार्यान्वयनमा राज्यको प्रभावकारी उपस्थिति, सुशासन प्रोत्साहन प्रमुख रूपमा रहेको हुन्छ । यसैगरी भ्रष्टाचारका घटनाहरूको सङ्ख्यात्मक विवरण सार्वजनिकीकरणअन्तर्गत भ्रष्टाचार विरोधी कार्यक्रमको मूल्याङ्कन र मापन, भ्रष्टाचार विरुद्ध प्रभावकारी लडाइँ तथा भ्रष्टाचार रोगको सङ्ख्यात्मक र गुणात्मक प्रभाव विश्लेषण एवं परिणाममुखी प्रक्रियाहरूको अवलम्बन आदि कुराहरू पर्दछन् । यसका अलावा दण्डको सुनिश्चितताअन्तर्गत प्रभावकारी दण्डविधानको व्यवस्था र कार्यान्वयन, विधिको शासन र स्वतन्त्र न्यायपालिका, अपवादलाई निरुत्साहन रहेको मानिन्छ भने फराकिलो कानुनी दायराअन्तर्गत रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिने सिद्धान्तको अवलम्बन गर्ने कुराहरू पर्दछन् । यसैगरी भ्रष्टाचार विरोधी अभियन्ताहरूलाई पुरस्कृत गर्ने प्रचलनको विकासअन्तर्गत भ्रष्टाचार विरोधी अभियन्ताको सुरक्षा र पुरस्कृत गर्ने, राष्ट्रिय रूपमा सम्मान गर्ने तथा भ्रष्टाचारका विरुद्धमा बोल्न अरूलाई प्रोत्साहन गर्ने कुराहरू पर्दछन् ।

## ४. भ्रष्टाचार विरोधी अन्तर्राष्ट्रिय महासन्धि र नेपालको कानुन

नेपालले यस महासन्धि अनुमोदन गर्नुभन्दा पहिला नै केही महत्त्वपूर्ण कानुनहरू बनाइसकेको थियो । भ्रष्टाचार विरोधी कानुन हेर्दा हामीले २०१७ सालको भ्रष्ट्राचार निवारण ऐन तथा मुलुकी ऐन, २०२० को दण्डसजायको महलको १४ नं. तथा अख्तियार दुरुपयोग निवारणसम्बन्धी कानुन, २०३४ लाई लिन सकिन्छ । तत्पश्चात् पनि नेपाल अधिराज्यको संविधान, २०४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, २०४८, भ्रष्टाचार निवारण ऐन, २०५९ तथा अन्तरिम संविधान, २०६३ का व्यवस्थाहरू विद्यमान थिए । यद्यपि ती कानुनी व्यवस्थाहरू मात्र पर्याप्त नभएको साथै अन्तर्राष्ट्रियस्तरमा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नै सहयोग आदान-प्रदान गर्नुपर्ने भएकोले त्यसको लागि भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि नेपालले पनि अनुमोदन गर्न आवश्यक भयो। परिणामतः नेपालको आवश्यकता र सरोकारवालाहरूको दवावबमोजिम संविधानसभा व्यवस्थापिका संसदले भ्रष्टाचार विरुद्धको महासन्धिलाई सर्वसम्मतिले पारित गऱ्यो। उक्त महासन्धिलाई नेपालले १० डिसेम्बर २००३ मा नै हस्ताक्षर गरेको थियो। यसबाट भ्रष्टाचार विरुद्ध कडा कानुन निर्माण गर्न नीति निर्माताहरूलाई दवाव पुगेको महसुस गरिएको छ भने भ्रष्टाचार विरुद्धको अभियानमा नेपालको उपस्थिति दरिलो हुनेसमेत अपेक्षा गरिएको छ।

**५. महासन्धि अनुरूप नेपालले पूरा गर्नुपर्ने दायित्वहरू:**

कुनै पनि मुलुकले महासन्धि अनुमोदन गरेपछि त्यसले तोकेका केही दायित्वहरू पनि पूरा गर्नुपर्ने हुन्छ। सदस्य राष्ट्रले पूरा गर्नुपर्ने दायित्वहरू बाध्यात्मक वा इच्छाधीन दुवै पनि हुन सक्छ। भ्रष्टाचार विरोधी अन्तर्राष्ट्रिय महासन्धिको नेपालले पालना गर्नुपर्ने कतिपय व्यवस्थाहरू बाध्यात्मक छन् भने कतिपय व्यवस्थाहरू आफ्नो क्षमता र सिपको आधारमा पूरा गर्नुपर्ने गरी पनि तोकिएका छन्। यस महासन्धिले अन्य सदस्य राष्ट्रको रूपमा देहायबमोजिमका दायित्वहरू तोकेका छन्:

- यस महासन्धिको अनमोदन गरेपछि पक्षराष्ट्रहरूले स्वार्थहरूको सङ्घर्ष रोक्दै सार्वजनिक अधिकारीहरूलगायत निजी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनमा हुने भ्रष्टाचारलाई कानुनको दायरामा ल्याई सजायको व्यवस्था गर्नुपर्छ।
- विधिको शासनको सम्मान गर्दै भ्रष्टाचारविरुद्धको नीति तर्जुमा गरी प्राथमिकताका साथ व्यवहारमा कार्यान्वयन गर्नुपर्छ। साथै नीति तथा कानुनको समय समयमा पुनरावलोकन गर्नुपर्छ।
- वित्तीय सुशासन कायम गर्नको लागि अधिकार सम्पन्न सम्पत्ति शुद्धीकरण अनुसन्धान तथा वित्तीय निगरानी एकाइ गठन गरी प्रभावकारी रूपमा परिचालन गर्नुपर्छ।
- भ्रष्टाचार विरुद्धको अभियानमा नागरिक समाजलाई पनि सहभागी गराउने रणनीति अवलम्वन गरी तिनीहरूलाई प्रभावकारी परिचालन गर्नुपर्छ।
- अन्तर्राष्ट्रिय रूपमा पारस्परिक कानुनी सहायतालाई सहज एवं प्रभावकारी बनाउन प्रभावकारी कानुनको तर्जुमा गर्नुपर्छ। साथै यस्तो कानुनको प्रभावकारी कार्यान्वयनका लागि द्विपक्षीय, बहुपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौता गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ।
- भ्रष्टाचारबाट भित्रिएका वा बाहिरिएका सम्पत्तिहरू जफत गर्न वा उत्पति भएको क्षेत्रमा फिर्ता पठाउन वा ल्याउनका लागि प्रभावकारी रूपमा राष्ट्रिय, द्विपक्षीय तथा बहुपक्षीय कानुन तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ।
- निजी क्षेत्र, सार्वजनिक क्षेत्र र अन्तर्राष्ट्रिय सङ्गठनहरूको हिसाबकिताव नियमित गर्नका लागि प्रभावकारी आर्थिक मापदण्ड तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।
- राजनीतिक दलले गर्ने खर्चहरू, राजनीतिक पदमा उम्मेदवार हुने व्यक्तिले गर्ने खर्चहरूलाई पारदर्शी बनाउनका लागि प्रभावकारी कानुन तथा आचारसंहिता तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ।

**६. महासन्धिको व्यवस्थामा आरक्षण राख्ने व्यवस्थाहरू :**

यस महासन्धिको कार्यान्वयनका सम्बन्धमा आरक्षण राख्ने प्रावधान नभए पनि सपुर्दगी तथा विवाद समाधानका सम्बन्धमा उक्त व्यवस्था आफूलाई लागु नहुनेबारे महासन्धिको पक्ष बन्दाको अवस्थामा नै निर्णय गर्न सकिने व्यवस्था रहेको छ। नेपाल सरकारको तर्फबाट तत्कालीन कानुन तथा


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

न्याय मन्त्री प्रेमबहादुर सिंहज्यूबाट २०६६/११/३ मा व्यवस्थापिका संसदमा नेपाल सरकारको निर्णयअनुसार अनुमोदनका लागि महासन्धिको आधारपत्र प्रस्तुत गरेका थिए जसमा देहायबमोजिमका व्यवस्थाहरू समावेश थिए ।

- महासन्धिको धारा ४४ को प्रकरण नं. ६ को खण्ड (क) बमोजिम यस महासन्धिका अन्य पक्षसँग सपुर्दगीसम्बन्धी सहयोग गर्दा यसै महासन्धिलाई कानुनी आधारको रूपमा नलिने कुराबारे सयुंक्त राष्ट्रसङ्घका महासचिवलाई सूचित गर्ने । त्यस धारामा देहायबमोजिमका व्यवस्था रहेको छ– कुनै राज्य पक्षले सपुर्दगीलाई सन्धिको आधारमा मात्र गर्ने गरी सर्त बनाएमा देहायबमोजिम गर्ने छ : (क) यस महासन्धिको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको लिखत दाखिला गर्ने समयमा सयुंक्त राष्ट्रसङ्घका महासचिवलाई यस महासन्धिका अन्य पक्षसँग सपुर्दगीसम्बन्धी सहयोग गर्दा यसै महासन्धिलाई कानुनी आधारको रूपमा लिने वा नलिने कुराबारे सूचित गर्नेछ ।
- महासन्धिको धारा ४६ को प्रकरण नं. १३ अनुसार पारस्परिक कानुनी सहायतासम्बन्धी अनुरोधहरू ग्रहण गर्ने र ती अनुरोधलाई कार्यान्वयन गर्ने वा कार्यान्वयन गर्ने सक्षम निकायमा पठाउने उत्तरदायित्व र अधिकार भएको केन्द्रीय निकायको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको कुरा सयुंक्त राष्ट्रसङ्घका महासचिवलाई सूचित गर्ने उल्लेख छ। उक्त महासन्धिको धारा ४६, प्रकरण नं. १३ मा देहायबमोजिमका व्यवस्था रहेका छन्–प्रत्येक राज्य पक्षले पारस्परिक कानुनी सहायतासम्बन्धी अनुरोधहरू ग्रहण गर्ने र ती अनुरोधलाई कार्यान्वयन गर्ने वा कार्यान्वयन गर्ने सक्षम निकायमा पठाउने उत्तरदायित्व र अधिकार भएको एउटा केन्द्रीय निकायको व्यवस्था गर्नेछ। कुनै राज्य पक्षको पारस्परिक कानुनी सहायतासम्बन्धी पृथक् पद्धति रहेको कुनै खास प्रदेश वा क्षेत्रमा भएमा त्यस्तो राज्यले त्यस्तो प्रदेश वा क्षेत्रका लागि सोही कार्य गर्न खास केन्द्रीय निकायको व्यवस्था गर्न सक्नेछ। केन्द्रीय निकायहरूले प्राप्त अनुरोधको द्रुत र समुचित कार्यान्वयन एवं आदान प्रदान कार्यलाई सुनिश्चित गर्ने छन्। केन्द्रीय निकायले प्राप्त अनुरोधलाई कार्यान्वयनको निम्ति सक्षम निकायमा पठाएकोमा त्यसले त्यस्तो सक्षम निकायलाई सो अनुरोधको द्रुत र समुचित कार्यान्वयनका लागि प्रोत्साहित गर्नेछ। यस महासन्धिको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको लिखत दाखिला गर्ने समयमा प्रत्येक राज्य पक्षले सयुंक्त राष्ट्रसङ्घका महासचिवलाई यस उद्देश्यका लागि व्यवस्था गरिएका केन्द्रीय निकायका बारेमा सूचित गर्नेछ। पारस्परिक कानुनी सहायता र सो विषयका अन्य सूचनासम्बन्धी अनुरोध पठाउँदा राज्य पक्षहरूले व्यवस्था गरेका केन्द्रीय निकायमा पठाइनेछ। राज्य पक्षको अधिकारमा प्रतिकूल प्रभाव नपर्ने गरी यस्ता अनुरोध र सूचनाहरू कुटनैतिक माध्यममार्फत सम्बोधित हुन र अत्यावश्यक अवस्थाहरूमा राज्य पक्षहरू मन्जुर गरेमा यथासम्भव अन्तर्राष्ट्रिय फौजदारी प्रहरी सङ्गठनमार्फत प्रेषित गर्ने व्यवस्था हुनेछ भनिएको छ ।
- महासन्धिको धारा ४६ को प्रकरण नं. १४ अनुसार पारस्परिक कानुनी सहायता र सो विषयका अन्य सूचनासम्बन्धी अनुरोध गर्ने प्रयोजनको लागि नेपाली वा अङ्ग्रेजी भाषा स्वीकार्य हुने कुरा सयुंक्त राष्ट्रसङ्घका महासचिवलाई सूचित गर्ने। उक्त महासन्धिको धारा ४६, प्रकरण नं. १४ मा देहायबमोजिमका व्यवस्था रहेका छन्–अनुरोधहरू लिखित रूपमा वा सम्भव भएसम्म लिखित अभिलेख तयार गर्नसक्ने माध्यमको प्रयोगद्वारा अनुरोध गरिने राज्य पक्षलाई मान्य हुने भाषा प्रयोग गरिनेछ, साथै त्यस्तो राज्यले आधिकारिकता स्थापित गर्न सक्ने अवस्था अनुरूप गरिनेछ। यस महासन्धिको अनुमोदन, स्वीकृति वा सहमति वा सम्मिलनको लिखत दाखिला गर्ने समयमा प्रत्येक राज्य पक्षले सयुंक्त राष्ट्रसङ्घको महासचिवलाई आफूलाई स्वीकार्य हुने भाषा वा भाषाहरूबारे सूचित गर्नेछ। अपरिहार्य अवस्था र राज्य पक्षहरूले सहमति जनाएको स्थितिमा अनुरोधहरू मौखिक रूपमा पनि गर्न सकिनेछ, तर यथाशक्य छिटो त्यसलाई लिखित रूपबाट पुष्टि गरिनेछ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- उक्त महासन्धिको धारा ६६, प्रकरण नं. २ मा देहायबमोजिमका व्यवस्था रहेका छन्–यस महासन्धिको व्याख्या वा कार्यान्वयन सम्बन्धमा दुई वा दुईभन्दा बढी राज्य पक्षहरूबिच उत्पन्न विवाद मनासिब समयभित्र वार्ताद्वारा समाधान हुन नसकेमा, तीमध्येका कुनै एक राज्य पक्षको अनुरोधमा, मध्यस्थताका लागि प्रस्तुत गरिनेछ । यदि मध्यस्थताका लागि अनुरोध गरिएको मितिले ६ महिनाभित्र ती राज्य पक्षहरू मध्यस्थको गठन गर्न सहमति हुन नसकेमा, तीमध्येको कुनै एउटा राज्य पक्षले अन्तर्राष्ट्रिय न्यायालयको विधानबमोजिम अनुरोध गरी सो विवाद उक्त न्यायालयमा प्रेषित गर्न सक्नेछ । यसैगरी सोही धाराको प्रकरण नं. ३ मा देहायबमोजिमका व्यवस्थाहरू रहेका छन्–प्रत्येक राज्य पक्षले यस महासन्धिमा हस्ताक्षर, अनुमोदन, स्वीकृति वा समर्थन वा सम्मिलन गर्दाको अवस्थामा यस धाराको प्रकरण नं. २ को अवस्था आफूलाई बन्धनकारी नहुने भन्ने कुराको घोषणा गर्न सक्नेछ । यस प्रकारको आरक्षण राख्ने कुनै राज्यका सन्दर्भमा यस धाराको प्रकरण २ बाट अरू राज्य पक्षहरू बाध्य हुने छैनन् । नेपाल सरकारका तर्फबाट तत्कालीन कानुन तथा न्याय मन्त्री प्रेमबहादुर सिंहज्यूबाट व्यवस्थापिका संसदमा प्रस्तुत महासन्धिको आधारपत्रमा उल्लेख गरिएको छ- Reservation made by the Government of Nepal in regard to Article 66 to the United Nations Convention against Corruption :"Government of Nepal does not consider itself bound by the provision of Article 66 of the United Nations Convention against Corruption under which any dispute between two or more States Parties concerning the interpretation or application of the Convention, at the request of one of those States to the dispute shall be submitted to arbitration, or any of those States Parties may refer the dispute in question to the International Court of Justice.

**७. नेपालमा भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन तथा कार्यान्वयनका चुनौतीहरू:**

१९७४ मा प्रकाशित ILO प्रतिवेदनले नेपाल गरिब मुलुक रहेको र दिनप्रतिदिन गरिबीको रेखा बढ्दै गइरहेको (Shrestha, 2000: 1) कुरा औँल्याएको थियो । यसको मूल कारण भनेको नेपाली शासन व्यवस्थामा व्याप्त भ्रष्टाचार नै प्रमुख रूपमा रहेको छ । भ्रष्टाचार विरुद्धको अभियान चुनौतीपूर्ण रहेको कुरा यस क्षेत्रमा संलग्न जोसुकैले पनि अनुभूति गरेको विषय हो । अवसर नपाएसम्म भ्रष्टाचारको विरोध गर्ने र अवसर पाएपछि दाम्लो छिनाल्ने संस्कार बोकेको मानव समुदायमा भ्रष्टाचार नियन्त्रण कठिन हुनु स्वाभाविकै छ, यद्यपि भ्रष्टाचारजन्य कार्यलाई निर्ममतापूर्वक दमन गर्नुको अरू विकल्प देखिँदैन । नेपालको सन्दर्भमा भन्नुपर्दा भ्रष्टाचार विरोधी कानुनको कार्यान्वयन र चुनौती विश्लेषण गर्न आवश्यक देखिन्छ । मुलुकमा भ्रष्टाचारजन्य कार्यहरू नियन्त्रण गर्नका लागि मूलतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, सुशासन (व्यवस्थापन तथा कार्यान्वयन) ऐन, मुद्रा निर्मलीकरण नियन्त्रण ऐन, पारस्परिक कानुनी सहायता ऐन, भ्रष्टाचार निवारण ऐन, सार्वजनिक खरिद ऐनलगायत विषयगत विभिन्न आचारसंहिता तर्जुमा भई कार्यान्वयनमा आएका छन् । यद्यपि ती कानुनको प्रभावकारी कार्यान्वयनमा विभिन्न चुनौतीहरू रहँदै आएका छन् ।

भ्रष्टाचारजन्य कार्यको नियन्त्रणका लागि पर्याप्त कानुन हुँदाहुँदै पनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँनु तथा भ्रष्टाचार नियन्त्रण नहुनाका केही कारणहरू छन् । जसलाई बुँदागत रूपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

- नेपालका कानुन सारभूत रूपमा परम्परागत कार्यविधिगत रूपमा जटिल प्रकृतिका छन् । साक्षी संरक्षणसम्बन्धी कानुन प्रभावकारी हुन सकेको छैन ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

- राजनीतिक प्रतिबद्धताबिना भ्रष्टाचारको अन्त्य सम्भव छैन। तर राजनीति र निर्वाचन अत्यन्तै महङ्गो हुन पुगेको छ। आयआर्जन र निर्वाचन खर्चका बिचमा सन्तुलन कायम गर्न नसक्दा निर्वाचित प्रतिनिधिहरूसमेत भ्रष्टाचारजन्य कार्यहरूमा संलग्न भएको देखिँदै आएको छ।
- नीतिगत, वित्तीय तथा आर्थिक क्षेत्र, सार्वजनिक खरिदका विषयमा पारदर्शिता कायम हुन सकेको छैन। शक्तिको आडमा हरेक कार्य हुने गरेको छ। सार्वजनिक अभिव्यक्तिमै घुस खाए खुवाएको कुरा आउँदासमेत सम्बद्ध निकाय मौन बसेको कारण भ्रष्टाचारजन्य कार्यहरूले अरू थप मौलाउने अवसर पाएको छ।
- कर्मचारीहरूको सेवा सुविधा आवश्यकताको तुलनामा अत्यन्तै न्यून छ। शिक्षा, स्वास्थ्य, आवास जस्ता आधारभूत आवश्यकताका लागि अतिरिक्त आम्दानी गर्नुपर्ने बाध्यता छ। यस्तो अवस्थामा अतिरिक्त आम्दानीका रूपमा भ्रष्टाचारजन्य कार्य मौलाउँदै गएको अवस्था छ। यसैगरी निर्वाचित प्रतिनिधि र कर्मचारीतन्त्रको मिलिभगतमा समेत भ्रष्टाचार हुने गरेको सुनिँदै आइएको छ।
- सार्वजनिक पद धारण गरेका व्यक्तिहरूवाट कानुनतः स्वविवेकीय अधिकार प्रयोग गर्ने प्रचलन व्यापक बन्दै गएको छ। विशेषगरी न्याय क्षेत्र, कर्मचारीतन्त्र तथा सार्वजनिक खरिदका विषयमा स्वविवेकीय अधिकारले कार्यसम्पादनमा सहजता ल्याउने अपेक्षा गरिए पनि यसैका कारण भ्रष्टाचारजन्य कार्यले बढावा पाएको पनि सुन्ने गरिन्छ।
- सन् २०१२ मा Transparency International Nepal ले गरेको एक अध्ययनमा नेपालमा भ्रष्टाचारजन्य कार्यको नियन्त्रणका लागि महत्त्वपूर्ण ८ वटा सुधारहरू सिफारिस गरिएका छन्। जसमा सम्बद्ध कानुनको तर्जुमा र कार्यान्वयन, विद्यमान कानुनको आवश्यकताअनुसार संशोधन, प्रभावकारी एवं अधिक दण्ड व्यवस्था, संरचनागत र संस्थागत सुधार तथा क्षमता विकास, राजनीतिक दलहरूको प्रतिबद्धता, भ्रष्टाचार विरुद्ध लडाइँका लागि एकद्वार नीति, निजी सार्वजनिक साझेदारीको प्रयोग तथा भ्रष्टाचारजन्य सम्बद्ध कार्यहरूको अपराधीकरण घोषणा प्रमुख रूपमा रहेका छन् (Shrestha, 2012: 63-64).

## ८. नेपालमा भ्रष्टाचारजन्य कार्य नियन्त्रणका लागि चाल्नुपर्ने कदमहरू

नेपालको सन्दर्भमा भ्रष्टाचारजन्य कार्य नियन्त्रणका लागि देहायबमोजिमका कदमहरू चाल्न आवश्यक र उपयुक्तसमेत देखिन्छ।

- एउटै उपायबाट भ्रष्टाचार नियन्त्रण हुन नसक्ने र यसका लागि बहुआयामिक रणनीति अवलम्बन गर्नुपर्ने कुरा अनुभवले सिद्ध गरिसकेको छ। सामान्य अर्थमा त्यस्तो रणनीतिअन्तर्गत वैयक्तिक लाभका लागि कार्य गर्ने अवसरको न्यूनीकरण, जीवनस्तर सुधारका आधारहरू निर्माण तथा भ्रष्टाचारजन्य कार्यलाई गम्भीर कसुरका रूपमा स्वीकार गरी त्यसको व्यावहारिक कार्यान्वयन गर्ने कुरा समावेश हुनुपर्छ।
- भ्रष्टाचार विरोधी कार्यक्रमका आधारभूत दुई पक्ष रहेको देखिन्छ। पहिलो प्रशासनिक, वित्तीय तथा आर्थिक सुधारका कार्यक्रमहरू जसले भ्रष्टाचारलाई न्यूनीकरण गर्न सघाउ पुऱ्याउँछ। दोस्रो, संस्थागत क्षमता विकास जसअन्तर्गत सञ्चारजगत, संसद, भ्रष्टाचार विरोधी कार्यमा संलग्न निकायहरू तथा न्यायपालिका जसले भ्रष्टाचारका विरुद्धमा आम मानिसमा चेतना जगाउन सहयोग गर्न सक्छ।
- नीतिगत रूपमा सुधार गर्दा कर्मचारीहरूमाथि जिम्मेवारीको प्रोत्साहन र सुपरिवेक्षण गर्न आवश्यक हुन्छ, जसले तिनीहरूबाट व्यक्तिगत लाभका लागि काम गरेको छ वा छैन थाहा पाउन सकिन्छ।
- कानुन निर्माण र निर्णय गर्ने निकायमा रहेका व्यक्तिहरूको स्वविवेकीय अधिकारमा अङ्कुश



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

लगाउनुपर्छ । यस्तो स्वविवेकीय अधिकार न्याय निरूपण, सार्वजनिक खरिद तथा नीतिनिर्माण तहमा रहेका व्यक्तिहरूबाट दुरुपयोग हुने धेरै सम्भावना रहन्छ । त्यस्ता कार्यहरू सरल, पारदर्शी तथा जवाफदेही हुनुपर्दछ ।

- भ्रष्टाचारजन्य कार्य नियन्त्रणका लागि प्रभावकारी कानुनको तर्जुमा र कार्यान्वयन अत्यन्तै आवश्यक हुन्छ । कानुन निर्माताका रूपमा रहेका संसद, राजनीतिक दल तथा तिनका नेताहरूको प्रतिबद्धता र त्यसको व्यावहारिक कार्यान्वयन यस सन्दर्भमा महत्त्वपूर्ण मानिन्छ । जसका अभावमा भ्रष्टाचार नियन्त्रण कार्य कठिन मात्र नभई प्रायः असम्भव हुन पुग्दछ । तसर्थ राजनीतिक दल र सार्वजनिक पदमा आसिन व्यक्तिलाई जवाफदेही वनाउनका लागि नागरिक समाजको भूमिका पनि अपेक्षित मान्न सकिन्छ, जसले भ्रष्टाचारका विरुद्धमा सशक्त आवाज वुलन्द गर्न सक्छ ।

## ९. निष्कर्ष

भ्रष्टाचार कुनै एउटा मुलुक वा नेपालको मात्र समस्या नभएर विश्व समुदायको साझा समस्याको रूपमा रहेको छ । विश्व परिवेश हेर्दा यसलाई निर्मूल पार्न सम्भव नदेखिए पनि विश्व समुदायको साझा अभियानमार्फत यसलाई नियन्त्रण गर्न भने अवश्य सम्भव देखिन्छ । यसका लागि राज्यको तर्फबाट प्रतिबद्धता, नीतिनिर्माण तहमा पारदर्शिता र जनसहभागिता सुनिश्चित गर्ने हो भने भ्रष्टाचार नियन्त्रण चुनौतीपूर्ण भए पनि असम्भव भने देखिँदैन । यसका लागि सम्वद्ध पक्ष जसअन्तर्गत सरकारी अधिकारी निजी-सार्वजनिक क्षेत्र र राजनीतिक व्यक्तिहरू जिम्मेवार भएर लाग्न जरुरी देखिन्छ ।

## References

Masoud, Mike J. (2019). *Principles of Anti-Corruption.* Lebanon (Beirut): Tomorrow's Advice and Lebanon CACMs and the AACI in the Middle East and Africa.

Naseem, Mohammad Farogh. (2000). *Institutional and Legal Framework for Corruption Control in SAARC Region: A Critical Appraisal.* Kathmandu: SAARC Law Nepal.

Shrestha, Milan. (2012). *Gap Analysis of United Nations Convention against Corruption (UNCAC) and Its Implementation in Nepal.* Kathmandu: Transparency International – Nepal.

Shrestha, Bihari Krishna. (2000). *Good Governance in Nepal: Perspectives from Panchathar and Kanchanpur Districts.* Kathmandu: Rural Development Foundation Nepal.

Stapenhurst, Rick and Sedigh, Shahrzad. (1999). "Introduction: An Overview of the Costs of Corruption and Strategies to Deal with It". *Curbing Corruption: Toward a Model for Building National Integrity.* Washington, D.C.: The World Bank.

*United Nation Convention against Corruption, 2003.*

Venugopal, K.K. (2000). *Combating Corruption in International Commercial Transaction in Developing Countries.* Kathmandu: SAARC Law Nepal.


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# प्रत्यक्ष प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनको साम्य-वैषम्य निरूपण

- डा. सीताराम खतिवडा
उपप्राध्यापक (ने.सं.वि.)

## १. लेखसार

*प्रस्तुत संक्षिप्त अनुसन्धानात्मक लेखमा प्रत्यक्ष प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनमा रहेको साम्य वैषम्यको निरूपण गरिएको छ। सर्वप्रथम त प्रत्यक्ष प्रमाणको लक्षणका विषयमा नैयायिक र भट्टमीमांसकहरूको समानता रहेको देखिन्छ। इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष भनिन्छ भनेर दुवैले स्वीकार गरेको पाइन्छ। तर प्रभाकर सम्प्रदायमा चाहिँ साक्षात्प्रतीतिलाई प्रत्यक्ष भनिन्छ भन्ने केही मतभेद देखिएको छ। त्यस्तै प्रत्यक्षका हेतुभूत सन्निकर्षका विषयमा न्याय र मीमांसा दर्शनमा ठुलो मतान्तर रहेको छ। भट्टमीमांसकहरूले संयोग र संयुक्ततादात्म्य गरी सन्निकर्षका दुई भेद बताएका छन् भने प्रभाकरहरूले संयोग, संयुक्ततादात्म्य र समवाय गरी तीन भेद बताएको पाइन्छ। तर नैयायिकहरूले भने संयोग, संयुक्तसमवाय, संयुक्तसमवेतसमवाय, समवाय, समवेतसमवाय र विशेष्यविशेषणभाव गरी छ वटा लौकिक सन्निकर्ष र सामान्यलक्षणा, ज्ञानलक्षणा र योगज भेदले तीनवटा अलौकिक सन्निकर्षको चर्चा गरेको पाइन्छ। प्रत्यभिज्ञाका विषयमा न्याय र मीमांसा दर्शनको मान्यता समान रहेको छ। योगी प्रत्यक्षका विषयमा दुवैको मतभेद रहेको पाइन्छ। नैयायिकहरू योगी प्रत्यक्षलाई स्वीकार गर्दछन् भने मीमांसकहरू अस्वीकार गर्दछन्। त्यसैगरी प्रत्यक्ष प्रमाणका प्रकारगत भेदका विषयमा दुवै दर्शनको मान्यता समान रहेको पाइन्छ। सविकल्प र निर्विकल्प गरी प्रत्यक्षका दुई भेदलाई उभयविध दर्शनमा स्वीकार गरिएको पाइन्छ।*

## २. मुख्य शब्दावलि

न्याय, मीमांसा, प्रत्यक्ष, प्रमाण, साम्य-वैषम्य, निरूपण।

## ३. विषयप्रवेश

आस्तिक नास्तिक दुवै पौरस्त्य दर्शनमा प्रमाणहरूका बारेमा यथेष्ट वर्णन भएको पाइन्छ। त्यसमध्येमा न्याय र मीमांसा दर्शनमा पनि प्रत्यक्षादि प्रमाणहरूको सुविस्तृत अध्ययन गरिएको छ। प्रमाणहरूमा सबैभन्दा पहिले आउने प्रत्यक्ष प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनमा भएको अध्ययनलाई यस लेखमा प्रस्तुत गरिएको छ। शिवराम आप्टेले प्रत्यक्षको व्युत्पत्ति यस प्रकार गरेका छन्- अक्ष्णः प्रति (आप्टे : २००९ :६५८)। त्यसैगरी न्यायभाष्यकार वात्स्यायनले- अक्षस्याऽक्षस्य प्रतिविषयं वृत्तिः प्रत्यक्षम् (न्यायभाष्यम् :१९९८ :१७) भनेर प्रत्यक्षको व्युत्पत्ति गरेका छन् र जुन ज्ञान इन्द्रिय र अर्थ(पदार्थ)को सन्निकर्षबाट उत्पन्न हुन्छ त्यसलाई प्रत्यक्ष ज्ञान भनेका छन्- इन्द्रियस्यार्थेन



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सन्निकर्षाद् उत्पद्यते यज्ज्ञानं तत्प्रत्यक्षम् (पूर्ववत् :२०)। मीमांसक नारायणद्वयीले पनि प्रत्यक्षका विषयमा भनेका छन्- इन्द्रियसन्निकर्षजं प्रमाणं प्रत्यक्षम् (मानमेयोदय :१९७८ :११)। यसरी इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष प्रमा र प्रत्यक्ष प्रमाको करण(साधन)लाई प्रत्यक्ष प्रमाण भनिएको पाइन्छ। यस लेखमा न्याय र मीमांसा दर्शनमा प्रतिपादित प्रत्यक्ष प्रमाणका विषयमा रहेको लक्षणगत र प्रकारगत भेदका विषयमा रहेको मतवैभिन्यको संक्षिप्त अध्ययन प्रस्तुत गरिएको छ।

## ४. समास्या कथन

प्रस्तुत लेख शीर्षकका आधारमा निम्न लिखित समस्या समाधानका लागि तयार पारिएको छ-

क) न्याय र मीमांसा दर्शनमा वर्णित प्रत्यक्ष प्रमाणको स्वरूपगत वा लक्षणगत पृथकता के छ ?

ख) प्रत्यक्ष प्रमाणका प्रकार(भेद)गत विषयमा न्याय र मीमांसा दर्शनको साम्य वैषम्य के कस्तो रहेको छ ?

## ५. उद्देश्य

माथिल्लो शीर्षकमा उल्लेख गरिएका समस्या समाधानका लागि निम्न उद्देश्यहरू निर्धारण गरिएको छ -

क) न्याय र मीमांसा दर्शनमा वर्णित प्रत्यक्ष प्रमाणको स्वरूपगत वा लक्षणगत पृथकता निर्धारण गर्नु,

ख) प्रत्यक्ष प्रमाणका प्रकार(भेद)गत विषयमा न्याय र मीमांसा दर्शनको साम्य वैषम्यको निरूपण गर्नु।

## ६. सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत अनुसन्धानात्मक लेखमा सामग्री सङ्कलनका लागि मधुकरी वृत्ति नामक पद्धति अवलम्वन गरेर ती सामग्रीहरूको अध्ययनका लागि पुस्तकालयीय अध्ययन विधिलाई विशेष रूपले अवलम्वन गरिएको छ। त्यसैगरी विषय विश्लेषणका लागि विश्लेषणात्मक, व्याख्यात्मक विधिको प्रयोग गरिएको छ भने प्रत्यक्ष प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनको स्वरूपगत र प्रकार(भेद)गत साम्य-वैषम्य निरूपण गर्न तुलना-प्रतितुलनात्मक विधिको उपयोग गरिएको छ। सङ्कलित सामग्रीलाई सुव्यवस्थित किसिमले प्रयोग गर्दै लेखलाई प्रामाणिक बनाउनका निमित्त लेखको मुख्य भागमा गर्भे(पेटे) टिप्पणीका रूपमा प्रयोग गरिएको छ भने सन्दर्भ सामग्री सूची निर्धारणका लागि एपीए नामक पद्धति अवलम्वन गरिएको छ।

## ७. न्याय दर्शनमा प्रत्यक्ष प्रमाणको स्वरूप

न्याय दर्शनमा इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष ज्ञान(प्रमा) र त्यसको करण (साधन) लाई प्रत्यक्ष प्रमाण भनिएको छ। भाष्यकार वात्स्यायनले प्रत्यक्षका विषयमा यसो भनेका छन्- इन्द्रियस्यार्थेन सन्निकर्षाद् उत्पद्यते यज्ज्ञानं तत् प्रत्यक्षम् (न्यायभाष्यम् :१९९८ :२०)। अर्थात् इन्द्रिय र अर्थको सन्निकर्षबाट जुन ज्ञान उत्पन्न हुन्छ त्यसलाई प्रत्यक्ष भनिन्छ। पुनः प्रत्यक्षको व्युत्पत्तिगत स्वरूप यसरी उल्लेख गर्छन्- अक्षस्याऽक्षस्य प्रतिविषयं वृत्तिः प्रत्यक्षम्, वृत्तिस्तु सन्निकर्षो ज्ञानं वा (पूर्ववत् :१७)। अर्थात् चक्षुरादि इन्द्रियहरूको स्व-स्व विषयका प्रति जुन प्रवृत्ति वा संयोग हुन्छ त्यसलाई प्रत्यक्ष भनिन्छ। यहाँ वृत्ति शब्दले सन्निकर्षलाई बुझाइएको छ। विषय र इन्द्रियको संयोगलाई सन्निकर्ष भनिन्छ र त्यो प्रत्यक्ष प्रमितिको जनक भएकाले प्रमाण कहलाउँछ। अतः विषय र इन्द्रियहरूको संयोग भएको अवस्थामा जुन ज्ञान उत्पन्न हुन्छ त्यसलाई नै प्रत्यक्ष भनिन्छ, अन्यथा



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भनिँदैन। जस्तो कि शुक्ति र रजतको संयोगबाट उत्पन्न हुने रजत ज्ञानलाई प्रमिति भनिँदैन। स्वविषयग्रहणलक्षणानीन्द्रियाणीति (पूर्ववत् : ३३) भनेर भाष्यकारले इन्द्रियको लक्षण बताएका छन् र घ्राण, रसन, चक्षु, त्वक् र श्रोत्र गरी पाँच बाह्य इन्द्रिय र मनलाई अन्त:स्करण भनेर छ इन्द्रियहरूको चर्चा गरेका छन्।

त्यसैगरी प्रत्यक्ष प्रमाणका विषयमा सूत्रकारले भनेका छन्- इन्द्रियार्थसन्निकर्षोत्पन्नं ज्ञानमव्यपदेश्यमव्यभिचारि व्यवसायात्मकं प्रत्यक्षम् (पूर्ववत् :१९)। अर्थात् इन्द्रिय र त्यसका विषयको संयोगबाट उत्पन्न हुने ज्ञान जुन पहिले नबताइएको, व्यभिचार दोषले रहित र सन्देहरहित हुन्छ त्यसलाई प्रत्यक्ष प्रमाण भनिन्छ।

त्यसरी नै न्यायमञ्जरीकारले प्रत्यक्षको लक्षण यस्तो बताएका छन्-

तेनेन्द्रियार्थजत्वादिविशेषणगणान्वितम्।
यतो भवति विज्ञानं तत्प्रत्यक्षमिति स्थितम्॥ (न्यायमञ्जरी :१९७१ :८६)

अर्थात् इन्द्रिय र अर्थको सन्निकर्षबाट जुन विज्ञानको उदय हुन्छ त्यसलाई नै प्रत्यक्ष भनिन्छ।

त्यसैगरी तर्कभाषाकारले पनि साक्षात्कारि प्रमा(ज्ञान)को करण वा साधनलाई प्रत्यक्ष भनेका छन् र साक्षात्कारि प्रमा त्यसलाई भनिन्छ जुन ज्ञान इन्द्रियजन्य हुन्छ। मिश्र लेख्छन्- साक्षात्कारिप्रमाकरणं प्रत्यक्षम्। साक्षात्कारिणी च प्रमा सैवोच्यते या इन्द्रियजा (तर्कभाषा :२०५७ :४६)। मिश्रले साक्षात्कारि प्रमाका करण तीन किसिमको बताएका छन्- कहिले इन्द्रिय, कहिले इन्द्रियार्थसन्निकर्ष र कहिले ज्ञान। इन्द्रिय करण(साधन) हुँदा निर्विकल्पक रूप प्रमा फल हुन्छ। त्यस्तै इन्द्रियार्थसन्निकर्ष करण भएमा सविकल्पक ज्ञान फल हुन्छ र निर्विकल्पक ज्ञान करण भएको अवस्थामा हानादि बुद्धि फल हुन्छ।

न्यायदर्शनमा साक्षात्कारि प्रमाको हेतुभूत इन्द्रिय र अर्थको लौकिक सन्निकर्ष छ किसिमको बताइएको छ- संयोग, संयुक्तसमवाय, संयुक्तसमवेतसमवाय, समवाय, समवेतसमवाय र विशेष्यविशेषणभाव। जब चक्षु इन्द्रियद्वारा घट विषयको ज्ञान हुन्छ त्यहाँ चक्षु र इन्द्रियको संयोग सन्निकर्ष हुन्छ। जब चक्षुद्वारा घटगत रूपादिको ग्रहण हुन्छ त्यहाँ चक्षु इन्द्रिय हुन्छ र घटरूप अर्थ हुन्छ, यी दुईको सन्निकर्ष संयुक्तसमवाय हुन्छ। त्यसैगरी जब चक्षु इन्द्रियद्वारा नै घटरूपमा समवेत भएको रूपत्वादि जातिको ग्रहण हुन्छ, त्यहाँ चक्षु इन्द्रिय हुन्छ र रूपत्वादि सामान्य(जाति) अर्थ हुन्छ। यी दुईको सन्निकर्ष संयुक्तसमवेतसमवाय हुन्छ। त्यस्तै जहाँ श्रोत्र इन्द्रियद्वारा शब्दको ग्रहण हुन्छ त्यहाँ श्रोत्र इन्द्रिय हुन्छ र शब्द अर्थ हुन्छ। यी दुईको सन्निकर्ष समवाय हुन्छ। जहाँ शब्दमा समवेत भएको शब्दत्व आदि जातिको ग्रहण हुन्छ त्यहाँ श्रोत्र इन्द्रिय हुन्छ र शब्दत्वादि जाति अर्थ हुन्छ। यी दुईको सन्निकर्ष समवेतसमवाय हुन्छ। जब चक्षु संयुक्त भूतलमा घटादिको अभावको ग्रहण हुन्छ त्यहाँ विशेष्यविशेषणभाव सन्निकर्ष हुन्छ। समवायको पनि यही विशेष्यविशेषणभाव सन्निकर्षद्वारा ग्रहण हुन्छ।

त्यसैगरी विश्वनाथले तीन प्रकारको अलौकिक सन्निकर्षको चर्चा गरेका छन्। न्यायसिद्धान्तमुक्तावलिमा उनी लेख्छन्-

अलौकिकस्तु व्यापारस्त्रिविधः परिकीर्तितः।
सामान्यलक्षणो ज्ञानलक्षणो योगजस्तथा॥ (न्यायसिद्धान्तमुक्तावली :२०६० :२०९)।

**क) योगज**

योगीहरूले भूत, वर्तमान, भविष्यत्, सूक्ष्म, व्यवहित, विप्रकृष्ट आदि वस्तुहरूको प्रत्यक्ष योगज सन्निकर्षद्वारा गर्दछन्। योगी युक्त र युञ्जान भेदले दुई किसिमका हुन्छन्। युक्तलाई सर्वदा सबै कुराको ज्ञान हुन्छ भने युञ्जानले चिन्तन गरेपछि मात्र अर्थ (पदार्थ) को ज्ञान गर्दछन्।

**ख) ज्ञानलक्षणा प्रत्यासत्ति**

यसबाट एक पटक अनुभव गरिएको चन्दनादिको सुगन्धलाई अन्यत्र स्थानमा देख्ता घ्राणेन्द्रियसँग सन्निकर्ष नभए तापनि सुरभि चन्दनम् भन्ने ज्ञान हुन्छ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

**ग) सामान्यलक्षणा प्रत्यासत्ति**

यसबाट सजातीय वस्तुमा रहने सामान्य वा जातिको ग्रहण हुन्छ ।

**७.१ प्रत्यक्षका भेद**

न्यायदर्शनका सूत्रकार र भाष्यकारले प्रत्यक्षका भेद(प्रकार)का विषयमा स्पष्टत: केही उल्लेख गरेका छैनन् । तर न्यायमञ्जरीकारले सविकल्पक र निर्विकल्पक प्रत्यक्षको उल्लेख गरेका छन्-

तस्माद्य एव वस्त्वात्मा सविकल्पस्य गोचरः ।

स एव निर्विकल्पस्य शब्दोल्लेखविवर्जितः ॥ (न्यायमञ्जरी :१९७१ :९२) ।

तर पनि सविकल्प र निर्विकल्पको स्पष्ट परिभाषा गरेको पाइँदैन ।

केशव मिश्र र अन्नम् भट्टले स्पष्ट रूपमा सविकल्पक र निर्विकल्पक रूपमा प्रत्यक्षका दुई भेद बताएका छन् । भाषाकार मिश्र लेख्छन्- सा च द्विधा सविकल्पकनिर्विकल्पकभेदात् (तर्कभाषा : २०५७ : ४६) ।

**७.१.१ निर्विकल्पक प्रत्यक्ष**

इन्द्रिय र अर्थको सन्निकर्ष भएपछि अर्थसँग संयुक्त इन्द्रियद्वारा नाम जाति आदि योजनाले रहित वस्तुको स्वरूपमात्र ग्रहण गर्ने यो केही वस्तु हो यस प्रकारको जुन ज्ञान हुन्छ त्यसलाई निर्विकल्पक भनिन्छ। अन्नम्भट्टले निर्विकल्पकको लक्षण यस्तो बताएका छन्- निष्प्रकारकं ज्ञानं निर्विकल्पकम् (तर्कसङ्ग्रह :२००७ :१५२) ।

**७.१.२ सविकल्पक प्रत्यक्ष**

निर्विकल्पक ज्ञान भइसकेपछि नाम जाति आदि विशेष्य र विशेषणको बोध गराउने जुन ज्ञान उत्पन्न हुन्छ त्यसलाई सविकल्पक भनिन्छ। सविकल्पकका बारेमा भाषाकार मिश्र लेख्छन्- निर्विकल्पकानन्तरं नामजात्यादियोजनात्मकं डित्थोऽयं, ब्राह्मणोऽयं, श्यामोऽयमिति विशेषणविशेष्यावगाहि ज्ञानमुत्पद्यते तत् सविकल्पकम् (तर्कभाषा : २०५७ :४६) । अन्नम्भट्टले चाहिँ सविकल्पकको परिभाषा यस्तो गरेका छन्- सप्रकारकं ज्ञानं सविकल्पकम् । यथा डित्थोऽयं, ब्राह्मणोऽयं, श्यामोऽयं, पाचकोऽयमिति (तर्कसङ्ग्रह : २००७ :१५२) ।

नैयायिकहरूले प्रत्यक्ष अथवा साक्षात्कारि प्रमाको फल तीन किसिमको बताएका छन् । इन्द्रिय करण(साधन) भएको अवस्थामा निर्विकल्पक रूप प्रमा फल हुन्छ। इन्द्रियार्थसन्निकर्ष करण भएको अवस्थामा सविकल्पक ज्ञान फल हुन्छ र निर्विकल्पक ज्ञान करण भएको अवस्थामा हानादि बुद्धि फल हुन्छ। भाष्यकारले लेखेका छन्- यदा सन्निकर्षस्तदा ज्ञानं प्रमितिः, यदा ज्ञानं तदा हानोपादानोपेक्षाबुद्धयः फलम् (न्यायभाष्यम् :१९९८ :१७) ।

नैयायिकहरूले प्रत्यभिज्ञालाई प्रमाणान्तर नमानेर प्रत्यक्षअन्तर्गत नै समावेश गरेका छन् ।

यसरी न्यायदर्शनमा इन्द्रियार्थ सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष भनिएको छ र यसका सविकल्पक र निर्विकल्पक गरी दुई भेदको चर्चा गरिएको छ। अब अगाडि मीमांसा दर्शनमा प्रतिपादित प्रत्यक्ष प्रमाणका बारेमा संक्षेपमा उल्लेख गरिन्छ ।

**८. मीमांसा दर्शनमा प्रत्यक्ष प्रमाणको स्वरूप**

मीमांसा दर्शनमा इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने प्रमा(ज्ञान)लाई प्रत्यक्ष प्रमा र त्यसको करण(साधन)लाई प्रत्यक्ष प्रमाण भनिएको छ। नारायणद्वयीले आफ्नो ग्रन्थमा प्रत्यक्षको लक्षण यस प्रकार बताएका छन्- तत्र इन्द्रियसन्निकर्षजं प्रमाणं प्रत्यक्षम् (मानमेयोदय :१९७८ :११) । इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष प्रमाण त भनियो तर इन्द्रिय भनेको के हो त? भन्ने जिज्ञासामा इन्द्रियको लक्षण यसरी बताइएको पाइन्छ- यत् सम्प्रयुक्तेऽर्थे विशदावभासं ज्ञानं जनयति,


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तदिन्द्रियम् (शास्त्रदीपिका :१९४८ :३६)। अर्थात् जसले अर्थसँग सन्निकर्ष भएको अवस्थामा त्यस अर्थ (पदार्थ) को सम्यक् ज्ञान गराउँछ त्यसलाई इन्द्रिय भनिन्छ। मीमांसा दर्शनमा भट्ट मतानुयायीहरूले चक्षु, रसन, घ्राण, स्पर्शन, श्रोत्र र मन गरी छ वटा इन्द्रिय मानेका छन्। नारायणद्वयी उल्लेख गर्छन्- चक्षुरसनघ्राणस्पर्श श्रोत्राणि मनश्चेति षडिन्द्रियाणि (मानमेयोदय : १९७८ :११)। त्यसैगरी प्रभाकर मतमा पनि यी माथि उल्लेख गरिएका छ वटै इन्द्रियहरू मानिएका छन्।

त्यसैगरी सूत्रकार जैमिनिले प्रत्यक्ष प्रमाणको लक्षण यस प्रकार गरेका छन्- सत्सम्प्रयोगे पुरुषस्येन्द्रियाणां बुद्धिजन्म तत् प्रत्यक्षनिमित्तं विद्यमानोपलम्भनात् (श्लोकवार्तिकम् : १९७८ :९७)। अर्थात् पुरुषका इन्द्रियहरू अर्थसँग सन्निकृष्ट भए छँदामा जुन बुद्धि(ज्ञान) उत्पन्न हुन्छ त्यसलाई प्रत्यक्ष प्रमा र त्यसको करण(साधन)लाई प्रत्यक्ष प्रमाण भनिन्छ। यसै विषयलाई वार्तिककारले पनि समर्थन गरेका छन्। जुन लोकमा विद्यमान अर्थको इन्द्रियप्रत्यक्ष र अर्थको सन्निकर्षबाट उत्पन्न हुन्छ भन्ने उनको मत रहेको छ-

प्रत्यक्षं यज्जने सिद्धं तस्यैवन्धर्मकत्वतः।
विद्यमानोपलम्भत्वं तेन धर्मे निमित्तता॥ (श्लोकवार्तिकम् :१९७८ :१००)।

प्रभाकर मतमा साक्षात्प्रतीतिलाई प्रत्यक्ष प्रमाण भनिएको छ। स्वेन रूपेण वस्तुको भान हुनुलाई साक्षात् भनिन्छ र त्यसको ज्ञानलाई साक्षात्प्रतीति भनिन्छ। त्यो प्रतीतिमा प्रमेय, प्रमाता र प्रमा रूप त्रिपुटीको भान हुन्छ। साक्षात्ज्ञान स्वरूपज्ञान हुन्छ र यो इन्द्रियार्थको संयोगबाट उत्पन्न हुन्छ। प्रभाकर मतानुयायी शालिकनाथ मिश्रले प्रत्यक्षको लक्षण यस प्रकार बताएका छन्-

साक्षात्प्रतीतिः प्रत्यक्षं मेयमातृप्रमासु सा।
मेयेष्विन्द्रिययोगोत्था द्रव्यजातिगुणेषु सा॥ (प्रकरणपञ्चिका :१९६१ :१०४)।

अर्थात् साक्षात्कारवती प्रतीतिलाई प्रत्यक्ष भनिन्छ र यो प्रमेय, प्रमाता(आत्मा) र प्रमा(स्वयं आफ्नो स्वरूप)को विषय हुन्छ। द्रव्य, जाति र गुणरूप प्रमेयांशमा त्यो इन्द्रियको संयोग, संयुक्तसमवाय र समवाय यी तीन सन्निकर्षबाट उत्पन्न हुन्छ।

प्रत्यक्षको लक्षणमा इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष प्रमाण भनियो। त्यो सन्निकर्ष कसरी हुन्छ त भन्ने विषयमा जान्नु आवश्यक हुन्छ। भट्टमीमांसकहरूले सन्निकर्ष दुई किसिमको बताएका छन्- संयोग र संयुक्ततादात्म्य भेदले। जब पृथिवी आदि पदार्थको ग्रहण चक्षुरादि इन्द्रियले गरिन्छ भने त्यहाँ संयोग सन्निकर्ष हुन्छ र जब चक्षुरादिद्वारा संयुक्त पूर्वोक्त पृथिवी आदिमा तादात्म्यसम्बन्धले रहेका जाति, गुण र कर्मादिको ग्रहण हुन्छ भने त्यसलाई संयुक्ततादात्म्य सन्निकर्ष भनिन्छ। संयोग सन्निकर्षका बारेमा नारायणद्वयीले लेखेका छन्- तत्र पृथिव्यप्तेजसां चक्षुस्त्वगिन्द्रियाभ्यां संयोगात् ग्रहणम् (मानमेयोदय :१९७८ :१५)। त्यसैगरी संयुक्ततादात्म्य सन्निकर्षका बारेमा पुनः लेख्छन्-

रूपादीनां तु संयुक्तद्रव्यतादात्म्यमेव नः।
प्रतीतिकारणं तस्मान्न सम्बन्धान्तरस्पृहा॥ (पूर्ववत् :१६)।

संयुक्ततादात्म्य सम्बन्धबाट नै रूपादिको ग्रहण हुने भएकाले रूप, कर्मादि ग्रहणका लागि समवायादि सम्बन्धान्तरको कल्पना गर्नु व्यर्थ छ भन्ने भट्टमीमांसकहरूको मत रहेको छ।

तर प्रभाकरका मतमा भने संयोग, संयुक्तसमवाय र समवाय भेदले तीन प्रकारका सन्निकर्ष मानिएको छ। शालिकनाथले लेखेका छन्- तस्मात्त्रिविध एव सन्निकर्षः प्रत्यक्षहेतुः संयोगः, संयुक्तसमवायः, समवायश्चेति (प्रकरणपञ्चिका :१९६१ :१३४)। प्रभाकर मतमा रूपत्वादिलाई धर्म मानिएको छैन, अतः संयुक्तसमवेतसमवाय सन्निकर्ष मान्नु आवश्यक छैन। यसैगरी शब्दत्व धर्म नमानिएकाले समवेतसमवायको पनि आवश्यकता छैन र अभावलाई अधिकरणभन्दा अतिरिक्त नमानिएकाले र समवाय सम्बन्धको प्रत्यक्ष नहुने भएकाले विशेषणविशेष्यभाव सन्निकर्ष मान्नु व्यर्थ छ भन्ने भनाइ रहेको पाइन्छ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

### ८.१ प्रत्यक्षका भेद (प्रकार)

भट्टमीमांसकहरूले निर्विकल्पक र सविकल्पक भेदले प्रत्यक्ष प्रमाणका दुई भेद बताएका छन् । नारायणद्वयी लेख्छन्- तच्चेन्द्रियसन्निकर्षजं ज्ञानं द्विविधं निर्विकल्पकं सविकल्पकं चेति (मानमेयोदय :१९७८ :१९) । त्यसैगरी प्रभाकरका मतमा पनि सविकल्पक र अविकल्पक भेदले प्रत्यक्ष प्रमाण दुई किसिमको हुन्छ भनिएको पाइन्छ । शालिकनाथले आफ्नो ग्रन्थमा लेखेका छन्-

सविकल्पाऽविकल्पा च प्रत्यक्षा बुद्धिरिष्यते ।
आद्या विशिष्टविषया स्वरूपविषयेतरा ॥ (प्रकरणपञ्चिका :१९६१ :१०४) ।

### ८.१.१ निर्विकल्पक प्रत्यक्ष

इन्द्रिय र अर्थको सन्निकर्ष भएपछि जुन द्रव्यादि पदार्थको स्वरूप मात्रलाई विषय बनाउने शब्दसम्बन्धरहित बालमूकादि साधारण ज्ञान समान सम्मुग्धाकार ज्ञान उत्पन्न हुन्छ, त्यो विशिष्ट नाम, जाति आदि कल्पनाहरूद्वारा रहित हुने भएकाले निर्विकल्पक प्रत्यक्ष भनिन्छ । वार्तिककारले निर्विकल्पकका विषयमा लेखेका छन्-

अस्ति ह्यालोचनज्ञानं प्रथमं निर्विकल्पकम् ।
बालमूकादिविज्ञानसदृशं शुद्धवस्तुजम् ॥
न विशेषो न सामान्यं तदानीमनुभूयते ।
तयोराधारभूता तु व्यक्तिरेवावसीयते ॥ (श्लोकवार्तिकम् :१९७८ :१२१-१२२) ।

अर्थात् नाम-कल्पना, जाति-कल्पना, गुण-कल्पना, क्रिया-कल्पना, द्रव्य-कल्पना यी कल्पनाहरूले रहित सम्मुग्धाकार प्रथम ज्ञानलाई निर्विकल्पक ज्ञान भनिन्छ ।

प्रभाकर मतानुयायी शालिकनाथ मिश्रले पनि निर्विकल्पकका विषयमा भनेका छन्- प्रथमं हि स्वरूपमात्रग्रहणं द्रव्यजातिगुणेषूपपद्यते। तच्च स्वानुभवसिद्धम् समाहितमनस्को हि विषयान्तरानुसन्धानशून्यं इन्द्रियसंयुक्तं वस्तु साक्षादुपलभत इति स्वसंविदेवात्र प्रमाणम् (प्रकरणपञ्चिका :१९६१ :१६१) ।

### ८.१.२ सविकल्पक प्रत्यक्ष

निर्विकल्पक ज्ञानपछि जुन संज्ञादि स्मरणपूर्वक जात्यादिद्वारा विशिष्ट वस्तुलाई विषय बनाउने ज्ञान उत्पन्न हुन्छ, त्यसलाई सविकल्पक भनिन्छ । सविकल्पकका विषयमा नारायणद्वयीले भनेका छन्- यत्तु तदनन्तरं शब्दस्मरणसहकृतं जात्यादिविशिष्टवस्तुविषयं रक्तोऽयं, घटोऽयम् इत्यादिव्यक्तविज्ञानं तत्सविकल्पकम् (मानमेयोदय :१९७८ :२०) । त्यसैगरी वार्तिककारले पनि सविकल्पक ज्ञानका विषयमा यसो भनेका छन्-

ततः परं पुनर्वस्तु धर्मैर्जात्यादिभिर्यया ।
बुद्ध्याऽवसीयते साऽपि प्रत्यक्षत्वेन सम्मता ॥ (श्लोकवार्तिकम् :१९७८ :१२४) ।

अर्थात् निर्विकल्पक ज्ञानको उदय भएपछि नाम, जाति आदि विकल्पले युक्त वस्तु जुन सविकल्पक बुद्धिद्वारा निश्चित हुन्छ, त्यो सविकल्पक बुद्धि पनि लोकमा प्रत्यक्ष प्रमाण मानिएको छ । र सविकल्पक ज्ञान भएपछि नै अर्थक्रियाकारित्व देखिने भएकाले सविकल्पक ज्ञानमा प्रमाणत्व सिद्ध हुन्छ ।

सविकल्पक ज्ञानलाई प्रत्यक्ष मान्न सकिँदैन । किनभने यो ज्ञान साक्षात् इन्द्रिय जन्य नभएर इन्द्रिय जन्य निर्विकल्पक ज्ञानद्वारा उत्पन्न हुन्छ भन्ने प्रश्नमा अगाडि वार्तिककार लेख्छन्-

ताश्चेन्द्रियानुसारेण जायन्ते पञ्च कल्पनाः ।
यदि त्वालोच्य संमील्य नेत्रे कश्चिद्विकल्पयेत् ।
प्रत्यक्षं नैव मन्यन्ते तल्लौकिकपरीक्षकाः ॥ (पूर्ववत् :१२५-१२६) ।

अर्थात् सविकल्पक ज्ञानको उत्पत्तिपर्यन्त इन्द्रियको व्यापार निवृत्त हुँदैन अपितु रहिरहन्छ । त्यसकारण सविकल्पक ज्ञान पनि निर्विकल्पक ज्ञान समान साक्षात् इन्द्रियजन्य मानिन्छ ।


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रभाकर मतानुयायी शालिकनाथले पनि विशेषण विशेष्यावगाहि ज्ञानलाई सविकल्पक भनेका छन्- सविकल्पदशायान्तु विशेषणविशेष्यभावमवगच्छति (प्रकरणपञ्चिका :१९६१ :१६५) ।

नाम, जाति आदि कल्पना शब्द वाच्य भएकाले विशेषणका रूपमा रहेकाले नाम जात्यादिसहित ज्ञानलाई सविकल्पक भनिन्छ भन्ने मिश्रको मत रहेको छ ।

कतिपय आचार्यहरूले प्रत्यभिज्ञारूप प्रत्यक्षको छैटौं विकल्प छ नि भन्ने प्रश्न गरेका छन् । त्यसमा मीमांसकहरू भन्दछन्- प्रत्यभिज्ञालाई छुट्टै प्रमाण मान्नु पर्दैन, किनभने त्यो नाम-कल्पनाअन्तर्गत पर्दछ । यस विषयमा वार्तिककारले लेखेका छन्-

तत्र शब्दार्थसम्बन्धं प्रमातुः स्मरतोऽपि या ।
बुद्धिः पूर्वगृहीतार्थसन्धानादुपजायते ॥ (श्लोकवार्तिकम् :१९७८ :१४५) ।

त्यसैगरी पार्थसारथि मिश्रले पनि प्रत्यभिज्ञालाई नाम-कल्पनाको नै एक प्रकार मानेका छन् । उनी लेख्छन्- डित्थशब्देन तद्वाच्यं पूर्वावगतं डित्थमुपस्थाप्य तदात्मना पुरःस्थितोऽर्थो विकल्प्यते-डित्थोऽयमिति । किमुक्तं भवति ? योऽसावस्माकं डित्थः सोऽयं पुरःस्थितो नान्य इति । सेयं व्यक्तिप्रत्यभिज्ञैव पञ्चमीकल्पना, सा च शब्दविदां नामरूषितैव भवतीति नामकल्पनेति व्यवह्रियते (शास्त्रदीपिका :१९४८ :४२) ।

भट्टमीमांसकहरूले प्रत्यक्ष प्रमा (ज्ञान)को करण (साधन) तीन किसिमको बताएका छन् । जस्तै-

यद्वेन्द्रियं प्रमाणं स्यात् तस्य वाऽर्थेन सङ्गतिः ।
प्रमाणफलते बुद्ध्यो विशेषणविशेष्ययोः ।
हानादिबुद्धिफलता प्रमाणं चेद्विशेष्यधीः ॥ (श्लोकवार्तिकम् :१९७८ :११०-११३) ।

अर्थात् इन्द्रिय वा सन्निकर्षलाई करण मान्दा निर्विकल्पक ज्ञान प्रमा फल हुन्छ, विशेषण ज्ञानलाई करण मान्दा विशेष्य ज्ञान फल र विशेष्य ज्ञानलाई करण मान्दा हानादि (हान, उपादान, उपेक्षा) बुद्धि फल हुन्छ । यस प्रकार इन्द्रियार्थ सन्निकर्षजन्य ज्ञानलाई प्रत्यक्ष प्रमाण भनिन्छ भन्ने कुरा सिद्ध हुन्छ ।

प्रभाकर मतानुयायी शालिकनाथले पनि प्रत्यक्ष प्रमाण फल विषयमा यस्तो बताएका छन्-

आपेक्षिकञ्च करणं मन इन्द्रियमेव वा ।
तदर्थसन्निकर्षो वा मानञ्चेत्पूर्वकं फलम् ॥ (प्रकरणपञ्चिका :१९६१ :१९२) ।

यसरी मीमांसक मतमा प्रत्यक्ष प्रमाणका विषयमा गरिएको व्याख्यालाई यहाँ पनि यथासम्भव वर्णन गरिएको छ ।

## ९. प्रत्यक्ष प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनको साम्य-वैषम्य

सर्वप्रथम प्रत्यक्ष प्रमाणको लक्षणका बारेमा भट्टमीमांसक र नैयायिकहरूको धारणामा केही समानता देखिन्छ । भट्टमीमांसक नारायणद्वयीले आफ्नो मानमेयोदय ग्रन्थमा इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई प्रत्यक्ष प्रमा र त्यसको करण(साधन)लाई प्रत्यक्ष प्रमाण भनेर बताएका छन्- इन्द्रियसन्निकर्षजं प्रमाणं प्रत्यक्षम् (मानमेयोदय : १९७८ : ११) । त्यसैगरी न्यायदर्शनमा पनि इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न हुने ज्ञानलाई नै प्रत्यक्ष भनिएको पाइन्छ । भाष्यकारले लेखेका छन्- इन्द्रियस्यार्थेन सन्निकर्षाद् उत्पद्यते यज्ज्ञानं तत् प्रत्यक्षम् (न्यायभाष्यम् : १९९८ : २०) । यसबाट के बुझिन्छ भने प्रत्यक्षको लक्षणका विषयमा भट्टमीमांसक र नैयायिकहरूको मत समान देखिन्छ । तर प्रभाकरहरूले साक्षात्प्रतीतिलाई प्रत्यक्ष भनेका छन् । प्रकरणपञ्चिकामा भनिएको छ- साक्षात्प्रतीतिः प्रत्यक्षम् (प्रकरणपञ्चिका : १९६१ : १०४) । यो प्रत्यक्ष प्रमाणको लक्षण साक्षात्प्रतीतिलाई मान्ने हो भने त सविकल्पक ज्ञान पनि नहोला किनभने सविकल्पक ज्ञानमा नाम जात्यादि विकल्पसहित घटादि पदार्थको ज्ञान हुन्छ, स्वरूप सम्बन्धले होइन । त्यसैगरी यदि सविकल्पक ज्ञानमा पनि पर-सम्बन्धित्वेन विषयको भान भयो भने स्वरूपतः पनि हुन्छ भन्ने हो भने अनुमिति आदिमा पनि


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

साक्षात्वको आपादान हुन सक्तछ। त्यसकारण साक्षात्प्रतीतिलाई प्रत्यक्षको लक्षण मान्नु ठिक छैन भन्ने भट्टमीमांसक र नैयायिकहरूको मत रहेको पाइन्छ।

इन्द्रियका विषयमा उभय सम्प्रदायका मीमांसक र नैयायिकहरूको मत समान रहेको देखिन्छ। चक्षु, रसन, घ्राण, स्पर्शन, श्रोत्र भौतिक (वाह्य) इन्द्रिय र मन अन्तःकरण भनेर दुवै दर्शनमा स्वीकार गरिएको पाइन्छ। तर इन्द्रियहरूको अर्थसँग हुने सन्निकर्षका विषयमा उभय दर्शनमा मत वैभिन्य रहेको पाइन्छ। इन्द्रिय र अर्थको सन्निकर्ष जो प्रत्यक्षका प्रति हेतु मानिन्छ, त्यो मीमांसा दर्शनको भट्ट मतमा संयोग र संयुक्ततादात्म्य भेदले दुई प्रकारको मात्र मानिएको छ। पृथ्वी जल आदि विषय (अर्थ) को चक्षु, त्वक् आदि इन्द्रियसँग सन्निकर्षद्वारा हुने ज्ञानमा संयोग सन्निकर्ष हुन्छ र पृथिवी आदिमा तादात्म्य सम्बन्धले रहने जाति, गुण, कर्म आदिको ग्रहण संयुक्ततादात्म्य सम्बन्धले हुन्छ। त्यस कारण समवायादि सम्बन्धान्तरको कल्पना गर्नु व्यर्थ छ भन्ने भट्टमीमांसकहरूको मत रहेको छ।

त्यसैगरी प्रभाकर मतमा संयोग, संयुक्तसमवाय र समवाय भेदले तीन प्रकारको मात्र सन्निकर्षको चर्चा गरिएको पाइन्छ किनभने प्रभाकर मतमा रूपत्वादिलाई धर्म मानिएको छैन, त्यसकारण त्यसलाई ग्रहण गर्ने संयुक्तसमवेतसमवाय सन्निकर्ष मान्नु आवश्यक छैन। त्यसरी नै शब्दत्व पनि धर्म नभएकाले त्यसको ग्रहणका लागि समवेतसमवाय नामको सन्निकर्षको पनि आवश्यकता पर्दैन। अभाव अधिकरणभन्दा अतिरिक्त नभएकाले र समवायको प्रत्यक्ष नहुने भएकाले तिनीहरूको ग्रहणका लागि विशेषणविशेष्यभाव सन्निकर्षको आवश्यकता छैन भन्ने प्रभाकरहरूको मत रहेको छ। तर नैयायिकहरूले यसमा मत वैभिन्य प्रकट गर्दै छ प्रकारका लौकिक र तीन प्रकारका अलौकिक सन्निकर्षहरूको चर्चा गरेका छन्।

जब चक्षुद्वारा घटविषयको ज्ञान हुन्छ, त्यहाँ चक्षु र घटको संयोग सन्निकर्ष हुन्छ। घटगत रूपादिको चक्षुले ग्रहण गर्दा संयुक्तसमवाय सन्निकर्ष हुन्छ। त्यस्तै घटगत रूपादिमा समवेत रहेको रूपत्वादि जातिको ग्रहण गर्दा चक्षु र रूपत्वादि सामान्यको संयुक्तसमवेतसमवाय सन्निकर्ष हुन्छ। त्यसैगरी शब्दको ग्रहण गर्दा श्रोत्र र शब्दको समवाय सन्निकर्ष हुन्छ। त्यस्तै शब्दमा समवेत भएको शब्दत्व आदिको ग्रहण गर्दा श्रोत्र र शब्दत्वको समवेतसमवाय सन्निकर्ष हुन्छ र भूतलमा घटादिको अभाव र समवायको ग्रहण गर्दा विशेष्यविशेषणभाव सम्बन्ध हुन्छ भन्ने नैयायिकहरूको मत रहेको छ।

त्यसैगरी अलौकिक सन्निकर्षका सामान्यलक्षणा, ज्ञानलक्षणा र योगज तीन भेद न्यायदर्शनमा वर्णन गरिएको पाइन्छ तर मीमांसामा भने अलौकिक सन्निकर्षका बारेमा उल्लेख गरिएको पाइँदैन। यस प्रकारले सन्निकर्षका विषयमा न्याय र मीमांसा दर्शनका दुवै सम्प्रदायहरूमा ठुलो मतान्तर रहेको पाइन्छ।

प्रत्यभिज्ञा प्रमाणका विषयमा न्याय र मीमांसा दर्शनको मत समान रहेको देखिन्छ। मीमांसकहरू प्रत्यभिज्ञारूप प्रत्यक्ष नाम कल्पनाअन्तर्गत पर्दछ त्यसकारण त्यसलाई छुट्टै प्रमाण मान्नु आवश्यक छैन भन्छन्। त्यसैगरी नैयायिकहरूले पनि प्रत्यभिज्ञालाई प्रत्यक्षअन्तर्गत नै राखेका छन्।

नैयायिकहरूले बताएको योगीहरूलाई इन्द्रियार्थ सन्निकर्ष नभएको अवस्थामा पनि हुने सर्व वस्तुको प्रत्यक्ष ज्ञान मीमांसा दर्शनमा स्वीकार गरिएको छैन। तर न्यायमा भने योगज प्रत्यक्षको युक्त र युञ्जान भेदको व्याख्या गरिएको पाइन्छ। अतः योगज प्रत्यक्षका विषयमा पनि उभय दर्शनको मतभेद रहेको पाइन्छ।

न्याय र मीमांसा दुवै दर्शनमा इन्द्रियादिको प्रमाण- प्रमा-भाव विवक्षाधीन अनियत मानिएको छ। जस्तो कि मीमांसामा- इन्द्रिय वा सन्निकर्षलाई प्रमाण मान्दा विशेषणको निर्विकल्पक ज्ञान प्रमा, विशेषणलाई प्रमाण मान्दा विशेष्य ज्ञान प्रमा र विशेष्य ज्ञानलाई प्रमाण मान्दा हानादि (हान, उपादान, उपेक्षा) ज्ञानलाई प्रमा मानिन्छ।

त्यस्तै न्यायदर्शनमा- इन्द्रियलाई करण मान्दा निर्विकल्पकरूप प्रमा फल, इन्द्रियार्थसन्निकर्षलाई करण मान्दा सविकल्पक ज्ञान फल र निर्विकल्पक ज्ञानलाई करण मान्दा हानादि (हान, उपादान, उपेक्षा)


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बुद्धि फल हुन्छ भनिएको छ ।

प्रत्यक्ष प्रमाणका भेद(प्रकार)का विषयमा भने उभयदर्शनको मान्यता समान रहेको पाइन्छ । नैयायिक र भट्टमीमांसकहरूले सविकल्पक र निर्विकल्पक प्रत्यक्षका दुई भेद बताएका छन् भने प्रभाकर मतमा सविकल्पक अविकल्पक भनेर नामान्तर मात्र गरिएको पाइन्छ । नाम, जाति आदि योजनाले सहित भएको ज्ञानलाई सविकल्पक प्रत्यक्ष र निष्प्रकारक वा नाम, जात्यादि योजना रहित ज्ञानलाई निर्विकल्पक प्रत्यक्ष भनेर उभयविध दर्शनमा स्वीकार गरिएको पाइन्छ ।

यसरी न्याय र मीमांसा दर्शनमा रहेको प्रत्यक्ष प्रमाणका विषयमा भएको स्वरूपगत भेद र प्रकारगत भेदलाई यहाँ पनि यथाशास्त्र र यथासम्भव निरूपण गरियो ।

### १०. निष्कर्ष

यस संक्षिप्त लेखमा न्याय र मीमांसा दर्शनमा रहेको प्रत्यक्ष प्रमाणको स्वरूपगत र प्रकारगत मत वैभिन्यका बारेमा अध्ययन गरिएको छ । माथिको अध्ययनबाट भट्टमीमांसक र नैयायिक मतमा इन्द्रिय र अर्थको सन्निकर्षबाट उत्पन्न ज्ञानलाई प्रत्यक्ष भनिन्छ भन्ने समानता देखियो भने प्रभाकर मतमा केही लक्षणगत भिन्नता रहेको पाइयो । त्यसैगरी प्रत्यक्षका हेतुभूत सन्निकर्षका विषयमा उभयविध दर्शनमा व्यापक मतान्तर रहेको देखियो । त्यसैगरी प्रत्यभिज्ञा प्रमाणका विषयमा समानता र प्रत्यक्ष प्रमाणको प्रकार(भेद)का विषयमा पनि समानता रहेको पाइन्छ । यो अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने न्याय र मीमांसा दर्शनमा वर्णित प्रत्यक्ष प्रमाणका विषयमा केही मत वैभिन्य र कतिपय विषयमा समानता रहे तापनि उभयविध दर्शनमा प्रत्यक्ष प्रमाणको स्थान सर्वोपरि रहेको छ ।

### सन्दर्भ सामग्री सूची


आप्टे, वामनशिवराम, (२००९), ***संस्कृत-हिन्दीकोश,*** पुनर्मुद्रितसंस्करण, वाराणसी : चौखम्बासंस्कृतसीरिज आफिस ।

उद्योतकर, भारद्वाज, (१९९७), ***न्यायभाष्यवार्तिकम्,*** अनन्तलालठक्कुरेण संस्कृतम्, नवदेहली : भारतीयदार्शनिकानुसन्धानपरिषद् ।

नारायणद्वयी, (१९७८), ***मानमेयोदय,*** योगिन्द्रानन्दकृतया हिन्दीव्याख्यया समलङ्कृता, (सम्पादक योगिन्द्रानन्द), वाराणसी : षड्दर्शनप्रकाशनप्रतिष्ठानम् ।

भट्ट, अन्नम्, (२००७), ***तर्कसङ्ग्रह,*** आलोकव्याख्या- टिप्पणीभ्यां संवलितः, द्वितीयं स्स्करणम्, (व्याख्याकार वरदाचार्य), महीशूरपुरी : आर्षग्रन्थप्रकाशनम् ।

भट्ट, कुमारिल, (१९७८), ***श्लोकवार्तिकम्,*** पार्थसारथिमिश्रविरचितया न्यायरत्नाकरव्याख्यया सनाथम्, (सम्पादक द्वारिकादास शास्त्री), वाराणसी : तारापब्लिकेशन्स ।

भट्ट, जयन्त,)१९७१), ***न्यायमञ्जरी***-१,२, द्वितीयं स्स्करणम्, (विवरणकार सूर्यनारायण शुक्ल), वाराणसी : चौखम्बासंस्कृतसीरिज ।

भट्टाचार्य, विश्वनाथपञ्चानन, (वि.सं. २०६०), ***न्यायसिद्धान्तमुक्तावली,*** किरणावली व्याख्योपेता, षष्ठसंस्करणम्, (व्याख्याकार श्रीकृष्णवल्लभाचार्य), वाराणसी : चौखम्भासंस्कृतसंस्थान ।

मिश्र, केशव, (वि.सं. २०५७), ***तर्कभाषा,*** दशमसंस्करणम्, (व्याख्याकार विश्वेश्वरसिद्धान्तशिरोमणि), वाराणसी : चौखम्बासंस्कृतसंस्थान ।

मिश्र, पार्थसारथि, (१९४८), ***शास्त्रदीपिका,*** श्रीरामशास्त्रिणा संस्कृता- तदीयविरलटिप्पण्या सङ्कलिता च, काशी : मेडिकल् हल् मुद्रणालये मुद्रयित्वा प्रकाशिता ।

मिश्र, शालिकनाथ, (१९६१), ***प्रकरणपञ्चिका,*** न्यायसिद्धयाख्यव्याख्यया संवलिता, (सम्पादक सुब्रह्मण्य शास्त्री), वाराणसी : काशीहिन्दुविश्वविद्यालय ।

वात्स्यायन, (१९९८), ***न्यायभाष्यम्,*** सुदर्शनाचार्यशास्त्रिविरचितया प्रसन्नपदाख्यटीकया संवलितम्, अभिनव संस्करणम्, (सम्पादक द्वारिकादास शास्त्री), वाराणसी : बौद्धभारतीप्रकाशनम् ।



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

# Politicization of the Human Body in the Biopolitical Era

**– Uttam Poudel**
Lecturer (NSU)

## Abstract

*The 20th century has been largely a century of war and violence. Sometimes, the violence has taken genocidal proportion. Incidents like the holocaust and the Partition of India in 1947 were characterized by trauma and biopower, which remain as specters haunting the construction of viable future; the drift to extreme violence pitting population against population, especially that of the females by males is very atrocious and is of biopolitical nature. The theory of biopolitics which evolved from the ideas of Foucault has been advanced by Giorgio Agamben in his most celebrated book titled, The Remnants of Auschwitz. This paper applies this theory to study the gendered violence during the rampant violence of Partition of India and the so-called modern states. During the violence and violation, and by extension, in modern states, human bodies simply become a territory to be conquered, claimed and marked by the assailant thereby reducing them into bare life— specific form of life that is not yet or is no longer.*

***Keywords:*** *Politicization, biopolitics, violence, Agamben, partition*

## Introduction

"Bioplolitics" refers to how politics and government policy directly impact on biological aspect of people's lives. Drawing from Michel Foucault, biopolitics can be understood as method of examination in which the state controls people through political power. Biopolitics can also be discussed as to how the biological features of human beings are measured, observed, and understood through the execution of different forms of state mechanisms. Behind the formation of nation states or modern states, there lurks a pervasive violence. Within that violence, the conflicting groups tend to politicize human bodies of opposite parties.

Aside from that, population in modern states are calculated as long as they contribute the nation as cog of machines but the moment their bodies cease to


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

function, they are reduced into abject objects. Their status simply reduces into something disposable. This paper, hence, by taking recourse to Foucauldian and Agambenian ideas of biopolitics, argues that in modern warfare and nation states, human bodies are highly politicized thereby making them in the state of homo sacer or bare life in the long run.

**Discussion and Analysis**

The term s"biopolitics" has been discussed and debated by diverse scholars and critics. In his article "Biopolitical and Beyond: On the Reception of a Vital Focauldian Notion" Thomas Lemke says, the term "biopolitics" "designates what brought life and its mechanism into the realm of explicit calculations and made knowledge-power an agent of transformation of human life" (1). Along with the emergence of modern techniques and technologies, disciplining the individual body and the regulation of body of the population has become a frequent occurrence. Expressing the idea of the connection between the beginning of political modernity with biopolitics, Lemke further says:

According to Foucault, biopolitics marks the threshold of political modernity since it places life at the center of political order. In this theoretical perspective, there is an intimate link between the constitutions of a capitalist society and the birth of biopolitics: "Society's control over individuals was accomplished not only through consciousness or ideology but also in the body and with the body. For capitalist society, it was biopolitics, the biological, the corporal, that mattered more than anything else. (1)

Here, highlighting the Focauldian concept of biopolitics, Lemke points out that capitalist society not only controls with consciousness and ideology but also in the body and with the body. In other words, the bodies of people hold great value in modern states and politics.

In the last chapter of his first volume of *The History of Sexuality,* Michel Foucault talks about the notion of sovereign subjectivity in modern politics and warfare. In this book, he discusses on the notion of biopower and biopolitics, which implicates the sovereign power over life and the management of life. The crucial part of his argument is that this power is exercised through the sovereign's "right to *take* life or *let* live" (136). To put it more explicitly, the way in which power is exercised by actually taking life, allowing certain lives to live on, and controlling life. He further explains that the sovereign exercises the right to life by implementing the right to kill, or by ceasing to kill, and this power was put into practice through death. This power can also be explained as "a right of seizure: of things, time, bodies, and ultimately life itself that "culminated in the privilege to seize hold of life in order to suppress it" (136). The sovereign; therefore, is the operator of the life and bodies it governs. By highlighting as to how the bodies become focal point for sovereign, Foucault says:


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Wars and conflicts are no longer waged for the sovereign to secure its power; they are waged on behalf of the existence of everyone; entire populations are mobilized for the purpose of wholesale slaughter in the name of life necessity: massacres have become vital. It is as managers of life and survival, of bodies and the race, that so many regimes have been able to wage so many wars, causing so many men to be killed. (137)

In other words, biopolitics is the politics of the population, bodies, and life. And as Foucault points out, "the emergence of techniques and technologies to subjugate bodies and control the population marks the beginning of the biopower era" (140).

For Foucault, in this sense, biopolitics is something in which human bodies and lives are made targets in politics and war. Unlike Foucault, Lemke points out, Michael Hardt and Antonio Negri attempt to give biopolitics a positive meaning:

By synthesizing ideas from poststructuralist and Marxist theories as well as Deleuzian vitalism, they claim that the borderline between economics and politics, and reproduction and production is dissolving. According to them, biopolitics signals a new era of capitalist production where life is no longer limited to the domain of reproduction or subordination to the working process: "The subjectivity of living labor reveals simply and directly in the struggle over the sense of language and technology, that when one speaks of a collective means of the constitution of a new world, one is speaking of the connection between the power of life and its political organization. The political, the social, the economic, and the vital here all dwell together." (qtd. in "Beyond" 4)

Hardt and Negri hence, regard biopolitics as a potential platform for new revolution for the new era. My dissertation; however, takes the concept of Michel Foucault and Giorgio Agamben which is different from that of Hardt and Negri regarding biopolitics. Foucault uses biopower to describe the new apparatus and approach of power focused on life whereas Agamben uses biopolitics as a power focused on life in connection to sovereignty and law. In this sense, one can say that Foucault's concept of biopolitics is strategic one whereas Agamben's is legal one.

Despite this difference, they both strongly hold the belief that the so-called modern era is of biopolitical nature wherein life itself has been brought into the realm of the mechanisms and calculations of power. Foucault "identifies two great technologies of power in modern epoch— discipline and biopolitics" (qtd. in Kelley 58). Distinguishing between discipline and biopolitics Foucault says:

Discipline is a technology which is concerned with individuals, the control of individual bodies; biopolitics is newer and correspondingly more sophisticated: it deals with populations at the level of multiplicity; where discipline is the technology deployed to make individuals behave, to be efficient and productive workers, biopolitics is deployed to manage population, for example, to ensure a healthy workforce. (qtd. in Kelly 59)


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

In fact, discipline and biopolitics are two key forces which authorities or sovereignties execute to manipulate, mange and mar the human bodies in this modern era. The focus of sovereign is on humans, by which it manages and controls the people it governs by means of oppression and violence. What needs to be taken seriously is the fact that sovereign /authority exercises its power using methods of control, coercion, and brutality over bodies and population. Human bodies are hence, rendered targets or prey, which has become the prime motto of modern politics and warfare. It has been seen that during the time of war and violence human bodies are politicized making them the primary objects of destruction and damage.

As Andre Duarte says, at present the "states have enacted repressive policies against immigrants and refugees, political movements that organize the unemployed, non-conformists of all sorts, displaced and homeless people, among many other undesirable social groups"( 2). These people cannot be incorporated into the capitalist system of globalized production and consumption hence, regarded as undesirables or misfits to be disposed off.

In order to further clarify the idea of biopolitical violence and reduction of citizens into "expendable' or "undesirable" it will be pertinent to discuss the idea of Italian political Philosopher, Giorgio Agamben. Agamben, in his book, *Homo sacer: Sovereign Power and Bare Life,* presents a provocative theory on the relation between politics and life, especially the "hidden point of intersection between the Juridico-institutional and biopolitical models of power" (6). He begins the book by providing an explanation that in Greek, there are two kinds of life: zoe and *bios*. *Zoe* is the natural life that is "the simple fact of living common to all living beings" (1). *Bios,* on the other hand, *is* a special kind of life that is only possessed by people who are valued and qualified, or "the form or way of living proper to an individual or a group" (1). In the classical Greek world, *zoe* and *bios* are not equal and not granted the same privileges in the political realm, the *polis* .The simple natural life of zoe is excluded from the *polis*, where *bios*, the qualified life, matters and rendered valuable. But there has been a shift in the *zoe-bios* relation, in that the simple life, *zoe* becomes a part of *polis* and started to matter. In the Agamben's words the "natural life begins to be included in the mechanisms and calculations of state power" (3), which sounds as if every life is treated the same. However, there is an asterisk to *zoë*'s inclusion to the *polis*, in that they are still constrained by the sovereign. They do not have autonomy or agency but are considered the inferior life. It is up to the sovereign to decide on the fate of this natural, simple life. This shift of including *zoe* into the *polis*, according to Agamben, is the beginning of biopolitics (3).

However, the positioning of *zoe* is in fact not only of inclusion, but also of exclusion— inclusion in a sense that the natural life needs to exist in order to bring relevance to the sovereign and politics, and exclusion in a sense that these lives are not fully integrated into politics and not granted full citizenship, situated outside of the political. It may sound paradoxical, but life \ *zoe* is included in the realm of


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

politics by means of exclusion. Human lives become slaves to politics, expendable and undermined; however, sovereign needs these lives to maintain and validate its existence. Agamben; therefore asserts that the "inclusive exclusion of *zoe* in the *polis*"is the key to modern politics (7).

Agamben expands on the Focauldian notion of biopolitics by introducing *homo sacer* or bare\ sacred man— "the life of *homo sacer* (sacred man), who may be killed and yet not scarified" (8). These lives are disposable and signify importance only being included in law and politics in the form of exclusion or by the capacity to be killed. What is powerful in his elaboration of *homo sacer* is that Agamben captures its unique positioning. The bare\ sacred man (life) was originally began to overlap with the political, and in the end, "exclusion and inclusion, outside and inside, *bios* and zoe, right and fact enter into a zone of irreducible indistinction" (9). Nicholas Chare says:

Bare life is not, therefore, natural life. It is not *zoe*. It is a liminal state occurring between *bios* and *zoe*, between life styled by law and-natural life, between language and non-language. The most extreme example of bare life in the camps is embodied by the *Muselmann.* (45)

*Muselmann* is a term used to describe those, who through exposure to starvation, deprivation, violence and brutality experience a fundamental loss of will and consciousness. Agamben finds *muselmann* as a limit condition of human life. This term also refers to those in camps who have reached such a state of physical disrepair and existential disregard that one hesitates to call them living as they simply look like living corpses that move inevitably toward death in the camps.

What is disturbing is that this creates a dismal space where any acts of cruelty and inhumanity to a " bare life" is possible because killing or doing harm to a *homo sacer* is unpunishable and goes unpunished" (Bauman 39). Because of its precarious and desolate orientation crimes and violence committed to the *homo sacer* is not accounted for and persecuted. It creates a legal no man's land, and impunity is an enormous problem in that regard. How the sovereignty produces *homo sacer* by disseminating war and violence is pointed out by Agamben in his most celebrated book, *State of Exception (2005)*.

The most significant and disturbing aspect of state of exception is that— what is at stake are human lives and their warfare, subjugated by totalitarian regimes and degradation of basic human rights. This is a way in which the sovereign manipulates and mars the legal system in order to bring about biopower. What is highly problematic, as Agamben argues, is that creating an exception to the rule and suspending the law eventually becomes the norm. It is no longer rendered anomalous and becomes normalized. In other words, there is no distinction between what is inside and outside of juridical order. The indistinction is key and at the heart of why state of exception is utilized widely. Agamben summarizes his point by saying:


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

> The sovereign, who can decide on the state of exception, guarantees its anchorage to the juridical order. But precisely because the decision have concerns the very annulment of the norm, that is, because the state of exception represents the inclusion and capture of a space that is neither outside nor inside (the space that corresponds to the annulled and suspended norm), the sovereign stands outside of the normally valid juridical order, and yet belongs to it, for it is he who is responsible for deciding whether the constitution can be suspended into. (*State of Exception 35*)

Although distinctly problematic, the state of exception becomes the working juridical paradigm of sovereignty. People may argue that in an emergency situation, creating an exception to the rule is necessary, that in order to lessen further crisis, it is imperative to put a halt to law and create a contingency plan. However, as much as an emergency situation maybe a powerful enough reason to suspend the law in the short run, it raises a problem that highly undermines legitimate political procedures based on trust and democracy. Agamben calls this positioning "ecstasy-belonging" in which the structure of the state of exception is defined by the sovereign being outside and yet belonging to the rules of law (35). It is precisely the undifinability and the condition of non-place that allows the state of exception to remain in existence and unchallenged in the juridical and political realms.

Biopolitical violence through the state of exception has become the common in our contemporary political experiences. The formation of modern nation states particularly in South Asia has already faced biopolitical violence, "whether we are speaking of the first Partition of India in 1947, the second Partition of Bangladesh\ Pakistan in 1971, ethnic wars in Sri Lanka, ethnic and imperial wars in Afghanistan, insurgency and wars in Kashmir or Nepal, the troubled convulsions of postcolonial births" (qtd.in Banerjee et. al 126).They all have often been understood in the frameworks of biopolitical violence in which multitude of people are were reduced into *homo sacer* — specific form of life which is not yet or no longer.

This paper, focusing on the rampant violence during the Partition of India, gives the highest premium on the issue of *homo sacer* or "bare life" conceptualized by Agamben. The genocidal violence during the Partition of India in 1947 was caused by the formation of two modern nation states. During the traumatic period of the Partition of India, politicization of human body was widespread. India that experienced mass rape, dislocation of millions of people, brutality and cold-blooded murder had laws prior to the outbreak of communal violence, advocating peace and security and protecting its citizens from harm.

However, these laws were suspended during the conflict. Perhaps the perpetrators thought that war is an emergency situation, an exception, that they could disregard the laws and commit crimes. Or it could be that because they knew that murder is a punishable and prosecutable crime, they resorted to rape instead, which is considered lesser a crime. Whether or not decision to suspend the law was made purposefully, whether it be government forces or conflicting groups, took advantage


Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

of the legal no-man's land and used rape as a weapon of war.

The notion of state of exception is often used to theorize the situation with regard to the camps such as concentration camps, refugee camps, and rape camps. It is a zone where legal exceptionalism is realized under "normal" conditions. In fact, the initial reasons for its construction was to create a place where law enforcement cannot touch what goes on inside and humans are reduced to "bare life" in the eyes of juridical powers. This space is positioned as an exception where the officers can commit any violence to the detainees, while the detainees are deprived of fundamental rights. Agamben explains:

